# कृषि विकास बैंक लि. मा
# Online बाट खाता खोल्दा
# 5in1
# सुविधा पाउनुहोस् ।

- Demat Account
- Mero Share
- C-ASBA Registration Number (CRN)
- VISA Debit Card
- Internet Banking



**थप जानकारीको लागि नजिकैको शाखामा सम्पर्क राख्नुहोला ।**

**Agricultural Development Bank Ltd.**

**कृषि विकास बैंक लि.**

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np | सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक | SWIFT: ADBLNPKA

# बीमा समिति
# BEEMA SAMITI

**Insurance Regulatory Authority of Nepal**

(नेपालको बीमा नियमनकारी निकाय)

## बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरू

- ✔ प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्ने ।
- ✔ बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधाबारे जानकारी लिएर मात्र बीमा गर्ने ।
- ✔ बीमितले आफ्नो आवश्यकता पेशा, व्यवसाय एवं आम्दानीको स्रोत समेतलाई मध्यनजर गरी बीमा गरौं अन्यथा समयावधि पूरा नहुदै बीमालेखलाई निरन्तरता दिन नसकिने हुन सक्दछ ।
- ✔ बीमालेख बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने समय, इच्छाएका व्यक्तिको नाम, बीमालेख बमोजीम दाबी रकम  पाउनेरनपाउने जस्ता विषयमा बीमालेख खरिद गर्नु अगाडि नै बुझ्नुपर्दछ ।
- ✔ बीमितले बीमा शूल्क बुझ्फाएपछि यसको आधिकारिक भर्पाइ वा रसिद लिनुपर्दछ ।
- ✔ बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वंमले भर्नुपर्नेछ । बीमित निरक्षर वा प्रस्ताव फाराम भर्न नसक्ने भएमा निजले  तोकेको  व्यक्तिले प्रस्ताव फाराम भर्नुपर्नेछ ।
- ✔ बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीको बारेमा राम्रोसँग बुझ्रेर मात्र बीमा गर्नुपर्दछ ।
- ✔ बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमै विमालेख नवीकरण गर्नुपर्नेछ ।
- ✔ बीमा सम्बन्धी नीति नियमहरू बारे जानकारी राख्नुपर्दछ ।
- ✔ आफुले खरिद गरेको वीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सुरक्षित राख्नुपर्दछ ।
- ✔ प्रविधिको विकाससँग विभिन्न बैंक तथा एसएमएस मार्फत घरमै वसी बीमा शुल्क बुझ्फाउन सकिने भएको हुँदा सो सम्बन्धी यथेष्ट जानकारी लिएर मात्र बीमा गर्नुपर्दछ ।
- ✔ बीमा गरिसकेपछि आफूले बीमा गरेको बारेमा परिवारका सदस्य तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराउनुपर्दछ ।

बीमा सम्बन्धी थप जानकारीको लागि

**बीमा समिति**

कुपण्डोल, ललितपुर

फोन : ०१-५५३८७४३, ५५२१०७९,

फ्याक्स : ०१-५५२०११९

Email : info@nib.gov.np

website : www.nib.gov.np

टोल फ्रि नं : १६६०-०१-५६७८९










**नोट :** बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि विमितलाई मर्का पर्ने गरि दायित्व निर्धारण गरेमा बीमीतले त्यसको कारण समेत खोलि बीमा समितिमा उजुरी गर्न सकिन्छ ।

नेप्लिज एसोसिएसन
अफ फाइनान्सियल
जर्नालिस्ट्स
(नाफिज)

नाफिज जर्नल-२०७८
अर्थचित्र

सम्पादक
लोकबहादुर चापागाईं

सह-सम्पादक
इन्द्र बानिया

संयोजन
मेनुका कार्की
नारायण पौडेल

सहायक निर्देशक
सन्तोषी शिवाकोटी

भाषा
शम्भुराज रेग्मी

कभर/लेआउट
दिल गुरुङ
९८४१३७१९३२

मुद्रण
प्राप्ति छापाखाना
नागार्जुन-६, काठमाडौं

कार्यालय
बुद्धनगर, काठमाडौं
फोन नं. : ०१-५९०९३७२

सम्पादकीय

# आर्थिक पुनरुत्थानमा हातेमालो

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण विश्वतन्त्र सुस्ताएको स्थिति छ । त्यसको प्रभाव नेपालमा पनि परेको छ । कोभिड संक्रमणले नेपालमै पनि ११ हजारभन्दा बढी व्यक्तिले मृत्युवरण गरिसकेका छन् । कोभिडले मानिसहरूको मृत्यु मात्रै भएको छैन त्यसले सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा ठूलो क्षति पुऱ्याएको छ र यो क्षति व्यक्ति, समाज र राज्य सबैले व्यहोर्नुपरेको छ ।


२०७२ वैशाखको भूकम्प र त्यसलगत्तैको सीमा नाकामा भएको अवरोधलाई छिचोल्दै नेपाली अर्थतन्त्रले विस्तारको बाटो समाउन खोजिरहेका बेला २०७६ चैतबाट नेपालमा पनि सुरू गरिएको बन्दाबन्दी (लकडाउन) ले अर्थतन्त्र खुम्चिन पुग्यो । आर्थिक वर्ष ०७६/७७ मा २ प्रतिशत ऋणात्मक देखिएको आर्थिक वृद्धि गत वर्ष ४ प्रतिशत (दोस्रो लहरका कारण निषेधाज्ञा हुनुअघि) हुने प्रारम्भिक अनुमान सार्वजनिक भए पनि फेरि गत वैशाखदेखि जारी निषेधाज्ञाका कारण थप खुम्चिनेछ ।

मुलुकको अवस्था के-हो भनेर मापन गर्ने एक मात्र आधार आर्थिक वृद्धि खुम्चिँदा त्यसले धेरै क्षेत्रमा प्रभाव पारेको देखाउँछ । आर्थिक वृद्धि खुम्चिनु भनेको मानिसहरूको आम्दानी घट्नु हो भने वस्तु तथा सेवाको उत्पादन सहज रूपमा भइरहेको छैन भन्ने पनि हो । यसले रोजगारी कटौती, ज्यालादर कटौती र समग्र वस्तु तथा सेवाको उत्पादन नै कटौती भएको संकेत गर्छ । निश्चय पनि कोरोना कहरले स्वदेशी तथा वैदेशिक रोजगारीमा व्यापक कटौती भएको छ । आन्तरिक उत्पादनमा शिथिलता देखिएको छ । यस्तो स्थितिमा अर्थतन्त्रलाई थप चलायमान बनाउन राज्य र निजी क्षेत्रले वास्तविक वस्तुस्थितिको आकलन गरी अघि बढ्नुको विकल्प छैन ।

पछिल्लो समय विप्रेषण आप्रवाह (रेमिट्यान्स) मा कमी आउने संकेत देखिएको छ । वैदेशिक रोजगारी घट्दा पनि कोरोनाकालमा बढेको रेमिट्यान्स स्थिति सहजतातिर देखिएका बेला घट्ने संकेतले आगामी दिनमा निकै अप्ठ्यारो अवस्था आउन सक्छ । खासगरी आयातको हिस्सा उच्च दरमा बढ्ने तर, निर्यातको हिस्सा नबढ्ने स्थिति, वैदेशिक लगानीमा अपेक्षाकृत नहुनु र वैदेशिक सहायता घट्दै जाँदा भुक्तानी सन्तुलन कायम राख्ने र विदेशी मुद्रा आर्जनको एक मात्र अस्त्र रेमिट्यान्स थियो । विदेशी मुद्रा घट्नु हाम्रोजस्तो आयातित अर्थतन्त्र भएको मुलुकका लागि चिन्ताको विषय हो ।

कोरोनाले तहसनहस बनाएको अर्थतन्त्रका विभिन्न अवयवहरूलाई सञ्चालन गर्ने मूलतः अर्थतन्त्रका संरचनागत समस्याहरूको समाधानमा केन्द्रित हुनु जरूरी छ । आर्थिक पुनरूत्थान भनिरहँदा हाम्रो जस्तो आयात निर्भर अर्थतन्त्रको विकल्पमा आत्मनिर्भर अर्थतन्त्र कसरी बन्न सक्छ भन्नेबारे बढी केन्द्रित हुनु जरूरी छ । आयात निर्भर अर्थतन्त्रले उपभोगलाई बढाएको छ र यसले पैसाको पुनर्जन्म (रिजेनेरेट) गर्ने प्रणालीलाई अस्तव्यवस्त बनाएको छ । त्यसैले पैसा रिजेनेरेट गर्ने विधिलाई अवलम्बन गर्न पूर्वाधार निर्माण, औद्योगिक क्षेत्रको विस्तार, व्यावसायिक कृषि र पर्यटन प्रवर्द्धनमा बढी केन्द्रित हुनुपर्छ । यसले रोजगारी वृद्धि र वस्तु तथा सेवाको आन्तरिक उत्पादनलाई टेवा दिने भएकाले दीर्घकालमा अर्थतन्त्र गतिशील हुन जान्छ र अपेक्षित उपलब्धिहरू पनि हासिल हुन्छन् ।

नेपालले विश्व समुदायमा गरेका प्रतिबद्धताहरू दिगो विकास लक्ष्य र अतिकम विकसित मुलुकको सूचीबाट विकासोन्मुख मुलुकमा प्रवेश गर्ने उत्कट चाहना पूरा गर्न पनि आर्थिक पुनरूत्थानमा विशेष ध्यान दिनुपर्नेछ । राज्यले अघि सार्ने नीति तथा कार्यक्रम र निजी क्षेत्रले पूरा गर्नुपर्ने भूमिका जनता र राज्य केन्द्रित भएमा त्यसले मुलुकको तमाम समस्या समाधान गरी नयाँ उचाइ प्राप्त हुने स्थिति बन्छ । निजी क्षेत्रले आर्थिक पुनरुत्थानमा अझै पनि एकीकृत राहतको माग गरिरहेको छ भने सरकारले दिन नसक्ने धारणा बनाइरहेको छ । यसले आर्थिक उपार्जनमा समस्या भइरहेको छ । यसका लागि राज्य, राजनीतिक र निजी क्षेत्र मिलेर असन्तुष्टिरहित ढंगले छिटोभन्दा छिटो एउटै धारणा बनाएर आर्थिक पुनरूत्थानमा केन्द्रित हुन सके कोरोना कहरबाट प्रभावित अर्थतन्त्रलाई छिटो मूल प्रवाहमा फर्काउन सम्भव हुन्छ ।





| मोदनाथ ढकाल
अध्यक्ष, नेपाल आर्थिक पत्रकार संघ (नाफिज)

# एकीकृत प्रयासको खाँचो

तीन वर्ष लगातार उच्च आर्थिक वृद्धिको मार्गमा दौडिरहेको नेपाली अर्थतन्त्रलाई विश्वव्यापी कोरोना भाइरस महामारीले नराम्ररी थला पार्‍यो । २०७२ सालको भूकम्पले धक्का दिएको अर्थतन्त्र पूर्ण रूपमा बौरिन नपाउँदै पुनः अप्ठ्यारोमा परेको छ । सबैभन्दा चुनौतीपूर्ण त के छ भने यो महामारीले कहिलेसम्म मानिस र अर्थतन्त्रलाई पिरोल्ने हो भन्ने कुराको ठेगान अझै लागिसकेको छैन । यद्यपि खोपको विस्तारसँगै आममानिस तथा व्यवसायीमा आत्मविश्वास बढ्ने र त्यसले उत्पादन तथा बजार दुवैलाई चलायमान बनाउने अपेक्षा गरिएको छ । यो वर्षको दसैँमा देखिएको किनमेल तथा घुमफिरप्रतिको आकर्षणलाई त्यसको प्रस्थानविन्दु मान्न सकिन्छ ।

महामारीले पारेको प्रभाव व्यवसाय तथा उत्पादनका क्षेत्रअनुसार फरक छ । स्वास्थ्य तथा सूचना प्रविधि तथा कतिपय खाद्यान्न एवं औषधि उत्पादनमा यसको असर परेको छैन । बरू ती क्षेत्र यो चुनौतीपूर्ण समयमा थप विकसित तथा विस्तारित भएका छन् । उदाहरणका लागि सूचना प्रविधिलाई लिन सकिन्छ । गएको दुई वर्षमा नेपालले शिक्षा, स्वास्थ्य, व्यवसायदेखि लिएर कृषिसम्ममा सूचना प्रविधिको प्रयोग बढाउँदै आएको छ । अनलाइनमा हुने शिक्षा, सम्मेलन तथा गोष्ठीहरू, अनलाइन सपिङ र सेयरबजारमा लगानी सबैले यही बेलामा गति लिएका छन् । तर, पर्यटन तथा सेवा क्षेत्रका कतिपय व्यवसायहरू थला परेका छन् र तिनीहरूका लागि विशेष पुनरूत्थानको योजना तथा प्याकेज नै आवश्यक पर्ने देखिन्छ । होटेल, पार्टी प्यालेस, स्पा, टुर्स एन्ड ट्राभललगायतमा कोभिड–१९ को उच्च असर देखिएको छ ।

गत वर्ष सरकारले लिएको आर्थिक वृद्धिदरको लक्ष्य महामारीको दोस्रो लहरले हासिल हुन सकेन भने यो वर्ष पनि तेस्रो लहरको जोखिम कायमै रहेको विज्ञहरूको भनाइ छ । त्यसैले यस्तो अनिश्चित समयमा आर्थिक तथा व्यावसायिक पुनरूत्थानका लागि सरकार, निजी क्षेत्र तथा दाताहरूको एकीकृत प्रयास आवश्यक छ । निजी क्षेत्रले प्रभावित क्षेत्र तथा व्यवसायहरूबारे जानकारी दिने तथा आवश्यक सहयोगबारे सुझाव दिने, सरकारले आवश्यक स्रोत–साधनको व्यवास्ता गर्ने, पुनरूत्थानको रणनीति बनाउने र दाताहरूले सक्दो आर्थिक सहयोग गर्ने गरी व्यवस्थापन गर्ने हो भने महामारीले पुर्‍याएको क्षतिको भर्पाइ चाँडै गर्न सकिनेछ ।

यसैबीच सरकारले घोषणा गरेका सेवा–सुविधाहरूको प्रक्रिया सरल र सहज बनाउनु पनि उत्तिकै जरूरी छ । निजी क्षेत्रको मागमै ल्याइएको सहुलियत ऋण तथा अन्य सुविधाहरूको कार्यान्वयन कमजोर हुनुले राम्रो संकेत गर्दैन । प्रक्रिया तथा प्रणालीमा भएका कमजोरीहरूमा सुधार ल्याउन सरकार र निजी क्षेत्रबीच निरन्तर संवाद भइरहनुपर्छ । अर्थचित्रको यो अंक कोभिड–१९ ले अर्थतन्त्र तथा व्यवसायका विभिन्न क्षेत्रहरूमा कस्तो असर पारेको छ र त्यसबाट पुनः उठेर अगाडि बढ्न के गर्न सकिन्न भन्ने विषयमा केन्द्रित छ । आगामी वर्षहरूमा पनि यसैगरी समसामयिक तथा दीर्घकालीन विषयवस्तुमा यो जर्नल केन्द्रित रहनेछ ।

अब केही आफ्ना कुरा गरौं । नेपाल आर्थिक पत्रकार संघ (नाफिज) सक्रिय आर्थिक पत्रकारहरूको साझा संस्था हो । आजभन्दा १३ वर्षअघि स्थापना भएको नाफिजमा करिब दुई सय आर्थिक पत्रकार आबद्ध छन् । उनीहरूको क्षमता विकास, सीप अभिवृद्धि, तथा कल्याणका लागि विभिन्न तालिम, गोष्ठी, स्थलगत भ्रमण, अन्तर्क्रिया र विचार आदानप्रदान जस्ता कार्यक्रम निरन्तर रूपमा गर्दै आएको नाफिजले सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा नागरिक समाज सम्वद्ध संस्थाहरूसँग सहकार्य गर्दै आएको छ । यहाँ म ती सम्पूर्ण सहयोगी संस्था एवं व्यक्तिहरूप्रति आभार व्यक्त गर्दछु । नाफिजको विकासमा निरन्तर योगदान गर्नुहुने पूर्व अध्यक्षहरू, सल्लाहकार समिति तथा कार्यसमितिका सदस्यहरू र सम्पूर्ण सदस्य आर्थिक पत्रकारहरूलाई पनि धन्यवाद दिन चाहन्छु । आर्थिक पत्रकारितालाई अझ उन्नत, प्रभावकारी र जिम्मेवार बनाउन हामीले अझ धेरै गर्न बाँकी छ । हाम्रा अबका प्रयासहरू त्यसै दिशामा केन्द्रित हुनेछन् । आगामी दिनमा नाफिजले आर्थिक पत्रकारिताको श्रीवृद्धिमा सहयोग पुर्‍याउने लक्ष्यका साथ आर्थिक पत्रकारिता पुरस्कार तथा फेलोसिपका कार्यक्रमहरूको सुरूवात गरी तिनलाई निरन्तरता दिने योजना बनाएको छ ।

तपाईंको हातमा भएको यो 'अर्थचित्र' नाफिजको पहिलो प्रयास हो । सक्रिय आर्थिक पत्रकारहरूको क्षमता विकास, आर्थिक अन्तर्क्रिया तथा कल्याणका कार्य एवं आर्थिक क्षेत्रका विभिन्न सरोकारवालाहरूसँगको सहकार्य सँगसँगै समाज तथा अर्थतन्त्रमा योगदान दिने उद्देश्यले नाफिजले यो वार्षिक जर्नलको प्रकाशन थालेको हो । यस अंकमा हामीले कोरोना भाइरस महामारीले अर्थतन्त्रका विभिन्न अवयवहरूमा पारेको प्रभाव र त्यसबाट उठेर अघि बढ्नका लागि आवश्यक प्रयासका बारेमा प्रकाश पार्ने प्रयास गरेका छौं । त्यसैले भविष्यका लागि यो प्रकाशन एक दस्ताबेजका रूपमा समेत रहने हाम्रो अपेक्षा छ । हाम्रो यो प्रयासमा साथ दिनुहुने सम्पूर्ण लेखक, आर्थिक पत्रकार साथीहरू, सम्पादक मण्डल, विज्ञापनदाता र अन्य सहयोगीहरूमा हामी हार्दिक आभार व्यक्त गर्दछौं । यस प्रकाशन तथा यसमा समावेश भएका लेख–रचनाहरूबारे कुनै सुझाव वा प्रतिक्रिया छन् भने हामी त्यसको स्वागत गर्दछौं ।


**धन्यवाद !**



# विषयसूची


| | | |
|---|---|---|
| गोपीनाथ मैनाली | ठूला पूर्वाधार : चुनौती, अवसर र कोभिडले देखाएको बाटो | ६ |
| डा. सूर्यराज आचार्य | प्राथमिकतामा स्वास्थ्य र सूचना प्रविधिको पूर्वाधार | १० |
| पम्फा भुसाल | अर्थतन्त्रको उत्प्रेरकका रूपमा विद्युत् | १४ |
| विष्णुप्रसाद अग्रवाल | कोरोना माहामारी उद्योग व्यवसाय र अबको बाटो | १८ |
| योगेन्द्र कर्माचार्य | यातायात क्षेत्रमा अधिकार सम्पन्न प्राधिकरण आवश्यक | २२ |
| भोजबहादुर शाह | परम्परागत शिक्षण पद्धतिको विकल्प ई–शिक्षा प्रणाली | २६ |
| कृष्णप्रसाद दुलाल | अटोमोबाइल व्यवसायको विकास र विस्तार | ३० |
| सूर्यप्रसाद सिलवाल | बिमा विस्तार गर्न स्थानीय सरकारसँग हातेमालो | ३३ |
| डा.शंकर शर्मा | आर्थिक पुनरुत्थानका लागि थप एकीकृत राहत आवश्यक | ३८ |
| जनार्दन शर्मा | स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने बजेट | ४२ |
| लोकेन्द्र विष्ट मगर | राजनीतिको झोलाभन्दा कृषिको बोरा नै ठीक | ४५ |
| सुरेश प्रधान | आत्मनिर्भर अर्थतन्त्रको परिकल्पना र ‘एसएमई’ उकास्ने योजना | ४८ |
| महाप्रसाद अधिकारी | नेपालको अर्थतन्त्र, राष्ट्र बैंक र कोभिड–१९ | ५१ |
| डा. वैकुण्ठ अर्याल | अन्तर्राष्ट्रिय व्यापारमा विविधीकरण : प्रतिफलको समीक्षा आवश्यक | ५६ |
| अर्जुनप्रसाद पोखरेल | कोरोना महामारी र उद्योगको पुनरुत्थान | ६० |
| शेखर गोल्छा | अन्तर्राष्ट्रिय व्यापार पहिलो इन्जिनले कहिलेसम्म थेग्ने, दोस्रो खोइ ? | ६२ |
| अमृत खरेल | डब्ल्यूटीओको विवाद निरुपण संयन्त्र निष्क्रिय एपेलेट... | ६५ |
| दिनेश भट्टराई | क्रस बोर्डर ट्रेड सम्भावना र चुनौती | ६९ |
| राजेन्द्र मल्ल | कोभिडपछि व्यापार प्राथमिकता र पुनरुत्थानका उपाय | ७२ |
| डा. गणेश गुरुङ | वैदेशिक रोजगारमा कोभिड प्रभाव र अबको बाटो | ७५ |
| मोहन ओझा | दक्ष जनशक्ति उत्पादनमा एजेन्डाविहीन राजनीतिक दल | ७८ |
| विश्वमोहन अधिकारी | कोभिडपछि बढेको युवा स्वरोजगार कोषको भूमिका | ८२ |
| डा. चिरञ्जीवी नेपाल | सेयर बजार सुधार्न स्टक एक्सचेन्ज र धितोपत्र बोर्डको... | ८६ |
| भुवन दाहाल | घट्दो प्रतिफल दर र आलोचनामुक्त वित्तीय क्षेत्र | ८९ |
| अनिलकुमार उपाध्याय | कृषि कर्जाको महत्व, सम्भावना र चुनौती | ९३ |
| डा. रमेशराज पन्त | वातावरण र कोभिड–१९ | ९६ |
| डा. बद्री केसी | नेपालको अर्थतन्त्र पुनरुत्थानमा एनआरएनको भूमिका | ९९ |





। गोपीनाथ मैनाली

# ठूला पूर्वाधार :
# चुनौती, अवसर र कोभिडले देखाएको बाटो



नेपालमा दुई प्रकारका ठूला पूर्वाधार छन् । पहिलो सरकारले घोषणा गरेका १८ वटा रूपान्तरणकारी आयोजना र अर्को २४ वटा राष्ट्रिय गौरवका आयोजना । यीमध्ये अधिकांश भौतिक र केही सामाजिक तथा आर्थिक पूर्वाधार हुन् । परिष्कृत रूपमा हेर्दा सरकारले धेरै आयोजनालाई भौतिक विकासका लागि लगानी गर्ने प्रथम प्राथमिकताका आयोजनाको सूचीमा राखेका छ । चालु आर्थिक वर्षको बजेटमा पनि तीन सयभन्दा बढी यस्ता परियोजना छन् ।

### चुनौतीका चाङमा परियोजना

#### १) सम्भाव्य आयोजनाको पहिचान

नेपालमा सम्बन्धित क्षेत्रमा कति पूर्वाधार आवश्यक छ भन्ने आँकलन (एसेस्मेन्ट) गरिएको छैन । कति सिँचाइको आवश्यक छ ? खेतीपाती हुने क्षेत्र कति हो ? कति अप्टिकल फाइबर आवश्यक छ ? कति आवास चाहिन्छ ? कति सरकारी घर र कति निजी घर चाहिन्छ ? सार्वजनिक क्षेत्र (पब्लिक स्पेस) कति चाहिन्छ ? कति सडक आवश्यक हो ? कुन दूरीमा सडक आवश्यक छ ? यस्तै कतिवटा पुल चाहिन्छ ? मोटरेबल पुल कतिवटा चाहिन्छ ? झोलुंगे पुल कतिवटा चाहिन्छ ? कतिवटा खानेपानी परियोजना आवश्यक छ ? कसैलाई थाहा छैन । लेखाजोखा गरिएको छैन ।

स्थानीय तह, प्रदेश तह, फिडर रोडलगायत गरेर हाल नेपालमा ८७ हजार किलोमिटर बाटो छ । नेपालका लागि कति बाटो आवश्यक हो त ? नेपाल सरकारले बाटोसम्बन्धी रणनीतिक योजना ल्याएको थियो । जसअनुसार तराईमा हिँडेर एक घण्टा र पहाडमा दुई घण्टामा सवारीसाधन पहुँच हुनुपर्ने तोकिएको थियो । यसका लागि प्रत्येक वर्ष तीन खर्ब १६ अर्ब रुपैयाँ लगानी आवश्यक थियो । अध्ययनबिना 'विकास-विकास' मात्र भन्दा केही किलोमिटरको अन्तरमा समानान्तर चारवटा राजमार्ग छन् । हुलाकी राजमार्ग, पूर्वपश्चिम रेलमार्ग,



मदन-भण्डारी राजमार्ग, महेन्द्र राजमार्ग । यी राजमार्गको कुनै स्थानमा १० किलोमिटरको मात्रै अन्तर छ ।

### २) फन्डिङ स्रोत

ती परियोजनामा निजी क्षेत्रले लगानी गर्ने हो कि ? सरकारी बजेटबाट पो स्रोत जुटाउने हो कि ? वा सरकारी-निजी साझेदारीबाट पो सम्भव छ कि ? एकीन हुने गरेको छैन ।

### ३) सांगठनिक तथा प्राविधिक चुनौती

हाम्रो सांगठनिक क्षमताको मापन भएकै छैन । त्यस्तै प्राविधिक कमजोरीका कारण धेरै भौतिक पूर्वाधार समयअगावै जीर्ण बन्दै गएको तीतो अनुभव हामीसँग छ । सानो नटबोल्ट जोड्न नमिलेका कारण पुल चाँडै भत्किएका छन् । बाटो निर्माण गुणस्तरीय भएन, त्यसको ख्याल राम्रोसँग राखिएन, डिजाइनमा समस्या थियो । जसका कारण २-३ महिनामा पिच उप्केको देखेका छौं ।

### ४) कमजोर अनुमान र अनुगमन

नेपालका ८४ प्रतिशत पूर्वाधार परियोजना समयमा पुरा हुँदैनन् । ढिलो हुँदा 'टाइम ओभर रन र कस्ट ओभर रन' हुन्छ भने उपभोक्तालाई सेवाबाट वञ्चित गराउँछ । उदाहरणका लागि काठमाडौं-तराई (मधेस) द्रुतमार्ग परियोजना परिकल्पना गरिँदै गर्दा ७० अर्बभन्दा कम लागतमा सम्पन्न हुने भनिएको थियो । मोडालिटीको विवादलगायत चरण पार गरेर हालको स्थितिमा आउँदा द्रुतमार्गको लागत दुई खर्ब १३ अर्ब रुपैयाँ पुग्ने देखिएको छ । निर्माण सम्पन्न हुँदासम्म लागत बढेर तीन खर्ब ननाघ्ला भन्न सकिन्नँ ।

**२०४७ सालमा मुलुक 'फर्स्ट जेनेरेसन रिफर्म' स्वरूप बन्द राजनीतिक व्यवस्थाबाट खुलातर्फ अग्रसर भएको थियो । त्यसपछिको आधा दशकभन्दा बढी समयलाई आर्थिक विकासको स्वर्णकाल मानियो ।**

### ५) सामाजिक मूल्य, संस्कृति सम्बोधन गर्न नसक्नु

पूर्वाधारले सामाजिक समर्थन पाएन । पूर्वाधारको माग जनताबाट हुन्छ । तर, हामीले जनताको विश्वास बटुल्न सकेनौं । जग्गा प्राप्तिको समस्या निकै ठूलो समस्या हो । यस्तै वन काट्न अर्को झमेला छ । एक रूख काटेबापत २५ वटा बिरुवा हुर्काउनुपर्छ । सामाजिक मूल्य संस्कृतिलाई सम्बोधन गर्न नसक्नु ठूला पूर्वाधारका लागि चुनौती बनेको छ ।

### ६) राजनीतिक समस्या

निर्माणस्थलमा राजनीतीकरण हुनु अर्को समस्या हो । सतहमा प्राविधिकभन्दा बढी राजनीतिक परिवेश हावी हुने गरेको छ । 'प्रियताको मार्ग' मा उभिएको राजनीतिले भोट बैंक सुरक्षित गर्ने मनसायले प्राविधिक रूपमा उत्तम ठाउँमा विकास परियोजना निर्माण

**राष्ट्रिय गौरवका आयोजना**

| क्र.सं. | राष्ट्रिय गौरवका आयोजना | निर्माण सुरु भएको आ.व. | निर्माण सम्पन्न हुने आ.व. | संशोधित कुल लागत (रु. करोडमा) | हालसम्मको कुल खर्च (रु. करोडमा) |
|---|---|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | २०६१/६२ | २०७८/७९ | २५०२ | १६६९ |
| २ | बबई सिँचाइ आयोजना | २०४५/४६ | २०७९/८० | १८९६ | ८४९ |
| ३ | रानीजमरा कुलरिया सिँचाइ आयोजना | २०६७/६८ | २०८०/८१ | २७७० | १५९ |
| ४ | सुनकोसी मरिन डाइभर्सन आयोजना | २०७६/७७ | २०८०/८१ | ४६१९.२९ | २४.८३ |
| ५ | महाकाली सिँचाइ आयोजना | २०६३/६४ | २०८०/८१ | ३४०० | ३८१ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | २०६८/६९ | २०७९/८० | ३३१९.६६ | ११६३ |
| ७ | माथिल्लो तामाकोसी जलविद्युत् आयोजना | २०६७/६८ | सम्पन्न | ४९२९ | ५०३४ |
| ८ | बूढीगण्डकी जलविद्युत् आयोजना | २०६९/७० | २०८३/८४ | २६००० | ४२०२ |
| ९ | विद्युत् प्रसारण आयोजना | २०६७/०६८ | - | ७५०० | - |
| १० | पश्चिम सेती जलविद्युत् आयोजना | - | - | २७३८५ | - |
| ११ | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | २०७२/७३ | २०७८/७९ | ३०९१ | २३०१ |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २०७३/७४ | २०७९/८० | २१६० | ११२९ |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | २०७१/७२ | २०८५/८६ | १६५०० | ६१ |
| १४ | रेल्वे तथा मेट्रो विकास आयोजना | २०६६/६७ | - | ७०६१ | १९४५ |
| १५ | हुलाकी लोकमार्ग | २०६६/६७ | २०७९/८० | ६५२० | ३५४६ |
| १६ | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | २०६४/६५ | २०७९/८० | १०१५० | ४६४६ |
| १७ | उत्तर दक्षिण (कोसी करिडोर) लोकमार्ग | २०६५/६६ | २०८०/८१ | १६२० | ३२० |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग | २०६५/६६ | २०८०/८१ | २६८० | ७३८ |
| १९ | उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग | २०६५/६६ | २०७९/८० | ४१० | ९० |
| २० | काठमाडौं-तराई मधेस द्रुतमार्ग | २०७४/७५ | २०८०/८१ | २१३९५ | १६६७ |
| २१ | मेलम्ची खानेपानी आयोजना | २०५५/५६ | २०७७/७८ | ३१३६.१४ | २९४५.४६ |
| २२ | पशुपति क्षेत्र विकास कोष | २०७०/७१ | २०७८/७९ | १२७ | ८७ |
| २३ | लुम्बिनी क्षेत्र विकास कोष | २०६९/७० | २०७८/७९ | ६१० | १३८५ |
| २४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | २०९३/९४ | १०२२ | ९२१ |

स्रोत : राष्ट्रिय योजना आयोग

गर्न दिँदैन । एउटा राजनेताले सम्बन्धित परियोजनाबाट कति लाभ पाइन्छ ? भन्ने भन्दा बढी आफ्नो कति भोट सुरक्षित रहन्छ भन्ने तबरबाट सोच्ने गरेका कारण समस्या भइरहेको छ ।

**७) वातावरणीय चुनौती**

विश्वव्यापी सन्धि-सम्झौतामा हस्ताक्षर गरेकाले हामीले ती प्रोटोकल पालना गर्न जरुरी छ ।

**यी सात चुनौतीबाट उठेर पूर्वाधार सम्पन्न गर्न निम्न काम गर्न सकिन्छ ।**

**१) आयोजना बैंक**

सुरुमा सबै क्षेत्रगत पूर्वाधारको आवश्यकता एसेसमेन्ट गर्नुपर्छ र आवश्यक तथा सम्भाव्य परियोजना बैंक निर्माण गरिनुपर्छ । पन्ध्रौं पञ्चवर्षीय योजना र अघिल्लो आर्थिक वर्ष (आव) को बजेट वक्तव्यमा आयोजना बैंकको कुरा गरिएको छ । कति सडक ? कति पुल ? कति खानेपानी परियोजना ? कति जलविद्युत् आयोजना ? कति विद्यालय ? कति आवास ? कति सिँचाइ ? कति सुरुङ ? कति अरू पूर्वाधार आवश्यक छन् ? कति जनसंख्यालाई लाभान्वित गराउने ? कति दूरीमा एकैखालै पूर्वाधार निर्माण गर्ने ? दुई राजमार्गबीचको अन्तर कति ? यी सबै कुरा जान्न सम्बन्धित क्षेत्रको गुरुयोजना, रणनीतिक योजना तथा तिनलाई सम्बोधन हुने किसिमको आयोजना बैंक निर्माण गरिनुपर्छ ।




**२) स्रोतका आधारमा बजेट तर्जुमा**

सरकारको फन्डिङमा मात्र परियोजना सम्पन्न गर्ने हो कि कसैको सहयोग वा साझेदारीमा निर्माण गर्ने निश्चय गरिनुपर्छ । अहिलेको अभ्यासअनुसार हामी परियोजना सुरु हुनुअगावै परियोजनाको नाम राख्छौं । त्यसपछि सरकारले छुट्याएको पैसा विभाजन गरिन्छ ।

त्यसो गर्ने नै होइन । बजेटको खास सिद्धान्त के हो भने सुरुमा लक्ष्य निर्धारण गर्नुपर्छ । लक्ष्य हासिल हुन कस्तो क्रियाकलाप चाहिन्छ ? कस्तो आयोजना र कस्तो कार्यक्रम चाहिन्छ ? भन्ने तबरबाट सोच्नुपर्छ । हाम्रो कार्यशैली ठीकविपरीत चलिरहेको छ ।

सुरुमा कति गरिबी घटाउने ? भन्ने लक्ष्य निर्धारण गर्नुपर्छ । त्यसका लागि आवश्यक क्रियाकलाप, आयोजना र कार्यक्रम सोहीअनुसार तर्जुमा गरिनुपर्छ । तदनुसार बजेट विनियोजन गरिनुपर्छ ।

**३) नेतृत्वदायी भूमिका**

यो कामको प्राविधिक नेतृत्व राष्ट्रिय योजना आयोगले लिनुपर्छ । यस्तै आर्थिक नेतृत्व अर्थ मन्त्रालयलले लिनुपर्छ । यस्तै सम्बन्धित मन्त्रालयले परियोजना निर्माण तथा सञ्चालनको नेतृत्व लिनुपर्छ ।

**यसरी काम गर्न हामीसँग यस्ता अवसर छन् :**

**१) जनताले अधिक माग गर्छन् (पिपुल आर मोर डिमान्डिङ)**

आमसर्वसाधारण विकास निर्माणको कामप्रति सचेत छन् । उनीहरू सहलगानी गर्न पनि इच्छुक छन् । अर्थात् विकासप्रतिको चेतनाको स्तर बढेको छ ।

**२) सर्वसाधारणबाट पहरेदारी**

यसैगरी स्थानीय बासिन्दाले विकास निर्माणको पहरेदारी पनि गरिरहेका छन् । देशको स्रोत-साधन अनावश्यक खर्च होला कि भनेर सञ्चारजगत्, नागरिक समाज, स्थानीय बासिन्दाले सरकारलाई औंला उठाइरहेका पनि छन् ।

**३) नन-स्टेट एक्टर**

कर्पोरेट हाउसहरू, गैरसरकारी संस्था, सहकारीजस्तै नन-स्टेट एक्टरले पूर्वाधारलाई उद्योगका रूपमा लिन्छन् । उनीहरूको यो एटिच्युड सरकारले राम्रो लगानी गर्न सकेको खण्डमा देश विकासका लागि अवसर हो ।

**४) विकास साझेदारहरू**

अन्तर्राष्ट्रिय विकास साझेदारहरूले पनि नेपालको विकास देख्न चाहेका छन् । उनीहरू सचेत र सहयोगी छन् । हाम्रो प्राविधिक कमजोरी र डिल गर्ने क्षमताको कमीका कारण हामीले हाम्रा सर्त राख्न नसकेका हौं । नत्र, हाम्रो विकासमा उहाँहरूलाई ल्याउन सक्ने अवसर धेरै छ ।

सन् २००० बाट सहस्राब्दी लक्ष्य तय गरियो । त्यो बेला एउटा स्थान विकासमा पछि पर्दा अर्को स्थानको विकासमा चुनौती थप्ने महसुस गरियो । मानौं कि नेपालमा गरिबी भए छिमेकी देश (चीन र भारत)मा चुनौती थपिन्छ भन्ने बुझियो । यसकारकण, छिमेकी मुलुक आफ्नो छिमेकमा वा विश्वव्यापी रूपमा अभियान चलाएर आफ्नै गतिमा विश्वको विकासका लागि अग्रसर भए । स्रोत र पुँजीको व्यवस्था गरेर विकासमा सघाउन संयुक्त राष्ट्रसंघजस्ता फोरमले दिगो शान्ति र समृद्धिको नाममा आफूहरूले केही गर्नुपर्ने एजेन्डा अघि सारे ।

**५) संघीयता**

तीन तहको सरकारसँगै देश विकासमा अर्को अवसर जन्मिएको छ । राम्रोसँग व्यवस्थापन गर्न सकेको खण्डमा आर्थिक निर्णय प्रक्रियामा अहिले केन्द्रको मात्र मुख ताक्नुपर्ने स्थिति छैन । आर्थिक निर्णय र लगानीमा आन्तरिक सहकार्य गर्न सकिन्छ । विभिन्न तथ्यहरू हेर्दा पूर्वाधार विकासमा धेरै गर्न सकिने हुँदा-हुँदै पनि सतहमा देखिएका चुनौतीहरूको सामना गर्न नसक्दा विकास ओझेलमा परेको छ ।

**कोभिड कसरी अड्चन बन्यो ?**

तीव्र गतिमा अघि बढिरहेका ठूला पूर्वाधार निर्माण कार्यमा कोभिडले नराम्रो धक्का दियो । निर्माण सामाग्रीको व्यवस्थापन असहज बन्यो । ढुंगा, गिट्टीलगायत आयात हुने निर्माण सामाग्रीको अभावजस्तै भयो । श्रमयोग्य नेपाली दाजुभाइ वैदेशिक रोजगारीमा रहँदा यहाँ श्रमिकको अभाव खड्कँदै गएको थियो नै । कोभिडका बेला श्रमिक अभाव झन् खड्कियो । स्थानीय रूपमा श्रमिक उपलब्ध नहुँदा बन्दाबन्दीका कारण एउटा जिल्लाबाट अर्को जिल्लासम्मको यात्रा असहज बन्यो । निर्माणस्थलमा श्रमिकको अभाव भयो भने नेपालमा काम गर्ने विदेशी दक्ष तथा अर्धदक्ष श्रमिक पनि उतै रोकिए ।

यस्तै फन्डिङ मोडालिटीमा असर पर्‍यो । भौतिक पूर्वाधार विकासका लागि विकास साझेदारले ऋण वा सहयोग स्वरूप दिने रकम सामाजिक पूर्वाधार (स्वास्थ्य) र अल्पकालीन आवश्यकता पूर्ति गर्न छुट्याउन थालियो । मानवीय सेवा, कोभिड उद्धार, होल्डिङ सेन्टर तथा क्वारेन्टिन निर्माण, अस्पताल निर्माण, उपचार र खोप व्यवस्थामा अर्बौं रुपैयाँ खर्च गर्नुपर्‍यो । यदि कोभिड नभइदिएको भए सो रकम भौतिक पूर्वाधार निर्माणमा खर्च हुने थियो । सरकारका तर्फबाट

## रूपान्तरणकारी आयोजना

| क्र.सं. | रूपान्तरणकारी आयोजना | आयोजना सुरु भएको आव | आयोजना समाप्त हुने आव (अनुमान) | कुल अनुमानित लागत (रु. करोड) |
|---|---|---|---|---|
| १ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २०७३/७४ | २०८२/८३ | १३००० |
| २ | सुनकोसी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना | २०७६/७७ | २०८०/८१ | ४६१९ |
| ३ | समृद्धिका लागि वन कार्यक्रम | २०७७/७८ | २०८०/८१ | ५८० |
| ४ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम | २०७७/७८ | २०८०/८१ | ३६० |
| ५ | औद्योगिक पूर्वाधार विकास आयोजना | २०७६/७७ | २०८५/८६ | २५६३८ |
| ६ | स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा विस्तार कार्यक्रम | २०७६/७७ | २०८०/८१ | १३५०० |
| ७ | सार्वजनिक विद्यालय सबलीकरण आयोजना | २०७७/७८ | २०८०/८१ | ८६०० |
| ८ | प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रम | २०७६/७७ | २०८०/८१ | ५१२५ |
| ९ | राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम | २०७६/७७ | २०८०/८१ | २११७ |
| १० | माथिल्लो अरुण जलविद्युत् आयोजना | २०६६/६७ | २०८५/८६ | १५५०० |
| ११ | राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रम | २०७७/७८ | २०८५/८६ | - |
| १२ | पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति आयोजना | २०७५/७६ | २०८३/८४ | २२५०० |
| १३ | गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक आयोजना | २०७२/७३ | २०७८/७९ | २०५० |
| १४ | प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम | २०७६/७७ | २०७९/८० | २२७०० |
| १५ | नयाँ सहर विकास आयोजना | २०७२/७३ | २०८०/८१ | १५००० |
| १६ | सहरी कोरिडोर आयोजना | २०७६/७७ | २०८४/८५ | ६७८०३ |
| १७ | डिजिटल नेपाल | २०७६/७७ | २०८१/८२ | १०७५० |
| १८ | राष्ट्रिय परिचय-पत्र तथा घटना दर्ता कार्यक्रम | २०७५/७६ | २०७८/७९ | २०५८ |

स्रोत : राष्ट्रिय योजना आयोग

हुने भौतिक अनुगमन ठप्प बनाइयो। सम्पन्न हुने लागेका र सम्पन्न भइसकेका पूर्वाधारको गुणस्तर जाँच सम्भव हुन सकेन। यसले विकासमा विकृति ल्याइदियो । सरकार पनि नसोचेको विषयमा अल्मलियो र सतहका समस्या कसरी सम्बोधन गर्ने भन्नेमा दोधारमा पर्‍यो।

**कोभिडले अवसर ल्याएको हो कि सेटब्याक (झट्का) ?**

सुरुसुरुमा मानिसहरू कोभिडसँग जति डराएका थिए, अहिले त्यस्तो छैन । हाम्रो अवस्था पनि उस्तै देखिएको । तर, कोभिडले हामीलाई थप अवसर भने सिर्जना गरेको छ।

कोभिडले सम्भावित विपत्मा सावधानी अवलम्बन गर्न आन्तरिक तयारी गर्नुपर्ने, बाह्य सहयोग आवश्यक पर्ने, सर्वसाधारण जनता सजग हुनुपर्ने कुरा सिकाएको छ। अब 'न्यु नर्मल' मा जाँदा पूर्वाधारसम्बन्धी नयाँ र राम्रा नीतिको माग गरेको छ । नीतिमा फड्को मार्न सिकाएको छ । सरकारको भूमिका परिवर्तन गर्न सिकाएको छ । तर, सम्बोधन चाँडो गर्नुपर्छ।

नेपाल सरकारले विकास व्यवस्थापन गर्ने विषयलाई ढुकुटीमा पैसा राखेर खर्च गर्ने तरिकाले मात्र बुझेको देखिन्छ। सरकारभन्दा बाहिरका पात्रलाई हौस्याउने, क्षमता विकास गराउने, सहकार्यको वातावरण बनाउने, सहुलियत दिने तरिकाले सरकारले कहिल्यै सोचेन । नन-स्टेट एक्टरलाई पनि विकास निर्माणमा सामेल गराउनुपर्छ भन्ने नजिर कोभिडले तय गरिदिएको छ। शिक्षा, स्वास्थ्यमा छुट्टै पूर्वाधार विकास गरिनुपर्ने स्थिति पैदा भएको छ । लगानीको प्याटर्न फेर्नुपर्ने बनाएको छ।

२०४७ सालमा मुलुक 'फर्स्ट जेनेरेसन रिफर्म' स्वरूप बन्द राजनीतिक व्यवस्थाबाट खुलातर्फ अग्रसर भएको थियो। त्यसपछि आधा दशकभन्दा बढी समयलाई आर्थिक विकासको स्वर्णकाल मानियो । तत्कालीन सरकारले अर्थतन्त्रलाई 'ओपन-अप' गरिदियो । त्यसपछि बहुपात्र प्रणालीमा निजी क्षेत्र तथा सामुदायिक क्षेत्र नन-स्टेट एक्टरका रूपमा उदाए। द्वन्द्व सिर्जित राजनीतिक अस्थिरताले केही पछाडि पार्‍यो।

अहिले कोभिड-१९ ले त्यस्तै अवसर सिर्जना गरेको छ। पीडाको पृष्ठभूमिमा पुनर्निर्माणको अवसर लिएर आएको छ । यो अवसरलाई राजनीतिक तथा कर्मचारी (ब्युरोक्रेटिक) तहबाट हलुका ढंगले हेर्ने कसुर गर्‍यौं भने हामी सधैंका लागि थलिन्छौं। भौतिक, सामाजिक वा आर्थिक पूर्वाधार सधैं पछाडि पर्नेछन् । विद्यालय, अस्पताल, सिँचाइ, कोल्ड स्टोरेज, सडक, भुक्तानी प्रणाली, डिजिटल अर्थतन्त्रजस्ता सबै क्षेत्रमा अवसरका नयाँ ढोका कोरोनाले उघारेको छ। जसरी द्वन्द्वपछि संक्रमणकालीन अर्थ व्यवस्थालाई सम्बोधन गर्न पछि पर्‍यौं। भूकम्पले सिर्जना गरेको अवसर सदुपयोग गर्न त्यतिबेला चुक्यौं। कोरोनाले राज्यप्रक्रियालाई 'सचेत' बन्ने मौका दिएको छ । नीति सधैं 'डेभलपमेन्ट रेस्पोन्सिभ' होस्, 'सिटिजन रेस्पोन्सिभ' होस् भन्ने सन्देश दिएको छ। कोरोनापछि न्यु नर्मलमा जाँदा हामी थुप्रै काम गर्न सक्छौं।

तर, 'सेटब्याक' पनि पक्कै भएको हो । हामी पन्ध्रौं आवधिक योजनाको दोस्रो वर्षमा छौं । 'समृद्ध नेपाल, सुखी नेपाली' जस्तो महत्वकांक्षी लक्ष्यको दोस्रो वर्ष भुक्तान भइसक्यो । हामी वि.सं. २१०० मा जहाँ पुग्ने भनेका छौं, त्यहाँ पुग्न पन्ध्रौं योजनासँगै 'टेकअफ' गरिसक्नुपर्ने हो। समृद्धिको वातावरण बनाउने आधार सिर्जना गरिसक्नुपर्ने हो। ८-९ प्रतिशत आर्थिक वृद्धि हासिल गरिसक्नुपर्ने थियो। यसका लागि उत्पादन र उपभोगबीच सेतु बनाउने काम ठूला पूर्वाधारको थियो। तर, पूर्वाधार समयमा सम्पन्न हुन सकेनन् । हामी यत्तिकै पछि परिसक्यौं।

पन्ध्रौं योजनाका बाँकी अवधिमा यदि हामी ठूलो प्रतिबद्धता गर्न सक्दैनौं, क्षमता विकास गर्न सक्दैनौं भने सो आवधिक योजनालाई पुनर्विचार गर्नुपर्ने स्थिति आएको छ । सो योजनाले स्थापित गरेका सुखका आधार, खुसीका आधार र समृद्धिका आधारलगायत सूचकांकमा पुग्नुअघि नै उत्साह मरिसकेको छ। अब अतिरिक्त स्रोत, साधन, क्षमता र उत्साह चाहिन्छ। सरकारले समाज जुर्मुराउने नीति तथा प्याकेज ल्याउनुपर्छ । सरकारका तह त्यसरी नै परिचालित हुनुपर्छ। अनि बल्ल यो सेटब्याकलाई अवसरमा बदल्न सक्छौं। जति हासिल हुनुपर्ने हो, बर्सेनि त्योभन्दा बढी हासिल गर्न सके जहाँ पछि परेका छौं त्यहाँ नयाँ गति दिन सकिन्छ।

*मैनाली नेपाल सरकारका पूर्व सचिव हुन् ।*








। डा. सूर्यराज आचार्य

# प्राथमिकतामा स्वास्थ्य र सूचना प्रविधिको पूर्वाधार



विश्वका गरिबदेखि धनी देश र हरेक वर्ग कोभिड-१९ को महामारीबाट प्रभावित छन् । दैनिक ज्याला-मजदुरी गर्नेदेखि उद्योगधन्दा सञ्चालन गर्ने हरेक क्षेत्रमा कोभिडको असर छ। नेपालले पनि तेस्रो लहरको सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सरकारीस्तरबाट सतर्कता अपनाइरहेको छ । खोपको विस्तार हुँदै जाँदा ढिलो-चाँडो कोभिड महामारीबाट मुक्ति पाउने अपेक्षा गर्न सकिन्छ । विगतको इतिहास हेर्ने हो भने २/३ वर्षपछि यस्ता महामारीबाट मुक्ति हुने आकलन गर्न सकिन्छ। सन् १९१८ को 'स्प्यानिस फ्ल्यु' बाट पनि संसारले २/३ वर्षमा मुक्ति पाएको थियो । त्यसैले केही वर्षभित्रमा संसारले कोभिडमाथि नियन्त्रण पाउने अपेक्षा गर्न सकिन्छ ।

कोभिडले मुलुकहरूको राष्ट्रिय अर्थतन्त्रदेखि विश्वव्यापी अर्थतन्त्रको आपूर्ति प्रणालीलाई ठूलो प्रभाव पारेको छ । ठ्याक्कै सय वर्षअघि पछिल्लोपटक विश्वले यस्तो किसिमको महामारी सामना गरेको थियो । सय वर्षपछाडि विश्व अर्थतन्त्र, कनेक्टिभिटी, आपूर्ति प्रणाली, उद्योगधन्दा, सहरीकरण, प्रविधिको विकासले ठूलै फड्को मारेको छ । यी सबै कुरा विकास हुँदा पनि कोभिड-१९ जस्तो महामारी आउँछ भन्ने संसारका व्यवस्थापक (राजनीतिज्ञ, बौद्धिक, जनस्वास्थ्य विज्ञ, अर्थशास्त्री, सामाजिक दार्शनिक) हरूले आकलन गरेको देखिएन । महामारीको पूर्वतयारी नहुनु पनि त्यसैको द्योतक थियो । त्यसैले चीन, अमेरिका, बेलायत, इटाली, फ्रान्सलगायत सम्पन्न देशहरूलाई पनि एउटा समय कोभिडले निकै गाह्रो बनायो ।



पछिल्लो समय महामारी विस्तारै नियन्त्रणमा आउने क्रममा छ। कोभिडले विश्व अर्थतन्त्रमा शिथिलता ल्याइदियो। हाम्रो देशमा विप्रेषण आप्रवाह (रेमिट्यान्स) उल्लेखनीय रूपले नघटे पनि निरन्तरको व्यापार घाटाले गर्दा शोधनान्तर स्थितिमा दबाब सिर्जना गरेको छ। नेपाली अर्थतन्त्र रेमिट्यान्समा बढी निर्भर छ । रेमिट्यान्स उल्लेखनीय रूपमा घट्छ कि भन्ने डर हाललाई हटेको छ। तर, हाल आइरहेको रेमिट्यान्स नेपाली कामदारहरूले बचतबाट पठाएको हो कि अहिलेको कमाइबाट पठाएको भन्ने अन्योल छ । आगामी दिनमा रेमिट्यान्स वृद्धि कस्तो हुन्छ भन्ने कुराले नेपाली अर्थतन्त्रमा कस्तो प्रभाव पार्छ भन्ने आकलन गर्न सकिन्छ।

कोभिडपछिको अवस्थामा पनि अमेरिका र चीन आर्थिक शक्ति राष्ट्रका रूपमा उदाउँदै गरेका छन् । अर्थतन्त्रको हिसाबले पहिलो र दोस्रो ठूलो राष्ट्र अमेरिका र चीनबीच व्यापार युद्ध कायम छ। सामरिक द्वन्द्व पनि छँदै छ। महामारीपछि विश्व अर्थतन्त्रले तीव्र रूपमा गति लिनुपर्ने हो। तर, यी दुई राष्ट्रबीचको द्वन्द्वले केही बाधा उत्पन्न हुन सक्छ। चीन र अमेरिकाको व्यापार द्वन्द्वको असर नेपालजस्ता देशमा पनि देखिनेछ । रोजगारी खोज्दै नेपालीहरू पुग्ने खाडी मुलुक, मलेसियाको अर्थतन्त्र सुस्तायो भने रोजगारी पनि घट्ने निश्चित छ।

हाम्रो जस्तो विकासशील देशहरूले कोभिडमाथि नियन्त्रण पाइसकेपछि अर्थतन्त्र कसरी बढाउँछन् भन्ने अनिश्चिता रहन्छ । अर्थतन्त्र मन्दीमा गएपछि पुरानो अवस्थामा फर्किन केही समय लाग्छ । सन् १९९० को दशकमा देखिएको एसियन क्राइसिस होस वा सन् २००७/०८ को अमेरिकी वित्तीय संकट (फाइनान्सियल क्राइसिस)लाई हेर्ने हो भने अर्थतन्त्र एकपटक शिथिल भएपछि पुनरागमन हुन समय लाग्ने गरेको छ। अर्थात् अर्थतन्त्र सुस्ताएपछि तुरुन्त फर्किंदैन भन्ने पाठ सिकाएको छ।

**कोभिडपछि के गर्ने ?**

कोभिड अवस्थाबाट मुलुक पार पाउँदै जाँदा पूर्वाधार नीति, आयोजनाको व्यवस्थापन, वित्तीय लगानीमा सरकारले विशेष ध्यान दिनुपर्ने हुन्छ । पोस्ट कोभिडको अवस्थामा आपूर्ति प्रणालीदेखि समग्र विकास मोडल नै परिवर्तन गर्नुपर्ने पनि हुनसक्छ। बितेको एक सय वर्षको अवधि र खासगरी दोस्रो विश्व युद्धपछि आधुनिकता र भौतिक/सामाजिक विकासको मोडेलमा फेरबदल गर्नुपर्ने हुन सक्छ।

अबको प्राथमिकताभित्र आधारभूत स्वास्थ्य सेवा पहिलो हुनुपर्छ । विकसित राष्ट्रले कोभिडको खोप लगाइसकेका छन् । विकासोन्मुख राष्ट्रमा अझै पनि खोपको अभाव छ। खोप उपलब्ध भए पनि भण्डारणको उचित व्यवस्थापन हुन सकेको छैन । आएको खोप पनि वितरण गर्न सक्ने सामर्थ्य छैन। स्वास्थ्य क्षेत्रमा कोभिड पूर्व हुनुपर्ने तयारी नभएकाले पनि अब हाम्रो समग्र विकास मोडलकै समीक्षा गर्नुपर्ने अवस्था छ। विकसित देशमा एउटा खालको र नेपालजस्तो विकासोन्मुख मुलुकले अर्कै/छुट्टै प्रकृतिको विकास मोडल अपनाउनुपर्ने हुन्छ।

स्वास्थ्य क्षेत्रको पूर्वाधारअन्तर्गत पर्ने अस्पताल, खोप भण्डारणको व्यवस्था, खोप वितरण, भौतिकदूरी, ट्रेसिङ, आइसोलेसन, क्वारेन्टिनका लागि आवश्यक पूर्वतयारी गर्नुपर्छ। पूर्वाधार भनेको विमानस्थल, सडक, खानेपानी र विद्युत् गृह निर्माण मात्र गर्ने भन्ने होइन। स्वास्थ्य तथा सामाजिक सेवामूलक पूर्वाधारमा पनि जोड दिनुपर्ने देखिन्छ। अस्पताल बनाउने,

**अर्थतन्त्रको हिसाबले पहिलो र दोस्रो ठूलो राष्ट्र अमेरिका र चीनबीच व्यापार युद्ध कायम छ। सामरिक द्वन्द्व पनि छँदै छ। महामारीपछि विश्व अर्थतन्त्रले तीव्र रूपमा गति लिनुपर्ने हो। तर, यी दुई राष्ट्रबीचको द्वन्द्वले केही बाधा उत्पन्न हुन सक्छ।**

भण्डारणको व्यवस्था मिलाउनेलगायत भौतिक संरचनाहरूको सुधार पनि अपरिहार्य छ । सामाजिक क्षेत्र, शिक्षा, स्वास्थ्यका पूर्वाधारलाई पनि पूर्वाधारका रूपमा अघि बढाउनुपर्छ भन्ने कोभिडले पाठ सिकाएको छ।

कोभिडकालपछि स्वास्थ्य पूर्वाधारसँगै विकास गर्नुपर्ने डिजिटल पूर्वाधार हो। कोभिड संकटले गर्दा अनलाइन मिटिङ, अनलाइन शिक्षा प्रचलनमा आएको छ । जसलाई कुनै न कुनै रूपमा कोभिडपछि पनि निरन्तरता दिनु आवश्यक छ। तर, हाम्रो जोड पारम्परिक पूर्वाधारमा छ । अहिले विद्यार्थीको परीक्षा भौतिक रूपमा लिने कि अनलाइन माध्यमबाट लिने भन्नेमा विवाद छ। आवश्यक अनलाइन प्रणालीको विकास गर्न सकिएको भए भौतिक रूपमा उपस्थिति नभई परीक्षा सञ्चालन गर्न सकिन्थ्यो । त्यस प्रकारको तयारीमा हामी कमजोर देखियौं। हामीसँग इन्टरनेटको भरपर्दो पूर्वाधार छैन । सरकारी योजना र मिडियाको चर्चामा पनि बाटोको खाल्डाखुल्डी या लोडसेडिङले बढी महत्व पाउँछन् । इन्टरनेट सेवा प्रदायकले कस्तो सेवा दिइरहेका छन् भन्नेमा कसैको चासो देखिँदैन।

धेरै काम इन्टरनेटको सहायताले गर्न सकिन्छ। इन्टरनेटमा आधारित काम गर्नुपर्‍यो भने २/३ वटा सेवा प्रदायकको इन्टरनेट जडान गर्नुपर्ने बाध्यता छ। कुनै पनि समय कुन सेवा प्रदायकको इन्टरनेटले काम गर्दैन भन्ने ठेगान छैन। अप्टिकल फाइबर, ब्रोडब्यान्ड इन्टरनेट विस्तारमा हामी पछि पर्‍यौं। नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेटको विस्तारमा खासै काम गरेको देखिँदैन। अहिले पनि बिजुलीका पोलमा इन्टरनेटका तारहरूको लट्ठा देख्न सकिन्छ। यसलाई भूमिगत गरेर हाइस्पिड अप्टिकल फाइबरमार्फत इन्टरनेट सेवा उपलब्ध गराउन सकिन्छ। सयौं अपरेटर हरूले एउटै तारबाट सेवा दिन सक्ने प्रविधि छ । अबको हाम्रो पूर्वाधार भनेको सूचना प्रविधिको पूर्वाधार हो । यसका लागि ठूलो लगानीको आवश्यकता पनि पर्दैन।


नेपालजस्तो विकासोन्मुख देशले भारत र बंगलादेशभन्दा अघि हुन ठूलो लगानीको आवश्यकता पर्दैन । हाम्रो अनुभव हेर्ने हो भने दक्षिण एसियामा पहिलो तथा सम्भवतः एसियाका धेरै देशभन्दा अघि नै डिजिटल फोन प्रणाली नेपालमा आएको थियो। लगभग चार दशक अघिसम्म पनि भारतको पटनादेखि फोन गर्न मानिसहरू वीरगन्ज आउँथे। विसं २०४० को दशकमा विराटनगर, जनकपुर, भैरहवा, वीरगन्ज, एसटीडी तथा आईएसटीडी गरिन्छ भन्ने फोन राखिएका हुन्थे। भारतीयहरू फोन गर्न आउँथे। हामी अग्रणी थियौं।

अबको पूर्वाधार भनेको सूचना प्रविधिको पूर्वाधार पनि हो। यसलाई विश्वसनीय, भरपर्दो र सस्तो बनाउनेतर्फ जोड दिनुपर्छ। यो क्षेत्रमा अहिले सीमित कम्पनीको एकाधिकार छ । नियमककारी निकाय दूरसञ्चार प्राधिकरणले सेवाहरूको नियमन गर्दैन । इन्टरनेट सेवा प्रदायकले भने जति स्पिड दिँदैनन् भने कारबाही गर्नुपर्छ। तर, त्यसो गरेको पाइँदैन। भौतिक पूर्वाधारमा सडक, खानेपानी, बिजुलीलाई जति महत्व दिन्छौं त्यत्तिकै महत्व सूचना प्रविधिको पूर्वाधारलाई पनि दिनुपर्ने पाठ कोभिडले सिकाएको छ।

अर्थतन्त्र आत्मनिर्भर हुने खालको योजनाहरू बनाउनुपर्छ । पछिल्लो समय संसार नै एक-अर्कामा परनिर्भर भएको छ। हरेक चिजमा एउटा देश अर्को देशमा निर्भर छन्। कोभिडजस्तो अर्को कुनै संकट फेरि पनि कुनै पनि समय आउन सक्छ। यस्तो सम्भावित संकटको समयमा आफूलाई चाहिने न्यूनतम आवश्यकता आफैं उत्पादन







गर्नुपर्छ । कोभिड आउँदा संसारभर चीनले मास्क पठाउने गर्थ्यो । यसले केही समय विश्वमै मास्कको हाहाकार मच्चियो । मास्क अहिले त नेपालमा पनि बन्छ । शतप्रतिशत रूपमा अरूसँग निर्भर हुन नहुने रहेछ । यस्तो संकटको बेलामा आफ्नो अर्थतन्त्रलाई चाहिने केही उत्पादन आफैं उत्पादन गर्नुपर्छ । शतप्रतिशत आत्मनिर्भर बन्न भने सम्भव छैन । कोभिडले ठूला सहरमा बढी असर गरेको छ । लन्डन, पेरिस, रोम, न्युयोर्क जहाँ उच्च जनघनत्व छ । यसले पूर्वाधार र सहरी विकासको अवधारणालाई पनि विकेन्द्रित गर्नुपर्ने संकेत गरेको छ । सानो जनघनत्व भएको सानो सहर बनाउनु उपयुक्त रहेछ भनेर पछिल्लो समय विश्वव्यापी छलफल भइरहेको छ ।

पूर्वाधार विकासको आधारभूत भाष्य पनि कोभिडले परिवर्तन गरेको छ । नेपाल पूर्वाधार विकासको प्रारम्भिक चरणमा छ । त्यसैले पूर्वाधार बनाउँदा महामारी आउँदा पनि ठीकठाक हुने र छिटो सम्बोधन गर्न सक्ने पूर्वाधार प्रणाली विकास गर्नुपर्छ । न्युयोर्क, लन्डनको जस्तै संरचना बनाउन खोज्छु भनेर हुँदैन । विकसित मुलुकले भौतिक विकास एउटा आकार ग्रहण गरिसकेको छ । उनीहरूलाई अब नयाँ स्वरूपको सहर बनाउने सुविधा छैन तर, हामीलाई भने सुविधै-सुविधा छ । हाम्रो भौतिक विकासले आकार ग्रहण गरिसकको छैन । तर, केही वर्षभित्रमा काठमाडौं ठूलो सहर हुनेछ । अबको ३० वर्षपछि काठमाडौंको विकल्पमा अर्को ठूलो कुन सहर बनाउने भन्ने हामीसँग स्पष्ट खाका छैन । विराटनगर, पोखरा, भक्तपुर, वीरगन्ज कुन हुन्छ भन्ने यकिन छैन । हामीले काठमाडौंपछिका सहरहरू कहाँ कत्रा बनाउने, सहरी विकासको स्वरूप कस्तो हुनेछ ? हाम्रो योजनाले त्यसलाई मार्गदर्शन गरेको छैन । महामारीको विश्वव्यापी अनुभवबाट सिकेर समग्र भौतिक विकासको सोच, प्रणाली र योजनामा एउटा परिस्कृत रूप ल्याउनुपर्ने देखिन्छ । स्वास्थ्य क्षेत्रको पूर्वाधार, सूचना प्रविधिको पूर्वाधार र सहरी विकासको स्वरूप (खासगरी साना मझौला सहरहरू बनाउनुपर्ने) बदल्नुपर्ने आवश्यकता छ ।

**स्वास्थ्य क्षेत्रको पूर्वाधारअन्तर्गत पर्ने अस्पताल, खोप भण्डारणको व्यवस्था, खोप वितरण, भौतिकदूरी, ट्रेसिङ, आइसोलेसन, क्वारेन्टिनका लागि आवश्यक पूर्वतयारी गर्नुपर्छ । पूर्वाधार भनेको विमानस्थल, सडक, खानेपानी र विद्युत्गृह निर्माण मात्र गर्ने भन्ने होइन ।**

महामारी आउँदा बासोबासका लागि क्वारेन्टिन, आइसोलेसन, सामाजिक दूरी कायम गर्न सक्ने खालको बनाउनुपर्छ । स्मार्ट लकडाउन भन्यौं । स्मार्ट लकडाउन कार्यान्वयन गर्ने सोच छैन । सहरी विकासबाट यसको सुरुवात हुनुपर्छ र यो गर्न हामी सक्छौं पनि । महामारीको सन्दर्भमा विश्वव्यापी छलफलमा भौतिक विकास, पूर्वाधार सहरी विकासमा नयाँ सोच भाष्य सिर्जना गरेको छ । त्यसबाट हामी लाभान्वित हुनपर्छ । भौतिक विकासको प्रणाली योजनाहरूमा फेरबदल गरेर लागु गर्न सकिन्छ ।

कोभिडपछिको अवस्थामा पूर्वाधार क्षेत्रमा दुईवटा कुरा गर्न सकिन्छ । पूर्वाधार प्रणालीको योजना, छनोट, बजेट व्यवस्थापन र आयोजना व्यवस्थापनमा हाम्रा धेरै कमजोरी छन् । त्यसै कारण वर्षौंसम्म हाम्रा आयोजनाहरू पूरा हुँदैनन् । समयमा निर्माण सम्पन्न नभएर लागत बढ्छ । निर्माण भएका पूर्वाधार पनि गुणस्तरीय नभएकाले समस्याग्रस्त छन् । महामारी नहुँदा पनि हाम्रो पूर्वाधार प्रणालीलाई सुधार गर्नुपर्ने थियो । हामीकहाँ पूर्वाधार विकासको स्थापित पद्धति र प्रणाली नै छैन । हामी योजनाबिनाका आयोजना टिप्छौं । ती आयोजनामध्ये केही प्रधानमन्त्री, मन्त्री र सांसदको खल्तीबाट निस्किन्छन् । हामी त्यसलाई नै हाम्रो पूर्वाधार विकास भनेर रमाउँछौं । प्राथमिकताबिनै तदर्थ शैलीमा हाम्रो पूर्वाधार निर्माणको सिलसिला अघि बढेको छ । पहुँचवाला मन्त्री, प्रधानमन्त्रीको जिल्लाका गाउँ गाउँका गोरेटोहरू पिच भएका छन् । ती बाटोमा दिनभरमा १० वटा गाडी पनि गुड्दैनन् । सुर्खेतबाट जुम्ला जान १८/२० घण्टा लाग्छ, जुन राष्ट्रिय राजमार्ग हो । त्यहाँ भैंसी आहाल खेल्ने जस्ता खाल्डा छन् । काठमाडौंबाट रसुवा जानेबाटो राष्ट्रिय राजमार्ग हो । वर्षायाममा छिचोल्न गाह्रो छ । हाम्रो राष्ट्रिय प्राथमिकता के हो एकिन छैन । राष्ट्रिय राजमार्गमा खाल्डाखुल्डी छन् । राजमार्गहरू हिलाम्मे तथा धुलाम्मे छन् । मन्त्री/प्रधानमन्त्रीका निर्वाचन क्षेत्रमा दूरदराजका धान खेत पिच गर्दै हिँड्छौं । भ्यु टावर, कंक्रिटका जीवजन्तु, फलफूल मूर्तिका कुरै नगरौं ।

पुल बन्छ तर बनेको पुल किन तुरुन्तै भत्कन्छ ? ठेक्का लागेर पनि बीसौं वर्षसम्म किन बन्दैनन् ? पिल्लर गाडेर ठेकेदार लापत्ता हुन्छन् । हामीसँग पूर्वाधारमा स्थापित प्रणाली नभएर यो अस्थिरता भएको हो । सबैभन्दा पहिला पूर्वाधारको नीति बनाउनुपर्छ । राजनीतिक तहबाट, उच्च नीतिगत तहबाट, हामीले खोजेको भौतिक विकासको स्वरूप कस्तो हो र कति बनाउने निचोड निकालिनुपर्छ । त्यसका लागि स्रोतको व्यवस्थापन कति गर्न सकिन्छ एक वर्षमा ? हामीसँग कति बजेट छ ? त्यति आयोजना मात्रै गर्न सकिन्छ । हामीसँग तीन वर्ष सक्ने आयोजनामा बजेट छ भने त्यसको

पाँच गुणा बढी आयोजना छनोट गर्छौं । यसले गर्दा पनि समयमा काम भइरहेको छैन ।

पाँच गुणा बढी आयोजना छनोट गरियो भने तीन वर्षमा सक्ने भनेको काम १५ वर्ष लाग्छ । पाँच अर्ब लाग्ने आयोजनामा ५० करोड रुपैयाँ बजेट विनियोजन हुन्छ । बजेटअनुसार आयोजना सम्पन्न गर्न १० वर्ष लाग्छ । पूर्वाधार कसरी बनाउने भन्ने नीति, गुरुयोजना, गुरुयोजनामा भएका आयोजनालाई प्राथमिकीकरण गर्नुपर्छ । त्यसपछि प्रणालीले स्वतः छनोट गर्छ । कुन आयोजना बजेटमा पर्ने भन्ने कुरा अर्थमन्त्री, प्रधानमन्त्री र कर्मचारीले तय गर्दैनन् । प्रणाली विकास गरियो भने यसको उत्तर प्रणालीले दिन्छ । कुन सडक पिच गर्ने भनियो भने त्यो गुरुयोजनामा परेको हुनुपर्‍यो । गुरुयोजनामा परिसकेपछि कुन सडक राष्ट्रिय राजमार्ग हो । राष्ट्रिय राजमार्गमा पनि कुनमा ट्राफिक चाप बढी छ भनेर हेरिन्छ । त्यसको प्रणाली छ, छुट्टै इन्जिनियरिङ विज्ञान छ । त्यो भयो भने आयोजना तयार गर्दा कुनमा कति बजेट विनियोजन गर्ने भनेर मन्त्रीको मुख ताक्नुपर्दैन । त्यो पद्धतिले आफैं उत्तर दिन्छ । जुन प्रणाली नेपालमा छैन ।

आयोजना कार्यान्वयनमा चरणमा सार्वजनिक खरिद ऐनदेखि लिएर गुणस्तर कायम गर्दा वा अन्य प्रक्रियामा मिलेमतोमार्फत भ्रष्टाचार हुने गरेको छ । महामारी नहुँदा पनि पूर्वाधार क्षेत्रमा भौतिक विकास व्यवस्थापन र नीतिगत समस्याहरू थिए । कोभिडपछि आर्थिक अवस्था उकास्न चुनौतीपूर्ण देखिन्छ । हाम्रोजस्तो विकासोन्मुख राष्ट्रमा पूर्वाधार बोझ मात्र नभएर अवसरका रूपमा लिइनुपर्छ । पूर्वाधारको लगानीले शिथिल अर्थतन्त्रलाई तीव्र गति दिन्छ । पूर्वाधारमा गरिएको लगानी उत्पादनमूलक हुन्छ । सरकारले ऋण लिएरै भए पनि पूर्वाधारमा लगानी गर्‍यो भने अर्थतन्त्रमा दोहोरो अंकको वृद्धिदर हासिल हुन्छ ।

चीनले पूर्वाधारमा लगानी गर्न कुनै कन्जुस्याईं गरेको छैन । जसको प्रतिफल आर्थिक वृद्धिदर १२/१३ प्रतिशतसम्म गर्न सक्यो । त्यसले रोजगारी सिर्जना गर्नेदेखि लिएर उद्योगधन्दाका उत्पादनलाई बजारसम्म सहज रूपमा पुर्‍याउने वातावरण सिर्जना गर्छ । पूर्वाधार बनिसकेपछि त्यसले उत्पादत्वमा पनि सहयोग पुर्‍याउँछ । दोस्रो विश्वयुद्धपछिको संसारकै अनुभव हेर्ने हो भने पूर्वी एसिया, दक्षिण-पूर्वी एसिया, अफ्रिकाका केही देश र हाम्रै छिमेकी चीन र भारतले धेरै प्रगति गरेका छन् । शिथिल अर्थतन्त्रलाई उकास्ने प्रमुख औजार पूर्वाधारको लगानी हो ।

पछिल्लो समय राष्ट्रिय गौरवका आयोजनामा भएको ढिलासुस्तीलाई कोभिडसँग जोडेर हेर्ने गरिएको छ । यद्यपि राष्ट्रिय गौरवका आयोजनाले कोभिडअघि पनि तीव्रता पाएको थिएन । त्यसैकारण वर्षौं बित्दा पनि त्यस्ता आयोजना अन्योलकै अवस्थाबाट गुज्रिरहेका छन् । त्यसकारण पनि राष्ट्रिय गौरवका आयोजनामा काम ढिलो भयो भनेर खासै आत्तिनुपर्ने अवस्था छैन । तर, कोभिडको प्रभावलाई न्यूनीकरण गर्न पूर्वाधार क्षेत्रको प्रणाली सच्याउनुपर्छ । प्रणाली नसच्याईकन जति लगानी थपे पनि बालुवामा पानी खन्याए जस्तै हो । फास्ट ट्र्याक करिब एक सय अर्बको आयोजना थियो । सुरुङमार्ग र ठूला राजमार्गको अनुभव नभएको सेनालाई फास्ट ट्र्याक जिम्मा दिइयो । त्यो सडक विभागलाई नै दिनुपर्थ्यो । आयोजना व्यवस्थापनको छुट्टै विदेशी विज्ञ ल्याउन सकिन्थ्यो । विदेशीको अनुभव तथा प्रविधि सिक्न सकिन्थ्यो । प्रणाली नहुँदा यस्ता निर्णयहरू हुन्छन् । यो गलत निर्णय थियो । फास्ट ट्र्याकको लागत अब सुरुको भन्दा दोब्बर-तेब्बर पुग्न लागिसक्यो । एक वर्षसम्म नेपाली सेनाले डीपीआरको कामसमेत सुरु गर्न सकेन । पूर्वाधार विकासको प्रणाली र पद्धति नभएर यस्तो भएको हो । पैसा मात्र खन्याएर काम बन्दैन । त्यो प्रतिउत्पादक हुन्छ । लगानीको प्रतिफल प्राप्त हुँदैन । ढिलो चाँडो हामीले पनि कोभिडमाथि नियन्त्रण पाउँछौं । नियन्त्रण पाइसकेपछि उच्चदरले पूर्वाधारमा लगानी विस्तार गर्नुपर्छ ।

हामीले केही मेगा आयोजना, जस्तै काठमाडौं मेट्रोरेल, निजगढ एयरपोर्ट, बूढीगण्डकी जलविद्युत् परियोजनाअघि बढाउनुपर्छ । विकासको बहसमा पनि हामी कमजोर छौं । हामीले मेगा प्रोजेक्ट मात्र गर्नुपर्छ भन्ने हैन । मेगाका साथै साना प्रोजेक्ट पनि अघि बढाउनुपर्छ।

**पूर्वाधार विकासको आधारभूत भाष्य पनि कोभिडले परिवर्तन गरेको छ । नेपाल पूर्वाधार विकासको प्रारम्भिक चरणमा छ । त्यसैले पूर्वाधार बनाउँदा महामारी आउँदा पनि ठीकठाक हुने र छिटो सम्बोधन गर्न सक्ने पूर्वाधार प्रणाली विकास गर्नुपर्छ ।**


साथै निर्माण भएका पूर्वाधारको मर्मत सम्भारमा पनि ध्यान दिनुपर्छ । हामीजस्तै विकासशील राष्ट्र १९६० को दक्षिण कोरिया, १९५०/६० को जापान, १९८०/९० को चीन, २१औं शताब्दीको आसियन देश, दक्षिण-पूर्वी एसिया, भारत र केही अफ्रिकी देशको दोहोरो अंकको वृद्धि पूर्वाधारको लगानीबाट सम्भव भएको हो । हाम्रो कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा राष्ट्रिय ऋण करिब ४५ प्रतिशत छ । विदेशी ऋण लिएर ठूला पूर्वाधारको आयोजना अघि बढाउन सक्छौं । ऋणलाई बढाएर ६०/७० प्रतिसम्म गर्न सक्छौं । विदेशी ऋण लिएर वा आन्तरिक ऋणपत्र जारी गरेर पूर्वाधारमा लगानी गर्न सक्छौं । अहिले हाम्रो राष्ट्रको वार्षिक बजेट १५ खर्ब आसपास छ । पूर्वाधारमा मात्रै पाँच खर्बभन्दा धेरै लगानी वृद्धि गर्न सक्छौं ।

बृहत् आर्थिक नीति र योजनामार्फत घरेलु पुँजी परिचालनमा राष्ट्र बैंक, योजना आयोग, अर्थ मन्त्रालयलगायत आर्थिक व्यवस्थापनका निकायहरू कमजोर छन् । अर्थतन्त्र व्यवस्थापनमा चुस्तदुरुस्त विज्ञहरूको कमी छ । ठूला आयोजना अनावश्यक र राष्ट्रिय ऋण बढी भनेर अचम्मको विरोध हुने गरेको छ । यो गलत कुरा हो । नेपालको ऋण बढी भएको छैन । आन्तरिक पुँजी परिचालन गर्ने भनेकै सार्वजनिक ऋणमार्फत हो । पूर्वाधारमा सरकारी लगानी नभएसम्म निजी क्षेत्रको उल्लेख्य लगानी सम्भव छैन । हाम्रोजस्तो विकासशील देशमा केही अपवादबाहेक (जस्तो कि जलविद्युत्) पूर्वाधारमा निजी क्षेत्रको लगानी त्यति सहज छैन । एयरपोर्टलगायत ठूला पूर्वाधारको लगानीले मात्र मुलुक सम्पन्न हुन्छ ।

विदेशी लगानीबिना विकास सम्भव हुँदैन भन्ने सोच पनि देखिन्छ । त्यो पनि गलत हो । माथिल्लो तामाकोसी नेपालीकै रकम परिचालन गरेर भर्खर निर्माण सम्पन्न भएको छ । तामाकोसी आयोजना ढिलो भयो लागत बढ्यो त्यो छुट्टै पक्ष छ । भारतको अघोषित नाकाबन्दी, भूकम्पले पनि यसमा अवरोध भएको थियो । धेरैले हाम्रो स्रोतबाट यो आयोजना अघि बढ्दैन भनेका थिए । तर निर्माण भयो । यो विदेशी ऋणबाट भएको होइन । आन्तरिक पुँजी परिचालन गरेर ठूलो आयोजना निर्माण गर्ने भन्ने हामीसँग संयन्त्र तथा सोच छैन । बृहत् आर्थिक व्यवस्थापनमा हाम्रो विज्ञता कमजोर छ । यसले गर्दा पनि पूर्वाधार विकासमा उल्लेख्य मात्रामा आन्तरिक पुँजी परिचालन हुन सकेको छैन । समग्र आर्थिक विकासको मोडेल र त्यसअन्तर्गत लगानी परिचालनको रणनीतिलगायत पूर्वाधार विकासको प्रणाली तय गर्ने काममा अब ढिलाइ गरिनु हुँदैन ।

*आचार्य पूर्वाधार विज्ञ हुन् ।*







| पम्फा भुसाल

# अर्थतन्त्रको उत्प्रेरकका रूपमा विद्युत्



जलस्रोतका हिसाबमा नेपाल विश्वकै दोस्रो धनी मानिन्छ । जनसंख्या र भूगोलको अनुपातका आधारमा निर्धारण भएको यो सम्पन्नतालाई नेपालले खासै सदुपयोग गर्न सकेको छैन । दरबारिया प्रयोजनका लागि भए पनि ११० वर्ष पहिले फर्पिङबाट विद्युत् उत्पादन सुरु भयो । तर, विद्युत् उत्पादनले निरन्तरता पाउन सकेन र दशकौंसम्म नयाँ आयोजना बनेनन् । कर्णालीमा १० हजार ४ सय मेगावाट विद्युत् निकाल्ने भनेर कोलम्बो प्लानअन्तरगत दुई सय नेपालीले छात्रवृत्तिमा इन्जिनियरिङ पढ्ने अवसर पाए तर, विद्युत् आयोजना बनेन ।

जनता अँध्यारोमै बस्न बाध्य भए । यसरी हेर्दा निकै लामो समय विकासका हिसाबले विद्युत् खेर फालिएको देखिन्छ । प्रजातन्त्रको पुनर्बहालीपछि भने अवस्थामा केही सुधार आयो । कुलेखानी, भोटेकोसी, खिम्तीजस्ता जलविद्युत् आयोजना बने । प्रजातन्त्रको पुनर्बहालीपछिका सरकारहरूले पनि जलविद्युत्को विकासमा सही ढंगले काम गर्न भने सकेको देखिँदैन । निजी क्षेत्र जलविद्युत् क्षेत्रमा प्रवेश गरे पनि ऊर्जा जस्तो अत्यावश्यकीय क्षेत्रमा पनि सरकारको चासो कम नै रह्यो । निजी क्षेत्र स-साना विद्युत् आयोजना बनाउन सरिक भए पनि ठूला तथा जलाशययुक्त आयोजना बनाउन सरकारले खासै सोच नबनाएको देखिन्छ ।

समग्रमा भन्दा जलविद्युत् क्षेत्रलाई बेवास्ता गरियो । समयमै विद्युत् उत्पादन तथा वितरणमा ध्यान नपुर्‍याउँदा उद्योग, कलकारखानादेखि घरायसी उपभोक्तालाई लगभग विद्युत्विहीन हुनुपर्ने गरी १५ घण्टासम्म लोडसेडिङ गर्नुपर्ने

अवस्था सिर्जना भयो । विद्युत् जस्तो अत्यन्तै सवेदनशील क्षेत्रलाई तत्कालीन सरकारहरूले गरेको बेवास्ता र नीतिगत त्रुटिको परिणामले निम्तिएको दुर्भाग्यपूर्ण अवस्था हो ।

पछिल्लो राजनीतिक परिवर्तन ०६२/६३ पछि अझ भन्नु पर्दा ऊर्जा मन्त्रालयको नेतृत्वमा नेकपा माओवादीका नेताहरू पुगेपछि यो क्षेत्रमा सुधार आउन थालेको हो । माओवादीबाट पहिलो ऊर्जामन्त्री बन्नु भएका पोष्टबहादुर बोगटीले विद्युत् उत्पादन वितरणको नेतृत्व लिएपछि आर्थिक रूपले थलिएको नेपाल विद्युत् प्राधिकरणको सञ्चित नोक्सानीलाई शून्य गर्ने काम गर्नुभयो । जनार्दन शर्मा जाँदा मुलुकलाई लोडसेडिङ मुक्त बनाउने काम भयो । म अहिले नेकपा माओवादीका तर्फबाट ऊर्जा मन्त्रालयको नेतृत्व सम्हाल्ने छैटौं मन्त्री बनेको छु ।

### प्राथमिकतामा जलविद्युत्

विकासको प्रमुख साधन ऊर्जा हो । नेपालमा जलविद्युत् सबैभन्दा सस्तो र लाभकारी ऊर्जा हो । हुन त सौर्य, वायु, बायोग्यासजस्ता पक्ष पनि ऊर्जामा रहन्छन् तर, मूल क्षेत्र भनेको जलविद्युत् हो । सस्तो र प्रभावकारी पनि जलविद्युत् नै हुन्छ । ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना सम्पन्न भएपछि सार्वजनिक क्षेत्रको विद्युत् उत्पादन बढेको देखिन्छ । निजी क्षेत्रका धेरै आयोजना सम्पन्न हुने चरणमा छन् ।

### विद्युत् उत्पादन तथा प्रसारणमा सुधार

भविष्यमा नेपाललाई चाहिने विद्युत्को माग पूरा गर्न प्रत्येक प्रदेशमा अर्धजलाशय र जलाशययुक्त आयोजनाहरू विद्युत् प्राधिकरणमार्फत अघि बढाउने योजना सरकारको छ । यसअनुरूप प्रदेश २ मा सोलार आयोजना निर्माण गर्ने योजना छ । तर, अन्य प्रदेशमा भने विद्युत् उत्पादनकै सम्भावना छ । तमोर ७५६ मेगावाट, दूधकोसी ६३५ मेगावाट, सुनकोसी-३ ५३६ मेगावाट, बूढीगण्डकी १२०० मेगावाट, नलसिंहगाड ४१० मेगावाट, नौमुरे २४५ मेगावाट, माडी दाङ डाइभर्सन, पश्चिम सेती ७५० मेगावाटलगायत आयोजना बनाउन ध्यान केन्द्रित गरेको छ । रसुवागढी १११ मेगावाट, सान्जेन ५७ मेगावाट, मध्य भोटेकोसी १०२ मेगावाट, त्रिशूली ३ बी ३७ मेगावाट, राहुघाट ४० मेगावाट, तनहुँ सेती १४० मेगावाटजस्ता सरकारी आयोजना मात्र होइन निजी क्षेत्रबाट निर्माणाधीन आयोजनाहरू छिटो सम्पन्न गर्न आवश्यक समन्वय एवं सहजीकरण तथा अनुगमन प्रभावकारी बनाउने काम सुरु भइसकेको छ ।

### विद्युत् खपत विस्तारको रणनीति

अहिलेको अवस्थामा आइपुग्दा दुईवटा चुनौती अगाडि देखिएको छ । पहिलो सिंगो देशलाई विद्युतीकरण गर्ने हो । पूर्वमन्त्री वर्षमान पुनको नेतृत्वकालमा दुई वर्षभित्र पूर्ण विद्युतीकरण गर्ने कार्यक्रम अघि सारिएकामा यो अवधि छोट्याएर अझ छिटो सम्पन्न गर्नुपर्नेछ ।

दोस्रो विद्युत् खपत विस्तार गर्ने हो । विगतमा बत्ती नियमित बाल्न पाउनु नै ठूलो कुरा थियो । तर, अब बत्ती बाल्न पाउनु मात्रले अर्थ राख्दैन र प्रतिव्यक्ति ऊर्जा खपत बढाउनु पर्नेछ । गार्हस्थदेखि औद्योगिक खपत बढाउनु अत्यावश्यक छ । आयातित एलपी ग्यास खाना पकाउने प्रयोजनका लागि सहरमा मात्र होइन गाउँ-गाउँमा डोकामा बोकेरसमेत पुगेका छन् । अब ग्यासको ठाउँमा विद्युतीय चुलो प्रयोग गरेर ग्यास आयातमा खर्च हुने अर्बौं रुपैयाँ बचाउन सकिन्छ ।

**विगतमा बत्ती नियमित बाल्न पाउनु नै ठूलो कुरा थियो । तर, अब बत्ती बाल्न पाउनु मात्रले अर्थ राख्दैन र प्रतिव्यक्ति ऊर्जा खपत बढाउनु पर्नेछ । गार्हस्थदेखि औद्योगिक खपत बढाउनु अत्यावश्यक छ ।**

भन्सार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्षमा मात्रै एक खर्ब ६० अर्ब ५३ करोड रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको छ । जसमा डिजेल ९१ अर्ब ९४ करोड, पेट्रोल ३२ अर्ब ४४ करोड र एलपी ग्यास ३६ अर्ब १५ करोड रुपैयाँ छ । अझै ग्यास प्रतिसिलिन्डर ४ सय ४२ रुपैयाँ घाटामा बिक्री गरिरहेको छ । गत आर्थिक वर्षमा मात्रै तीन करोड २७ लाख २५ हजार दुई सय ९१ थान सिलिन्डर ग्यास आयात भएको छ । विद्युत् खपत विस्तार गर्ने हो भने देशको अर्थतन्त्रलाई जोगाउन सकिन्छ । त्यसका लागि 'विदेशी ग्यास छोडौं, स्वदेशी बिजुली जोडौं' भन्ने नाराका साथ विद्युतीय चुल्होको प्रयोग बढाउँदै लानुपर्नेछ । जलविद्युत्ले नेपालको व्यापार घाटा कम गर्न, जीवनस्तर उकास्न र वातावरणीय क्षति जोगाउन बहुआयामिक फाइदा पुऱ्याउँछ ।

डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनलाई विस्थापित गर्दै विद्युतीय सवारीसाधनको प्रयोग वृद्धि गर्दै लान विद्युत् महसुलमा सहुलियत दिने र यसै वर्षभित्र ५० वटा चार्जिङ स्टेसन निर्माण गर्ने योजना सरकारको छ । औद्योगीकरण विस्तारका लागि विद्युत् उपलब्धता महत्वपूर्ण पूर्वाधार हो । बिजुली मागेका ठाउँमा तत्कालै पर्याप्त दिन सकियो भने औद्योगिक क्षमता पनि विस्तार हुने र विद्युत् खपत पनि बढ्ने अवस्था आउँछ ।

नेपाल कृषि प्रधान देश हो भनेर वर्षौंदेखि भन्दै आएका छौं । तर, कृषिबाट प्राप्त हुने प्रतिफल आकर्षक नहुँदा आफ्ना खेतबारी बाँझै राखेर युवा पुस्ता जागिरको खोजीमा विदेश जाने अथवा सहर पस्ने बाध्यतामा पुगेका छन् । ऊर्जा शक्तिभन्दा महत्वपूर्ण मानिने मानवशक्ति नै पलायन भइरहेको विडम्बनापूर्ण अवस्था छ । युवा पुस्तालाई स्वदेशभित्रै रहने वातावरण नबनाएसम्म हामीले भन्ने गरेको समाजवाद प्राप्त हुन सक्दैन । यसर्थ अब कृषियोग्य जमिनलाई सिँचाइयुक्त बनाउनु पर्नेछ । यदि सिँचाइ सुविधा मात्र पुऱ्याउन सकियो भने मल बीउको अवस्था अहिलेकै जस्तो रहँदा पनि तीन गुणा उत्पादन सुधार गर्न सकिन्छ । कृषि प्रधान मुलुक भन्ने तर बर्सेनि दुई खर्बको चामल, दाल, तरकारी, फलफूलजस्ता कृषिजन्य उत्पादन आयात गरिरहेका छौं ।

सिँचाइ सुविधा मात्र पुऱ्याउँदा एकातर्फ खाद्य पदार्थको आयात घट्छ भने अर्कातर्फ जनशक्ति विदेशिने बाध्यता पनि हटाउन सकिन्छ । कुलो/नहरमार्फत नभए विद्युत् प्रयोग गरेर लिफ्ट सिँचाइ, डिप बोरिङ, ट्युबेलजस्ता विधि प्रयोग गराउनुपर्छ । यसले पहाडी इलाकामा समेत उत्पादन वृद्धि गर्न सहयोग पुऱ्याउँछ । सरकारले विभिन्न पूर्वाधारहरू के पहाड के तराई, के सहर के गाउँ घर सबै ठाउँमा पुऱ्याउँदै छ । त्यसपछि भने समथर भूमितर्फ बसाइ-सराइ गर्नुपर्ने अवस्था आउँदैन । पहाडमै सिँचाइ सुविधा पुऱ्याएर कृषि उत्पादन बढाएर बसाइ-सराइको असन्तुलित अवस्थालाई रोक्न सकिन्छ ।

हामीले यी काम गर्न सक्यौं भने समाज र अर्थतन्त्रमा बहुआयामिक र गुणात्मक उपलब्धि हासिल गर्न सक्छौं । हामीले भन्ने गरेको समाजवाद, समुन्नत नेपाल निर्माण प्राप्तिको मार्ग यसबाट कोर्न सकिन्छ । हामीले आफ्नै देशको ऊर्जाबाट घर परिवारदेखि उद्योग कलकारखाना कृषिको उत्पादकत्व बढाउनुपर्छ ।

वास्तवमा समृद्धि हामीलाई कसैले ल्याइदिने होइन । हाम्रै योजना र प्रयासको सार्थकताबाट हासिल हुने हो । खनिज इन्धन, खाद्यान्नदेखि औद्योगिक उत्पादन आयातमा खर्चिनु परिरहेको खर्बौं रुपैयाँ देशभित्रै रोकिन्छ र युवाले स्वदेशमै स्वउद्यम तथा रोजगारी पाउँदा नेपालको अर्थतन्त्रले बहुआयामिक र गुणात्मक सुधार प्राप्त गर्नेछ । यसबाट समग्र जनताको जीवनस्तरमै तीव्र सुधार पाउन सक्छौं । घरेलु खपत, कृषि तथा औद्योगिक क्षेत्रमा पर्याप्त खपत बढाउनैपर्छ ।







**बिजुली सस्तो बनाउनुपर्छ**

नेपालमा बिजुली महँगो छ भन्ने सरकारले महसुस गरेको छ र महसुल घटाउनै पर्ने भन्नेमा छ । अहिलेको मूल्य संरचनाले विद्युत् खपत उल्लेख्य रूपमा बढ्दैन । आफ्नै देशको पानी प्रयोग भएर निस्किएको बिजुली महँगो हुनु राम्रो होइन । विद्युत्को मूल्य घटाउन पहल सुरु भइसकेको छ । प्रारम्भिक रूपमा घरायसी खपतमा मध्यमस्तरका खपतकर्तालाई प्रतियुनिट ५० पैसा घटाइएको र विद्युत् महसुलको उच्च दरको सीमा १२ बाट घटाएर ११ रुपैयाँमा झारिएको छ । २० युनिटसम्म खपत गर्ने विपन्न ग्राहकलाई निःशुल्क विद्युत उपलब्ध गराउने निर्णय नेपाल विद्युत् प्राधिकरणले गरिसकेको छ ।

त्यसैगरी, स्यालो ट्युबेल सीमान्तकृत र साना कृषकहरूको जीवनस्तर उठाउने माध्यम भएकाले विद्युत् बढी माग हुने समयमा महसुलमा ८० प्रतिशत र अन्य समयमा पूर्ण रूपमा छुट दिइएको छ । यसबाट तीन लाख ८८ हजार घरधुरीका कृषकहरूको जीवनस्तर उठाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ । यस्तो सहुलियतबाट आगामी दिनमा कृषकहरू स्वःस्फूर्त रूपमा ट्युबेल जडानमा प्रोत्साहन मिल्ने र सिँचित क्षेत्रको विस्तारमा महत्वपूर्ण योगदान हुनेछ ।

डिप ट्युबेलमा विद्युत् बढी माग हुने समयमा महसुलको ५० प्रतिशत र अन्य समयमा ८० प्रतिशत दिइएको छ । यसबाट ट्युबेलहरू पूर्ण क्षमतामा सञ्चालन भइ ७५ हजार घरधुरी कृषक लाभान्वित हुने, बाली सघनता र कृषि बाली उत्पादन वृद्धि भएर खाद्य सुरक्षा र व्यापार घाटा न्यूनीकरणमा योगदान दिने अपेक्षा छ ।

यस्तै, विद्युत् महसुलको बक्यौताका कारण सञ्चालन हुन नसकेका डिप ट्युबेलहरू पुनः सञ्चालन हुने अवस्था आए जरिवाना छुट दिइ विद्युत् लाइन पुनः जडान गरिनेछ । सतहको पानी लिफ्ट प्रविधि प्रयोग गरी कृषिमा प्रयोग गर्ने कृषकहरूलाई विद्युत् बढी माग हुने समयमा ५० प्रतिशत र अन्य समयमा ८० प्रतिशत छुट दिइएको छ । यसबाट नगदे बालीको व्यापक विस्तारमा सहयोग पुऱ्याउनेछ । महसुल पुनरावलोकनको प्रस्ताव विद्युत् नियमन आयोगमा पुगेको छ । अब त्यहाँबाट निर्णय हुनासाथ कार्यान्वयनमा जानेछौं ।

**कसरी पार्ने महसुल सस्तो ?**

सरकारी लगानीमा निर्माण भएका जलविद्युत् आयोजनाले विद्युत् उत्पादन गर्दा लागत मूल्यका आधारमा एउटा मानक शुल्क निकाल्नुपर्छ । राज्यले लगानी गरेका आयोजनाबाट नाफा लिनु पर्दैन । सरकारले दातृ निकायमामार्फत ऋण ल्याउँदा त सस्तो ब्याजमा पाएको हुन्छ । अब अर्ध जलाशय तथा जलाशययुक्त आयोजनाहरू यही तरिकाबाट निर्माण भएको अवस्था छ भने त्यसको बिजुली त पक्कै सस्तो पर्छ । उता निजी उत्पादकले ऋणको सावाँ-ब्याज तिर्नुपर्ने हुन्छ । उनीहरूले निश्चित अवधिभित्र त्यो भुक्तान गरिसकेका हुन्छन् । नाफा पनि गरिसकेका अवस्थामा बाँकी अवधिमा ती आयोजनाबाट अत्यन्तै सस्तोमा विद्युत् पाउन सक्ने अवस्था रहन्छ । सञ्चालन खर्च मात्र जुटाए पुग्ने अवस्थाका पुराना आयोजनाका लागि महँगो शुल्क तिर्नु आवश्यक छैन । कुलेखानी, खिम्ती, भोटेकोसीजस्ता

**औद्योगीकरण विस्तारका लागि विद्युत् उपलब्धता महत्वपूर्ण पूर्वाधार हो । बिजुली मागेका ठाउँमा तत्कालै पर्याप्त दिन सकियो भने औद्योगिक क्षमता पनि विस्तार हुने र विद्युत् खपत पनि बढ्ने अवस्था आउँछ ।**

आयोजनाको सस्तो बिजुलीको लाभ जनताले पाउनुपर्छ । सस्तोमा बिजुली दिन सकिन्छ र खपत बढाउन सकिन्छ भन्नेमा म दृढ निश्चित छु ।

हामीले विद्युत् खपत विस्तार गर्ने योजना बनाउँदै गर्दा हाम्रो आपूर्तिको गुणस्तरमा ध्यान दिनुपर्छ । विद्युत् प्राधिकरणदेखि नेतृत्व वर्गले लोडसेडिङमुक्त गरेको दृष्टान्त देखाएर बस्ने दिन गए । जनताले घरमा लुगामा आइरन लगाउन लाग्दा, राइस कुकर चलाउन लाग्दा झ्याप-झ्याप बिजुली जाने अवस्था अन्त्य नगरेसम्म खपत विस्तार गर्ने योजनाले मूर्त रूप लिन सक्दैन । यसर्थ विद्युत् आपूर्ति व्यवस्थालाई चुस्त बनाउने कार्ययोजनामा अहिले काम भइरहेको छ ।

**विद्युत् निर्यातको प्रश्न**

हामी अब वर्षायाममा विद्युत् धेरै हुने अवस्थामा पुग्दै छौं । यसर्थ, धेरै भएको विद्युत् निर्यात गर्नुपर्छ भन्ने हो । तर, सबैले बुझ्नुपर्ने कुरा के हो भने कच्चा पदार्थ निर्यात गरेर विश्वका कुनै पनि मुलुक धनी बनेको छैन । ऊर्जा उद्योग, कृषिलगायत सबै क्षेत्रमा ऊर्जा कच्चा पदार्थ हो । विकासका लागि कच्चा पदार्थ विदेशमा बेच्ने होइन । विद्युत् खपत गराएर उत्पादित वस्तु निर्यात गर्नुपर्छ । यसर्थ स्वदेशी खपत नै हाम्रो प्राथकिता हो ।

तर, भएको विद्युत् खेर फाल्नु पनि भएन र कतिपय अवस्थामा ल्याउनुपर्ने पनि हुन सक्छ । त्यो अवस्थालाई मध्यनजर गरेर अन्तरदेशीय प्रसारणलाइन निर्माण जारी छन् । बढी भएको विद्युत् निर्यात गर्न अन्तरदेशीय विद्युत् बजारको सुनिश्चितता गर्नेमा पनि ऊर्जा मन्त्रालयको सक्रियता जारी छ । कालिगण्डकी, मर्स्याङ्दी, कोसी, दोर्दी, चिलिमे, खिम्ती-काठमाडौं, मर्स्याङ्दी-काठमाडौं, सोलु करिडोर इनरुवा ढल्केबार हेटौंडा ४०० केभी प्रसारण लाइनहरू निर्माण छिटो सम्पन्न गर्नुपर्छ । त्यस्तै, बुटवल-गोरखपुर, बुटवल-अत्तरिया, कर्णाली करिडोर, भेरी करिडोर, सेती करिडोर, कोसी करिडोरका ४०० केभी प्रशारण लाइन निर्माणको काम अघि बढाउनु पर्नेछ । अन्तरदेशीय व्यापारका लागि उत्तरी नाकातर्फ प्रसारणलाइन बनाउनु पर्नेछ ।

**निजी क्षेत्रको भूमिका**

विकासका लागि निजी क्षेत्रको भूमिका आवश्यक हुन्छ । राष्ट्रिय अर्थतन्त्र र जनजीविकाको उत्थान हुने सवालमा निजी क्षेत्रको भूमिका रहन्छ । यहाँ निजी क्षेत्रभन्दा यो स्वदेशी र वैदेशिक दुवै हुन सक्छ । राष्ट्रहितको प्रवर्द्धन र अर्थतन्त्रको उत्थान हुने गरी हाम्रा राष्ट्रिय स्वार्थअनुकूल हुने गरी हामीलाई विदेशी लगानी, सीप र पुँजी चाहिएको छ । त्यहीअनुरुप हामी काम गर्दै छौं ।

विश्वव्यापी कोरोना महामारीको असर नेपालमा पनि परेको छ र नेपाली अर्थतन्त्रमा धेरै ठूलो क्षति पुर्‍याएको छ । तुलनात्मक रूपमा क्षेत्रगत हिसाबले हेर्दा ऊर्जा क्षेत्र कम प्रभावित हो । महामारीका कारण विद्युत् आयोजना तथा प्रसारणलाइन निर्माण प्रभावित भए । त्यो ढिलाइको असर अहिले देखिन थालेको छ । समयमा बन्ने भनिएका निजी क्षेत्रका आयोजना पनि केही समय पर धकेलिएका छन् । त्यसकारण सरकारले विभिन्न राहत व्यवस्था गरेको छ । सहुलियत पूर्ण कर्जा, पुनर्कर्जाजस्ता सुविधा दिएको छ । त्यसैगरी विभिन्न ठेक्का सम्झौताको अवधि एक वर्ष थप गरिएको छ । यसले निजी क्षेत्रलाई सघाउ पुर्‍याउनेछ ।

शताब्दी लामो तर धिमा गतिमा रहेको विद्युत् विकासलाई तीव्रता दिनु आवश्यक छ र पछिल्लो समय त्यसैअनुरूप काम भइरहेको छ । आमजनतालाई सहज रूपमा र सस्तोमा बिजुली दिन सकिन्छ । आधारभूत तहका जनतालाई अत्यावश्यकीय सुविधाका रूपमा बिजुली दिनु राज्यको दायित्व हो । आमजनता तथा उद्योग व्यवसायले सस्तोमा सहज बिजुली पाऊन् र देशको बिजुली यहीं खपत होस् भन्ने हिसाबमा सरकार लागिपरेको छ । आर्थिक समृद्धिको आधारका रूपमा ऊर्जालाई लिएर अर्थतन्त्रको उत्प्रेरकका रूपमा बिजुलीलाई प्रयोग गर्नुपर्छ ।

*भुसाल ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री हुन् ।*


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल काठमाडौं
फोन नं. ४२५५४६४, हटलाइन ११११६,
website: www.ssf.gov.np, email: info@ssf.gov.np

यस कोषमा आवद्ध योगदानकर्ताहरुको योगदान रकम कानून बमोजिम नियमित (प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र) रुपमा अनिवार्य जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।



| विष्णुप्रसाद अग्रवाल

# कोरोना माहामारी उद्योग व्यवसाय र अबको बाटो




विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरसबाट नेपाल पनि अछुतो रहन सकेन। नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिएको निजी क्षेत्र पनि कोरोना महामारीबाट संकटमा पर्‍यो। जसको प्रत्यक्ष असर हजारौं उद्योग/व्यवसायसँगै लाखौं कामदार हरूलाई पनि पर्‍यो। समग्र देशको अर्थतन्त्रमा नकरात्मक असर पर्‍यो । हामीले महामारीमा आर्थिक नोक्सानी मात्र व्यहोरेनौं, हाम्रा आफन्तजन तथा साथीभाइहरू गुमाउन विवश भयौं।

हामी अझै पनि कोरोना महामारीको सन्त्रास भोगिरहेका छौं । लामो समयदेखि आर्थिक मात्र नभएर मानवीय क्षति व्यहोर्दै आएका हामी केही उठ्ने प्रयास गरिरहेका छौं । कोरोनाका कारण व्यापार व्यवसाय र समग्र देशको अर्थतन्त्रमा ठूलो असर परेको छ । यो महामारीबाट आगामी दिनमा महामारी तथा विपत्तिहरूलाई सामना गर्ने पाठ तथा सन्देश पनि हामीले सिकेका छौं ।

कोरोना महामारीको समयमा मात्र होइन त्यसअघि पनि मुलुकले विभिन्न समस्या र चुनौतीहरू भोगिसकेको छ। १० वर्षे द्वन्द्व, विनाशकारी भूकम्प र ६ महिनाको कठिन भारतीय नाकाबन्दीले सजग र सतर्कता अपनाउन ठूलो सन्देश दिएका छन्। विपत् आपतकालीन रूपमा आइलाग्छ। त्यसैले विपत्तिको सामना गर्न अनुभव हुन आवश्यक छ। कोरोना महामारीले धेरै आर्थिक तथा मानवीय क्षति पुर्‍याए पनि अगाडि बढ्न सिकाउने यस्तै विपत्तिहरूले हो ।



### डिजिटलाइजेसन महत्वपूर्ण सिकाइ

कोरोनाअघि पनि निजी क्षेत्र डिटिजल प्रविधिको प्रयोगमा जानुपर्छ भन्ने अवधारणामा थियो । त्यही समयमा कोरोना महामारी सुरु भयो । कोरोनाकालमा सबै मानिस घरभित्रै बस्न बाध्य भए । पटक-पटक भएका बन्दाबन्दी (लकडाउन), सटडाउन तथा निषेधाज्ञाबाट अधिकांशले कामहरू घरबाटै गरे । प्रविधिको प्रयोग बढायौं । बुझेर वा नबुझेर अर्थात् जानेर वा नजानेर हामी प्रविधिको प्रयोग गर्न बाध्य भयौं ।

नेपालमा मात्रै होइन, विश्वभर डिजिटल प्रयोग बढेको छ । हामीले हाम्रा छलफल, बैठक तथा आफन्तहरूसँग भेटघाटहरू 'भर्चुअल' माध्यमबाटै गयौं । कोरोनाले इच्छा नहुँदा पनि प्रविधिको प्रयोग गर्न बाध्य बनायो । हामीले हाम्रो सम्पूर्ण कारोबार विद्युतीय माध्यम अर्थात् डिजिटल्ली गयौं ।

कोरोनाकालमा डिजिटलाइजेसनमा ठूलो फड्को मारेका छौं । यदि अवस्था सामान्य (नर्मल) भएको भए सायद यति चाँडै प्रविधिमा ठूलो फड्को मार्न सक्ने अवस्था थिएन । कुनै पनि संस्थामा पारदर्शिताको ठूलो भूमिका हुन्छ र पारदर्शिता चाहिन्छ । कोरोनाले पारदर्शिता आवश्यक छ भन्ने पाठ पनि सिकाएको छ । यस्तो विषम् परिस्थितिमा उद्योगी व्यवसायीहरूले बाँच्ने विषय पनि महत्वपूर्ण हो । यो समयमा उद्योगी व्यवसायीले नाफा कमाउनेभन्दा पनि बाँच्ने अर्थात् व्यवसायलाई निरन्तरता दिने विषयलाई नै ध्यान दिएको छ । कार्य पुँजीलाई अधिकतम उपयोग गर्ने विषयमा प्रविधिले ठूलो भूमिका खेल्छ ।

### उद्योग/व्यवसायमा असर

कोभिड-१९ प्रकोपबाट विश्व अर्थतन्त्रसँगै नेपालको अर्थतन्त्र पनि प्रभावित भएको छ । महामारीको सघनता कम गर्न सरकारले २०७६ चैत ११ गतेबाट देशव्यापी रूपमा बन्दाबन्दी गऱ्यो । २०७७ जेठसम्म आधारभूतबाहेकका आर्थिक क्रियाकलापहरू बन्द भए । २०७७ असार १ देखि बन्दाबन्दी खुकुलो भए पनि धेरै ठाउँमा निषेधाज्ञा लगाएर आर्थिक क्रियाकलापपूर्ण रूपमा सञ्चालन हुने अवस्था बनेन । भदौदेखि मात्रै जनजीवन केही सहज हुने खोजेको भए पनि मंसिरमा आएर मात्रै कोरोना त्रास केही मत्थर भएको थियो । तर, कोरोनाको दोस्रो लहरले २०७८ वैशाख १६ गतेदेखि निषेधाज्ञा लागु भयो । अहिले जनजीवन केही खुकुलो भए पनि जिल्ला प्रशासन कार्यालयहरूले निषेधाज्ञा लगाइरहेका छन् । निजी क्षेत्र आफ्ना तर्फबाट अर्थतन्त्रलाई पुनरुत्थान गराउन क्रियाशील भइरहेकै छ । तर, अझै पनि व्यापार/व्यवसाय पूर्ण रूपमा सञ्चालन गर्न सक्ने अवस्था छैन । कोरोनाकालपछि धेरै उद्योगी व्यवसायीले सञ्चालन पुँजीको अभाव खेपेका छन् । कोभिडका कारण उधारो रकम उठेको छैन । हरेक घरले कोभिड संक्रमण खेपिरहेको छ । यो अवस्थामा पैसा उठाउन सकिएको छैन । पैसा नउठेपछि थप व्यवसाय सञ्चालन गर्ने परिस्थिति निर्माण भएको छैन ।

कोरोना सुरु भएदेखि हालसम्म अर्थतन्त्रमा कति असर भयो ? निजी क्षेत्रले कति नोक्सान भोग्नुपऱ्यो ? भन्नेबारेको एकिन तथ्यांक कुनै पनि निकाय तथा संघ-संस्थाले अहिलेसम्म सार्वजनिक गरेका छैनन् । अर्थतन्त्रलाई अंकमा गणना गर्दा कुल गार्हस्थ उत्पादन (जीडीपी) प्रतिदिन औसत १० अर्ब रुपैयाँ हाराहारीको छ ।

**कोरोनाकालपछि धेरै उद्योगी व्यवसायीले सञ्चालन पुँजीको अभाव खेपेका छन् । कोभिडका कारण उधारो रकम उठेको छैन । हरेक घरले कोभिड संक्रमण खेपिरहेको छ । यो अवस्थामा पैसा उठाउन सकिएको छैन । पैसा नउठेपछि थप व्यवसाय सञ्चालन गर्ने परिस्थिति निर्माण भएको छैन ।**

एक दिन नियमित कामधन्दा/व्यवसाय नहुनु भनेको १० अर्ब गुम्नु हो । महिना दिनमा यो रकम तीन खर्ब रुपैयाँ हाराहारी हुन्छ ।

गत फागुनमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभावबारे गरेको एक अध्ययनमा कोभिडका कारण १०.८१ प्रतिशत उद्योग/व्यवसायहरू पूर्ण रूपमा बन्द भएका छन् भने ८९.१९ प्रतिशत उद्योग व्यवसायहरू आंशिक रूपमा सञ्चालनमा छन् । पूर्ण रूपमा बन्द भएका उद्योगहरूमध्ये लघु तथा घरेलु उद्योगको संख्या ७५ प्रतिशत छ । अघिल्लोपटकको बन्दाबन्दीले ९६.७ प्रतिशत उद्योगहरूको ७३.८ प्रतिशत औद्योगिक उत्पादन र कारोबार घटेको छ भने २२.५ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् ।

कोभिडका कारण उद्योग क्षेत्रमा सञ्चालकहरूको सञ्चालन खर्चको अभाव, उत्पादनको बिक्री वितरणमा कठिनाइ र बजार मागको कमी मुख्य समस्या रहेको अध्ययनको निष्कर्ष छ । यसरी हेर्दा कोभिडका कारण अर्बौं रुपैयाँ नोक्सानी भएको छ भन्न सकिन्छ । नेपाल उद्योग परिसंघले गठन गरेको 'रिसर्च सेल' मार्फत कोरोनाले अर्थतन्त्रमा पारेको असरको विषयमा अध्ययन गर्नेछ । अन्य संघ-संस्थाहरूले पनि अध्ययन गरिरहेकै होलान् ।

### 'मेक इन नेपाल' अभियान

नेपालमा औद्योगिक वातावरण सिर्जना गर्न सुरु गरिएको एउटा अभियान हो 'मेक इन नेपाल स्वेदेशी अभियान' । यो अभियानले उत्पादनमुखी अर्थतन्त्रको 'स्ट्रेन्थ' बढाउँछ । यसले पुँजीसँगै रोजगारी सिर्जना गर्न महत्वपूर्ण काम गर्नेछ । देशको अर्थतन्त्र विस्तार गर्न र





कुनै प्रडक्ट प्रवर्द्धन गर्न यो अभियान सफल हुनेछ । देशमा औद्योगिक वातावरण सिर्जना गर्न, वस्तुको प्रवर्द्धन तथा 'प्रमोसन' गर्न र सेवा क्षेत्रलाई डिजिटलाइजेसन गर्ने विषयमा मेक इन नेपाल स्वदेशी अभियानले महत्वपूर्ण भूमिका खेल्नेछ ।

उत्पादनमुखी अर्थतन्त्रको विस्तार र उत्पादित वस्तुको बजारीकरणका लागि स्वदेशमै र विदेशमा पनि कसरी बजार स्थापित गर्न सकिन्छ ? भन्नेमा परिसंघ केन्द्रित छ । वस्तुको मूल्य र त्यसको गुणस्तरीयतामा पनि विश्वासको वातावरण सिर्जना गर्नर कोरोना भाइरसले पारेको नकारात्मक प्रभावलाई कम गर्न 'मेक इन नेपाल स्वदेशी अभियान' सुरु गरिएको हो । पूर्वाधार विकास गरी पर्यटनलाई कसरी अगाडि बढाउने ? सेवा क्षेत्रलाई कसरी विस्तार गर्ने ? प्रविधिको विकासलाई कसरी अघि बढाउने ? औद्योगिक वातावरण कसरी सिर्जना गर्ने ? र, युवाहरूलाई कसरी रोजगारी दिने ? भन्नेलगायत विषयमा परिसंघले अध्ययन गरेको छ । परिसंघको अध्ययनअनुसार मेक इन नेपाल अभियानमार्फत हरेक वर्ष हजारवटा उद्योग स्थापना गर्ने र डेढ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य छ । त्यस्तै हाल वार्षिक एक खर्ब रुपैयाँमा सीमित निर्यात बढाएर ४ खर्ब रुपैयाँ पुऱ्याउने उद्देश्य छ । परिसंघले औद्योगिक पुनरुत्थानका लागि स्मार्ट लक्ष्यहरू लिएर अगाडि बढिरहेको छ ।

सरकारले पनि परिसंघको कार्यक्रमलाई सहयोग र समर्थन गर्दै मिलेर काम गर्न सम्झौता पनि गरेको छ । सरकारले गर्नुपर्ने काम निजी क्षेत्रले गरेको भनेर सरकारी अधिकारीहरूले खुसी व्यक्त गरेका छन् । परिसंघले सातवटा क्षेत्रलाई प्राथमिकतामा राखेर योजनाहरू अघि बढाएको छ ।

**उद्योग व्यवसायको विस्तारले मात्रै देश विकास सम्भव छ । यो सम्भावनालाई अझ बढी फैलाउन निजी क्षेत्रमैत्री नीति तथा कार्यक्रमहरू आवश्यक छ । अहिले कोरोना भाइरसको सन्त्रास भइरहेका बेला निजी क्षेत्रका उद्योगी व्यवसायी तथा कामदारहरूलाई पूर्ण रूपमा खोप प्रदान गर्नु अचुक उपाय हो ।**

मेक इन नेपाल अभियानमार्फत परिसंघले नेपालमा उत्पादन भइरहेका वस्तु तथा उत्पादन र ती वस्तु उत्पादन गरिरहेका उत्पादकहरूका लागि राम्रो वातावरण सिर्जना गर्ने काम सुरु गरेको छ । उत्पादित वस्तुहरूमा उपभोक्ताहरूको विश्वास पैदा गर्ने काम अभियानले गर्छ । परिसंघले स्वदेशी उत्पादनसम्बन्धी लोगो दर्ता गरी सरकारसँग सम्झौता पनि गरेको छ । धेरै उद्योगीहरूले सम्झौता गरेर आफ्नो उत्पादन सुरु गरिसकेका छन् । केही प्रक्रियामा छन् । मेक इन नेपाल अभियानअन्तर्गत उत्पादित वस्तुको एउटा निश्चित मापदण्ड तोक्छ र मापदण्ड पूरा नगर्नेहरूलाई अभियानमा सामेल पनि गर्दैन । सबैले परिसंघले अघि सारेको अभियानलाई साथ दिने अपेक्षा गरिएको छ र यससम्बन्धी किताब निकालेर प्रभावकारी रूपमा लागिरहेको छ ।

**अबको बाटो**

उद्योग व्यवसायको विस्तारले मात्रै देश विकास सम्भव छ । यो सम्भावनालाई अझ बढी फैलाउन निजी क्षेत्रमैत्री नीति तथा कार्यक्रमहरू आवश्यक छ । निजी क्षेत्रलाई दिनुपर्ने राहत छुट तथा सहुलियतहरूमा सरकार एक कदम अगाडि हुनुपर्छ । अहिले कोरोना भाइरसको सन्त्रास भइरहको बेला निजी क्षेत्रका उद्योगी व्यवसायी तथा कामदारहरूलाई पूर्ण रूपमा खोप (भ्याक्सिनेसन) गर्नु अचुक उपाय हो । सरकारले खोपयोग्य नागरिकलाई जतिसक्दो छिटो खोप लगाउने व्यवस्था गर्नुपर्छ र सबै मिलेर उद्योग व्यवसाय सञ्चालन गर्ने सहज वातावरण बनाउनुपर्छ । उद्योगीहरूसँग पनि सीमित स्रोत र साधन छन् । त्यसैले उद्योग स्थापनाका लागि सरकारले जग्गा उपलब्ध गराइदिनुपर्छ भने उद्योगमा सहज रूपमा प्रवेश र बहिर्गमन हुन सक्ने लचिलो नीति अख्तियार गर्नुपर्छ । उत्पादकत्वका आधारमा औद्योगिक वातावरण निर्माण गर्ने हो भने लागत घट्नुका साथै हाम्रा उत्पादनहरू प्रतिस्पर्धी हुन सक्छन् । त्यसतर्फ हामीले ध्यान दिनुपर्छ ।

सरकारसँग मिलेर कार्य गर्दै औद्योगिक माहोल सिर्जना गर्न परिसंघ तयार छ । कुन नीतिले देशलाई कस्तो किसिमको फाइदा हुन्छ भन्ने विषयमा पर्याप्त जानकारी राख्नुपर्छ । अनुकूल व्यावसायिक वातावरण निर्माण, आयातलाई प्रतिस्थापन नीति र छिटो उच्च लाभ दिने वस्तु उत्पादनमा केन्द्रित हुनुपर्छ । नेपाल राष्ट्र बैंकले पनि चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत केही राहत तथा छुटको सुविधा ल्याएको छ । राष्ट्र बैंकले दिएको सहुलियतमा निजी क्षेत्र सकारात्मक र खुसी छ । सरकारले ल्याएको बजेट पनि पूर्ण रूपमा पालना हुनुपर्छ ।

अझै पनि उद्योग व्यवसायहरू समस्यामा छन् । समस्या परेको समयमा सहुलियत दरमा ऋण पाउनुपर्ने, करमा विशेष छुट दिनुपर्ने, पुनर्कर्जा उपलब्ध गराउनुपर्नेलगायत छुट तथा सुविधाहरू दिन सरकार पछि हट्नु हुँदैन । निजी क्षेत्र बाँचे मात्रै देशको अर्थतन्त्र बाँच्छ ।

*अग्रवाल नेपाल उद्योग परिसंघका अध्यक्ष हुन् ।*




**NADA Automobiles Association of Nepal**
Signature Apartment – II, Shahid Shukra Raj Marg, Teku-12, Kathmandu, Nepal
Phone : 01-4100015, 01-4100175
Website: nada.org.np



| योगेन्द्र कर्माचार्य

# यातायात क्षेत्रमा अधिकार सम्पन्न प्राधिकरण आवश्यक



यातायात व्यवसायीको हालत कोभिड-१९ महामारी आउनु अगाडिदेखि नै खराब थियो । महामारीअघि पनि हामीले सरकारसँग सडकको अवस्था, यात्रुको चापलाई मध्यनजर गरेर रुट ट्र्याक तय गरौं भनेका थियौं । रुट ट्र्याक तय गरेपछि लामो दूरी, छोटो दूरी र मध्यम दूरीमा कस्ता गाडी चल्ने ? कुन दूरीमा चल्ने गाडीको सीसी क्षमता, सिट संख्या कति हुने भन्ने मापदण्ड बनाउन प्रस्ताव गरिएको थियो । तर, कुनै पनि रुटमा चल्ने गाडीको संख्या, प्रकार निश्चित गरेर प्रत्येक वर्ष पुनरावलोकन गर्न गरिएको मागमा सरकार सकारात्मक भएन । पुनरावलोकनका लागि निजी क्षेत्रसहितको एक टिम बनाएर (जुन टिमले कुन ठाउँमा गाडी अपुग छ, कुन ठाउँमा बढी छ भनेर जानकारी संकलन गर्न सक्थ्यो) अगाडि बढ्दा सहज हुन्छ भन्दा पनि सरकारले बेवास्ता गर्‍यो । अहिलेसम्म बनेका सबै सरकारले यातायात क्षेत्रलाई वास्ता गरेनन् । यातायात क्षेत्रलाई बुझ्ने र व्यवस्थित गर्न चाहने सरकार कहिल्यै आएन । सधैं यातायात क्षेत्र ओझेलमै पर्‍यो । अहिलेसम्म व्यवसायीको एकल क्षमतामा टेकेर यातायात क्षेत्र यो अवस्थासम्म आइपुगेको हो ।

२०५८ सालमा निर्माण तथा यातायात मन्त्रालय थियो । तर, हामी व्यवसायीले यातायात मन्त्रालय छुट्टै मन्त्रालय नबनेसम्म यो क्षेत्रको विकास हुँदैन भनेर निष्कर्ष निकाल्यौं । हामीले लबिइङ गरेर निर्माण तथा यातायात मन्त्रालय छुट्ट्यायौं । त्यसपछि तत्कालीन मन्त्रिपरिषद्मा स्थल, जल र हवाई यातायातलाई हेर्ने गरी यातायात मन्त्रालय बनाउने प्रस्ताव गरिए पनि निर्णय भएर आउँदा श्रम तथा यातायात मन्त्रालय बनेर आएछ । तत्कालीन मन्त्रीहरूले

यातायात व्यवसायी र श्रमिकलाई हेर्ने मन्त्रालय एउटै हुँदा फाइदा हुन्छ भनेका थिए । व्यवसायीले पनि सरकारले गरिसकेको निर्णयको विरोध नगरी स्वीकार्यौं । तर, मन्त्रालयमा वैदेशिक श्रमको कामहरू हाबी हुन थाल्यो । यातायात क्षेत्र र मजदुरका सम्पूर्ण नीति तथा योजना ओझेलमा परे ।

२०६८ सालमा फेरि श्रम तथा यातायात मन्त्रालय फुट्यो । तर, सरकारले भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय बनाइदियो । योपटक सरकारले पहिलाको भन्दा ठूलो भौतिक पूर्वाधार मन्त्रालयसँग यातायात मन्त्रालयलाई गाभ्यो । सरकारको सोचाइ भौतिक पूर्वाधारसँग यातायात जोडेपछि यातायात क्षेत्र र यसलाई चाहिने पूर्वाधार विकासमा सहयोग पुग्छ भन्ने छ । तर, यातायात व्यवसायी अभिभावकविहीन जस्तै भएका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका मन्त्री र सचिवसँग भेट हुनै गाह्रो छ । मुस्किलले भेट भए पनि व्यवसायीले भेट्दै गर्दा यातायात क्षेत्रको पीडा सुन्छन्, त्यसपछि बिर्सन्छन् ।

मुलुक संघीयतामा गएर प्रदेश सरकार आएपछि यातायात व्यवस्था विभाग पनि शक्तिविहीन भएको छ । ओझेलमा परेको छ । विभिन्न प्रकारका समस्यासँग जुध्दाजुध्दै विश्वव्यापी महामारीका रूपमा कोरोना भाइरस देखियो । महामारी आउनुअगाडि नै यातायात क्षेत्र पूर्ण जोखिममा थियो । यसलाई व्यवस्थित गर्दा राम्रो होला भनेर यो क्षेत्रमा लगानी गरियो । तर, विगत १५/२० वर्षदेखि यातायात क्षेत्रको विकासकै लागि काम गर्दा पनि कुनै उपलब्धि हासिल हुन सकेको छैन । यातायात क्षेत्रका लागि लड्दै गर्दा कोरोना भाइरस महामारी नियन्त्रणका लागि गरिएको पहिलो चरणको बन्दाबन्दी (लकडाउन) ६ महिनासम्म चल्यो । लामो समयको लकडाउनले देशभरका सम्पूर्ण मालवाहक र यात्रुवाहक सवारीसाधन तथा त्यसमा आश्रित कर्मचारी/मजदुर परिवार र लगानीकर्ता उठ्नै नसक्ने गरी थला परेका छन् ।

हाल नेपालमा ६५ हजारभन्दा बढी मालवाहक यातायात छन् । यस्तै, तीन लाखभन्दा बढी यात्रुवाहक यातायात छन् । ती यातायातमा चालक र सह-चालक गरेर सात लाख ३० हजार कर्मचारी/मजदुर छन् । यस्तै, कुनै यातायातको लगानीकर्ता दुईजना र कुनैको एकजना छन् । त्यसैले, लगानीकर्ताको संख्या आठ लाख हाराहारी रहेको महासंघको अनुमान छ । ती यातायातमा रु. १० खर्बको लगानी छ । यसमध्ये बैंक तथा वित्तीय संस्थाले ७० प्रतिशत र यातायात व्यवसायीले ३० प्रतिशत लगानी गरेका छन् । यी सबै सवारीमा रहेका कर्मचारी, लगानीकर्ता, ग्यारेज, वर्कसप, पेट्रोल पम्प गरेर देशभर करिब ३० लाख नेपालीलाई यातायात क्षेत्रले रोजगारी दिएको अनुमान छ । साथै राजमार्गमा सञ्चालन भइरहेका होटेल/रेस्टुरेन्टको लगानी र त्यसमा आबद्ध कर्मचारीको हिसाब जोड्दा यो आँकडा थप माथि जान सक्छ । ती लगानीकर्ताले गाडी वा अन्य चल/अचल सम्पत्ति धितो राखेर गाडी किनेका छन् । यो पेसामा लगानी गर्ने शुद्ध नेपालीहरू हुन् । उनीहरू मध्यमवर्गीय परिवारबाट हुन् । मिहिनेत गर्दै गाडी जोड्नेहरू अर्थात् गरिखानेहरू यो पेसामा धेरै छन् ।

नेपालको यातायात क्षेत्रमा 'बिग हाउस'हरूको लगानी छैन । धेरै लगानीकर्ताले एउटा गाडी किनेका छन् । कसैले दुईजना मिलेर एउटा गाडी किनेर आफैं चलाउँदै आएका छन् । ठूला लगानीकर्ताको लगानी नभएको र मध्यमवर्गीय नेपालीको लगानी भएकाले पनि सरकारको नजरमा यो क्षेत्र नपरेको हुन सक्छ ।

'बिग हाउस'हरूको लगानी भएको भए सरकारसँग लबिइङ गर्न सक्थे । किनकि उनीहरूको सरकारसँग सीधा पहुँच छ । त्यसैले कोभिड महामारीका कारण गाडी थन्किएपछि मध्यमवर्गीय नेपालीसँग बैंकको किस्ता तिर्ने पैसा बाँकी छैन । न त मजदुरलाई ज्याला दिने पैसा छ । त्यसपछि हामीले नेपाल राष्ट्र बैंकमा गएर मौद्रिक नीतिमा यातायात क्षेत्रलाई समेट्नुपर्‍यो भनेर अनुरोध गर्‍यौं । हामीले केन्द्रीय बैंकलाई यातायात व्यवसायीले लिएको ऋणको पुनर्तालिकीकरण र सहुलियत कर्जामा दुईदेखि पाँच लाख ऋणको व्यवस्था गर्न भनेका थियौं । गत वर्षको मौद्रिक नीतिले पुनर्कर्जाको व्यवस्था गरेन तर, पुनर्तालिकीकरणको सुविधा दिएर केही हदसम्म सहजीकरण गरिदियो । मौद्रिक नीतिले गत वर्ष यातायात व्यवसायीको घाउमा सामान्य मल्हम लगाएको थियो । किस्ता तिर्ने समयलाई पनि केही खुकुलो बनाइदियो । तर, गाडी चल्न नपाएपछि ८० प्रतिशत यातायात व्यवसायीले कर्जाको किस्ता तिरेका छैनन् । पहिलो चरणको कोभिड सकिएर यातायात क्षेत्र खुल्नै लाग्दा दोस्रो चरणको कोभिड लहरले वैशाखदेखि फेरि अर्को निषेधाज्ञा भयो । यसले पनि अर्को तीन महिनाभन्दा बढी समय त्यस्तै अप्ठ्यारोमा पारिदियो ।

**हाल नेपालमा ६५ हजारभन्दा बढी मालवाहक सवारी छन् । यस्तै, तीन लाखभन्दा बढी यात्रुवाहक यातायात छन् । ती यातायातमा चालक र सह-चालक गरेर सात लाख ३० हजार कर्मचारी/मजदुर छन् । यस्तै, कुनै यातायातको लगानीकर्ता दुईजना र कुनैको एकजना छन् ।**

गत वर्षको मौद्रिक नीतिको व्यवस्थालाई यथावत् राख्दै चालु वर्षको मौद्रिक नीतिले प्रतिसवारी दुई लाख रुपैयाँसम्म ऋण दिने व्यवस्था गरेको छ । यसबाट केही सहज हुने अपेक्षा गरिएको छ । यो पैसा वर्षौंदेखि थन्किएका गाडी झिकेर बिग्रिएका टायर, इन्जिन, मोबिल र सिटलगायत 'पाटपुर्जा मेन्टेनेन्स' गर्न खर्च गर्न सकिन्छ । तर, अझै पनि राष्ट्र बैंकले हाम्रो सबै माग सम्बोधन गरेको छैन । यातायात व्यवसायीले लिएको सबै कर्जा व्यक्तिगत कर्जा हो । यसलाई सम्बोधन गर्नुपर्छ भनेका थियौं तर, सम्बोधन भएको छैन ।

नेपालमा ४०/५० लाखदेखि दुई करोड रुपैयाँसम्मका यातायात (सवारी) छन् । ती सवारीसाधन अहिले सडकमा देखिए पनि यात्रु पाउने सकस भएकाले सञ्चालन खर्च जुटाउने मुस्किल पर्छ । कोभिड-१९ महामारीका कारण मानिसहरू हिँड्न खोज्दैनन् । त्यसैले अहिले पनि २५ प्रतिशत गाडी थन्किएका छन् । अहिले सबै गाडी गुडेका छैनन् । महामारीलगायत अन्य कारणले यातायात क्षेत्र अत्यन्तै जोखिममा छ । अब यो क्षेत्रलाई जोगाउने, नेपालीको पुँजी संरक्षण गर्ने हो भने एउटा अधिकार सम्पन्न यातायात प्राधिकरण गठन गर्नुपर्छ । यातायात क्षेत्रको राम्रो ज्ञान र अनुभव भएको यतयात मन्त्रालयका उच्च पदमा भएका कर्मचारी, यातायात व्यवसायीको प्रतिनिधि र सातवटै प्रदेशका प्रतिनिधि रहने गरी शक्तिशाली अधिकारप्राप्त प्राधिकरण चाहिन्छ । जहाँबाट यातायातसम्बन्धी सम्पूर्ण नीतिगत निर्णय र आवश्यक नियम, कानुनसमेत बनाउन सकियोस् । नीति नियम, नियमावली, विनियमावली, गाडी सञ्चालन गर्ने विधि, कार्यविधि र गाडीको मापदण्ड पनि प्राधिकरणमार्फत बनाउनुपर्छ । अहिले त संघीय सरकारले बनाएको नियम प्रदेशले नमान्ने, प्रदेशले बनाएको नियम स्थानीय तहले नमान्ने स्थिति छ । पूर्वको झापादेखि पश्चिमको कैलालीसम्म गाडी गुडाउँदा सातवटै प्रदेशका छुट्टाछुट्टै ऐन/कानुन मान्दै अगाडि बढ्नुपर्ने स्थिति छ । तर, सवारीसाधन एउटा प्रदेशमा मात्रै चल्ने कुरा हुँदैन । नियममा एकरूपता हुनुपर्छ । शक्तिशाली प्राधिकरणले बनाएको नियम देशभर लागु गर्नुपर्ने बाध्यात्मक व्यवस्था बनाउनुको विकल्प छैन । प्राधिकरणमा सडक, बिजुली, खानेपानी र योजना आयोगका




प्रतिनिधिको समेत संलग्नता हुनुपर्छ ।

वाग्मती र प्रदेश २ ले भर्खरै सवारी कर बढाएका छन् । कुनै प्रदेशले भाडा बढाएका छन् । कतै भाडा मात्र बढ्ने, कतै कर मात्रै बढ्ने स्थिति देखिएको छ । यस्ता समस्या समाधान गर्न पनि शक्तिशाली प्राधिकरण चाहिन्छ । नत्र यातायात क्षेत्र जहिल्यै अस्तव्यस्त हुन्छ । एक वर्ष एउटा आउँछ, ऊ चल्न नसकेपछि विस्थापित हुन्छ र फेरि नयाँ आउँछ । कोभिड-१९ को महामारी सुरु भएयता ४० प्रतिशत व्यवसायी विस्थापित भइसकेका छन् । सरकारले यातायात क्षेत्रलाई वेवास्ता गरिरहे विस्थापित हुनेको संख्या ८० प्रतिशत पुग्छ । उनीहरू अहिले पनि बैंकको ऋण र किस्ता तिर्न नसक्ने स्थितिमा छन् । गाडी गुडेपछि झनै घाटा भएको छ । गाडी नगुड्दा बरु तेल खर्च र सञ्चालन खर्च हुँदैनथ्यो । अहिले तेल खर्च र सञ्चालन खर्च जुटाउनै मुस्किल छ ।

यातायात व्यवसायीले बैंकको किस्ता तिर्न नसक्दा पनि बैंकले गाडी तानेको छैन । किनकि बैंकले गाडी लिए पनि त्यसलाई बेच्ने ठाउँ छैन । लिलामी हुने अवस्थामा गाडी छैनन् । त्यसैले विस्तारै जति सकेको उठाएर यातायात क्षेत्रमा गएको ऋण उठाउने, सबै नउठे दिएको ऋण घटाउने योजनामा बैंक छन् । बैंकहरूले व्यवसायीलाई धम्क्याउने/तर्साउने तर, गाडी लिलामीमा नलग्ने नीति लिएको पाइन्छ । अझै कोभिड-१९ महामारी रोकिने/अन्त्य हुने छाँट देखिएको छैन । लकडाउन समस्याको समाधान नभएकाले सबैले खोप लगाएर सुरक्षित यात्रा गरेर अगाडि बढ्नुको विकल्प भने छैन । एउटा यातायात व्यवसायीलाई दैनिक एक हजार मात्र घाटा भए दैनिक अर्बौं नोक्सान हुन्छ ।

**मिस म्यानेजमेन्टले झनै समस्या**

नेपालमा यात्रुवाहक सवारीको तुलनामा मोटरसाइकल/स्कुटर बढ्नुको कारण भनेको 'मिस म्यानेजमेन्ट' हो । ठीक समयमा गाडी गुडेर तोकिएको समयमा तोकिएको स्थानमा पुग्ने भए मोटरसाइकल

**यातायात क्षेत्रबाट उठाएको अर्बौं कर सडकको विकासमै लगानी गर्नुपर्छ । सरकारले एक क्षेत्रबाट कर उठाएर अन्य क्षेत्रमा लगानी गर्दै आएको छ, जुन एकदमै गलत हो । यो पैसालाई सडकको विकास र सुधारमै लगानी गर्न पाए नेपालको सडक पूर्वाधारको अवस्था राम्रो हुन्थ्यो ।**

चाहिँदैनथ्यो । जाम बढेको बढ्यै गरेर समयमै सवारी आफ्नो गन्तव्यमा नपुग्दा समस्या बढ्दै गएकाले यात्रुवाहक सवारीले यात्रु पाउनै मुस्किल पर्ने स्थिति छ । अहिले देशमा मोटरसाइकल/स्कुटरको संख्या १२ लाखभन्दा बढी पुगिसकेको छ ।

संघ/संस्था दर्ता ऐन २०३४ अन्तर्गत यातायात समितिहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन्थ्यो । यातायात सञ्चालन यातायात मन्त्रालयले गर्छ । यो मिलेकै थिएन । यसलाई मिलाउनुपर्छ भनिरहेका थियौं । तत्कालीन सरकारले यातायात व्यवसायीलाई दर्ता ऐन २०३४ अन्तर्गत नभएर कम्पनी ऐन २०६३ अनुसार कम्पनीमा जाने बाध्यात्मक स्थिति पैदा गऱ्यो । तर, हामीले एक गाडी एक सेयरको नीति कार्यान्वयनका लागि माग गरिरहेका छौं । सतहमा देखिएका यावत् समस्यालाई समाधान गर्न पनि शक्तिशाली प्राधिकरणको खाँचो बढ्दै गएको छ । प्राधिकरणमै गाडी दर्ता गर्नेदेखि सञ्चालनको मापदण्ड बनाउनेसम्मको अधिकार दिइनुपर्छ ।

नेपालमा लक्जरी, एसी, डिलक्स र सामान्य गरी चार प्रकारका गाडी छन् । त्यो नेपालीहरूको शतप्रतिशत लगानीमा सम्भव भएको हो । यी गाडीहरूले लामो दूरीमा चल्न चाहिने मापदण्ड पूरा गर्छन् । तर, दैनिक २५० किलोमिटर मात्र चल्नुपर्ने हायस गाडी एक हजार किलोमिटरसम्म चल्दै आएका छन् । मापदण्ड बनाउन सरकारले वास्ता गरेको छैन । यातायात क्षेत्रबाट उठाएको अर्बौं कर सडकको विकासमै लगानी गर्नुपर्छ । सरकारले एक क्षेत्रबाट कर उठाएर अन्य क्षेत्रमा लगानी गर्दै आएको छ, जुन एकदमै गलत हो । यो पैसालाई सडकको विकास र सुधारमै लगानी गर्न पाए नेपालको सडक पूर्वाधारको अवस्था राम्रो हुन्थ्यो । जसले गर्दा यातायात क्षेत्रमा गरेको लगानीमा पर्ने जोखिम पनि कम हुन्थ्यो ।

*कर्माचार्य राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष हुन् ।*

सानिमा
दीर्घायु
बचत योजना

# सानिमा दीर्घायु बचत योजना
# स्वास्थ्य र दीर्घायु जीवनको शुभेच्छा !

**विषेशताहरूः**

» रू. ५,००० को वार्षिक स्वास्थ्य परीक्षण सुविधा*

» रू. ५,००० सम्मको ओ.पि.डि. भुक्तानी शुल्क सहित
रू. ५० हजार सम्मको औषधी उपचार बीमा*
(नेपाल र भारतमा गरिने उपचारमा)

» रू. १० लाखको दुर्घटना बीमा

» रू. ३ लाखको ६ घातक रोगहरूको बीमा सुरक्षा*

» देशभरिका VISA Network भएका ATM बाट नगद कारोबार सित्तैमा !

*शर्तहरू लागू हुनेछ ।

**यो योजना सबै बचत खाताहरूमा उपलब्ध हुनेछ ।**

नोटः सम्पुर्ण बीमा शुल्क बैंकले बेहोर्ने।

## सानिमा बैंक

थप जानकारीका लागि 9801190119 वा नजिकको शाखामा सम्पर्क गर्नुहोला ।

बीमा प्रदायकः
MetLife






। भोजबहादुर शाह

# परम्परागत शिक्षण पद्धतिको विकल्प ई–शिक्षा प्रणाली




सन् २०२० जनवरी २५ मा चीनको वुहानबाट फर्केका नेपाली विद्यार्थीमा कोरोना संक्रमण (कोभिड-१९) देखिएपछि नेपालमा यसको त्रास ह्वात्तै बढ्यो । यसले क्रमशः भयावह स्थिति पैदा गर्‍यो । सुरु सुरुमा देशभर एक/दुईजनामा देखिँदा पनि बन्दाबन्दी (लकडाउन) गर्नुपर्ने महसुस सरकारले गरेपछि नेपालीले चार महिना लामो बन्दाबन्दीको सामना गर्नुपर्‍यो । यसले व्यापार/व्यवसायमा ठूलो असर पार्‍यो । देशका सरकार ीसँगै निजी विद्यालयहरू धेरै बन्द भए, जुन अझैसम्म 'रिभाइभ' हुन सकेका छैनन् ।

कोरोनाले व्यापार/व्यवसायमा असर पारेको स्थितिमा केही समयको अन्तरालमा पुनर्जीवित पार्न सकिएला तर, बालबालिकामा परेको मनोवैज्ञानिक असरलाई पुनर्जीवन दिन भने निकै गाह्रो (असम्भवजस्तै) छ । कोरोनाकालमा विद्यालय बन्द हुँदा र धेरै समयसम्म कोठामै थुनिनुपर्दा धेरै बालबालिकामा मानसिक असर परेको छ । बालबालिकामा परेको प्रभाव अबको पुस्तामा राम्रैसँग देखिन सक्छ । बन्दाबन्दीका कारण बालबालिकामा परेको मानसिक प्रभावको 'रिकभरी' भने ज्यादै अप्ठ्यारो हुने देखिन्छ । र, यसले आगामी दिनमा मानव संसाधनको आवश्यकतापूर्तिमा पनि ठूलै असर पार्ने निश्चित छ ।

कोरोना महामारी नियन्त्रण गर्न लगाइएको लकडाउनका लागि राज्य, विद्यालय, कलेज, अभिभावकलगायत कुनै पनि सरोकारवाला तयारी अवस्थामा थिएनन् । भौतिक उपस्थितिबिना पठनपाठनको विकल्पका रूपमा विभिन्न विकसित राष्ट्रहरूमा अनलाइन शिक्षा चल्दै आए पनि नेपालमा त्यसको तयारी भएको थिएन । तर, लकडाउनकै बीचमा नेपालमा पनि तयारी नहुँदा नहुँदै अनलाइन कक्षालाई स्थापित गरियो र ई-शिक्षा प्रणाली सुरु भयो । राज्यले आफ्ना नागरिकहरूको भरपूर सेवा-सुविधाका लागि प्रविधिलगायतको बन्दोबस्त गर्नुपर्ने भए पनि नेपालमा भने निजी विद्यालय तथा क्याम्पसहरू आफैं अग्रसर भएकाले सम्भव भयो । सरकारी तवरबाट कुनै पहल भएन ।

### शिक्षा व्यवसायमा परेको प्रभाव

कोरोनाकालमा सबैभन्दा बढी प्रभावित भएको क्षेत्रमध्येको एक हो, शिक्षा । कतिपय विद्यालयहरूले आफ्ना विद्यार्थीहरूलाई अनलाइन माध्यमबाटै पठनपाठन गराएर ५० प्रतिशत शुल्क उठाए पनि धेरै विद्यालयहरू बन्द नै रहे ।



पूर्ण रूपमा बन्द भएका धेरै विद्यालय अझै पनि नियमित हुन सकिरहेका छैनन् । तर, केही निजी विद्यालयहरूले कोरोनाले निम्त्याएको लकडाउनमा पनि विभिन्न माध्यमबाट आफ्ना विद्यार्थीहरूलाई पठनपाठनमा आबद्ध बनाइराखे र शुल्क पनि सोहीअनुसार लिए । त्यो शुल्कले केही हदसम्म व्यवसाय बचाउन सहज बनायो । तर, इन्टरनेटको पहुँच नपुगेको स्थानमा भने धेरै अप्ठ्यारो अवस्था सिर्जना भयो र सयौं विद्यालयहरू कोरोना सन्त्रास कम हुँदा पनि पुनः रिभाइभ हुन सकेका छैनन् ।

भाडाको भवनमा चलिरहेका कतिपय विद्यालयहरू पलायनै भए । सरकारले पीडित विद्यालयहरूका लागि घर भाडामा छुट दिने घोषणा त गऱ्यो तर, सोहीअनुसार कार्यान्वयन नहुँदा शैक्षिक व्यवसायले घोषित सुविधा/छुट पाएनन् । प्रायः आयस्रोतको वैकल्पिक माध्यम नभएका साना विद्यालयहरू सधैंको लागि बन्द भए । सरकारले वैकल्पिक शिक्षासँगै शुल्क पनि लिन पाउने कार्यविधि आइसकेपछि भने केही सहजीकरण भएको थियो । यस्तै, नेपाल राष्ट्र बैंकले पनि विद्यालयहरूलाई अति जोखिमपूर्ण क्षेत्रमा राखेपछि दुई सयभन्दा बढी विद्यालयहरूले हाल पुनर्कर्जा उपयोग गरेका छन् । त्यसले शिक्षा क्षेत्रलाई पुनः जागृत गर्न धेरै ठूलो सहयोग पुऱ्याउने देखिन्छ ।

## अहिलेको अवस्था र अनलाइन शिक्षा पद्धति

कोरोनाकालभन्दा अघि अनलाइन शिक्षा पद्धतिबारे चर्चासम्म थिएन । तर, कोरोनाकालमा एकाएक अनालाइन शिक्षा पद्धतिको विकास भयो । कोरोनाकालमा जारी लकडाउनका कारण विद्यार्थी र शिक्षकलाई भौतिक उपस्थितिबिनै एकापसमा जोड्ने र शिक्षा ग्रहण गर्ने प्रक्रियामा अनलाइन शिक्षण पद्धति कोसेढुंगा साबित भयो । फाट्टफुट्ट विश्वविद्यालयस्तरमा विभिन्न खोज तथा अनुसन्धानमा अनलाइनको अवधारण प्रयोग गरिए पनि विद्यालयस्तरमा भने कोरोनाकालमै प्रवेश गरेको हो । हाल नेपालका प्रायः निजी तथा सामुदायिक विद्यालयहरूले अनलाइन माध्यमबाट आफ्ना विद्यार्थीहरूलाई पठनपाठन गराइरहेका छन् ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) को सन् २०२० को प्रतिवेदनअनुसार नेपालमा कोरोनाकालमा ८७ लाख ९६ हजार ६ सय २४ विद्यार्थी प्रभावित भएका थिए । त्यसमध्ये नौ लाख ६० हजार पूर्वप्राथमिक तहका, साढे २४ लाख प्राथमिक तहका र साढे ३४ लाख विद्यार्थी माध्यामिक तहका विद्यार्थी थिए । यसरी प्रभावित भएका धेरैजसो विद्यार्थी तथा शिक्षकहरूलाई अनलाइन कक्षाजस्ता अन्य भर्चुअल माध्यमले बन्दाबन्दीमै धेरै ठूलो योगदान दिए । भौतिक उपस्थितिबिनै शिक्षकले विद्यार्थीहरूलाई पढाउन सक्ने र विद्यार्थीहरूले शिक्षकसँग अन्तर्क्रिया गर्न पाइने भएपछि यो एकाएक फस्टायो ।

## विवाद

राज्यको तयारी नभए पनि निजी क्षेत्रले अनलाइन शिक्षण पद्धति (ई-लर्निङ) लगायत प्लेटफर्महरूको विकासमा ठूलो भूमिका खेले । तर, अनलाइन शिक्षण प्रणालीलाई प्रोत्साहन गर्नुपर्नेमा उल्टै निरुत्साहित गर्ने काम भयो । निजी विद्यालयहरूले अनलाइनमार्फत पठनपाठन सुरु गरे पनि अनलाइनमार्फत दिने शिक्षा औपचारिक हुन नसक्ने भन्दै रडाको मच्चाइयो र राज्यले पनि वास्तविकता नबुझी अनलाइन पठनपाठनमा रोक लगायो । तर, विभिन्न प्रयासका बावजुद सरकार 'कन्भिन्स' भएसँगै वैकल्पिक शिक्षा पद्धतिलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मान्यता दियो । त्यसपछि निजी क्षेत्रले अनलाइन शिक्षाले रफ्तारका साथ अघि बढायो । यद्यपि अहिलेसम्म पनि टिकाटिप्पणीहरू आइरहेका छन् र कालान्तरसम्म आइरहने सम्भावना छ ।

> **सरकारले दूरशिक्षा प्रणालीलाई पनि उत्तिकै मान्यता दिनु आवश्यक छ । कोरोनाकालमा रेडियो, टेलिभिजन र टेलिफोनलगायत माध्यमबाट दुर्गम र विकट स्थानहरूमा शिक्षा दिएर सरकारले राम्रै सन्देश दिन खोजेको थियो । सोही प्रणालीलाई तीव्र रूपमा विस्तार गरे पनि धेरै बालबालिका वा विद्यार्थी लाभदायी हुने थिए ।**

## पूर्वाधार चुनौती

सरकारले डिजिटलाइजेसनको नारा धेरै वर्षदेखि लगाउँदै आएको छ । कोभिडकालमा शिक्षा क्षेत्रमा सुरु भएको अनलाइन कक्षाले पछिल्लो समय राम्रै फड्को मारिरहेको अनुभव भएको छ । यद्यपि हाल उपलब्ध सेवा पनि हुने-खाने र उचित पूर्वाधारको पहुँच भएका लाभग्राहीसम्म मात्रै पुगेको छ । अर्थात् दुर्गम, विकट र पूर्वाधारको पहुँच नभएका स्थानहरूमा अझै नयाँ शिक्षापद्धति लागु हुन सकिरहेको छैन । भौतिक उपस्थितिबिनै पठन-पाठन गर्न र गराउन स्मार्टफोन वा त्यहीअनुसारको डिभाइसको आवश्यकता पर्छ । डिभाइस भएर मात्रै हुँदैन सम्बन्धित स्थानको सूचना सम्बन्धित गन्तव्यमा पुऱ्याउन र पाउन इन्टरनेट सेवाको पनि उत्तिकै आवश्यकता हुन्छ । हाल नेपालकै धेरैजसो स्थानमा न्यूनतम इन्टरनेट सेवा नपुगेका कारण नयाँ अवधारणा काम लाग्ने देखिँदैन । धेरै विद्यार्थीहरू गरिब र पिछडिएका वर्गमा पर्छन्, जोसँग स्मार्टफोन किन्न सक्ने क्षमतासमेत छैन र ती बालबालिकासम्म ई-लर्निङको सुविधा दिन्छु भन्नु आफैंमा मूर्खता हो । रेडियो, टेलिभिजन र टेलिफोनको पहुँच इन्टरनेटको तुलनामा सहज भए पनि त्यसबाट बालबालिकाले अपेक्षित सुविधा पाएका छन् भन्ने स्थिति छैन । राज्यले बालबालिकाको अध्ययन गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक कदम चाल्नुपर्छ ।

## राज्यको दायित्व

विश्वका धेरै देशले आफ्ना नागरिकलाई हरप्रकारका सेवा दिन कुनै कसुर बाँकी राख्दैनन् । नेपाल सरकारले पनि हरेक नेपालीसम्म डिजिटल सेवा पुऱ्याउने नारा अघि सारेको छ । तर, सरकारी नारालाई नाराकै रूपमा सीमित राखिएको अनुहुन्छ । नाराअनुरूपको पूर्वाधार विस्तार र सेवा पहुँच नहुँदा शिक्षा, स्वास्थ्यलगायत धेरै सेवा पुरानै परम्परागत पद्धतिमार्फत लिनुपर्ने बाध्यता छ । निजी विद्यालयहरूले सुरु गरेको डिजिटल लर्निङको अवधारणालाई हरेक क्षेत्रका बालबालिकासम्म पुऱ्याउन राज्यले ठूलै भूमिका खेल्नुपर्छ, निजी क्षेत्रले चाहेर मात्रै पनि सम्भव हुँदैन । त्यसका लागि सुरुमा राज्यले सबै स्थानमा ब्रोडब्यान्ड इन्टरनेटको पहुँच पुऱ्याउनु जरुरी छ । त्यसपछि सम्बन्धित बालबालिकाले इन्टरनेटको सदुपयोग गर्ने डिभाइसहरू खरिद गर्न सक्ने क्षमता राख्न सक्छन् कि सक्दैनन् जाँच गरी आवश्यकताका आधारमा राज्यले नै व्यवस्था गरिदिनुपर्ने हुन्छ । अर्कोतिर विद्यार्थी तथा अभिभावकहरूलाई डिजिटल डिभाइसको प्रयोगबारे सुसूचित गराउन सकियो भने अनलाइन कक्षाको अवधारणा ग्रामीण क्षेत्रसम्म पुग्न सक्छ । निजी क्षेत्रले सुरु गरेको अवधारणालाई सरकारी पक्षले साथ दिँदै न्यूनतम पूर्वाधारको व्यवस्थापनमा तत्कालै ध्यान केन्द्रित गर्नुपर्ने खाँचो छ ।

भौतिक साधन, स्रोत, आवश्यकताको पूर्ति सरकारले गरिदिनुपर्छ र राज्यकै एकल प्रयासले मात्रै पनि सम्भव छैन । परिवर्तित सन्दर्भ र आगामी दिनमा आउन सक्ने जोखिम न्यूनीकरण गर्दै विद्यार्थीलाई अध्ययनको उपयुक्त अवसर सिर्जना गर्न र अनलाइन शिक्षा पद्धतिमा सरोकारवाला सबैलाई अभ्यस्त बनाउन सार्वजनिक निजी साझेदारी (पब्लिक प्राइभेट पार्टनरसिप) पद्धतिमा जानु राम्रो हुन्छ र सबैले अपनत्व महसुस गरेमा फलदायी पनि हुन्छ । छिमेकी भारत, चीनलगायत मुलुकहरूले पनि सरकार र निजी क्षेत्र मिलेर सरल रूपमा अघि



बढाएको देख्न सकिन्छ। राज्यले नै ई-लर्निङका संयन्त्रहरू बनाएर अघि बढ्ने र त्यसलाई उचित ढंगको व्यवस्थापनसहित सञ्चालनमा ल्याउन सक्नुपर्छ।

सरकारले दूरशिक्षा प्रणालीलाई पनि उत्तिकै मान्यता दिनु आवश्यक छ । कोरोनाकालमा रेडियो, टेलिभिजन र टेलिफोनलगायत माध्यमबाट दुर्गम र विकट स्थानहरूमा शिक्षा दिएर सरकारले राम्रै सन्देश दिन खोजेको थियो। सोही प्रणालीलाई तीव्र रूपमा विस्तार गरेमा पनि धेरै बालबालिका वा विद्यार्थीहरू लाभदायी हुने थिए । सरकारले डिजिटल सिकाइलाई राष्ट्रिय दायित्वका रूपमा बोध गर्नुपर्छ। यसलाई परम्परागत शिक्षा पद्धतिको विकल्पका रूपमा अघि बढाइ विस्तार र विकास गर्नुपर्छ। सरल र सहज रूपमा सबै विद्यार्थीसम्म पहुँच पुऱ्याउन न्यूनतम पूर्वाधार नपुगेका ग्रामीण स्थानका लागि रेडियो र टेलिभिजन प्रभावकारी माध्यम बन्न सक्छन् । एसियाली विकास बैंक र विश्व बैंकजस्ता दातृ निकायको सहयोगमा शिक्षाको गुणस्तर विकास, भौतिक निर्माण र पाठ्यक्रम सुधारका लागि पर्याप्त काम गर्न सकिन्छ । विगतका अनुभवबाट सिक्दै परिवर्तित सन्दर्भमा सिकाइका नयाँ आयामहरूलाई थप व्यवस्थित गर्दै जान सकिन्छ।

**अबको भविष्य**

कोरोना नियन्त्रण भइसकेपछि हाल चलिरहेका अनलाइन कक्षाहरू निश्चय नै कम हुन्छन् । भौतिक रूपमा उपस्थित भएर पठनपाठन गराएको जस्तो अनलाइन प्रणालीमा हुँदैन पनि। तर, तत्काल कोरोना कहरको अन्त्य नहुने सम्भावना रहेकाले अनलाइन कक्षालाई नै व्यवस्थित ढंगले अघि बढाउनुपर्ने देखिन्छ। केहीसमय भौतिक कक्षा सञ्चालनमा आएर फेरि अनलाइनमै फर्कनुपर्ने परिस्थिति बन्न सक्छ । त्यति मात्रै होइन कोरोनाजस्तै अन्य महामारी आउँदा पनि कसरी शिक्षणलाई प्रभावकारी बनाउने भनेर अघि बढ्नुपर्ने आवश्यकता छ । यसका लागि प्रविधिको पहुँचमा सबै विद्यार्थीलाई पुऱ्याइ शतप्रतिशत विद्यार्थीहरूलाई अनलाइन कक्षाको पहुँचमा ल्याउनुपर्छ । पाठ्यक्रमको परिवर्तनसँगै सिकाइको ग्यारेन्टी दिन सकिएको अवस्थामा यसलाई अझै विस्तार गर्न सकिन्छ।

यदि भविष्यमा भौतिक उपस्थितिमा नभई अनलाइनमार्फत विद्यार्थीहरूको पठनपाठन लामो समयसम्म नियमित गर्नुपर्ने अवस्था आएमा शतप्रतिशत विद्यार्थीको शिक्षामा उपस्थिति नहुने समस्या पनि आउन सक्छ । विद्यार्थीको उपस्थितिलाई सन्तुलित बनाइराख्न आधा अनलाइन आधा भौतिक माध्यमबाट शिक्षा प्रदान गर्न सकिन्छ। अर्थात् एउटा कक्षाका विद्यार्थीलाई तीन दिन अनलाइन र तीन दिन भौतिक रूपमा उपस्थित गराएर पठनपाठन गराउन सकेको अवस्थामा सिकाइको तरिका सन्तुलित हुनसक्छ। तर, हालको अवस्थामा अनलाइनमार्फत हुने पठनपाठनले शतप्रतिशत सिकाइको ग्यारेन्टी गर्ने अवस्था छैन। यसलाई कोरोनाकालका लागि र यस्तै भयावह अवस्था सिर्जना भएका बेलाका लागि मात्रै विकल्पका रूपमा लिन सकिन्छ । उपयुक्त स्रोतको कमी र जानकारीको अभावका कारण शतप्रतिशत विद्यार्थीसम्म मात्र यो नपुगेको होइन यसबारे शिक्षकहरूसमेत राम्रो जानकार छैनन् । यो साधन र स्रोतका दृष्टिकोणले खर्चिलो पनि छ। त्यसकारण नेपालमा यसलाई शतप्रतिशत रूपमा लागु गर्न विदेशी दाता संघ-संस्थाहरूसँग मिलेर र पब्लिक, प्राइभेट पार्टनरसिपसहितको सहकार्यमा अघि बढ्नुपर्छ।

**मूल्यांकन पद्धति**

शिक्षा मन्त्रालयको स्वीकृतिपश्चात निजी विद्यालयहरूले आन्तरिक मूल्यांकनको कुरा पनि उठाए । जसको फलस्वरूप हाल आन्तरिक मूल्यांकनले मान्यता पाएर धेरै विद्यार्थीलाई सहजीकरण भएको छ । तर, पछिल्लो समय यसलाई हाँसोमजाका रूपमा लिनेको संख्या पनि उत्तिकै छ। यसलाई मजाक बनाइराख्ने हो भने हाम्रो शिक्षा पद्धति त्यही परम्परागत शैलीभन्दा माथि उठ्न सक्दैन । आन्तरिक मूल्यांकन पद्धतिमा केही कडाइ गरेर विश्वसनीय ढंगले अघि बढाउन सकिएको खण्डमा ई-लर्निङको भविष्य राम्रो छ। विद्यार्थी र शिक्षकलाई उचित ढंगले तयारी गराइ भौतिकभन्दा अनलाइनमार्फत गरिने विभिन्न मूल्यांकन र आन्तरिक मूल्यांकन प्रणाली झन् धेरै प्रभावकारी हुने सम्भावना पनि छ । पछिल्लो समयमा अनलाइन मूल्यांकन प्रणाली एक बानीजस्तै भइसकेको छ ।

*शाह निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन)का पूर्व अध्यक्ष हुन् ।*




30GB + 5GB
(e-learning app) (any app)
Rs.500
VALIDITY 28 Days

20GB + 4GB
(e-learning app) (any app)
Rs.315
VALIDITY 28 Days

Dial *1441# for Subscription

*The above prices are inclusive of TSC & VAT.

राष्ट्रको सञ्चार

Download App

twitter.com/ndcl_nt
facebook.com/NepalTelecom.NT
Instagram.com/nepaltelecomofficial

नेपाल टेलिकम

www.ntc.net.np



। कृष्णप्रसाद दुलाल



# अटोमोबाइल व्यवसायको विकास र विस्तार

नेपालमा सहजतासाथ अटोमोबाइल व्यवसायको विस्तार भएको चार दशक पनि भएको छैन । राजधानीमा केही संख्यामा मात्र अटोमोबाइल व्यवसायीहरू थिए । यातायातका साधनहरू अधिकांश सरकारी, कूटनीतिक तथा भाडाका मात्र हुन्थे । सार्वजनिक क्षेत्रका यातायातका साधनहरूमा ट्रक, बस, मिनीबस र राजधानीमा ट्याक्सीको बाहुल्यता थियो ।

केही वर्षअघिसम्म सवारीका साधनहरू सम्पन्न वर्गले मात्र प्रयोग गर्ने साधन मानिन्थ्यो । तर, समय क्रमसँगै परि स्थिति मात्र बदलिएन मानिसहरूको सोचमा पनि परिवर्तन आयो । राजधानी र ठूला सहरहरूमा बढ्दो ट्राफिकिङका कारण व्यावसायिक र कामकाजी व्यक्तिहरूको आवश्यकता, देखासिकी, इज्जत तथा प्रतिष्ठा र सहज उपलब्धताका हिसाबले अब सवारीसाधनहरू सीमित सम्पन्न वर्गको मात्र नभएर मध्यम र निम्न मध्यम वर्गलाई पनि आवश्यक वस्तु भइसकेको छ । यसले सवारीसाधनको आयातमा तीव्रता पाएको छ । अटोमोबाइल साधनहरूको आयातलाई हेर्दा झन्डै ९० प्रतिशत बजार हिस्सा भारतीय उत्पादनले ओगटेको छ । दुई दशक अघिसम्म तुलनात्मक रूपले तेस्रो मुलुक र भारतबाट हुने अटोमोबाइल वस्तुहरूको आयात करिब समान हिस्सा थियो । तर, भारतीय अटोमोबाइल क्षेत्रमा वैदेशिक लगानीको ढोका खुलेसँगै अटोमोबाइल साधनहरूको नेपाल प्रवेश सहज र तीव्र भएको हो । भारतीय बजारमा उत्पादित साधनको मूल्यमा समेत व्यापक गिरावट आएपछि नेपालीहरूको सवार ीसाधनप्रतिको क्रेज बढ्न थालेको हो ।

हालका वर्षहरूमा भारतीय उत्पादनका अटोमोबाइल वस्तुहरूको आयातमा वृद्धि हुँदै गएको छ । दुई दशकको अवधिमा उच्च मूल्यका कारण जापानमा निर्मित यातायातका साधनहरूको आयातमा गिरावट आएको देखिएको छ । तर, आकर्षक मोडेल र उपयुक्त मूल्यका कारण भारतमा निर्मित र कोरियामा निर्मित हजार सीसीदेखि १६ सय सीसीसम्मका

कार, जिप र भ्यानको आयातमा उल्लेख्य वृद्धि भएको छ । पछिल्ला वर्षहरूमा सवारीसाधन पैठारीकर्ताहरूबीच तीव्र प्रतिस्पर्धा, वित्तीय क्षेत्रले अटोमोबाइलको क्षेत्रमा समेत सहुलियत दरमा लगानी गर्न थालेपछि मध्यम र निम्न मध्यम वर्गका लागि समेत सवारीसाधन खरिद गर्नु सामान्य भइसकेको छ । नेपालको अटोमोबाइल बजारमा भारतीय ब्रान्डका टाटा, मारुती र महिन्द्रा र कोरियामा निर्मित किया र हुन्डाईजस्ता सवारीसाधनले करिब ७० प्रतिशत हिस्सा ओगटेको छ । नेपालको अटोमोबाइल बजारमा जापानी, युरोपियन, अमेरिकन, मलेसियन र चाइनिज ब्रान्डका सवारीसाधनहरू पनि प्रतिस्पर्धामा छन् । नेपालको बजारमा अति उच्च प्रविधि र उच्च मूल्यका जर्मनीमा निर्मित मर्सिडिज र बीएमडब्ल्यूजस्ता ३ हजार, ५ हजार सिसिसम्मका कारहरू पनि सहजै उपलब्ध छन् ।

**राजधानीमा सवारीसाधनको चाप**

उच्च जनघनत्व र अधिक जनसंख्याको कारणले मात्र होइन सेवा तथा बन्द व्यवसाय र उद्योगधन्दाहरूको अत्यधिक केन्द्रीकरणका कारण काठमाडौं उपत्यकामा यातायातका साधनहरूको चाप बढ्दै गएको छ । तुलनात्मक रूपले हेर्दा वाग्मती प्रदेशमा निजी प्रयोजनका यातायातका साधनहरू (कार, जिप, भ्यान र मोटरसाइकल) को संख्या अन्य प्रदेशको तुलनामा अधिक छन् । उता, अन्य प्रदेशहरूमा भने सार्वजनिक यातायात प्रयोजन र निर्माण कार्यमा प्रयुक्त साधनहरूको संख्या अधिक छ । वाग्मती प्रदेशका नाममा दर्ता भएका अधिकांश सवारीसाधनहरू उपत्यकाभित्र र अझ करिब ७० प्रतिशत चक्रपथभित्रै चल्ने गरेको देखिन्छ । आर्थिक वर्ष ०६१/६२ सम्म नेपालका कुल दर्ता सवारीसाधनमध्ये करिब ७६.५ प्रतिशत वाग्मती अञ्चलमा दर्ता हुन्थे भने अहिले करिब ७० प्रतिशत सवारीसाधन वाग्मती प्रदेशबाहिर दर्ता हुन्छन् र यो क्रम अझ बढ्दो छ । राजधानीमा जतिसुकै सवारीसाधनहरू थपिँदै गए पनि र सवारीसाधनहरूले सडक निर्माण दस्तुरका नाममा भन्सार कार्यालयहरूमै अर्बौं रुपैयाँ राजस्व बुझाउँदै आए पनि राजधानीमा थप सडकहरू निर्माण हुन सकेको भने पाइँदैन ।

सवारीसाधनहरूको चाप व्यवस्थापनका लागि चाहिने आवश्यक 'हाइब्रिजहरू'को निर्माण हुन सकेको छैन । राजधानीका मुख्य-मुख्य चोकहरूमा हाइब्रिज निर्माण गर्न सकिए सहजै सवारी चाप घट्छ । त्यसका लागि सरकारी पक्षबाट योजना बनेको सुनिए पनि कार्यान्वयनमा आउन सकेको छैन । राजधानीमा वार्षिक रूपमा थपिने सवारीसाधनहरूको अनुपातमा थप सडक र हाइब्रिजहरू निर्माण हुँदै जाने स्वचालित व्यवस्था लागु नगरेसम्म ट्राफिक व्यवस्थापन सधैं समस्याका रूपमा रहनेछ । यसका लागि सरकारसँग बजेट पनि होइन किनभने सडक निर्माण दस्तुरबाट बर्सेनि अर्बौं रुपैयाँ उठेको हुन्छ । योजना पनि छ तर, कार्यान्वयन कहिल्यै हुँदैन । बरु सरकार सवारी आयात कटौती गर्न विभिन्न तिकडमहरू अपनाइरहेको पाइन्छ ।

**अटोमोबाइल व्यवसाय र राजस्वमा योगदान**

नेपालको कर राजस्वमा अटोमोबाइल क्षेत्रको महत्वपूर्ण योगदान रहँदै आएको छ । निजी प्रयोजनका सवारीसाधनले करिब २६० प्रतिशतसम्म राजस्व बुझाउँदै आएका छन् । यातायातका साधनहरूको वृद्धि सरकारलाई राजस्व प्राप्तिको प्रमुख स्रोत बनिरहेको छ । आर्थिक वर्ष ०७४/७५ मा अटोमोबाइल क्षेत्रबाट सरकारलाई आयकरबाहेक भन्सार, अन्तःशुल्क, मूल्यअभिवृद्धि कर, सडक निर्माण दस्तुर, सवारीधनी कर र लाइसेन्स नवीकरण शुल्कसहित करिब एक खर्ब १३ अर्ब र आर्थिक वर्ष ०७५/७६ मा १ खर्ब १८ अर्ब रुपैयाँ राजस्व प्राप्त भएको थियो । आर्थिक वर्ष ०७६/७७ मा कोरोना महामारीबीच पनि करिब १ खर्ब रुपैयाँ सरकारी खातामा राजस्व जम्मा भएको थियो । तर, आर्थिक वर्ष ०७७/७८ वर्षैभरि झन्डै कोरोना महामारी कायम रहे पनि सवारीसाधनहरूले राजस्ववापत १ खर्ब २५ अर्ब सरकारी खातामा जम्मा गरेका थिए । पछिल्लो समय कोरोना महामारीबाट बच्न निजी सवारीसाधनको प्रयोग बढ्दै गएको छ । आमसर्वसाधारण पनि सवारीसाधन खरिदमा आकर्षित हुन थालेपछि आयातमा तीव्र वृद्धि भइरहेको छ । यसले चालु आर्थिक वर्ष ०७८/७९ मा राजस्व योगदान अझ बढ्ने स्पष्ट छ । कोरोना महामारीका कारण भारतमा पनि सवारीसाधनको माग उच्च देखिएको छ । तर, विश्व बजारमा 'सेमी कन्डक्टर/चिप'को अभावले सवारीसाधनको उत्पादन कटौती भइरहेको छ र यसको प्रभाव नेपालमा पनि प्रत्यक्ष रूपमा परेको छ । माग बढेको समयमा आयात नियन्त्रित हुँदा ग्राहकले चाहेको समयमा सवारीसाधन पाइरहेका छैनन् ।




सरकारले डिजलमा प्रतिलिटर २ रुपैयाँ र पेट्रोलमा ४ रुपैयाँ सडक निर्माण दस्तुर लिँदै आएको छ । त्यस्तै वन तथा वातावरण मन्त्रालयले डिजल र पेट्रोलमा १ रुपैयाँ ५० पैसा प्रदूषण शुल्क उठाउँदै आएको छ । यी दुवै शुल्क सवारीसाधन प्रयोगकर्ताबाटै उठाइन्छ । सरकारले पेट्रोलियम पदार्थको आयातबाट पनि झन्डै १ खर्ब राजस्व उठाउँदै आएको छ । नेपालमा आयात हुने पेट्रोलियम पदार्थमध्ये ८० प्रतिशतभन्दा बढी यातायातका साधनमै प्रयोग हुन्छ । समग्र रूपमा हेर्ने हो आयकरबाहेक पनि अटोमोबाइल क्षेत्रले वार्षिक २ खर्ब ५०

**सरकारले डिजलमा प्रतिलिटर २ रूपैयाँ र पेट्रोलमा ४ रूपैयाँ सडक निर्माण दस्तुर लिँदै आएको छ । त्यस्तै वन तथा वातावरण मन्त्रालयले डिजल र पेट्रोलमा १ रूपैयाँ ५० पैसा प्रदूषण शुल्क उठाउँदै आएको छ ।**

**सवारीसाधन आयातको अवस्था**

| आर्थिक वर्ष विवरण | बस | मिनीबस मिनी ट्रक | हेबी इक्युपमेन्ट्स (डोजर, ट्यांकर र टिपर) | कार, जिप, भ्यान | टेम्पो | मोटरसाइकल | ट्र्याक्टर पावरटेलर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| २०४६/४७ | ३९७८ | २०६४ | ६५३२, २१३५० | २३५९, ३४५७६, ५४१७ | १०० | ७३३७८ | | | |
| २०७७/७८ | ५५५६८ | २९९७१ | ११२४९७ | २८७९०५ | ७१७०४ | ३३७९२५७ | २४२४५४ | ८८६६१ | ४२६८०१७ |



अर्ब रुपैयाँभन्दा बढी रकम राजस्वमा योगदान गरेको देखिन्छ। पछिल्ला वर्षहरूमा सरकारले ९ देखि १० खर्ब हाराहारी राजस्व उठाउँदै आएको छ। यसरी हेर्दा नेपालको कुल राजस्वमा अटोमोबाइल क्षेत्रको योगदान २५ प्रतिशत पुगेको देखिन्छ भने देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा झन्डै ७ प्रतिशत योगदान पुगेको देखिन्छ।

सरकारले प्रतिस्थापन विधेयकमार्फत चालु आर्थिक वर्ष ०७८/७९ मा १० खर्ब ५० अर्ब ८२ करोड राजस्व उठाउने लक्ष्य लिएको छ। त्यस्तै, राजस्व अनुपातकै हाराहारी विदेशमा काम गर्ने श्रमिकबाट विप्रेषण नेपाल आइरहेको पाइन्छ। विभिन्न नीतिगत अवरोधका बाबजुद पनि बढ्दो रेमिट्यान्सका कारण नेपालमा अटोमोबाइल तथा अन्य व्यवसायहरू चलायमान हुँदा सरकारले समेत ठूलो राहतको महसुस गरेको छ। नेपालमा बढ्दो व्यापार घाटाका लागि सवारीसाधनलाई प्रमुख स्रोतका रूपमा लिने गरिन्छ। नेपालमा भित्रिने रेमिट्यान्स कारण आयातमा ठूलो वृद्धि भएको यथार्थलाई सरकारले ध्यान दिएको पाइँदैन। रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा प्रयोग गरेर आयात प्रतिस्थापन गर्नेतर्फ सरकार सचेत भएको देखिँदैन।

**अटोमोबाइल उद्योगसँग सम्बन्धित लुब्रिकेन्ट्स (मोबिललगायत) हरू नेपालमै उत्पादन हुन थालेको धेरै वर्ष भइसकेको छ। मागको झन्डै आधा लुब्रिकेन्ट्सहरू नेपालकै प्रयोग हुने गरेको छ। सरकारले लुब्रिकेन्ट्स उत्पादनमा थप प्रोत्साहित गरे निर्यातको समेत सम्भावना छ। त्यस्तै, नेपालमा टायर, ट्युब र ब्याट्री उद्योगहरू खुलिसकेका छन्।**

### नेपालमा सवारीसाधनहरूको आयात स्थिति

पछिल्लो तीन दशकमा सवारीसाधनको संख्यामा व्यापक वृद्धि भएको छ। खासगरी प्रजातन्त्रको पुनर्बहालीपछि नेपालमा सवारसाधन आयातमा तीव्रता पाएको हो। आर्थिक वर्ष ०४६/४७ सम्म साना-ठूला गरी ७३ हजार ३ सय ७८ सवारीसाधन रहेकामा पछिल्लो ३२ वर्षमा करिब ५८१७ प्रतिशतले वृद्धि भएर ४२ लाख ६८ हजार १७ पुगेको छ। त्यसमा पनि सबैभन्दा बढी मोटरसाइकल ९७७३ प्रतिशत र कार/जिप/भ्यान १३४८ प्रतिशतले बढेको छ। कुल सवारीमध्ये मोटरसाइकलको हिस्सा मात्रै ७९ प्रतिशतभन्दा बढी छ। यसबीचमा नयाँ सवारीसाधनका रूपमा पिकअप भ्यान ७७ हजार ७ सय ८७, माइक्रोबस १० हजार ४ सय १४ र एम्बुलेन्स ४ सय ६० वटा भित्रिएका छन्।

### एसेम्बलिङ उद्योग स्थापनाको सम्भावना

चालु वर्षको प्रतिस्थापन बजेटले नेपालमा सवारीसाधनको एसेम्बल उद्योग खोल्न प्रेरित गर्ने उद्देश्यले सवारीसाधन पैठारी गर्दा लाग्ने अन्तःशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन बिक्री गर्दा लाग्ने अन्तःशुल्क महसुलमा ५० प्रतिशत छुट दिने स्पष्ट व्यवस्था गरेको छ। यसले नेपालमा अब 'कम्प्लिट नक डाउन (सीकेडी) मोडेल' मा चारपांग्रे सवारसाधन उत्पादन गर्ने ढोका खुलेको छ। छिमेकी मुलुक र तेस्रो मुलुकबाट सोझै आयात गरी बिक्री-वितरण गर्दै आएका पैठारीकर्ताहरूले अब सीकेडी मोडेलमा प्लान्ट स्थापना गर्न सहजता प्राप्त हुनेछ। नेपालमा हाल झन्डै एक दर्जन कम्पनीले अटोमोबाइल उद्योग दर्ता गरिसकेको सन्दर्भमा आगामी एक दशकभित्रै थुप्रै चारपांग्रे सवारीसाधनहरू उत्पादन हुने अपेक्षा गर्न सकिन्छ। केही कम्पनीहरूले मोटरसाइकल एसेम्बलिङ उद्योग सञ्चालन गर्न थालिसकेका छन्। सरकारी नीतिले निरन्तरता पाए नेपालमा अटोमोबाइल उद्योग फस्टाउँदै जानेछ।

अटोमोबाइल उद्योगसँग सम्बन्धित लुब्रिकेन्ट्स (मोबिललगायत) हरू नेपालमै उत्पादन हुन थालेको धेरै वर्ष भइसकेको छ। मागको झन्डै आधा लुब्रिकेन्ट्सहरू नेपालकै प्रयोग हुने गरेको छ। सरकारले लुब्रिकेन्ट्स उत्पादनमा थप प्रोत्साहित गरे निर्यातको समेत सम्भावना छ। त्यस्तै, नेपालमा टायर, ट्युब र ब्याट्री उद्योगहरू खुलिसकेका छन्। सरकारले विद्युतीय सवारीसाधनको उत्पादनलाई उच्च प्राथमिकता दिएको स्थितिमा विद्युतीय सवारीको मुख्य औजार ब्याट्री नेपालमै उत्पादन गर्न विशेष नीतिगत व्यवस्थाको आवश्यकता छ।

*दुलाल नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष हुन्।*

। सूर्यप्रसाद सिलवाल



# बिमा विस्तार गर्न स्थानीय सरकारसँग हातेमालो




नेपालको समग्र बिमा क्षेत्रले सात दशक पार गरिसकेको छ । जीवन बिमाको अनुभवसमेत ५ दशक लामो भइसकेको छ । वि.सं. २००४ मा नेपाल बैंकको सक्रियतामा नेपाल माल चलानी तथा बिमा कम्पनी (वि.सं. २०४८ मा परिवर्तन गरेर नेपाल इन्स्योरेन्स) को स्थापना भएदेखि औपचारिक रूपमा नेपालमा बिमाको सुरुवात भएको हो । नेपाल इन्स्योरेन्सले निर्जीवन बिमा व्यवसाय गर्दै आएको छ । यद्यपि विदेशी कम्पनीहरूले त्यसअघि पनि बिमाको काम गर्दै आएको अनुमान छ ।

जीवन बिमा व्यवसाय भने २०२९ सालदेखि सुरु भएको हो । वि.सं. २०२५ मा स्थापना भएको राष्ट्रिय बिमा संस्थानले स्थापनाको ४ वर्षपछि जीवन बिमा व्यवसाय सुरु गरेको हो । स्थापनाका सुरुवाती दिनमा संस्थानले पनि निर्जीवन बिमा व्यवसाय मात्रै गरेको थियो । त्यतिबेला जीवन बिमा व्यवसाय गर्ने शाखा राष्ट्रिय बिमा संस्थानकै रूपमा क्रियाशील छ भने निर्जीवन बिमा व्यवसाय गर्दै आएको संस्थानको अर्को शाखा भने छुट्टिएर राष्ट्रिय बिमा कम्पनी (२०७१ असार २७ गते बिमा समितिबाट अनुमति लिएर) बनेको छ ।

नेपालमा औपचारिक बिमाको सुरुवात भएको लामो समय गुज्रिए पनि बिमा क्षेत्र उत्साहजनक रूपमा अगाडि बढ्न सकेको छैन । हालसम्म बिमा पहुँच २५ प्रतिशत पुगेको अनुमान छ । पछिल्लो ५ वर्षमा मात्रै बिमा क्षेत्रले केही गति लिएको देखिन्छ । ५ वर्षअघि र अहिलेको तथ्यांक हेर्दा बिमाको पहुँच, बजारको विस्तार र जनताको बुझाइमा धेरै अन्तर देखिन्छ । यद्यपि, बिमा क्षेत्रमा अझै पनि विभिन्न समस्या देखिरहेका छन्, त्यसको समाधान गर्दै अगाडि बढ्नुपर्नेछ ।

बिमा व्यवसायीहरूकै सामान्य गल्तीका कारण बिमा क्षेत्रलाई उत्साहजनक रूपमा अघि बढाउन नसकेको प्रतित हुन्छ । यद्यपि, नियामक निकाय बिमा समिति पनि अछुतो छ भन्न सकिन्न । समिति सधैं सक्रिय रहनुपर्नेमा अधिकांश समय निष्क्रिय भएको अनुभूति हुन्छ । जसले बिमा क्षेत्रको विस्तार आशातित् रूपमा हुन सकेन । विगतको कमजोरीबाट





सिक्दै बिमा क्षेत्रको विकासका लागि नियामक र व्यवसायीहरू मिलेर अघि बढ्नुको विकल्प छैन ।

बिमा व्यवसायी अर्थात् कम्पनीहरूले बजार विस्तार गर्ने, दायरा बढाउनेजस्ता काम गर्नुपर्छ । सबै जनतालाई बिमाको दायरामा ल्याउने गरी बिमालेख (पोलिसी) ल्याउनुपर्ने पर्ने दायित्व, जिम्मेवारी र अग्रसरता पनि बिमा कम्पनीहरूकै रहनुपर्छ । समितिको काम नीतिगत समस्याहरूको समाधान गर्ने हो । पछिल्लो समय समिति पनि बिमाको विषयलाई लिएर जनताको माझमा जाने र बिमाको विकासका लागि चाहिने आधारभूत काम गर्न अग्रसर भइरहेको छ । जनतालाई बिमा बुझाउने र उनीहरूलाई बिमाको दायरामा ल्याउने काम समितिले गर्नुपर्ने हुन्छ । समितिले स्थानीय तहसँग आवश्यक सहकार्य गरेर बिमा क्षेत्रको विस्तारका लागि काम गर्नेछ ।

**स्थानीय तहको भूमिका**

बिमाको दायरा विस्तार तथा पहुँच बढाउन स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ । तर, स्थानीय तहमा बिमासम्बन्धी राम्रो अवधारणा विकास भइसकेको पाइँदैन । बिमाको आवश्यकता र गर्नुपर्ने काममा केन्द्रित रहेर समितिले स्थानीय निकायसँग अहिले अन्तर्क्रियात्मक कामहरू गरिरहेको छ । स्थानीय तहहरूले बिमाको महत्व र आवश्यकतालाई बुझेर आ-आफ्नो क्षेत्रभित्रका सबै नागरिक तथा आवासहरूको बिमा गराउन पहल गर्ने हो भने बिमा क्षेत्रले ठूलो फड्को मार्न सक्छ । विशेषगरी स्थानीय तहले गरिब परिवारलाई बिमाको पहुँचमा ल्याउन बजेटमार्फत नै विशेष पहल गर्नुपर्छ । आवश्यकताका आधारमा बिमा गर्दा अनुदानहरूको व्यवस्था स्थानीय तहले गर्न सक्छ । साथै, आर्थिक रूपमा सम्पन्न परिवारलाई बिमा गर्न अनिवार्य नीति ल्याउनुपर्छ । बिमा गर्दाको फाइदा बिमा क्षेत्रलाई मात्र होइन, स्वयं बिमित र स्थानीय तहलाई पनि हुन्छ ।

पछिल्लो समय बाढी-पहिरोका कारण घरगोठमा क्षति पुगेको छ । बाढी-पहिरोकै कारण मानिसहरूले ज्यान गुमाइरहेका छन् । त्यसको बढी आर्थिक भार स्थानीय तहलाई नै परेको छ । तत्काल राहत दिनेदेखि पुनरुउत्थानको नैतिक जिम्मेवारी स्थानीय तहलाई नै हुन्छ । जसले गर्दा स्थानीय तहसँग भएको बजेट विकास निर्माण कार्यमा नलगाई क्षतिपूर्तिमा लगाउनुपर्ने परिस्थिति बनिरहेको छ । यदि, बिमा गरिएको हुन्थ्यो भने प्राकृतिक प्रकोपले भएको क्षतिको आर्थिक सुरक्षण बिमा कम्पनीहरूले नै दिन्थे । राहत तथा पुनरुउत्थानमा खर्च हुने पैसा विकास निर्माणमा लगाउन पाइन्थ्यो । बिमाको वास्तविक भूमिकालाई बुझेर स्थानीय तहले बिमा नीति तर्जुमा गर्न सक्ने स्थानीय तह मात्र नभएर समग्र मुलुकलाई नै राम्रो हुन्छ ।

**बिमा उत्प्रेरणामा तदारूकता**

बिमाको महत्वलाई बुझेर सरकारले केही क्षेत्रका बिमालाई अनिवार्य गरेको छ भने अझै केही क्षेत्रहरूमा बिमा अनिवार्य गर्नुपर्ने आवश्यकता छ । अहिले सवारीसाधनको हकमा तेस्रो पक्ष बिमा अनिवार्य गरिएको छ । यसले सवारी दुर्घटना हुँदा सडकमा हुने धेरै अवरोधहरू हटेको मात्र छैन सवारीसाधन व्यहोर्नुपर्ने ठूलो आर्थिक क्षति पनि जोगाएको छ । जसरी अहिले तेस्रो पक्ष बिमा नगरी सवारीसाधनको 'ब्लुबुक' नवीकरण हुँदैन ठीक त्यसैगरी अनिवार्य रूपमा घरको बिमा नगरेसम्म नक्सा स्वीकृत नगर्ने नीति स्थानीय तहले अवलम्बन गर्नुपर्ने आवश्यकता छ । घरको बिमा नगरेसम्म नक्सा स्वीकृति मात्रै होइन अन्य सेवा-सुविधा पनि नदिने नीति अख्तियार गर्नुपर्छ । त्यसका लागि प्रदेश सरकारले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । जबसम्म प्रदेश र स्थानीय तहले बिमालाई राम्रोसँग बुझ्दैनन् र सहयोग पनि गर्दैनन्, तबसम्म बिमा क्षेत्रले खोजेको उपलब्धि हासिल गर्न मुस्किल हुन्छ ।

**पछिल्लो समय बाढी-पहिरोका कारण घरगोठमा क्षति पुगेको छ । बाढी-पहिरोकै कारण मानिसहरूले ज्यान गुमाइरहेका छन् । त्यसको बढी आर्थिक भार स्थानीय तहलाई नै परेको छ । तत्काल राहत दिनेदेखि पुनरूउत्थानको नैतिक जिम्मेवारी स्थानीय तहलाई नै हुन्छ ।**



कतिपय क्षेत्रमा शिक्षा अभावका कारण पनि बिमा क्षेत्र ओझेलमा परेको छ । कतिपय नागरिकहरूले बिमा के-हो र त्यसले के काम कसरी गर्छ भन्ने जानकारी नभएका कारण बिमाभन्दा नाक खुम्च्याउने स्थिति पैदा भएको छ । उनीहरूलाई बिमाको फाइदा देखाएर कसैले उत्प्रेरणा गरेका छैनन् । जसले गर्दा बिमाको पहुँच बढ्न सकेको छैन । तर, अब दूरदराजमा पनि बिमाको पहुँच पुऱ्याउन सबै नागरिकको सहभागिता हुने गरी बिमालेख (पोलिसी) ल्याउनुपर्छ । पैसा भएका तर, बिमा नबुझेका वर्गलाई बिमाबारे बुझाउन निकै गाह्रो पनि भइरहेको छ । त्यस्तै कतिपय बिमा बुझेकाहरू पनि पैसा नभएर बिमाको दायरामा समेटिन सकेका छैनन् । जसले बिमा गर्न चाहन्छ तर, ल्याकत राख्दैन भने त्यस्ता व्यक्तिहरूको बिमा गरिदिन स्थानीय सरकार अग्रसर हुनुपर्छ ।

अझै पनि नेपालमा अति गरिबीमा जीवनयापन गरिरहेका केही समुदाय छन् । यस्ता समुदाय जहिले पनि समस्यामा फसिरहेको पाइन्छ । बाढी-पहिरो, आगलागीजस्ता घटना उनीहरूले नै बढी सामना गर्नुपरेको हुन्छ । प्राकृतिक विपत्तिको सामना गरेपछि उनीहरूलाई पुनरुउत्थान गर्न निकै गाह्रो हुन्छ । तर, उनीहरूलाई बिमाको दायरामा ल्याउने हो भने पुनरुत्थानमा सहज हुन्छ । यद्यपि, अहिलेसम्म यस्ता समुदायलाई बिमाको दायरामा ल्याउने गरी कुनै नीति ल्याउन सकिएको छैन । गरिबीमा रहेको जनसमुदायले सहजै रेस्पोन्स (प्रतिक्रिया व्यक्त) गर्ने बिमालेख ल्याउन अहिले बिमा समिति प्रयासरत छ ।

**कोरोना महामारीमा बिमा**

कोरोनाले सारा संसार प्रभावित हुँदा नेपालको अर्थतन्त्र पनि प्रभावित भयो । त्यस्तो स्थितिमा बिमा क्षेत्र मात्रै अछुतो नहुने कुरै भएन । तर, समग्र अर्थतन्त्रमा कोरोनाले पारेको असर जस्तो बिमा क्षेत्रमा प्रभाव परेन । यस अवधिमा बिमा व्यवसाय विस्तार पनि सकारात्मक रहनु पक्ष हो ।

कोरोनाका कारण बिमा व्यवसायमा ह्रास आई नाफा पनि संकुचित हुने अपेक्षाविपरीत समग्र बिमा व्यवसाय १५ प्रतिशतले बढ्यो । तर, व्यवसाय वृद्धिदर भने केही खुम्चिएको छ । कोरोनाकालमै बढेको व्यवसाय कति दिगो हुन्छ, त्यो भने आगामी दिनलाई हेर्नैपर्छ । किनकि सुरुमा बिमा गरेर पछि समर्पण (सरेन्डर) गर्नेहरू प्रशस्तै छन् । कोरोनाका कारण बिमाशुल्क तिर्न नसकेर सरेन्डर गर्ने बढ्न सक्छन् । कम्पनीहरूले वास्तविकता बुझी-बुझी अफठ्यारो स्थितिमा बिमा गराउनु कमजोरी थियो कि ? यद्यपि समितिले त्यस्ता गतिविधिलाई नियन्त्रण गर्ने प्रयास गरिरहेको छ । त्यसका लागि बिमालेख सरेन्डर गर्न

पाउने अवधिलाई दुई वर्षबाट बढाएर तीन वर्ष पुऱ्याइएको छ भने सरेन्डर गर्नुअघि तीन वर्षको बिमाशुल्क अनिवार्य बुझाएको हुनुपर्छ । त्यसपछि पनि विभिन्न सर्तहरू पूरा गर्नुपर्छ ।

बिमा व्यवसाय पुनरुउत्थानका लागि विशेष नीतिहरू ल्याउनुपर्ने हुन्छ । समग्र अर्थतन्त्रलाई पुनरुउत्थान गर्ने नीति आएको खण्डमा बिमा क्षेत्रको पनि पुनरुउत्थान हुन्छ । अन्य क्षेत्र चलायमान भएपछि त्यहाँबाट बिमा व्यवसाय आउने भएकाले बिमा क्षेत्र पनि चलायमान हुँदै जान्छ ।

**कोरोना बिमाको सन्दर्भ**

कोरोना बिमाको दाबी भुक्तानीमा भएको ढिलाइले समग्र बिमा क्षेत्रको विश्वसनीयतामाथि नै प्रश्नहरू उठिरहेको छ । वास्तवमा कोरोना बिमा सुरु गर्नु नै गलत थियो । सैद्धान्तिक रूपमा महामारीको बिमा हुँदैन । तर, नेपालमा महामारीका रूपमा आएको कोरोनाको बिमा गरियो । जोखिम बढ्ने देखिएपछि महामारी सुरु भएको केही महिनामै एकाएक स्थगित गरियो । साढे तीन अर्ब रुपैयाँभन्दा माथिको दाबी आएमा सरकारले भुक्तानी दिने भएपछि मापदण्ड बनाएर फेरि कोरोना बिमा नियमित गरियो । बिमा समितिले एक अर्ब, नेपाल पुनर्बिमा कम्पनीले एक अर्ब, लघुबिमा पुलले एक अर्ब र निर्जीवन बिमा कम्पनीहरूले ५० करोड गरेर कुल तीन अर्ब ५० करोड रुपैयाँ बिमा क्षेत्रले दाबी दिने र त्योभन्दा बढी दाबी परे सरकारले व्यवहोर्ने व्यवस्था गरिएपछि मात्रै पुनः नियमित गरिएको थियो । यद्यपि चालु आर्थिक वर्ष सुरु भएदेखि कोरोना बिमा बन्द भइसकेको छ ।

कोरोना बिमा गरिएको मध्ये अन्तिम समयसम्म १३ अर्ब रुपैयाँबराबरको दाबी माग भएको छ । बिमा क्षेत्रले आफ्नो दायित्वबराबरको दावी दिएर सापटीका रूपमा थप एक अर्ब भुक्तानी गरिसकेको छ । तर, सरकारले आफ्नो तर्फदेखि दिनुपर्ने नौ अर्बभन्दा बढी रकम निकासी गरिरहेको छैन ।

कोरोना बिमासम्बन्धी मापदण्डमा स्पष्ट रूपमा साढे तीन अर्बमाथिको दायित्व सरकारले व्यवहोर्ने भनेको छ । सरकारले पनि कोरोना बिमावापत्को दाबी हालसम्म दिन्न भनेको छैन । त्यसैले ढिलोचाँडो दाबी भुक्तानी हुन्छ भन्ने आशा छ । सरकारले बिमाको संवदेनशीलता बुझ्छ र जनताले ढिलो-चाँडो कोरोना बिमाबापतको दाबी भुक्तानी पाउँछन् भन्ने आशा मरिसकेको छैन ।

उता, मुलुक अझै पनि कोरोना महामारीको चरणमा छ । बिमाको महत्व झन् बढेको छ । कोरोनाको पो छुट्टै बिमा हुँदैन । तर, सबै खालको रोगको त बिमा हुन्छ नि । त्यस्ता बिमाले कोरोनाको उपचारको खर्चको दाबी दिन्छ । मृत्यु भए पनि जीवन बिमा गरेको अवस्थामा दाबी भुक्तानी पाइन्छ । यो अवस्थामा कोरोना बिमा बन्द भयो भनेर डराउनु पर्दैन । वास्तवमा कोरोना बिमाको आवश्यकता नै थिएन । जे नहुनु थियो, त्यो भइसक्यो । अब यसको व्यवस्थापन (सेटलमेन्ट) तर्फ सबै पक्ष गम्भीरतापूर्वक लाग्नुपर्छ । जनतामा बिमाप्रतिको सकारात्मक प्रभाव छोड्नुपर्छ ।

**कोरोना बिमा गरिएको मध्ये अन्तिम समयसम्म १३ अर्ब रूपैयाँबराबरको दाबी माग भएको छ । बिमा क्षेत्रले आफ्नो दायित्वबराबरको दावी दिएर सापटीका रूपमा थप एक अर्ब भुक्तानी गरिसकेको छ । तर, सरकारले आफ्नो तर्फदेखि दिनुपर्ने नौ अर्बभन्दा बढी रकम निकासी गरिरहेको छैन ।**

**दायरा फराकिलो बनाउनुपर्छ**

समग्रमा बिमा अनिवार्य सेवा जस्तै हो । विकसित मुलुकमा बिमाको दायरा निकै फराकिलो छ । मानिसका आँखा, हात, नाकजस्ता अंगको छुट्टाछुट्टै बिमा गर्न मिल्ने बिमालेख बिक्री गरिएको हुन्छ । अन्य बिमाको दायरा पनि फराकिलो हुन्छ । तर, नेपालमा अझै त्यस्तो स्थिति आइसकेको छैन । समितिले बिमाको दायरा फराकिलो बनाउन लागिपरेको छ ।

**नयाँ कम्पनी थप सम्बन्धमा**

बजारमा समितिले नयाँ जीवन, निर्जीवन र लघुबिमा कम्पनीलाई अनुमति दिन लागेको व्यापक हल्ला चलेको छ । समितिले आन्तरिक रूपमा क्षेत्रगत रूपमा थप बिमा कम्पनीहरूको आवश्यकताकाबारे अध्ययन गरे पनि नयाँ कम्पनीलाई अनुमति दिने विषयमा कुनै निर्णय गरेको छैन । सरोकारवालाहरू भने नयाँ बिमा कम्पनी थप्नुपर्छ र पर्दैन भन्नेमा विभाजित छन् । प्रचलित व्यवसायीहरू नयाँ कम्पनीको विपक्षमा छन्, जुन स्वाभाविक पनि हो । तर, उनीहरूले मात्र बिमा क्षेत्रको व्यापक विकास गर्न सक्ने देखिँदैन । व्यवसाय बढेको जस्तो देखिए पनि अझै बिमा पुग्नुपर्ने ठाउँसम्म गएका छैनन् । कृषि बिमा र लघुबिमा अझै विस्तार हुन सकेको छैन । बिमा कम्पनीहरू अझै पनि सहर केन्द्रीत देखिन्छन् । उनीहरूले कृषि बिमा र लघुबिमा क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेका छैनन् ।

बिमा कम्पनीहरूले बजेटमा उल्लेख गरेका कार्यक्रमलाई राम्रोसँग कार्यान्वयनमा लैजान सकिरहेका छैनन् । कृषि तथा पशुबिमामा सरकारले अनुदान दिँदै आएको छ । तर, दायरा बढ्न सकेको छैन । अर्कोतिर कम्पनीहरूले बिमा गर्न मानिरहेका छैनन् । यससम्बन्धी उजुरीहरू पनि समितिमा आइरहेको छ । यस्तो स्थितिमा सीमित सर्तसहित नयाँ कम्पनीको आवश्यकता देखिएको छ । यद्यपि अहिलेकै










कम्पनीहरूले शाखा विस्तार गर्ने, गाउँगाउँमा गएर सबै खालका जनतालाई बिमाको दायरामा ल्याउन पहल गरेमा नयाँ कम्पनीको आवश्यकता नदेखिन सक्छ । कतिपय समूहहरू बिमा कम्पनीको अनुमति लिने भनेर पैसा बोकेर बसेका पनि छन् । थप अध्ययन गरेर नयाँ बिमा कम्पनीको आवश्यकता र औचित्य हेरेर आगामी दिनमा निर्णय हुन्छ ।

### के बिमा कम्पनीको मर्जर आवश्यक छ ?

एकातिर नयाँ कम्पनी थप्ने विषय बहसमा छ भने अर्कोतिर हाल सञ्चालनमै रहेका कम्पनीहरू पनि गाभ्ने/गाभिने प्रक्रिया (मर्जर) मा लैजानुपर्ने दबाब छ । बिमा कम्पनीहरूको आकार सानो भएका कारण मर्जर नीति अवलम्बन गर्नुपर्ने अवस्था छ । विगतमा पुँजी वृद्धि गर्न भनेको पाँच वर्षसम्म पनि तोकेको पुँजी पुर्‍याउन बिमा कम्पनीहरू असफल भए । लामो समयसम्म तोकिएको पुँजी बढाउन नसक्ने कम्पनीलाई मर्जरमार्फत अघि बढाउनुपर्ने आवश्यकता महसुस भएको छ । त्यसका लागि मर्जरसम्बन्धी आवश्यक नीति बनिसकेको छ । मर्जरमा जाने कम्पनीका लागि समितिले केही सेवा-सुविधाहरू पनि दिएको छ तर, कम्पनीहरूले खासै चासो देखाइरहेका छैनन् ।

बिमा क्षेत्रमा बिमाले नक्कल गर्ने प्रवृत्ति व्यापक छ । कुनै एक कम्पनीले आवश्यक अध्ययन गरेर राम्रो बिमा पोलिसी ल्याएर बजारमा प्रभाव देखाउन नपाउँदै अर्को कम्पनीले त्यस्तै प्रकृतिको पोलिसी ल्याउँछ । यसले बजारमा नकारात्मक प्रभाव पारेको छ । यस्तो स्थितिले कम्पनीहरूले मर्जरको आवश्यकताबोध गराइरहेका छन् ।

> **बिमा क्षेत्रको अवको बाटो भनेकै बिमामा सबै प्रकारका जनतालाई समाहित गर्ने र सबैलाई बिमाको लाभ पुर्‍याउने हो । समग्रमा बिमाको दायरा विस्तार गरी बिमा बजारको स्थायित्व कायम गर्न आगामी दिनमा काम गर्नुपर्छ । सरकारले चालु आर्थिक वर्षमै बिमा पहुँच ३३ प्रतिशत जनतामा पुर्‍याउने भनेको छ ।**

### नियामकीय पक्ष

बिमा कम्पनीहरूले नियामक समितिको निर्देशन तथा नियमनलाई खासै वास्ता गरेको देखिँदैन । समितिले उधारो पोलिसी बिक्री बन्द गर्न ६ महिना प्रयास गर्‍यो तर, प्रभावकारी रूपमा कार्यान्वयन नभएपछि गत असारमा कम्पनीहरूमै पुगेर उधारो बिमालेख जारी हुन दिएनौं । अझै पनि उधारोमा बिमालेख जारी गर्ने, तोकिएभन्दा कम दरमा बिमा गर्ने जस्ता समस्या कायमै छ । हेर्दा पूरै बिमाशुल्क लिएको देखिए पनि छुटबराबरको रकम एक कर्मचारीलाई पेस्कीका रूपमा दिएर सोहीमार्फत ग्राहकलाई नगद फिर्ता (क्यास ब्याक) दिने गरेको जस्तो देखिन्छ । तर, अब यस्तो हुन दिँदैनौं । अवैध गतिविधि हुँदा पनि सीधैं सम्बन्धित प्रडक्टको कारोबार रोक्का गर्न पनि सकिएको छैन किनकि कारोबार रोक्का राख्दा दीर्घकालीन असर देखिन्छ । सबैलाई सहज हुनेगरी थप कडाइका साग नियमन प्रक्रिया अवलम्बन गर्ने पक्षमा समिति छ । विगतमा बिमा क्षेत्र र नियामकका रूपमा समिति कस्तो अवस्थामा थियो भनेर वर्तमानमा मूल्यांकन गर्नुहुँदैन । अब समिति नियामकीय भूमिकासहित खरो रूपमा उत्रन्छ ।

समितिले केही समयअघि मात्रै बिमा कम्पनीका केही महत्वपूर्ण विभागका प्रमुखहरूसँग छलफल गरेको छ । त्यसअवसरमा समितिले देखेका समस्या र कारण, आगामी दिनमा गर्नुपर्ने सुधारको क्षेत्र र तोकिएका सुधार समयमै नभएमा गरिने कारबाहीका विषयमा स्पष्ट जानकारी गराइएको छ । नियमनमा समिति कडा रूपमा प्रस्तुत हुँदा बल्ल-बल्ल स्थापित भएको बिमा क्षेत्रले कतै बदनामी व्यहोर्ने त होइन भन्ने डर पनि छ ।

### बिमा क्षेत्रलाई प्रविधिमय बनाउने प्रयास

लामो समयसम्म समितिसहित समग्र बिमा क्षेत्र नै प्रविधिमैत्री बन्न सकेन । पछिल्लो समय बिमा क्षेत्रलाई प्रविधियुक्त बनाउने प्रयासमा समिति लागिपरेको छ । समितिले कम्पनीहरूको आवश्यक तथ्यांक तथा विवरणहरू अनलाइनमार्फत मगाउने र प्रणालीभित्रै ‘अर्काइभ’का रूपमा राख्ने व्यवस्था गरिएको छ । बिमालेख बिक्री गर्नेलगायत सेवालाई अनलाइनमार्फत नै गर्नेगरी अघि बढेको अवस्था छ । अब समिति र बिमा कम्पनीहरूलाई पनि प्रविधिमैत्री नबनाइ हुँदैन । तर, सबैले प्रविधि प्रयोग नै गर्छन् भन्ने छैन । तर, सक्नेले प्रविधिको भरपूर प्रयोग गर्नुपर्छ र त्यसका लागि सबै पक्ष तयार पनि हुनुपर्छ । अब समितिले नियमनका अधिक कामहरू प्रविधिसँग जोड्दै जानेछ ।

बिमासम्बन्धी मुद्दामा बिमा समिति जिल्ला अदालतसरहको न्यायिक निकाय हो । यसअनुसार बिमासम्बन्धी उजुरी पहिला समितिमै जानुपर्छ । तर, समितिको कार्यालय काठमाडौंमा मात्र हुँदा जिल्लाका ग्राहकलाई उजुरी गर्न गाह्रो भएको स्थिति छ । अहिले नै समितिलाई प्रदेशगत

रूपमा लैजान सक्ने अवस्था पनि छैन । त्यसैले समितिका सेवा-सुविधालाई जनस्तरसम्म पुऱ्याउन पनि प्रविधि एक महत्वपूर्ण हिस्सा बन्नसक्छ । बिमालाई फरक तर सरल ढंगले अगाडि बढाउनै पर्छ । मोबाइल/अनलाइनबाटै बिमा गर्न मिल्ने परिपाटी निर्माणमा समितिले कुनै रोकावट गर्दैन । को रिसाउँछ, को खुसी हुन्छ वा कसले गुनासो गऱ्यो भनेर प्रविधि प्रयोगलाई निरुत्साहित गर्ने पक्षमा बिमा समिति छैन र बिमालेख अनलाइनमार्फत बिक्री गर्न जोड दिनुपर्छ ।

### लगानीको दायरा विस्तार

बिमा कम्पनीहरूको लगानीको दायराका विषयमा बारम्बार प्रश्न उठिरहन्छ । समितिले जारी गरेको लगानीसम्बन्धी निर्देशिका एकातिर कम्पनीहरूको लगानीका लागि स्वीकृति माग्ने तरिका अर्केतिर भएको स्थिति अहिले छ । यस्ता विकृति हटाएर अर्थतन्त्रको विकासमा बिमा क्षेत्रले पनि प्रत्यक्ष सहयोग गर्ने गरी लगानीको दायरा फराकिलो बनाउनुपर्ने आवश्यकता छ । पूर्वाधार कम्पनी, ऊर्जा, कृषि, पर्यटनजस्ता क्षेत्रमा प्रत्यक्ष लगानी गर्न कम्पनीहरू अग्रसर हुनैपर्छ । बिमा कम्पनीहरू आफैले हाउजिङ बनाउने, अस्पताल खोल्नेजस्ता काम गर्न सक्नुपर्छ । भारतको एलआईसीले हाउजिङ क्षेत्रमा लगानी गरेको छ । समग्रमा मुद्दती निक्षेपमा मात्र पैसा राखेर कम्पनी चल्न सक्दैन । प्रचलित निर्देशिकाअनुसार नयाँ कम्पनीहरूको लगानीले खासै प्रतिफल पाउने देखिएन । यद्यपि कम्पनीहरूले प्रतिफल दर (रेट अफ रिर्टन) मात्र हेरेर पनि हुँदैन । तर, बैंक, कर्मचारी सञ्चय कोषलगायत लगानीकर्तालाई रेट अफ रिर्टन मिल्ने तर, बिमा क्षेत्रलाई नमिल्ने किन भन्ने प्रश्न उठिरहेको छ । लगानीको दायरा फराकिलो बनाउनेगरी समितिले लगानीसम्बन्धी निर्देशिका परिमार्जनको तयारीमा छ । कम्पनीहरूले प्राविधिक सञ्चित कोष (टेक्निकल रिजर्भ) का आधारमा लगानी गर्ने व्यवस्थामा पुनर्विचार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

बिमाका केही (खासगरी एकल बिमाका) क्षेत्रमा स्रोत नभएको सम्पत्ति पनि प्रवेश भएको अनुमान छ । समिति स्रोत नभएको सम्पत्ति नियन्त्रण गर्न अगाडि बढेको छ । कम्पनीहरूले अहिले 'गो एमएएल सफ्टवेयर' प्रयोगको तयारी गरेका छन् । नयाँ सफ्टवेयरको प्रयोगपछि सम्पत्तिको शुद्धीकरण नियन्त्रण गर्न सहज हुन्छ ।

### पुनर्बिमाको विस्तार

पुनर्बिमा सेवामार्फत पनि अर्थतन्त्रलाई माथि उठाउन सकिन्छ । अहिले सरकारी स्वामित्वसमेतको एक र निजी क्षेत्रबाट एक गरी दुई वटा पुनर्बीमा कम्पनी स्थापना भइसकेका छन् । साथै, विदेशी तथा स्वदेशी पुनर्बिमा ब्रोकर कम्पनी स्थापनाको चरणमा छन् । नेपाली पुनर्बिमा सेवालाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सक्दा अर्थतन्त्रमा ठूलो सहयोग पुग्छ । समितिले पुनर्बिमा बजारलाई विस्तार गर्न आवश्यक बातावरण बनाउन अग्रसर भएको छ ।

### बिमा क्षेत्रको अबको बाटो

बिमा क्षेत्रको अवको बाटो भनेकै बिमामा सबै प्रकारका जनतालाई समाहित गर्ने र सबैलाई बिमाको लाभ पुऱ्याउने हो । समग्रमा बिमाको दायरा विस्तार गरी बिमा बजारको स्थायित्व कायम गर्न आगामी दिनमा काम गर्नुपर्छ । सरकारले चालु आर्थिक वर्षमै बिमा पहुँच ३३ प्रतिशत जनतामा पुऱ्याउने भनेको छ । सरकारको लक्ष्य प्राप्तिका लागि सबै पक्ष मिलेर काम गर्नुको विकल्प छैन । त्यसका लागि बिमाको बारेमा सकरात्मक सन्देश प्रवाहित गर्नुपर्छ । सञ्चारमाध्यमहरूले पनि सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । वर्षौंदेखि समस्याका रूपमा प्रस्तुत गरिएको दाबी भुक्तानीलाई छिटो फर्स्योट गरी जनस्तरमै सकारात्मक भाव पैदा गराउनु बिमा क्षेत्रका लागि सबैभन्दा महत्वपूर्ण अभियान हो ।

*सिलवाल बिमा समितिका अध्यक्ष हुन् ।*


शुभकामना

देशमा छरिएर निष्कृय रहेको पुँजी सञ्चितिको लागि आकर्षण गरी देशमा औद्योगिकरण लगायत आर्थिक विषयमा सहयोग हुने र अन्य क्षेत्रमा लगानी गर्ने वातावरण तयार गर्ने सदस्य वित्तिय संस्थाहरूलाई सहयोग गर्ने उद्देश्यले स्थापित नेपाल वित्तिय संस्था संघको नेपालीहरूको महानचाड वडादशैं, तिहार, छठपर्व २०७८ एवं नेपाल संवत ११४२ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना ।

Nepal Financial Institutions Association

नेपाल वित्तीय संस्था संघ
Nepal Financial Institutions Association
डिल्लीबजार, काठमाडौं








। डा.शंकर शर्मा

# आर्थिक पुनरुत्थानका लागि थप एकीकृत राहत आवश्यक



नेपालको आर्थिक र सामाजिक क्षेत्र यतिवेला जटिल अवस्थाबाट गुज्रिरहेको छ । विगत दुई वर्षदेखि विश्वव्यापी महामारीको रूप लिएको नोबेल कोरोना भाइरस (कोभिड-१९) प्रकोपका कारण नेपालसहित विश्वकै जनजीवन, विकास निर्माण, शिक्षा, स्वास्थ्य तथा समग्र अर्थतन्त्र नै नराम्रोसँग प्रभावित भएको छ । नेपालको अर्थतन्त्र विश्वसँग एकाकार नभएकाले त्यति धेरै प्रभावित नहुने अनुमानलाई निस्तेज पार्दै यथेष्ट रूपमा प्रभावित भएको छ। बन्दाबन्दी (लकडाउन) का कारण यातायात, आवतजावत, उद्योग, कलकारखाना, आयात, निर्यात, उत्पादन तथा पर्यटनसहित अधिकांश क्षेत्र प्रभावित भएको पाइएको छ । जसले गर्दा २०१९/२० मा नेपालको आर्थिक वृद्धि २ प्रतिशत ऋृणात्मक भएको छ । सरकारले गत वर्ष घोषणा गरेका राहतका कार्यक्रमहरू एकातिर अपर्याप्त थियो भने अर्कोतिर घोषित कार्यक्रमहरू पूर्ण रूपले कार्यान्वनमा गएन । यसले अर्थतन्त्रमा गहिरो र फराकिलो खाडल बन्न पुग्यो । कोरोनाको प्रकोपबाट प्रभावित अर्थतन्त्रलाई मल्हम लगाउन सरकारले गत वर्ष र चालु वर्ष राहतका विभिन्न कार्यक्रमहरू ल्याए पनि बढ्दो प्रकोप र खोपको अपर्याप्तताका कारण प्रभावकारी देखिएन । गत वर्ष र चालु वर्षका बजेट र मौद्रिक नीतिले ल्याएका राहत कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनसँगै खोप लगाउन तदारूकता देखाउनुपर्छ । कोरोना महामारीविरुद्ध लड्ने अस्त्र नै खोप भएकाले आवश्यक जनसंख्याले छिटो लगाउन सकेमा सफलता प्राप्त गर्न सकिन्छ । कोरोना महामारीले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव र मुलुकको अर्थतन्त्रलाई लयमा फर्काउन चाल्नुपर्ने कदमका बारेमा यहाँ चर्चा गर्न खोजिएको छ ।

### विश्वभर कोरोनाको प्रकोप

२०७८ असोज ९ गते बिहान १० बजेसम्म विश्वमा २३ करोड १८ लाख ९४ हजार आठ सय ५८ व्यक्ति कोभिड-१९ बाट संक्रमित भएका छन् भने ४७ लाख ५१ हजार दुई सय ९० जनाले ज्यान गुमाएका छन् । संक्रमणबाट

मुक्त भई स्वास्थ्य लाभ गर्नेहरूको संख्या २० करोड ८४ लाख ८७ हजार पाँचजना पुगेको छ । यस अवधिमा नेपालमा सात लाख ८९ हजार आठ सय ७२ जना संक्रमित भएका छन् भने ११ हजार ८१ जनाको मृत्यु भएको छ । यस अवधिमा सात लाख ५८ हजार पाँच सय चारजना संक्रमणमुक्त भएका छन् । यस अवधिमा देशभर विस्तार भएको कोरोनाको खोपको पहुँचका कारण दैनिक रूपमा संक्रमित हुने र मृत्युको संख्या पनि घट्दै गइरहेको छ ।

सन् २०१९/२० मा कोरोनाको प्रकोप फैलिन नदिन नेपाल सरकारले लकडाउन लगाएका कारण ढुवानीका साधन तथा यातायात प्रणाली बन्द हुँदा औद्योगिक उत्पादन घट्यो । अन्तर्राष्ट्रिय पर्यटकको आगमन ९० प्रतिशतभन्दा बढीले घट्यो । २०२०/२१ मा करिब ४ प्रतिशतका दरले आर्थिक वृद्धि हुने अनुमान गरिए पनि विश्वसनीय आधार देखिँदैन । यस वर्ष प्रकोपको अवस्थामा सुधार भएमा आर्थिक वृद्धि साढे एकदेखि २ प्रतिशतसम्म हुने अनुमान गरिएको छ ।

सन् २०१९/२० र २०२०/२१ मा औद्योगिक उत्पादन, निर्माण यातायात, थोक र खुद्रा व्यापारलगायत धेरै क्षेत्रमा कोरोनाले नकारात्मक प्रभाव पार्‍यो । मानिसको बचत घट्यो, बेरोजगार भएकाले आम्दानी पनि घट्यो तर उपभोगको खर्च भने बढ्यो । विगत वर्षहरूमा नेपालको लगानी कुल गार्हस्थ उत्पादन (जीडीपी) को २८ प्रतिशतसम्म हुने गरेकामा २०२०/२१ मा लगानी ८ प्रतिशत विन्दुभन्दा बढीले घटेर २० प्रतिशतमा सीमित भएको छ । यस्तो अवस्थामा निजी क्षेत्रले भन्दा सरकारले बढी लगानी गर्नुपर्ने हुन्छ । पछिल्ला दुई वर्षमा सरकारले कोरोनाका कारण अर्थतन्त्रमा पर्न गएको क्षतिपूर्तिका लागि जीडीपीको करिब ४ प्रतिशत रकमबराबरको राहत र सुधारको कार्यक्रम ल्यायो । तर, त्यो रकम सरकारले खर्च गर्न सकेन । मौद्रिक नीतिमार्फत ल्याएको राहत कार्यक्रम राम्रो हुदाँ-हुँदै पनि कार्यान्वयनमा चुनौती खडा भयो । गत वर्ष कोरोनाको प्रकोपमा केही सुधार भए पनि अपेक्षित प्रभाव पार्न सकेन । समय-समयमा कोभिडको प्रभाव बढ्दो देखिएको र खोप (भ्याक्सिन) पर्याप्त हुन नसकेका कारण आर्थिक वृद्धिमा पनि अपेक्षाकृत सुधार हुन सकेन ।

सन् २०१९/२० को अवधिमा रोजगारी गुम्ने, आम्दानी घट्नेजस्ता कारणले ३७ लाख मानिसको आम्दानी घटेको वा बेरोजगार भएको देखिएको छ । सुरुको वर्षमा कोरोनाको प्रकोपका कारण स्वदेशी तथा वैदेशिक रोजगारी र रेमिट्यान्स घट्छ भन्ने अनुमानविपरीत रोजगारी घटे पनि रेमिट्यान्सको आप्रवाह नघट्दा अर्थतन्त्रलाई केही भरथेग भएको थियो । यस अवधिमा हुन्डीको कारोबार र नेपालबाट पुँजी पलायन कम भएको र विदेश गएका कामदार हरूले आफ्नो परिवारको उपभोगका लागि अन्य समयमा भन्दा बढी रकम पठाउने गरेका कारण नेपालको रेमिट्यान्स आम्दानी घटेन । तर, पर्यटन क्षेत्रको आम्दानी नाटकीय रूपमा घट्यो । मुलुकको जीडीपीमा करिब ३ प्रतिशतको योगदान दिने पर्यटन क्षेत्रको आम्दामी ठप्पै भयो । नेपाल सरकार र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को तथ्यांक अनुसार नेपालका झन्डै ५७ लाख मानिस अनौपचारिक क्षेत्रमा काम गर्छन् । विगत दुई वर्षमा अनौपचारिक क्षेत्रमा क्रियाशील कामदारहरूको रोजगारी गुमेका कारण नराम्रोसँग प्रभावित भए ।

**सरकारले घोषणा गरेका राहत र सुविधा प्राप्तिका लागि एकदमै कडा प्रावधान राख्ने र धेरै खालका कागजातहरू पेस गर्नुपर्ने व्यवस्थामा सरलीकरण गर्नुपर्छ । राहतका कार्यक्रमलाई आवश्यक सुधार र परिमार्जनसहित उदार, सरल र सहज बनाउने प्रबन्ध मिलाउनुपर्छ ।**

कोरोनाको प्रकोपसँगै सरकारले स्वास्थ्य सेवालाई पहिलो प्राथमिकता दिएर अघि बढाएको छ । गत वर्ष र यो वर्षसमेत सरकारले खोप किन्ने विषयलाई उच्च प्राथमिकता दिएर बजेट विनियोजन गरेको छ । सरकारले सामाजिक सुरक्षा कोषमार्फत केही सुधार गरेर पर्यटन क्षेत्रका कामदारलाई पनि राहत दिन पर्यटन क्षेत्रको कल्याणकारी कोषको रकम सामाजिक सुरक्षा कोषमा प्रयोग गर्न पाउने र सरकारले पनि केही रकम हालिदिने व्यवस्था गर्‍यो । तर, पर्यटन क्षेत्रका कामदारहरूमध्ये १० प्रतिशत मात्र सामाजिक सुरक्षा कोषमा जोडिएकाले प्रभावकारिता देखिने अवस्था छैन ।

संघ र प्रदेश तहमा सरकारले प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलगायत धेरै रोजगार केन्द्रित कार्यक्रमहरू ल्याए पनि प्रभावकारी नभएको महालेखापरीक्षकको पछिल्लो प्रतिवेदनले औंल्याएको छ । सय दिने रोजगारीको प्रबन्ध गरिबीको रेखामुनि रहेका परिवार लक्षित हुनुपर्नेमा पहुँचवालाले पाएको र त्यो पनि अत्यन्त न्यून दिनको ज्याला मात्र पाएकाले प्रभावकारी नभएको अवस्था देखियो । यस्तो रोजगारीलाई उत्पादनसँग नजोडिएकाले पनि प्रभावकारी हुन सकेन । गत वर्षको मौद्रिक नीतिका कारण अतिरिक्त ब्याज घटाएको, कर तिर्ने सुविधा फराकिलो बनाएको, ऋण र ब्याज तिर्ने भाका पर सार्ने कार्यक्रमले कतिपय क्षेत्रलाई सहजीकरण गरेकाले सकारात्मक प्रभाव पर्न गएको देखिन्छ । सामान्य क्षेत्रमा कर छुटदेखि बाहेक गत वर्षको बजेटले खासै राहतका कार्यक्रम ल्याएन । स्थानीय तहले गरेको खाद्यान्न वितरणको काम पनि त्यति प्रभावकारी भएन ।

चालु बजेटले राहतका विभिन्न कार्यक्रम अघि सारेको छ । रेमिट्यान्स नआउने र परिवारको सदस्य जागिरे वा रोजगार नभएको र गरिबीको रेखामुनि रहेको परिवारलाई १० हजार रुपैयाँ नगदै दिने भनेको छ । तर, कार्यक्रम कार्यान्वयन गर्न गरिबीको रेखामुनिको परिवारको पहिचान हुन कठिन छ । गरिब






परिवारको पहिचान हुन सके कार्यक्रमले सफलता प्राप्त गर्न सक्नेछ ।

**राहतका लागि तत्कालै अघि बढाउनुपर्ने कार्यक्रमहरू**

पहिलो त सरकारले गत वर्ष र चालु वर्ष घोषणा गरेका कार्यक्रमहरूलाई एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयनमा लैजान निर्देशिका/निर्देशन/कार्यविधि बनाएर तत्कालै कार्यान्वनमा लैजानुपर्छ । जुन सुविधा उद्योगी/व्यवसायीहरूले सहजै प्राप्त गर्ने र उद्योगलाई नियमित सञ्चालनको व्यवस्था गर्नुपर्छ । यसले उद्योगको उत्पादन बढाउन मद्दत पुग्छ । होटेल व्यवसायका क्षेत्रमा पुनर्तालिकीकरण र पुनर्कर्जा सुविधा अधिकांश काठमाडौं केन्द्रित देखिएको छ । मझौला, लघु, घरेलु उद्योगले यस्तो सुविधा नपाएको भन्ने गुनासो छ । तसर्थ उनीहरूलाई छुट्ट्याएर राहत प्रदानका लागि प्राथमिकता दिनुपर्छ । सरकारले घोषणा गरेका राहत र सुविधा प्राप्तिका लागि एकदमै कडा प्रावधान राख्ने र धेरै खालका कागजातहरू पेस गर्नुपर्ने व्यवस्थामा सरलीकरण गर्नुपर्छ । राहतका कार्यक्रमलाई आवश्यक सुधार र परिमार्जनसहित उदार, सरल र सहज बनाउने प्रबन्ध मिलाउनुपर्छ ।

पर्यटनको सन्दर्भमा अहिले नेपालमा अन्तर्राष्ट्रिय पर्यटकहरू प्रशस्त आइहाल्ने अवस्था भइसकेको छैन । त्यसैले पर्यटन क्षेत्रलाई चलायमान बनाउन आन्तरिक पर्यटकलाई ट्रेकिङ, माउन्टेन टुरिजम संञ्चालन गर्ने, नयाँ पूर्वाधारसहित विकास गरिएका पर्यटकीय क्षेत्रहरूको व्यापक प्रचार गरी सरकारीस्तरबाटै प्रोत्साहन र सहजीकरण गर्ने गर्नुपर्छ ।

कृषितर्फ सबैभन्दा कमजोर देखिएको बीउ-बिजन उत्पादन हो । त्यस क्षेत्रलाई प्रतिस्पर्धी रूपमा विकास गर्न सरकारले बीउ-बिजनको वितरण व्यवस्था प्रभावकारी बनाई बीउको गुणस्तर र मापदण्ड निर्धारण गरी प्याकेजिङ र वितरण गर्नु आवश्यक छ । त्यस्तै, मलको आपूर्ति र वितरण प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न साना सिँचाइ आयोजनाहरूको विस्तार गरेर सिँचाइ प्रणालीको प्रभावकारिता बढाउनुपर्छ । सिँचाइको प्रभावकारिता वृद्धि गर्ने कार्यक्रम अघि सार्न सके कृषिको उत्पादनमा छिटो 'रिकभरी' गर्न सकिने सम्भावना हुन्छ । कृषिका उत्पादनहरूको बजारीकरण र व्यवसायीकरणका कार्यक्रमहरूलाई समेत सँगै अघि बढाउनुपर्छ ।

**सेवा क्षेत्रतर्फ तत्कालै गर्न सकिने भनेको पर्यटन क्षेत्रमा खासगरी लुम्बिनी, रामग्राम, देवदह र तिलौराकोटलाई जोडेर प्रवर्द्धनात्मक क्रियाकलापमार्फत आन्तरिक र बाह्य पर्यटकको भ्रमण बढाउन सकिन्छ । त्यस्तै, पर्यटन क्षेत्रका रूपमा चिनिएका रारा तथा शुक्लाफाँटा वा खप्तड क्षेत्रको पूर्वाधार विकास गरी एकै वर्षमा २०औं लाख पर्यटकलाई भ्रमण गराउन सकिने सम्भावना छ ।**

**उद्योगको विकासमा गर्नुपर्ने काम**

विद्युत् अभावका कारण सञ्चालनमा आउन नसकेका उद्योगहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न पहल लिनु जरुरी छ । अहिले विद्युत्को पर्याप्तताको अवस्थामा सुधार भएको छ । उद्योगहरूले मागे जति विद्युत् उपलब्ध गराउने र सञ्चालनको तयारीमा रहेका विशेष आर्थिक क्षेत्रहरू भैरहवा र सिमरालाई आवश्यक विद्युत् तत्कालै उपलब्ध गराई उत्पादन थाल्न जोड दिनुपर्छ । देशभरका सबै स्थानीय तहमा निर्माणका क्रममा रहेका औद्योगिक ग्रामहरूलाई शीघ्र निर्माण सम्पन्न गरी मझौला, साना र घरेलु उद्योगहरू स्थापनाका लागि प्रोत्साहित गर्नुपर्छ । एकलविन्दु सेवा केन्द्रको प्रभावकारी कार्यान्वयनमार्फत आन्तरिक र बाह्य लगानी आकर्षित गर्न सकिन्छ । चिया, अदुवा, मह, उखु, कपास र सुर्तीजस्ता नगदेबालीहरूमा किसानहरूको हितअनुकूल हुनेगरी लगानी वृद्धि गरी रोजगारी बढाउन सकिने अवस्था छ । त्यसका लागि उद्योग, वाणिज्य तथा आपूर्ति र कृषि तथा पशुपक्षी विकास मन्त्रालयले ध्यान केन्द्रित गर्दै समन्वयात्मक ढंगले काम गर्नुपर्छ ।

सूचना प्रविधि (आईटी) उद्योग र प्रविधिको विकासमार्फत अर्थतन्त्रमा छिटो पुनरुत्थान (रिकभरी) गर्न सकिने धेरै कामहरू गर्न सकिन्छ । मुलुकमा रहेका जनशक्तिलाई ठोस कार्यक्रममार्फत परिचालन गर्न सकिए आईटी क्षेत्रलाई चलायमान गराउन सकिने अवस्था छ । आईटी क्षेत्रलाई कर सहुलियत वा स्थापना गर्न प्रोत्साहित गरेर आईटीका पूर्वाधारमार्फत मुलुकको अर्थतन्त्रलाई रूपान्तरण गर्न सकिन्छ ।

सेवा क्षेत्रतर्फ तत्कालै गर्न सकिने भनेको

पर्यटन क्षेत्रमा खासगरी लुम्बिनी, रामग्राम, देवदह र तिलौराकोटलाई जोडेर प्रवर्द्धनात्मक क्रियाकलापमार्फत आन्तरिक र बाह्य पर्यटकको भ्रमण बढाउन सकिन्छ। त्यस्तै, पर्यटन क्षेत्रका रूपमा चिनिएका रारा तथा शुक्लाफाँटा वा खप्तड क्षेत्रको पूर्वाधार विकास गरी एकै वर्षमा २०औं लाख पर्यटकलाई भ्रमण गराउन सकिने सम्भावना छ।

**आर्थिक पुनरूत्थानमा निजी क्षेत्रको भूमिका**

कोरोनाको प्रकोपका कारण अर्थतन्त्र शिथिल भएपछि निजी क्षेत्र पनि केही गम्भीर देखिएको छ। निजी क्षेत्रका दुई ठूला संगठनहरूले देशको आर्थिक विकासका लागि निश्चित कार्यक्रम र अवधि तोकेर छुट्टाछुट्टै कार्यक्रम सार्वजनिक गरेका छन्। यो नेपाली अर्थतन्त्रका लागि सकारात्मक पक्ष हो। नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघले ल्याएका कार्यक्रमहरूको कार्यान्वयनमा सरकारले सहजीकरण गरिदिने हो भने अन्तरिक लगानीमा उल्लेख्य वृद्धि गर्न सकिन्छ। अहिलेको कठिन अवस्थालाई निजी क्षेत्रले सरकारसँग 'बार्गेनिङ' गर्ने अस्त्र मात्र नबनाई आफ्ना कार्यक्रममार्फत देशको सेवा गर्ने अवसरका रूपमा प्रयोग गर्नु आवश्यक छ।

पछिल्ला वर्षहरूमा आयात अत्यधिक रूपमा वृद्धि भएको छ। जसले मुलुकको व्यापारघाटा पनि बढेको छ। व्यापार घाटाबाट माथि उठ्न सरकारले निजी क्षेत्रलाई नै परिचालन गर्नुपर्छ। निजी क्षेत्रमार्फत सरकारले व्यापार घाटा कम गर्न र आयात प्रतिस्थापन गर्ने कार्यक्रम अघि बढाउन सक्छ। विगतमा सरकारले मझौला, साना र घरेलु उद्योगबाट उत्पादित वस्तु निर्यात र प्रवर्द्धनका लागि सहजीकरण गर्ने भने पनि त्यति प्रभावकारी र पर्याप्त भएको छैन। विगतका कमी-कमजोरीलाई सुधारेर कार्यान्वयन गर्ने विधि निर्माण गर्न सके अझै व्यापार घाटा न्यूनीकरण गर्न सहज हुने ठाउँ छ।

सरकारले प्रतिस्थापन विधेयकमार्फत चालु वर्षको बजेटमा 'एसेम्बलिङ प्लान्ट' वा उद्योग खोल्ने र आयात प्रतिस्थापन गर्ने भनेर भन्सार दरमा छुट उपलब्ध गराएको छ। यो व्यवस्था तत्काल त्यति प्रभावकारी र दिगो हुने देखिँदैन। किनकि मोटरसाइकल वा गाडीको एसेम्बलिङ प्लान्ट वा उद्योग खोल्न धेरै सामान भारत, चीन वा अन्य मुलुकहरूबाटै ल्याउनुपर्ने हुन्छ। आन्तरिक उत्पादन केही पनि छैन र तत्काले आन्तरिक उत्पादन हुने योजना र क्षेत्र पनि देखिँदैन। यस्तो अवस्थामा एसेम्बलिङको काम कसरी आयात प्रतिस्थापनमा सहयोगी होला ? सरकारले निजी क्षेत्रसँग प्रस्ताव आह्वान गरी कुन-कुन क्षेत्रमा एसेम्बिलिङ प्लान्ट वा उद्योग खोल्न सकिन्छ र त्यस क्षेत्रमा आवश्यक पर्ने कुन-कुन सामान नेपालमै उत्पादन गर्न सकिन्छ भन्ने निश्चित गरेर मात्रै यस्ता कार्यक्रम अघि बढ्नु राम्रो हुन्छ।

आफूसँग नभएको कच्चा पदार्थमा ध्यान केन्द्रित गर्नुभन्दा नेपालको कृषिसँग जोडिने, नेपाली जनशक्ति र कच्चा पदार्थको प्रयोगबाट सञ्चालन हुने उद्योगहरूको स्थापनामा सरकारले सहजीकरण गरिदिनुपर्छ। उद्योगी/व्यवसायीहरूले अहिलेको कठिन अवस्थामा आयातमा मात्र ध्यान नदिएर आयातलाई प्रतिस्थापन गर्नेगरी उत्पादन वृद्धि गर्नेतर्फ भूमिका खेल्नुपर्छ।

नेपालको बजार उपभोग र कृषिका दृष्टिले ठूलो छ। तसर्थ यही क्षेत्रमा केन्द्रित भएर उद्योग खोलेको खण्डमा राम्रो र दिगो बन्न सक्छ। सरकारले आयात प्रतिस्थापनमा जोड दिँदै 'अफ पिक' समयमा विद्युत्को शुल्क घटाएरै भए पनि उद्योगहरूलाई दिनुपर्छ। ग्यास र पेट्रोलको घरयासी प्रयोगको ठाउँमा विद्युत्को प्रयोग गरी आयात घटाउन सकिन्छ। सरकारले व्यापार घाटा कम गर्न ऊर्जा व्यापार (इनर्जी ट्रेड) लाई जोड दिएको छ। ऊर्जाको निर्यात बढाउन सके व्यापार घाटा स्वतः कम हुन्छ। हाल नेपालबाट निर्यात वृद्धि भएको वस्तुमध्येमा सोयाबिन तेल देखिन्छ। सोयाबिन नेपालको उत्पादन नभएर विदेशबाट आएको जति निर्यात हुने गरेको देखिन्छ। यसले मुलुकलाई खासै योगदान गर्न सकेको छैन। सरकारले उत्पादकत्व बढाउन स्वदेशी कच्चा पदार्थको उत्पादन र विकासमा जोड दिए पनि प्रभावकारी हुन सकेको छैन। तसर्थ सहुलियत दिएर जहाँ मूल्य अभिवृद्धि हुन्छ त्यस्तो क्षेत्रलाई प्रोत्साहित गर्नुपर्छ। २० देखि २५ प्रतिशत मूल्यवृद्धि नहुने उत्पादनले राष्ट्रलाई खासै फाइदा गर्दैन। उद्योगी/व्यवसायीहरूले संस्थागत संरचनामा जोड दिँदै मुलुकको कृषि, फलफूल, जडीबुटीका क्षेत्रमा समेत लगानी विस्तार गर्नु आवश्यक छ।

*डा. शर्मा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष हुन्।*


## दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !

यस नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी दूरसञ्चार सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरुले प्रदान गरेको दूरसञ्चार सेवाका सम्बन्धमा समस्या भएमा दूरसञ्चार उपभोक्ताहरुले सम्बन्धित सेवा प्रदायकहरुलाई गुनासो गर्दा पनि समस्या समाधान नभएको खण्डमा यस प्राधिकरणको कार्यालयको सम्पर्क नम्बर तथा कार्यालयको इमेल मार्फत गुनासो व्यवस्थापन गरिदै आएको छ । हाल दूरसञ्चार सेवाका सम्बन्धमा उपभोक्ताहरुको गुनासोलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि कार्यालयको सम्पर्क नम्बर तथा इमेलको अतिरिक्त गुनासो ब्यबस्थापन प्रणाली (Complaint Handling System) समेत तयार गरी सोझै प्राधिकरणको Website मा राखिएको **"गुनासो ब्यबस्थापन प्रणाली (Complaint Handling System)"** मा समेत गुनासो दर्ता गराउन सक्ने व्यवस्था गरेको ब्यहोरा सम्पूर्ण दूरसञ्चार उपभोक्ता तथा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।

**नेपाल दूरसञ्चार प्रधिकरण, उपभोक्ता हित संरक्षण शाखा,**
**जमल, काठमाडौं, नेपाल ।**
**पो.ब.नं.: ९७५४**
**फोनः +९७७-१-५३५५४७४, ५३५४७१७, ५३५५६४९**
**फ्याक्सः +९७७-१-५३५५२५०**
**इमेलः ntra@nta.gov.np, वेबसाइटः www.nta.gov.np**



। जनार्दन शर्मा


# स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने बजेट




संविधानविपरीत दोस्रोपटक प्रनिनिधिसभा विघटन गरी अध्यादेशमार्फत बजेट ल्याउनु गलत थियो भन्ने कुरामा वर्तमान सरकार स्पष्ट छ । प्रतिगमनलाई परास्त गरी अग्रगमनको बाटोमा अगाडि बढे राजनीतिक गठबन्धनमा आबद्ध दलहरूले सरकारको नयाँ प्राथमिकताहरू निर्धारण गरी न्यूनतम साझा नीति तथा कार्यक्रम ल्याएपछि अध्यादेश बजेटलाई प्रतिस्थापन गर्न प्रतिस्थापन विधेयक ल्याएर संघीय संसदबाट पारित भएर कार्यान्वयनमा पनि गइसकेको छ । नयाँ सरकारको प्राथमिकतामा कोभिड-१९ विरुद्ध सशक्त ढंगले अघि बढ्न छिटोभन्दा छिटो सबै जनतालाई कोभिडविरुद्धको खोप लगाउन 'खोप, खोप र खोप' को नीति अघि सारेको छ । खोप नीतिलाई सफल बनाउन आवश्यक बजेट पनि छुट्याइएको छ ।

प्रतिस्थापन विधेयक कतिपय आयोजनाहरूको पुनःप्राथमिकीकरण गरिएको छ । नयाँ सरकारका प्राथमिकताहरू साकार तुल्याउन ल्याइएको प्रतिस्थापन विधेयकमा स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति लिइएको छ । बढ्दो व्यापार घाटा र घट्दो आन्तरिक उत्पादनलाई जोड दिँदै स्वदेशी उत्पादन बढाउने नीति लिइएको छ । कोरोनाले रोजगारी गुमाइ संकटग्रस्त अवस्थामा पुगेका र एकदमै पिँधमा रहेका गरिबहरूलाई स्थानीय तहमार्फत मापदण्ड बनाएर पाँच लाख परिवारलाई १० हजार रुपैयाँका दरले नगद रकम वितरण गर्ने कार्यक्रम बजेटमा अघि सारिएको छ । वास्तविक पीडितहरूको हातमा पुग्ने गरी मापदण्ड बनाइन्छ । गरिबहरूका झुपडीमा आगो बाल्न यो रकम ठूलो होइन तर, यसले सांकेतिक रूपमा भए पनि केही न केही राहत महसुस गराउनेछ । नेपालमा लक्षित वर्गको हातमा एकैचोटि रकम हस्तानान्तरण गरिने पहिलो कार्यक्रमलाई पारदर्शी र निष्पक्ष बनाइ जनस्तरमा सकारात्मक सन्देश प्रवाहित गर्न सफल हुने विश्वास लिइएको छ ।

स्वदेशी उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापनको लक्ष्यमा सहयोग पुऱ्याउने खालका उद्योगहरूलाई विभिन्न छुट सुविधाहरू बजेटमार्फत अघि सारिएको छ । उत्पादनमूलक उद्योगहरूलाई प्रोत्साहन दिँदा राजस्व पनि बढ्छ । यसले दीर्घकालीन हिसाबले देशलाई फाइदा हुन्छ । राजस्व वृद्धि गर्ने अन्य उपायहरू पनि छन् । करको दायरा विस्तार गरेर भए पनि राजस्व वृद्धिको लक्ष्य



पूरा गर्न सकिन्छ । त्यस्तै, सीमित क्षेत्रमा लगानीको स्रोत नखोज्ने नीति अंगीकार गरिएको छ । अहिले सतहमा आए जसरी जुनसुकै लगानीको स्रोत नखोज्ने भनिएको होइन । भ्रष्टाचार र तस्करीको माध्यमबाट आर्जन गरेको सम्पत्ति लगानी गर्न नपाउने स्पष्ट कानुनी व्यवस्था छ । जुन कुरामा सरकार सचेत छ र त्यसो हुन दिइँदैन ।

सहकारी क्षेत्रमा थुप्रिएको पुँजीलाई विद्यमान कानुनी व्यवस्थाले लगानीका लागि ढोका खोलेको छैन । सहकारीसँग भएको ठूलो पुँजी उत्पादनको क्षेत्रमा लगानी भयो भने त्यसबाट रोजगारी सिर्जना हुनुको साथै राष्ट्रिय पुँजी निर्माणमा योगदान हुनसक्छ । उत्पादन वृद्धि भयो भने आयात प्रतिस्थापन गर्न र व्यापार घाटा कम गर्नसमेत टेवा पुग्नसक्छ । यसको कार्यान्वयनको लागि आवश्यक कानुनी प्रबन्ध गर्ने भनिएको हो ।




हाल रेमिट्यान्सको ९० प्रतिशतभन्दा बढी उपभोगमा खर्च भइरहेको देखिन्छ । जसले गर्दा देशको उत्पादन वृद्धि हुन सकेन र नयाँ रोजगारी पनि सिर्जना हुन सकेन । विदेशमा कमाएको पैसा जति दैनिक उपभोग र विलासितामा खर्च हुने गरेको छ । तर अब त्यो प्रवृत्ति बदल्छौं । रेमिट्यान्सको ३० प्रतिशत हिस्सा उत्पादनमूलक क्षेत्रमा लगाउने गरी आवश्यक कानुनी व्यवस्था गर्छौं ।

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमूलक क्षेत्रमा खर्च गर्ने गरी कार्यक्रम बनाइनेछ । झारपात उखेल्ने काममा खर्च हुँदैन अब । केही न केही उत्पादन पनि हुने र बेरोजगारहरूलाई रोजगारी पनि मिल्ने 'मोडालिटी' मा प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम खर्च गरिन्छ । राजनीतिक व्यवस्थामा परिवर्तन ल्याउन कैयौंले प्राण दिएका छन् । उनीहरूका परिवारलाई राज्यले निराश पार्नु न्यायसंगत हुँदैन । परिवर्तनको आन्दोलनमा योगदान गरेका, ज्यानको बलिदान गरेका आश्रित परिवारहरूको संरक्षण गर्ने दायित्व राज्यको हो । राज्यले आफ्नो दायित्व निर्वाह गर्न पहिलो चरणमा पीडित परिवारलाई मासिक तीन हजार रुपैयाँ उपलब्ध गराउने नीति अख्तियार गरेको छ ।

**स्वदेशी उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापनको लक्ष्यमा सहयोग पुऱ्याउने खालका उद्योगहरूलाई विभिन्न छुट सुविधाहरू बजेटमार्फत अघि सारिएको छ । उत्पादनमूलक उद्योगहरूलाई प्रोत्साहन दिँदा राजस्व पनि बढ्छ ।**

कच्चा पदार्थ मात्र आयात गरी स्वदेशमै मोटरसाइकल तथा गाडीहरू 'एसेम्बल्ड' गरेर सुलभ दरमा उपभोग गर्न पाइयोस् भन्ने उद्देश्यले यस्तो एसेम्बल उद्योगलाई अन्तशुल्कमा छुट दिइएको छ । विद्युतीय गाडीहरू र विद्युतीय बसहरू स्वदेशमै उत्पादन होऊन् र स्वदेशी उद्योगलाई बेलामा प्रोत्साहन मिलोस् भनेर यसो गरिएको हो । तत्काल केहीलाई असर परेको देखिए पनि दीर्घकालीन हिसाबले राष्ट्रको हितमा निर्णय गरेको ठहरिनेछ भन्ने विश्वास छ ।

गुणस्तरीय शिक्षा, प्राविधिक शिक्षा, पूर्वाधार, प्रविधिको उचित प्रयोग गरी शिक्षा क्षेत्रको गुणात्मक विकास गर्न माध्यमिक शिक्षासम्म नक्साङ्कन गर्ने कार्यक्रम छ । प्राविधिक विधामा अध्ययन गर्ने कक्षा १२ सम्मका विद्यार्थीलाई पढ्दै कमाउँदै कार्यक्रम लागु गरिनेछ । पहिलो चरणमा हरेक प्रदेशमा ४/४ वटा विद्यालय नमुनाका रूपमा लिएर सञ्चालन गरिनेछ । प्राविधिक र व्यावसायिक शिक्षाको परिणाममुखी अभ्यास गर्ने उद्देश्यले अघि सारिएको यो कार्यक्रम सुर्खेतलगायत केही स्थानमा व्यवहारिक अभ्यास पनि भइरहेको छ र सफल पनि छ । त्यसैलाई नीतिमा रूपान्तरण गरेर देशभर विस्तार गर्न खोजिएको हो । विद्यार्थीहरूले सैद्धान्तिक ज्ञानका साथै उत्पादनका काममा सरिक भएर आयआर्जन गर्ने मोडालिटीले विद्यालय शिक्षालाई थप व्यवहारिक बनाउने विश्वास छ ।

**कोभिड-१९ पछिको अर्थतन्त्र पुनरूत्थान र यसका चुनौती**

कोभिड १९ महामारीले नेपालको अर्थतन्त्र पनि नराम्रोसँग थला परेको छ । उद्योग, यातायात, पर्यटन क्षेत्र क्षत्‌विक्षत् अवस्थामा छन् । अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरू हातमुख जोड्न नसक्ने अवस्थामा छन् । संगठित क्षेत्रका श्रमिकहरू पनि कैयौंको रोजगारी गुमेको छ । शैक्षिक क्षेत्र अझै लयमा फर्कन सकेको छैन । यस्तो स्थितिमा अर्थतन्त्रको पुनरुत्थान गर्नु निकै चुनौतीपूर्ण छ ।

कोभिड १९ ले संकटग्रस्त अर्थतन्त्र चलायमान बनाउने पहिलो आधार आमजनतालाई खोप लगाउने नै हो । खोप लगाउने काम अर्थतन्त्रको पुनरुत्थानसँग प्रत्यक्ष रूपले गाँसिएको छ । त्यही भएर सरकारले 'खोप, खोप र फेरि पनि खोप' भन्ने नारा तय गरेको हो । सबै क्षेत्रमा काम गर्ने जनतालाई खोप नदिएसम्म करिब दुई वर्षदेखि ठप्प प्रायः रहेका आर्थिक क्षेत्रहरू चलायमान हुन सक्दैनन् । त्यसैले आर्थिक पुनरुत्थानका लागि गर्नुपर्ने पहिलो काम नै 'भ्याक्सिनेसन' हो । त्यसबाहेक कोभिड प्रभावित आर्थिक क्षेत्रलाई सरकारले गच्छे र क्षमताअनुसारको राहत प्याकेज कार्यान्वयन गरी प्रभावितहरूको दैनिकीलाई सहज तुल्याउँदै अर्थतन्त्र चलायमान बनाउनु हो । लक्ष्यअनुसार पुँजीगत खर्च गर्ने, चालु खर्च सकेसम्म घटाउने, व्यापार घाटा कम गर्ने, निर्यात वृद्धि गर्नेलगायत काम सरकारका नियमित जिम्मेवारीका कुरा हुन् ।

**कोभिड-१९ पछिको रूपान्तरित प्राथमिकताहरू :**

सरकारको पहिलो प्राथमिकतामा खोप परेको छ । त्यसैले आगामी चैतसम्म खोपयोग्य जनतालाई खोप लगाइसक्ने योजना छ । सबै प्रदेशलाई आधारभूत स्वास्थ्योपचारमा आत्मनिर्भर बनाउन जनस्वास्थ्यका क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार अहोरात्र मिहिनेत गरिरहेको छ ।

दैनिक उपभोग्य वस्तुको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनको प्रभावकारी अभियान सफल पार्ने काम पनि उत्तिकै महत्वपूर्ण छ । व्यापार र आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा बदल्ने अभियानको सुरुवात गर्नुछ । कृषिजन्य वस्तुको उत्पादन र प्रशोधनमा आधारित उद्योगहरूको विस्तारमा ध्यान दिनुछ । कृषि तथा जडीबुटीजन्य वस्तुहरूको प्रशोधनमा आधारित साना तथा मझौला उद्योगहरूको विस्तार गरी रोजगारी वृद्धि गर्नुछ । गरिबी अन्त्यका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुछ । विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरेर लाखौं उत्पादनशील युवाहरूलाई दक्ष बनाउनुछ ।





### राजस्वको दायरा विस्तार र स्रोत व्यवस्थापनको चुनौती

नेपालजस्तो अति कम विकसित राष्ट्रहरूका लागि समग्र विकास दायित्वलाई धान्न सक्ने स्रोतको व्यवस्थापन मुख्य चुनौतीको विषय हो । पर्याप्त आर्थिक स्रोत नभएरै सोचिएका काम पूरा गर्न नसकिने अवस्था छ । देशको आन्तरिक स्रोतलाई वृद्धि गरी विकास दायित्वमा आत्मनिर्भर बनाउने (सेल्फ फन्डेड इकोनोमी) तर्फ भन्दा वैदेशिक ऋण सहायतालाई आधार मानेर बजेट बनाउने परम्परालाई तोड्नुछ । वैदेशिक ऋण सहायतालाई आधार मानेर बजेट बनाउने प्रवृत्तिले अर्थतन्त्रको आन्तरिक उत्पादन क्षमतालाई कमजोर बनाउँदै लगेको मात्र छैन अर्थतन्त्र परनिर्भरतातर्फ धकेलिँदै गएको छ । राजनीतिक स्वार्थ पूरा गर्न स्रोत सुनिश्चित नभएका आयोजनाहरूमा कनिका छरेजस्तो बजेट विनियोजन गरी बहुवर्षीय ठेक्का लगाउने चलनले विकास आयोजनाहरू समय सीमाभित्र सम्पन्न हुन सकेका छैनन् । यसले गर्दा बर्सेनि पैसा खर्च हुने तर आयोजना कहिल्यै पूरा नहुने समस्या देखिएको छ । आम्दानीको आधारमा खर्च गर्नेभन्दा पनि एकपछि अर्को 'पपुलर' बन्ने होडबाजीले एक खालको समस्या सिर्जना गरेको छ ।

**आर्थिक वर्ष ०७७/७८ प्राप्ति/संकलनको स्थिति**

| शीर्षक | संकलन/प्रप्तिको लक्ष्य | संकलन/प्राप्ति | प्रगति प्रतिशत |
|---|---|---|---|
| कर राजस्व | ९,१२९,४९० | ८,७०१,१३६ | ९५·३१% |
| गैरकर राजस्व | ९८८,०९४ | ६४२,६७१ | ६९·०३% |
| अनुदान | ६०५,२७७ | २०५,६२७ | ३३·९७% |
| **जम्मा** | १०,७२२,८६१ | ९,५४९,४३४ | ९३·१९% |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

अपेक्षित गतिमा राजस्वको दायरा विस्तार हुन सकेको छैन । करको दायरामा आएका पनि ४२ प्रतिशत करदाताले वार्षिक विवरण नै नबुझाउने प्रवृत्ति देखिएको छ । कर प्रशासन करदातामैत्री हुनुको साटो झन्झटिलो हुँदै गएको जनगुनासो छ । कर प्रशासनमा देखिएको अहिलेको अवस्था उल्ट्याएर कर तिरुँ-तिरुँ लाग्ने खालको वातावरण बनाउनु पर्छ । कर कार्यालयहरूलाई 'पेपरलेस, कन्ट्याक्टलेस र फेसलेस' बनाउन डिजिटल पेमेन्ट प्रणालीमा व्यापक सुधार तथा विस्तार गर्नुछ । वैदेशिक ऋण र अनुदानको भर पर्नुभन्दा पनि आत्मनिर्भर बन्नतिर ध्यान लगाउनुपर्नेछ । उत्पादनमूलक र निर्यातमूलक उद्योगधन्दाहरूको विकास गर्ने र विद्युत् खपत बढाउने खालको कार्यक्रम अघि सार्नुछ । मूलतः राजस्व वृद्धिसहित आर्थिक उपार्जनको कामलाई प्राथमिकतामा राखेर स्रोत व्यवस्थापन गर्नेतिर ध्यान दिनु परेको छ ।

### लगानीकर्ता तथा दातृ निकायहरूको मन जित्नुपर्ने दबाब

वैदेशिक लगानी र सहयोगविना नेपालको आर्थिक विकासले गति लिन सक्दैन भन्ने स्पष्ट छ । अन्तर्राष्ट्रिय क्षेत्रबाट हुने व्यावसायिक लगानीका साथै विभिन्न दातृ निकायबाट प्राप्त हुने अनुदान तथा सहुलियत ऋणको सदुपयोग गरी ठोस परिणाम निकाल्नतिर धेरै नै मिहिनेत गर्नुपर्ने अवस्था छ । दातृ निकायहरूबाट प्राप्त हुने वैदेशिक सहायतालाई उत्पादनमुखी क्षेत्रमा परिचालन गरी रोजगारी बढाउने र गरिबी अन्त्य गर्ने कार्यमा केन्द्रित हुनुपर्ने दबाब छ । वैदेशिक सहायतालाई परिणाममुखी बनाउन सकियो भने दातृ निकायहरू पनि उत्साही हुने र थप सहयोग प्राप्त गर्नका लागि ढोका खुल्ने देखिन्छ । साथै वैदेशिक लगानी आकर्षित गर्न हेजिङ फन्डसहित लगानी सुरक्षाको भरपर्दो वातावरण तयार गर्ने, वैदेशिक सहायता र लगानी परिचालनमा राष्ट्रिय सहमति जुटाउने, उत्पादित वस्तुको बजारीकरण सुनिश्चित गर्ने, लगानीको प्रतिफल लक्षितवर्गमा पुऱ्याउनेलगायतका कार्यमा ध्यान दिनुपर्नेछ । दातृ निकायबाट प्राप्त हुने अनुदान, सहुलियत ऋण तथा वैदेशिक लगानीलाई समेत उत्पादनमुखी अर्थतन्त्र निर्माणको क्षेत्रमा परिचालन गर्न सकियो भने उनीहरूको मन जित्न सकिने अवस्था छ ।

### विकास खर्चको गुणस्तर :

मुलुकको कुल बजेटको २० देखि २२ प्रतिशतको हाराहारीमा मात्र पुँजीगत खर्च विनियोजन भइरहेको छ, जुन विकास र समृद्धिका लागि पर्याप्त छँदै छैन । सरकारले प्रत्येक महिना १० प्रतिशत विन्दुले पुँजीगत खर्च गर्ने योजना अघि सारेको छ । उपलब्ध स्रोतको लगभग ७८ देखि ८० प्रतिशतसम्म चालु खर्च र वित्तीय व्यवस्थापनमा विनियोजन गर्नुपरेको छ । अर्थशास्त्रको सामान्य सिद्धान्तले पनि चालु खर्चभन्दा पुँजीगत खर्चको प्रतिशत बढी नभएसम्म अपेक्षित विकास गर्न कठिन हुन्छ भन्ने मान्यता राखिन्छ । अर्कोतर्फ विनियोजित पुँजीगत खर्च वैदेशिक ऋण तथा अनुदानमा आधारित हुने र ऋण तथा अनुदान प्रतिबद्धताअनुसार नआउँदा विकास निर्माण सोझै प्रभावित हुने गरेको छ । सानो अंकको विकास बजेट पनि शतप्रतिशत खर्च गर्न सकिएको छैन । चालु खर्च र विकास खर्चबीचको ठूलो असन्तुलनलाई क्रमशः घटाउँदै लैजानुपर्छ । पुँजीगत खर्च गर्ने क्षमतामा व्यापक वृद्धि गर्नुपर्ने आवश्यकता छ । अर्कोतर्फ आयोजनाहरूको ठेक्का लगाउने र ठेक्का मूल्यांकन गर्ने प्रक्रियामा पनि व्यापक सुधारको खाँचो छ ।

**आर्थिक वर्ष ०७७/७८ को बजेट खर्च स्थिति**

| बजेटको प्रकार | वार्षिक बजेट | बार्षिक खर्च | बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | ९४८९४०६ | ८,५१६,७८२ | ८९·७५% |
| पुँजीगत खर्च | ३,५२९,१७५ | २,२८३,००६ | ६४·६९% |
| वित्तीय व्यावस्था | १,७२७,८७३ | १,००९,७४१ | ५८·४४% |
| जम्मा | १४७४६४५४ | ११,८०९,५२९ | ८०·०८% |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

विकास खर्चको कुरा गर्दा सार्वजनिक खरिद ऐन २०६३ का कतिपय प्रावधान परिमार्जन गर्नुपर्ने देखिएको छ । प्रतिस्पर्धालाई सीमित बनाउने गरी ठेक्काका कागजातहरू तयार गर्ने, निर्माण व्यवसायीहरूले पनि प्रतिस्पर्धाको होडबाजीमा ३५ देखि ४५ प्रतिशतसम्म घटेर ठेक्का हात पार्ने र कमजोर गुणस्तरको काम गर्ने र वर्षौंसम्म आयोजना अलपत्र पार्ने परम्पराले विकास कार्य प्रभावित भएको छ । त्यसैले विकास निर्माणका लागि सरकार तथा सार्वजनिक क्षेत्रले ठेक्का तथा खरिद प्रक्रियामा सुधारका लागि कानुनी प्रावधानहरू पनि परिमार्जन गर्नु आवश्यक छ । यस्ता खालका स-साना सुधारले पनि पुँजीगत खर्च क्षमता बढ्नुको साथै कामको गुणस्तर वृद्धि हुन्छ ।

### निजी क्षेत्र र सरकारबीचको सम्बन्ध

देश विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण छ । राष्ट्रिय पुँजी निर्माणमा निजी क्षेत्रको योगदान उल्लेखनीय रहँदै आएको छ । निजी क्षेत्र र सरकारबीचको हातेमालोबाटै समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्न सकिन्छ । औद्योगिक क्षेत्र मात्र हैन पूर्वाधार विकासको क्षेत्रमा पनि निजी क्षेत्र र सरकारबीच सहकार्य हुन जरुरी छ । नेपालको निजी क्षेत्र, उद्योग तथा उत्पादनमुखी क्षेत्रमा भन्दा व्यापारको क्षेत्रमा बढी आकर्षित भएको देखिन्छ । यसलाई उत्पादनको क्षेत्रमा केन्द्रित गर्ने गरी वातावरण बनाउन जरुरी छ । निजी क्षेत्र पनि व्यापार र सेवा क्षेत्रमा भन्दा स्वदेशी कच्चा पदार्थमा आधारित, कृषिजन्य र बहुमूल्य जडीबुटीमा आधारित उत्पादनमूलक उद्योगहरूमा लगानी केन्द्रित होस् भन्ने सरकारको अपेक्षा छ । निर्यातमुखी वस्तुहरूको उत्पादनमा केन्द्रित उद्योगधन्दाहरू स्थापना गर्नेतिर निजी क्षेत्रलाई आकर्षित गर्ने खालको वातावरण बनाउन ध्यान दिनुपर्छ । उत्पादनमुखी अर्थतन्त्र नै राष्ट्र विकासको जग भएकाले निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक कानुनी तथा वातावरणीय सहजीकरणका लागि सरकार तयार छ ।

*शर्मा अर्थ मन्त्री हुन् ।*



। लोकेन्द्र विष्ट मगर



# राजनीतिको झोलाभन्दा कृषिको बोरा नै ठीक



चार दशक लामो राजनीतिक जीवनमा दुईपटक मन्त्री भइसकेपछि पनि राजनीति छोडेर कृषि क्रान्तिमा होमिँदा लोकेन्द्र विष्ट कृषिकर्ममा पनि जम्न सक्छ भन्ने धेरैले कल्पनासम्म गरेका थिएनन् । दश वर्षअगाडि मात्रै राज्यको नीति निर्माणतहसम्म पुगेको व्यक्ति अहिले कृषि कर्ममा मनैदेखि तल्लित भएर लागेको छु । मैले कृषिमा लाग्ने प्रण गर्दै राजनीतिमा कहिल्यै नफर्कने प्रतिबद्धता गर्दा धेरैले विश्वास नै गरेनन् । तर, अहिले आफ्नो प्रतिबद्धतालाई वास्ताविकतामा परिणत गर्न सफल छु ।

रुकुमको त्रिवेणी नगरपालिका (तत्कालीन मुरु गाविस) मा पिता हस्तराम विष्ट र माता पुतला विष्टको जेठो सन्तानका रूपमा मेरो जम्न भएको हो । हाम्रो विष्ट परिवार कृषिमै रमाइरहेको थियो । सामान्य किसान परिवारमा जन्मे हुर्केको म चारजना दिदी-बहिनीका बीच एक्लो छोरो थिएँ । अहिले मेरो परिवारमा श्रीमति र एक छोरी छन् । छोरी काठमाडौंमै बस्छिन् भने श्रीमतिले मलाई कृषि कर्ममा सहयोग गरिरहेकी छिन् ।

राज्यको शासनसत्ता परिवर्तन गर्ने र देशको मुहार फेर्ने महत्वकांक्षा बोकेर राजनीतिक क्रान्तिमा होमिएको थिएँ । परिवार भने गाउँकै सामान्य कृषि पेसामै थियो । हाम्रो पुर्ख्यौली पेसा पनि कृषि नै हो । कृषि कर्मले आफ्नो पुस्तैनी जीवन सुधार्न नसकिएको थाहा थियो तर पनि आधुनिक ढंगले कृषि गर्ने, व्यावसायिक बन्ने हो भने सम्भावना र अवसर जति पनि छ भनेरै कृषिमा होमिएको हुँ । किसान परिवारमा हुर्किएकाले मलाई माटोसँग खेल्ने विषयमा कुनै अत्यास पनि लागेन । तीन वर्षअघि (भदौ २०७५) देखि राजनीतिक महत्वकांक्षालाई

छाडेर कृषि कर्ममा सक्रिय भएको हुँ । पछिल्लो समय कृषि पेसाप्रति आकर्षित युवा पुस्ताको आशा र भरोसासमेत गर्ने व्यक्तिको परिचय बन्दा खुसी लागेको छ । कृषिमा लाग्नु ठीक सात वर्षअगाडिको भदौमा पर्यटनमन्त्रीका रूपमा कृषि पर्यटनको सम्भावना खोज्ने योजना निर्माणमा तल्लिन थिएँ, अहिले कृषिले दिएको अवसरमा डुबुल्की मारिरहेको छु । दाङमा ड्रागन फ्रुट सुरु गर्नुअघि सुरुमा मैले काभ्रेको भकुन्डेबेसीमा ४३ रोपनी जग्गा लिएर खेती किसानीमा लागेको थिएँ । लगत्तै काठमाडौंको साँखुमा पनि १४ रोपनी जग्गा भाडामा लिएर कृषि कर्म सुरु गरेँ ।

**कृषि कर्मको बाटो देखेको त्यो क्षण**

राजनीतिक भेटघाटका क्रममा कुनै कामको सिलसिलमा १७ वर्षअगाडि डा. जगन्नाथ राईसँग भेट भएको थियो । डा. राई उनै व्यक्ति हुन् जसले नेपालमा पहिलोपटक सिउँडी प्रजातिको ड्रागन फ्रुट भित्र्याउने काम गर्नुभएको थियो । उहाँसँगको भेटले मलाई एक प्रकारको ऊर्जा दियो । डा. राईले नै मलाई ड्रागन फल चिनाउने काम पनि गर्नुभयो । राईले दक्षिण कोरियाबाट ल्याउनुभएको बढी पौष्टिकता हुने र नयाँ प्रजातिको कालो चामल (ब्ल्याक राइस) को उत्पादनमा पनि मलाई जोड दिनुभयो । ब्ल्याक राइस कृषि क्षेत्रमा नयाँपनको प्रयोग थियो भने यसले कृषि काम गर्ने उत्साहसमेत थप्यो । व्यावसायिक बालीको खोज अनुसन्धान गर्दै जाँदा पहिल्याएको त्यही दुई उत्पादन (ब्ल्याक राइस र ड्रागन फ्रुट) अहिले मेरो जीवन परिवर्तनको संवाहक हुन पुगेको छ ।

कृषि कर्म गर्ने र नेपालमा फरक ढंगले काम गर्ने सोचाइ त्यतिबेलै आइसके पनि उपयुक्त समय भने तीन वर्षअगाडि मात्रै आयो । राजनीतिबाट संन्यास लिने निर्णयपछि आधुनिक ढंगले कृषि कर्म गर्ने र व्यावसायिक खेती गरेर ठूलो मात्रामा उत्पादन गर्न सकिने निष्कर्ष भने त्रिभुवन विश्वविद्यालयका वरिष्ठ कृषि वैज्ञानिक डा. गिरिराज त्रिपाठीलाई भेटेपछि मात्रै निकालेको हुँ ।

राजनीतिमा वितृष्णा पैदा हुँदै गएकाले राजनीतिको झोला बोक्नुभन्दा कृषिको बोरा बोक्नु उपयुक्त भएको निष्कर्ष निकाल्दै राजनीतिक जीवनबाट संन्यास लिएर २०७५ देखि कृषि कर्ममा होमिएँ । ड्रागन फ्रुट सुरु गर्नुअघि दाङमै कालो चामलको खेती सुरु गरेपछि मेरो कामको चर्चा हुन थालिसकेको थियो । कालो चामल पौष्टिक तत्व बढी हुने, विभिन्न दीर्घरोगीलाई लाभदायक हुने भएकाले धेरैले रुचाए पनि । कालो चालमको व्यावासायिक खेती अझै सम्भव भइरहेको छैन तर, बीउ



उत्पादनको काम भइरहेको छ । ब्ल्याक राइसको बीउ जोगाउन अहिले दुई कठ्ठामा खेती गरेको छु । यो बाली नेपालका लागि नयाँ भएकाले बीउ जोगाउँदै थप खेतीयोग्य भूमिमा विस्तार गर्दै जानुपर्ने आवश्यकता छ । यो धानको बाली जोगाउन र फैलाउन भने राज्यले नै चासो दिनुपर्ने आवश्यकता देखिएको छ ।

**राजनीतिप्रतिको वितृष्णा**

मैले ०३५/३६ सालमा झन्डै १४ वर्षको उमेरमा विद्यार्थीकालमै मसालबाट विद्यार्थी राजनीति सुरु गरेको थिएँ । विद्यार्थी आन्दोलनकै क्रममा दाङको घोराहीबाट २०४३ सालमा ६ महिना जेल पनि परेँ । कृषि परिवारमै हुर्किएको म चार दशक लामो राजनीतिक जीवनपछि पुनः कृषि कर्ममै फर्किएँ । विद्यार्थी जीवनदेखि नै राजनीतिमा लागेको हुनाले सशस्त्रद्वन्द्वका समयमा भूमिगत जीवन बिताउनेदेखि माओवादी केन्द्रको केन्द्रीय सदस्य हुँदै राजनीतिको माथिल्लो तह मन्त्रीसम्म भएँ । आफैं संलग्न रहेको पार्टी जनयुद्ध लडेर आएको थियो । तर, शान्तिपूर्ण राजनीतिमा आएपछि भने पार्टीका नेता कार्यकर्तामा कामै नगरी खानुपर्छ भन्ने प्रवृत्तिको विकास भयो । यो प्रवृत्तिविरुद्ध आवाज उठाउँदा पार्टी अध्यक्ष पुष्पकमल दाहालसँग अन्तर संघर्ष बढ्यो । अन्ततः मैले राजनीतिबाटै विश्राम लिएँ ।

राजनीतिक संघर्ष गर्दा र मन्त्री भएर सिंहदरबार छिर्दाको भन्दा बढी आनन्द अहिले कृषि कर्मले दिएको छ । सशस्त्र युद्धमा लागेको पार्टी शान्तिप्रक्रियामा आएपछि कार्यकर्तामा काम नगरी खानुपर्छ भन्ने मानसिकता हावी हुँदै आएको थियो । जसले गर्दा गलत प्रवृत्ति विकास हुन थाल्यो । म आफूचाहिँ काम नगरी खाने प्रवृत्तिको विरोध गर्न थालें । पार्टीले जनयुद्धको भावअनुसार काम गर्न पनि छाड्यो । कार्यकर्ता झोला बोकेर ठूला नेताको चाकरी गर्नमा मरिमेट्न थाले । जसले गर्दा धुपौरेगिरि गर्ने र 'एसम्यान' भएर मात्रै जिन्दगी चलाउने प्रवृत्तिको विकास हुँदै गयो । यस्तो प्रवृत्तिले चल्दैन भन्ने लाग्छ । जिन्दगी चलाउन आफैंले माटोसँग पिरती गाँस्नुपर्ने, माटोसँग खेल्ने र मिल्नुपर्ने तथा माटोमै जम्नुपर्ने निष्कर्ष निकाल्दै राजनीति छाड्ने निष्कर्षमा पुगें । हो, राजनीति छाड्दा कृषिमा सम्भावनाको खोजी तथा अनुसन्धान भने गरेको थिएँ । के गर्दा उपयुक्त हुन्छ भनेर कृषिका विज्ञहरूसँगको सहकार्यमा लिइएको ज्ञान नै जीवनको 'टर्निङ प्वाइन्ट' भयो ।

सामाजिक आर्थिक रूपान्तरणबिनाको राजनीतिक क्रान्तिको भविष्य नहुने र त्यसका लागि आफैंले संघर्ष गर्नुपर्ने बुझाइका कारण कृषि कर्मका लागि प्रेरित गर्‍यो । यसले जनतालाई एक त कर्मशील हुन सिकाउने भयो नै अर्कोतर्फ कसैसँग हात थाप्नुपर्ने र अर्काको गुलाम गरेर मात्रै जिन्दगी चलाउनुपर्ने भन्ने मान्यता तोड्यो । काम गरेर खाँदा कोही सानो हुँदैन भन्ने सत्य बोध र काम गरेर खान लाज मान्न पनि हुँदैन भन्ने विश्वास समाजलाई देखाउन पनि राजनीतिक क्रान्तिबाट कृषि क्रान्तिमा होमिएको हुँ । तीनजना साथीसँगको सहकार्यमा दाङको तुलसीपुरमा शुरु गरेको ड्रागन फ्रुट खेती अहिले फल दिने अवस्थामा पुगेको छ । तीन बिघामा आधुनिक ड्रागन फ्रुट खेती सुरु गरेदेखि आफू व्यस्त पनि भइयो । कृषि पेसाले पूर्ण सन्तुष्ट दिएको हुँदा अब कहिल्यै राजनीतिमा फर्कन्छु भन्ने लागेको छैन ।

**तीनभाइको सहकार्य जुटेको थलो**

मैले कृषिमा भएको सम्भावना, जोखिम र अवसरलाई राम्रोसँग बुझेका भए पनि कसरी नयाँ र फरक काम गर्ने भन्ने अन्योलमै थिएँ । दाङकै वीरबहादुर बुढा र धनबहादुर

केसी बराबरीको साझेदारीमा खेती गर्न सहमत भएपछि भने कृषिकर्म अगाडि बढाउन सकिने निष्कर्षमा हामी पुग्यौं । कृषि नै पृष्ठभूमि भएकाले पनि काम गर्न तुलनात्मक रूपमा सहज भयो । तीन बिघा ६ कट्ठा जमिन १५ वर्षलाई भाडामा लिएर सुरु गरिएको कृषि कर्म सन्तोष गर्ने चरणमा पुगेको छ । सम्झौताको तीन वर्ष बित्यो । अझै १२ वर्षलाई जमिन भाडामा प्रयोग गर्न पाइने भएकाले चिन्ता कम र कर्म बढी गर्नुपर्ने अवस्था छ ।

विदेशमा २५ वर्षसम्म प्रतिफल दिने ड्रागन फ्रुटले नेपालमा भने हावापानी फरक भएकाले १५ वर्षसम्म मात्रै उत्पादन दिने अपेक्षा गरिएको छ । यसले डेढ वर्षमै प्रतिफल दिन्छ । आधा क्षमतामा गत वर्षदेखि नै उत्पादन दिएको छ भने अर्को आधा क्षमता यो वर्षदेखि सुरु भएको छ । अहिलेसम्म लगानी मात्रै भएकामा अबदेखि प्रतिफल आउन थाल्छ । पाँच वर्षमा ऋण तिरिसक्ने र बाँकी १० वर्ष भने लाभको प्रतिफल लिने समय हुन्छ भन्ने विश्वास छ । भाडामा लिएको पूरै जमिनमा खेती सुरु भइसकेको छ । दोस्रो वर्षको तेस्रो चरणको प्रतिफल आइसकेकाले अब चौथो चरणको फल टिप्ने बेला भएको छ ।

वर्षमा सातदेखि आठ पटकसम्म फल टिप्न मिल्ने ड्रागन फ्रुटको बजार भने निकै राम्रो छ । दाङमै मागअनुसार फल पुऱ्याउन मुस्किल भएको छ भने यसको माग दाङबाहिरका सहरसहित काठमाडौंबाट पनि उत्तिकै माग आइरहेको छ । मागअनुसार आपूर्ति गर्न सक्ने अवस्था अझै छैन । सम्भावना र माग भएकैले ड्रागन फ्रुटको बजारमा समस्या नरहने अनुमान छ ।

ड्रागन फल दुई प्रकारको उत्पादन हुन्छ । भित्र रातो र बाहिर पनि रातो भएको फल (रेड एन्ड रेड) को प्रतिकिलो आठ सय रुपैयाँमा दाङबाटै बिक्री भइरहेको छ भने भित्र सेतो र बाहिर रातो (रेड एन्ड ह्वाइट) प्रतिकिलो सात सय रुपैयाँमा बिक्री हुने गरेको छ ।

एकपटक लगानी गरेपछि फेरि ठूलो लगानी गर्नु पर्दैन । पहिलो लगानी गरेर प्रतिफल दिने अवस्था आएपछि भने मल हाल्नुपर्ने, गोडमेल गर्नुपर्नेसहितको सामान्य काम मात्रै हुन्छ । हाम्रो अहिलेसम्म एकतिहाइ लगानी उठिसकेको छ । हालसम्म एक करोड रुपैयाँ लगानी भएको छ । कृषि कर्मले आफूलाई सन्तोष र आरामको निद्रा दिएको छ ।

अन्य ठूला उद्योगमा जस्तो स्थायी कर्मचारी नचाहिने, कर्मचारीले काम बिगार्लान् भन्ने चिन्ता पनि नहुने हुँदा आवश्यक कामदार ज्यालादारीमै पाइने क्षेत्र पनि हो, कृषि उद्यम । यो कृषि फर्ममा पुरुषको तुलनामा महिला कामदारलाई प्रोत्साहन स्वरूप काममा लगाउने गरिएको छ । र, औसतमा अरूले दिनेभन्दा बढी नै ज्याला दिने गरिएकाले पनि कामदारको अभाव र चिन्ता छैन ।

मैले खेती गरिरहेको ब्ल्याक राइस र ड्रागन फल दुवै नेपालका लागि सम्भावना भएको र उपयुक्त नगदे बाली हो । ब्ल्याक राइस समुन्द्र सतहबाट एक हजारदेखि २२ सय मिटरसम्मको उचाइमा राम्रो हुन्छ भने यो मध्यपहाडी खालको भूगोलमा उपयुक्त हुन्छ । ड्रागन फलचाहिँ उष्ण प्रदेशीय भएको हुँदा गर्मी हावापानीमा राम्रो उत्पादन दिने फल मानिन्छ । दाङमा सुरु गरिएको व्यावसायिक उत्पादनको यो फलको खेती तराई भेकमा पनि उत्तिकै राम्रोसँग फस्टाउने देखिन्छ । १५ सय मिटरसम्मको उचाइमा पनि यो फल लगाउन सकिन्छ । यसले गर्मी ठाउँमा भने तुलनात्मक रूपमा बढी फल दिने मानिन्छ ।

**मैले ०३५/३६ सालमा झन्डै १४ वर्षको उमेरमा मसालबाट विद्यार्थी राजनीति सुरू गरेको थिएँ । विद्यार्थी आन्दोलनकै क्रममा दाङको घोराहीबाट २०४३ सालमा ६ महिना जेल पनि परें । कृषि परिवारमै हुर्किएको म चार दशक लामो राजनीतिक जीवनपछि पुनः कृषि कर्ममै फर्किएँ ।**

**राज्यको चासो नै देखिएन**


नेपालमा सम्भावना भएको, युवा पुस्तालाई आकर्षण गर्न सक्ने, वैदेशिक रोजगारीलाई रोक्न सक्ने कृषि तथा नयाँ जातको खेतीमा सरकारको ध्यान पुग्नै सकेको छैन । दैनिक हजारौं युवा लाइन लागेर विदेश जाँदा ती युवाका लागि दीर्घकालीन रोजगारी सिर्जनामा सरकारले ध्यान दिन सकेको छैन । राज्यले ध्यान दिने हो भने कृषिमा नयाँ प्रजातिको खेती थप प्रभावकारी हुन सक्छ । देश विकासको नेतृत्व तहमा पुगिसकेका व्यक्तिले सुरु गरेको पेसामा समेत सरकारको ध्यान पुग्न सकेको छैन भने आम कृषकसम्म सरकार पुग्यो कि पुगेन भनेर प्रश्न उठाउनुपर्ने भएको छ । हामी कहीं कतै सहयोग माग्न भने गएनौं । राज्यले पनि देखेन । सरकारी निकायले एउटा 'सोलार प्लान्ट' भने राखिदिएको छ । त्यसले पानी तान्ने काम हुन्छ । घाम लागेको बेला पानी तान्ने मेसिन जोडिएको छ । राज्यबाट कुनै आश नगर्दा पनि आएको यो सोलार प्लेट भने अर्थपूर्ण छ ।

*मगर पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हुन् ।*









। सुरेश प्रधान

# आत्मनिर्भर अर्थतन्त्रको परिकल्पना र 'एसएमई' उकास्ने योजना



सरसर्ती हेर्ने हो २०४९ सालपछि नेपालमा लघु, घरेलु तथा साना उद्योग (एसएमई) ले व्यवस्थित रूपमा गति लिएको पाइन्छ। २०४९ भन्दा अगाडि एसएमई व्यवसाय अनौपचारिक रूपले सञ्चालन हुँदै आएका थिए। सरकारले २०४९ मा औद्योगिक नीति ल्याएपछि नेपालमा औद्योगीकरणको गतिलाई तीव्रता दिन एमएमईको विकासलाई उच्च प्राथमिकता राखिएको पाइन्छ। औद्योगिक नीति २०६७ ले दिगो औद्योगिक प्रवर्द्धनका लागि एसएमईलाई अझ बढी जोड दिएको छ।

औद्योगिक व्यवसाय ऐन २०७६ ले लघु/घरेलु उद्योग, साना, मझौला र ठूलो उद्योग वर्गीकरण गरेको छ। जसअनुसार २० लाखसम्मको व्यवसायलाई लघु/घरेलु-परम्परागत आर्टस् एन्ड क्राफ्टमा आधारित) उद्योग, लघु/घरेलु उद्योगबाहेकको १५ करोडसम्मको कम्पनीलाई साना उद्योग, १५ देखि ५० करोड रुपैयाँसम्म स्थिर पुँजी लगानी भएका उद्योगलाई मझौला र ५० करोडभन्दा बढी स्थिर पुँजी लगानी भएका उद्योगलाई ठूला उद्योगमा वर्गीकरण गरिएको छ।

विश्वका अधिकांश मुलुकमा लघु, घरेलु तथा साना उद्योग वर्चस्व रहेको छ। नेपालमा पनि अधिकांश बजार हिस्सा साना तथा घरेलु उद्योगको छ। त्यसमा पनि १५ करोडभन्दा कम पुँजी लगानी भएका कम्पनीहरू बढी भएकाले स्वभाविक रूपमा योगदान पनि बढी छ। विश्वका जुनसुकै देशहरूमा ९० प्रतिशतभन्दा बढी योगदान साना उद्योगको छ। नेपालको अर्थतन्त्रमा पनि लघु, घरेलु तथा साना उद्योगको योगदान करिब ८० प्रतिशत रहेको अनुमान छ।

केन्द्रीय तथ्यांक विभागले गरेको 'राष्ट्रिय आर्थिक गणना २०७५' अनुसार मुलुकभरका ९ लाख २३ हजार उद्यम/व्यवसायमध्ये ४ लाख ६२ हजार ६ सय दर्ता भएर र ४ लाख ६० हजार ४ सय दर्ता नभइ सञ्चालित छन्। कुल प्रतिष्ठानमध्ये बढी हिस्सा लघु, घरेलु तथा साना उद्योगको छ। घरेलु तथा साना उद्योग महासंघको अध्ययनले ५२ प्रतिशत उद्यम मात्रै पूर्ण सञ्चालनमा रहेको देखाउँछ।

कोरोना भाइरस महामारीका कारण लघु, घरेलु तथा साना

उद्योग मात्रै नभएर अन्य अधिकांश व्यापार व्यवसायमा पनि प्रभाव परेको छ । एसएमई क्षेत्रले कोभिडकालमा मात्रै नभएर २०७२ वैशाख १२ को विनाशकारी भूकम्प र लगत्तैको लामो नाकाबन्दीका कारण पनि ठूलो क्षति व्यहोरेकाले त्यतिबेलादेखिकै परिस्थितिको समीक्षा गर्नुपर्ने आवाज उठिरहेको छ । २०७२ को भूकम्पअघि करिब साढे ४ लाख उद्योग/व्यवसाय दर्ता प्रक्रियामा थिए । महासंघको अध्ययनमा त्यतिबेला पनि पाँच लाख लघु, घरेलु, साना तथा मझौला उद्योगहरू सञ्चालनमा थिए ।

भूकम्पअघि ७० प्रतिशत घरमा अनौपचारिक रूपमा व्यवसाय सञ्चालित थिए । भूकम्पले त्यतिबेला अर्बौंको क्षति हुँदा पनि दर्ता नभएका कारण यकिन तथ्यांकबाहिर आएन भने तथ्यांक अभावमा क्षतिबारे सरकारसमक्ष आवाज उठाउन सकिएन । महासंघले पनि औपचारिक रूपमा सञ्चालनमा रहेका उद्योगलाई दर्ता गर्न प्राथमिकता दिँदै आएकाले पनि अनौपचारिक क्षेत्रको तथ्यांक संकलित हुन सकेन । भूकम्पपछि २०७५ मा गरिएको अध्ययनमै सवा ९ लाख उद्योग/व्यवसायमध्ये ५०.१ प्रतिशत औपचारिक र ४९.९ प्रतिशत अनौपचारिक रूपमा देखिएकाले अनौपचारिक व्यवसाय अधिक रहेको पुष्टि हुन्छ । अनौपचारिक उद्यम/व्यवसायमा अधिकांश लघु, घरेलु र साना पर्छन् ।

घरेलु तथा साना उद्योग महासंघ र व्यावसायिक संघ-संगठनले अनौपचारिक रूपमा सञ्चालित उद्यम/व्यवसायलाई औपचारिक माध्यममा ल्याउन प्रयास भए पनि पर्याप्त हुन सकेको छैन । भूकम्पलगत्तै लामो अवधि नाकाबन्दी भयो । त्यसबेला कच्चा पदार्थ आयातमा समस्या भए पनि मूल्यमा खासै फरक परेको थिएन । नाकाबन्दीको समयमा नेपाली उत्पादनले धान्न सकिन्छ भन्ने उदाहरण बनेको थियो । नाकाबन्दी खुलेपछि बिस्तारै तङ्ग्रिँदै गरेको एसएमई कोरोना कहरपछि थप समस्यामा परेको छ ।

भूकम्पदेखि कोरोनासम्म आइपुग्दा पनि महासंघले अनौपचारिक उद्यम/व्यवसायलाई औपचारिक माध्यममा ल्याउन प्रयास गरिरहेको थियो। एसएमईलाई कसरी प्रतिस्पर्धामुखी बनाउने, कसरी सबैलाई समान हक-अधिकार प्रदान गर्न सकिन्छ भनेर प्रयासहरू भइरहेको थियो । तर, कोरोनाले सबै प्रयासलाई धुलोमा मिलाइदियो र एसएमईहरू थलिए । कोरोनाका कारण पहिलोपटक जारी लकडाउन १५/२० दिनपछि खुल्ने वातावरण बिस्तारै सहज हुने अनुमान गरिए पनि लकडाउन दिनप्रति दिन बढ्दै जाँदा एसएमईहरू उठ्नै नसकिने गरी थलिए ।

लकडाउन लम्बिँदै गए पनि हजारौं मानिस विस्थापत भए र बेरोजगार भए । एकातिर कोरोनाको त्रास अर्कोतिर आफ्नो उद्यम/व्यवसाय सञ्चालन गर्न नसकेर घर भाडासमेत तिर्न नसक्ने स्थिति पैदा भयो । नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिले गरेको विपन्नवर्ग कर्जा पूर्ण रूपमा र प्राथमिकताका क्षेत्रमा तोकिएको कर्जाको ठूलो हिस्सा एसएमईमा लगानी भएको छ । प्रतिव्यवसाय कर्जा प्रवाह भएको कर्जाको परिमाण हेर्दा कुल १५ लाख ऋणीमध्ये १० लाख रुपैयाँभन्दा थोरै आकारका कर्जा लिएर व्यवसाय चलाउनेको संख्या करिब दुईतिहाइ छ । यसले गर्दा पटक-पटकको लकडाउन/निषेधाज्ञाले गर्दा चालु पुँजी व्यवस्थापन गर्नै नसक्ने अवस्थामा एसएमई पुगे ।

कोरोनाकै समयमा पनि उद्योगहरूले आफूसँग भएको मौज्दातले उत्पादन गरी सामान आपूर्ति गर्न सकेका थिए । लकडाउन अवधिमा आन्तरिक बजारमा एसएमईले उत्पादन गरेको वस्तु तथा सेवाले बजार पाएको थियो, जुन सकारात्मक पक्ष हो । लामो समयको बन्दाबन्दीले अधिकांश उद्योग/व्यवसाय बन्द भए पनि एसएमईहरू केही मात्रामा सञ्चालित थिए । पहिलो चरणको कोभिड प्रभावले एसएमईका कामदार, कोठाभाडालगायत विविध कारणले एसएमईमा आबद्ध करिब १५ प्रतिशत व्यवसायी विस्थापित भए ।

पहिलो चरणमा रेस्टुरेन्ट र पर्यटन लक्षित व्यवसायहरू बन्द भए । उनीहरूमध्ये केहीले अनलाइनमार्फत कारोबार गरेको देखिन्छ । पहिलो चरणमा व्यवसायमा ठूलो धक्का लागे पनि वातावरण सहज भएपछि बिस्तारै तङ्ग्रिएला भन्ने विश्वास सबैमा थियो । तर, दोस्रो लहरको कारोनाले एसएमईलाई उठ्नै



नसक्ने अवस्थामा मात्रै पुर्‍याएन एसएमईमा आबद्धहरूले आत्मविश्वाससमेत गुमाउन पुगे । दोस्रो चरणमा पहिलो चरणको जस्तो काम गर्नुपर्छ भन्ने भावना देखिएन र मानिसहरूमा 'ह्युमिलेसन' भएको पाइयो ।

**भूकम्पअघि ७० प्रतिशत घरमा अनौपचारिक रूपमा व्यवसाय सञ्चालित थिए । भूकम्पले त्यतिबेला अर्बौंको क्षति हुँदा पनि दर्ता नभएका कारण एकिन तथ्यांकबाहिर आएन भने तथ्यांक अभावमा क्षतिबारे सरकारसमक्ष आवाज उठाउन सकिएन ।**

खासगरी कोरोनाले कच्चा पदार्थको उपलब्धता, घरभाडा र श्रमिकलगायत विविध समस्या तेर्स्याएको स्थितिमा सरकारले व्यवसाय सञ्चालनमा सहज भूमिका खेलेको देखिएन । नेपालको अर्थतन्त्रमा एसएमई मेरुदण्डका रूपमा रहेको भन्दै गर्दा एसएमई उत्थानमा सरकारले खासै ध्यान दिएन भने निजी क्षेत्रले पनि सहकार्य गर्न सकेन ।

कोरोनाकालमा साना र ठूला उद्योगबीच एकापसको सहयोग र सहकार्य हुनुपर्नेमा त्यस्तो देखिएन । विभिन्न उद्योगले आवश्यक कच्चा पदार्थ आयात गरेर उत्पादन गरेको पाइयो भने केहीले त्यो अवसर नपाउँदा हालसम्म पनि तङ्ग्रिने स्थिति बनेन । कोभिडअघि औपचारिक क्षेत्रमा आबद्ध एसएमईहरूमा २७ देखि ३० लाख व्यक्तिले रोजगारी पाएको अनुमान छ ।

अनौपचारिक क्षेत्रमा कति रोजगार छन् भन्ने कुनै एकिन तथ्यांक छैन । त्यस्तै, मझौला तथा ठूला उद्योगले ६ लाख बढीलाई रोजगारी दिएको अनुमान छ ।

पहिलो चरणको लकडाउनपछि ५० प्रतिशत एसएमई सञ्चालनमा आएको अनुमान छ । कोभिडअघि १० जनाले काम गरिरहेकामा पहिलो लकडाउनपछि ५ जनाले मात्रै काम पाएको अनुमान छ । एसएमईमा अधिकांशले घरमै बसेर वस्तु तथा सेवा उत्पादन गर्ने भएकाले समग्रमा करिब १० लाख बेरोजगार भएको अनुमान छ । दोस्रो चरणको लकडाउन/निषेधाज्ञाले धेरै हतोत्साहित बनाएकाले थप १० प्रतिशतले आफ्ना उद्यम/व्यवसाय 'प्याकअप' गरेको अनुमान छ । पछिल्लोपटक पहिलो चरणको जस्तो कोरोनाको त्रास, डर हराएको र खोप लगाउने क्रममा तीव्रता आएकाले मानिसहरू विस्तारै व्यवसायमा फर्कन थालेका छन् ।

यद्यपि कोरोना ट्र्यापमा परेका व्यवसायीलाई फेरि त्यही काममा प्रोत्साहित गर्न धेरै गाह्रो छ । विगतमा कठिन अवस्थाबाट गुज्रिएर जेनतेन व्यवसाय टिकाएकाहरूलाई कोरोनाले थलाएकाले फर्काउन गाह्रो छ । नेपालमा ५० वर्षभन्दा बढी उमेर भएकाहरू अब १० वर्षका लागि के काम गर्नु भन्दै आइरहेका छन् । सरकारले सहजीकरण नगरिदिएमा विस्थापित व्यक्तिले पुन: व्यवसाय सुरु गर्ने सम्भावना कम छ । मानिसहरूमा घरमा खाली बस्नुभन्दा केही समय सानै भए पनि व्यवसाय गर्नुपर्छ भन्ने भावना पैदा गराउनुपर्ने आवश्यकता छ । आम्दानी नभएर आफ्नो व्यवसाय छाडेर घरमा बस्ने मानिसहरूको संख्या अधिक हुँदा आगामी दिनमा बेरोजगारको अवस्था भयावह हुने खतरा छ ।

कोरोना प्रभावबाट बाहिर निस्कन व्यवसाय परिवर्तन गर्न पनि तयार हुनुपर्छ । हिजो ५० हजार रुपैयाँ मासिक तलब खाएको कुनै व्यक्ति अहिले बेरोजगार भएर घरमा बसेको छ तर, पहिलेको भन्दा कम तलबमा काम गर्ने मौका आयो भने पहिला यति खाएको थिएँ भनेर ठूलो नभई काम सुरु गर्नुपर्छ । संसारको कुनै पनि देश आत्मनिर्भर छैन । विकासित हुन वा विकासोन्मुख मुलुक एसएमईहरूले आर्थिक वृद्धि, रोजगारी सिर्जना र निर्यातमा सघाइरहेका छन् । तर, गरिब मुलुकले कच्चा पदार्थ आयात गर्नुपर्ने भएकाले बजारमा प्रतिस्पर्धा गर्न सकेका छैनन् र नेपालको अहिलेको अवस्था पनि यही हो ।

नेपालमा एक वर्षको अवधिमा करिब पाँच लाख युवा श्रमिकहरू थपिन्छन् । त्यसमध्ये धेरै कठिनताका साथ एकदेखि डेढ लाखले मात्रै रोजगारी पाउँछन् र कम्तीमा साढे तीन लाख बेरोजगार हुन्छन् । रोजगारी पाउन नसक्नेहरू वैदेशिक रोजगारीमा जाने प्रचलन छ । तर, नेपालले ठूलो संख्यामा विदेशबाट कामदार भित्र्याएको देखिन्छ । यस्तो स्थिति आउनु आफ्नो देशका जनशक्तिलाई दक्ष बनाउन नसक्नुको परिणाम हो भन्न सकिन्छ । सरकारले एसएमईलाई प्रोत्साहन गरी उत्पादन बढाउन प्रेरित गरेको खण्डमा आन्तरिक उत्पादन बढ्ने मात्र नभई रोजगारी पनि सिर्जना हुन्छ । अर्कोतिर नेपालमा उत्पादित वस्तु छिमेकी मुलुक भारत र चीन (जहाँ प्रतिदेश सवा अर्ब हाराहारी जनसंख्या छ) सम्म पुर्‍याउन सकिन्छ । चीन र भारतको आवश्यकतालाई ख्याल गरी आफ्नो उत्पादन बढाई निर्यात गर्न सकिएमा नेपाललाई धेरै फाइदा हुन्छ भने व्यवसायीलाई पनि उद्योग सञ्चालनमा सहजता प्राप्त हुन्छ ।

**नेपालमा एक वर्षको अवधिमा करिब पाँच लाख युवा श्रमिकहरू थपिन्छन् । त्यसमध्ये धेरै कठिनताका साथ एकदेखि डेढ लाखले मात्रै रोजगारी पाउँछन् र कम्तीमा साढे तीन लाख बेरोजगार हुन्छन् । रोजगारी पाउन नसक्नेहरू वैदेशिक रोजगारीमा जाने प्रचलन छ ।**


सरकारले एसएमईबाट उत्पादन र निर्यात बढाउन अनुदान र उत्प्रेरणा कार्यक्रम ल्याउनुपर्छ । साथै, निर्यात करको दरमा कटौती र निर्यातलाई सहजीकरण गरिदिए उत्पादित वस्तु तथा सेवा सहजै निर्यात हुने र बढी नाफा कमाउने वातावरण बन्छ । नाफा बढेपछि राज्यलाई स्वभाविक रूपमा फाइदा हुन्छ । सरकारले भैरहवामा विशेष आर्थिक क्षेत्र (सेज) स्थापनाको घोषणा गरे पनि कार्यान्वयनमा गएको छैन । विकसित मुलुकको जस्तो दररेट बनाएपछि त्यहाँ उद्योग/व्यवसाय जान हिच्किचाइरहेका छन् । उद्योग स्थापनाकर्ता ५ वर्षका लागि सम्बन्धित ठाउँमा गए पनि उसलाई एक सय वर्षसम्म उद्योग चलाउन पाइन्छ भन्ने ढुक्कपन चाहिन्छ । यसले मात्रै दिगोपन दिन्छ । स्थानीय तहमा उपलब्ध कच्चा पदार्थलाई अधिकतम प्रयोग गर्ने वातावरण बनाउनुपर्छ । औद्योगिक वातावरण बनाउन राज्यले अझै धेरै मिहिनेत गर्नुपर्ने आवश्यकता छ ।

बेरोजगार जनशक्तिलाई रोजगार केन्द्रित व्यावसायिक तालिम दिनु आवश्यक छ । हरेक वर्ष श्रम बजारमा आउने युवाहरूलाई विभिन्न तालिम दिँदा उनीहरूले सिक्ने अवसर मात्रै पाउँदैनन् समस्यामा जस्तोसुकै काम पनि गर्न तयार हुन्छन् । यसको उपयोग आगामी समयमा आउने कोरोनाजस्तै महामारीमा पनि हुन्छ । प्रोटोकलसहित काम गर्दै जाने वातावरण बनाइ सरकारबाट के लिने र सरकारलाई के दिने भन्ने शिक्षा प्रत्येक नागरिकलाई दिन सकिए मुलुकले नयाँ कोर्स लिन्छ ।

नेपाल आत्मनिर्भर हुने क्षेत्रका रूपमा कृषि रहेको छ । तर, अधिकांश नेपालीले कृषि पेसालाई हेयको दृष्टिले हेर्ने भएकाले पनि कृषिमा व्यावसायिकता आउन सकेको छैन । आफ्नै उत्पादनले आत्मनिर्भर हुने माध्यम भनेको कृषि नै हो । जहाँ जुन खेतीको सम्भावना छ त्यहाँ त्यही खेती गर्ने वातावरण बनाउनुपर्छ । नेपाली उद्योगहरूले किसानबाट उत्पादित वस्तुको प्रयोग गर्ने र सबै नागरिकले नेपाली वस्तु नै प्रयोग गर्ने बानी बसाउने कृषक बजार खोज्दै भौंतारिनुपर्ने अवस्थाको अन्त्य हुन्छ । नेपाली वस्तुको उत्पादन र प्रयोगमा सरकारले पनि उचित वातावरण बनाउनुपर्छ ।



*प्रधान घरेलु तथा साना उद्योग महासंघका पूर्व अध्यक्ष हुन् ।*




| महाप्रसाद अधिकारी

# नेपालको अर्थतन्त्र, राष्ट्र बैंक र कोभिड–१९

विश्वमा विभिन्न प्रकारका महामारीहरू समय-समयमा आइरहन्छन् । त्यस्ता महामारीले सम्बन्धित देश वा सीमित देशमा मात्रै असर गरेको देखिन्थ्यो । र, छिट्टै नियन्त्रणमा पनि आएको पाइन्छ । महामारीका रूपमा विगतमा देखिएका सार्स, जिका भाइरसजस्ता महामारी तुलनात्मक रूपमा सहजै नियन्त्रण भएको थियो । तर, सन् २०१९ को डिसेम्बरमा चीनको वुहान सहरमा पत्ता लागेको कोरोना समूहको भाइरस अत्यन्त छोटो समयमै युरोप, अमेरिका हुँदै संसारभर केही महिनामै फैलियो ।


संक्रमणदर तथा स्वरूप परिवर्तन गर्न सक्ने क्षमतासमेत उच्च रहेको कोरोना भाइरसलाई विश्व स्वास्थ्य संगठनले कोभिड-१९ नामकरण गऱ्यो र स्वास्थ्य सचेतना अपनाउन मुख्य गरी व्यक्ति-व्यक्तिबीच दूरी कायम गर्नुपर्नेसहितका मापदण्ड सिफारिस गरेपछि भाइरसबाट बच्न बचाउन सबैजसो देशका सरकारहरूले आमजनतालाई घरमै बस्नुपर्ने गरी निर्देशन जारी गरे । अत्यावश्यकबाहेक सम्पूर्ण उद्योग व्यवसाय बन्द गर्न तथा आवागमन रोक्न बन्दाबन्दी (लकडाउन), निषेधाज्ञा जस्ता आदेश जारी गरेपछि यसको प्रत्यक्ष असर विश्व अर्थतन्त्रमा पर्न गयो । यसले विश्वका अधिकांश मुलुकलाई आक्रान्त बनायो ।

### अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव एवं पुनरूत्थान

विश्वका धेरैजसो देशले हिँडडुल र आवागमन गर्न निषेधाज्ञा लागु गरेपछि अर्थतन्त्रका सबैजसो क्षेत्रहरूको उत्पादन आंशिक वा पूर्णरूपमा बन्द भए जसबाट रोजगारी गुम्न गई अर्थतन्त्रहरू धर्मराउन पुगे र मन्दीको अवस्था देखियो । चीन, भारत, ब्राजिलजस्ता धेरै जनसंख्या भएका देश, विकासोन्मुख देश र युरोप/अमेरिकाजस्ता विकसित देशको आर्थिक वृद्धिसमेत कमजोर वा घट्दो तहमा पुगेको थियो । सरकारले स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने खर्च बढ्न पुग्यो भने राजस्व उठ्न सकेन । जसले गर्दा सरकारलाई दोहोरो मार पर्न गयो ।

नेपालमा समेत सरकारले २०७६ चैत ११ देखि गरेको बन्दाबन्दीका कारण समग्र अर्थतन्त्रमा प्रभाव पऱ्यो । उद्योग व्यवसाय सञ्चालन हुन नसक्दा उत्पादन तथा रोजगारीमा परेको असरले अर्थतन्त्र प्रभावित बन्न पुग्यो । कोभिड १९ का कारण सबै क्षेत्र अस्तव्यस्त बने । अर्थतन्त्रमा





**उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारीअगाडि**
**२०७६ फागुनको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | २०७७ असार | | | २०७७ मंसिर | | | २०७८ वैशाख ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन |
| घरेलु उद्योग | ६३.७ | ३३.६ | २.७ | १६.८ | ३६.६ | ४६.६ | ५.६ | २०.० | ७४.४ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ६१.८ | ३२.३ | ५.९ | ८.१ | ४०.३ | ५१.६ | ६.८ | १४.० | ७९.२ |
| साना (रू.१५ करोडसम्म स्थिर पुँजी भएको) | ६३.७ | २८.७ | ७.६ | १४.१ | ४७.२ | ३८.७ | ०.८ | १७.६ | ८१.७ |
| मझौला (रु. १५-५० करोडसम्म स्थिर पुँजी भएको) | ४४.४ | ५०.० | ५.६ | १२.२ | ३८.८ | ४९.० | ६.० | २०.० | ७४.० |
| ठूला (रू. ५० करोड माथि स्थिर पुँजी भएको) | ४८.३ | ४४.८ | ६.९ | ८.३ | १६.७ | ७५.० | ०.० | ९.५ | ९०.५ |
| राष्ट्रिय औसत | ६१.० | ३४.९ | ४.१ | ९.१ | ३७.० | ५४.० | ४.२ | १४.६ | ८१.२ |

*स्रोत : कोभिड १९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन ।*

परेको प्रभाव सम्बन्धमा गरिएको तीन चरणको अध्ययनबाट नेपालमा बन्दबन्दीको अवस्थामा बन्द रहेका उद्योग र व्यवसाय २०७७ असारको तुलनामा २०७८ वैशाख सुरुसम्म आइपुग्दा सञ्चालनमा उल्लेख्य सुधार भएको पाइएको थियो । अघिल्लो बन्दाबन्दीलाई खुला बनाइएपछि उद्योग व्यवसायहरूको उत्पादन, कारोबारको अवस्था तथा रोजगारीको अवस्थामा समेत उल्लेख्य सुधार आएको पाइएको थियो । तथापि यस अवधिमा पर्यटन एवं मनोरञ्जन क्षेत्रका उद्योगको अवस्था भने कमजोर नै रह्यो । (संलग्न तालिका २, ३, ४)

यसैबीचमा कोभिड-१९ को दोस्रो लहर सुरु भयो । वैशाख १६ गतेदेखि पुनः देशको अधिकांश भागमा निषेधाज्ञा जारी भयो । धेरै उद्योग व्यवसाय पुनः बन्द हुने स्थिति आयो । तर, पछिल्लोपटकको निषेधाज्ञाको नकारात्मक असर अघिल्लोपटकको भन्दा कम देखियो । गत वर्ष लिइएका वित्त तथा मौद्रिक नीतिको सकारात्मक प्रभावका कारण अर्थतन्त्रको पुनरुत्थानमा सहयोग पुगेको महसुस व्यावसायिक क्षेत्रले गरेको छ । अर्थतन्त्रको पुनरुत्थानका सन्दर्भमा गरिएका अन्तर्राष्ट्रिय अध्ययनहरूले सुरुमा विश्व अर्थतन्त्रको पुनरुत्थान 'भी' आकारमा हुने अनुमानहरू गरिए पनि कोभिडको दोस्रो/तेस्रो लहरहरू आउन थालेपछि पुनरुत्थान 'यू' वा 'डब्ल्यू' वा 'एल' आकारमा हुनसक्ने अनुमानहरू गरिएका छन् । तर, कारोनाका लहरहरू आउने तथा क्रमशः व्यवस्थापन पनि हुँदै जाने हुँदा सोको आधारमा अन्ततः अर्थतन्त्र 'के' आकारमा पुनरुत्थान हुने अनुमान गरिएको छ ।

### नियमन व्यवस्था सम्बन्धमा

नेपाल राष्ट्र बैंकले प्रचलित कानुनले दिएको अधिकारको परिधिमा रही बैंक तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण एवं अनुगमन गर्दै आएको छ । अध्ययनबाट देखिएका नतिजा एवं सरोकारवालाबाट प्राप्त सुझावका आधारमा नीतिगत व्यवस्थामा आवश्यक सुधार एवं परिमार्जन गर्ने गरिएको छ । अन्तर्राष्ट्रिय अभ्यास एवं राष्ट्रिय आवश्यकतासमेतका आधारमा नयाँ एवं थप परिष्कृत निर्देशन जारी गरी बैंक तथा वित्तीय संस्थाको सञ्चालन पारदर्शी एवं उत्तरदायी तवरले हुन सकोस्, स्वनियमन एवं सुशासनमा आधारित भई संस्था सञ्चालन हुन सकून्, वित्तीय मध्यस्थता शुल्क प्रतिस्पर्धी एवं कम रहोस् भन्ने अभिप्राय एकातर्फ छ भने वित्तीय स्रोतको सुनिश्चितताका लागि सर्वसाधारणको निक्षेप परिचालनलाई उत्साहित राखिराख्न निक्षेपको ब्याजदर पनि न्यूनतम् स्वीकारयोग्य तह/मुद्रास्फीति दरको हाराहारीमा राख्ने अभिप्राय अर्कोतर्फ छ ।

कोभिडको समयमा तत्काल राहत दिन राष्ट्र बैंकले पाकेको ब्याज एवं ब्याजदरमा छुट, कर्जाको ब्याज भुक्तानीका लागि समय थप, ब्याज पुँजीकरणको सुविधा, पुनर्कर्जा सुबिधालगायत कैयौं सुविधाहरू व्यवसायीका लागि दिएको थियो भने बैंकहरूका लागि पनि नगद मौज्दातको अनुपातमा कटौती, कर्जा पुँजी निक्षेप (सीसीडी) अनुपात र कर्जा नोक्सानी व्यवस्थाहरूमा छुटलगायत व्यवस्थाहरू गरिएका थिए । समग्रमा नियमन व्यवस्थामा अधिकतम लचकता अपनाई केही विस्तारकारी मौद्रिक नीतिमार्फत राहत प्रदान गरिएको थियो । र अधिकांश नीतिहरू अहिले पनि निरन्तरता पाइरहेका छन् ।

केन्द्रीय बैंकले साना निक्षेपकर्ता एवं ऋणीले प्राप्त गर्ने सेवा-सुविधामा विशेष ध्यान दिएको छ । निक्षेपकर्ताको हित सुरक्षाका लागि 'सेफ्टिनेट भल्व' का रूपमा तीन लाख रुपैयाँसम्मको प्रतिवित्तीय संस्था प्रतिव्यक्ति निक्षेपको अनिवार्य

**औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडि**
**२०७६ फागुनको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | २०७७ असार | २०७७ मंसिर | २०७८ वैशाख |
|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ५८.१ | ७२.० | ७६.० |
| खानी तथा उत्खनन | ४०.० | ५२.५ | ६०.० |
| उत्पादनमूलक उद्योग | ४१.२ | ६१.९ | ७१.२ |
| विद्युत्, ग्यास तथा पानी | ६४.० | ९२.५ | ५८.३ |
| निर्माण | ३९.६ | ५४.८ | ७०.६ |
| थोक तथा खुद्रा व्यापार | ३१.५ | ५७.२ | ६४.४ |
| होटेल तथा रेस्टुरेन्ट | ७.१ | १८.१ | ४०.८ |
| यातायात तथा भण्डारण | १५.७ | ५५.० | ६७.५ |
| सञ्चार | ३३.२ | ४२.३ | ५८.८ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरू | १२.२ | ४६.४ | ६४.२ |
| शिक्षा | १८.३ | ३७.६ | ६५.१ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरू | ४०.८ | ५२.० | ७६.७ |
| अन्य क्षेत्रहरू | २१.८ | ४४.२ | ५२.२ |
| राष्ट्रिय औसत | २८.८ | ५०.५ | ६१.४ |

*स्रोत : कोभिड १९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन*



बिमा गर्नुपर्ने व्यवस्थाका कारण कहीं कतै वित्तीय संस्था असफल भएको अवस्थामा पनि निक्षेपकर्ताले क्षति बेहोर्नु नपर्ने स्थितिको सुनिश्चितता गरिएको छ । केन्द्रीय बैंकले निक्षेपको ब्याजदर सम्बन्धी व्यवस्था, चेक क्लियरिङमा दुई लाख रुपैयाँसम्म शुल्क नलाग्ने व्यवस्था, सबै नेपालीको खाता अभियानमार्फत सजिलै खाता खोलिने जस्ता कैयौं व्यवस्था गरेर वित्तीय पहुँच बढाउन र साना निक्षेपकर्ताको सेवा-सुविधामा अधिक ध्यान केन्द्रित गरेको छ । त्यस्तै, ग्रामीण क्षेत्रका जनसंख्या पुँजी अभावमा बस्नु नपरोस् भनेर लघु तथा घरेलु साना उद्योगमा सहभागी हुने साना ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रदान गर्ने र उनीहरूलाई ब्याजको आधारदर (बेसरेट) मा २ प्रतिशतसम्म मात्र थप प्रिमियम लिन पाउनेलगायत सहज व्यवस्था साना एवं मझौला ऋणीका लागि गरिएको छ । हजारौं साना ऋणीले पुनर्कर्जा प्राप्त गर्न सक्ने व्यवस्था पनि गरिएको छ ।

विपन्न वर्ग कर्जामार्फत साना ऋणी तथा बचतकर्तालाई सेवा-सुविधा दिन कर्जाको अधिकतम ब्याजदर, निश्चित सीमाभन्दा बढी लाभांश वितरण गर्दा सञ्चित कोष (रिजर्भ) का रकम छुट्याउनुपर्ने, कमभन्दा कम ब्याजदर फरक राखी सेवा दिनुपर्ने व्यवस्थामार्फत निक्षेप र कर्जामा सर्वसाधारणको पहुँच बढाउन प्रयास भएको छ । देशको कुल गार्हस्थ उत्पादनमा वाणिज्य बैंक (क वर्ग), विकास बैंक (ख वर्ग), वित्त कम्पनी (ग वर्ग) का संस्थाहरूमा रहेको निक्षेप अनुपात शतप्रतिशतभन्दा माथि र कर्जासमेत शतप्रतिशतकै हाराहारीमा पुगिसकेको अवस्थालाई चुनौतीका रूपमा लिनुपर्ने देखिन्छ । क, ख, ग वर्गका संस्थाको समग्रमा पुँजीकोष अनुपात १४.१९ प्रतिशत, पर्याप्त तरल सम्पत्तिको अवस्था र निष्क्रिय कर्जाको अनुपात १.४८ प्रतिशत रहनुले वित्तीय प्रणाली स्वस्थ रहेको देखाउँछ ।

**वित्तीय पहुँच, शाखा संख्या र मर्जर**

वित्तीय पहुँचमार्फत देशको ग्रामीण तहसम्म सुलभ बैंकिङ सेवा प्राप्ति सम्भव होस् भन्ने नीतिगत व्यवस्थाका कारण हाल सात सय ५३ स्थानीय निकायमध्ये सात सय ५० वटामा बैंकिङ सेवा पुगिसकेको छ । जिल्लागत रूपमा प्रतिशाखा सेवा प्रदान गर्ने जनसंख्याको औसत संख्या कम्तीमा मुस्ताङमा पाँच सय २४ देखि बढीमा सर्लाहीमा १२ हजार आठ सय ८० सम्म रहेको छ । समग्रमा प्रतिशाखा सेवा प्रदान गर्ने जनसंख्याको औसत संख्या दुई हजार आठ सय ४४ मा सीमित भएको छ । तथापि अझै पनि कतिपय स्थानीय तहमा बैंकिङ सेवा सुलभता अपेक्षितभन्दा कम रहेको छ । शाखा सञ्जालमार्फत बैंक तथा वित्तीय संस्था गाउँगाउँमा पुग्ने क्रम शीघ्र रूपमा अगाडि बढिरहेको छ । प्रदेशगत रूपमा समेत बैंक तथा वित्तीय संस्थाहरूका शाखा विस्तार हुँदै गएका छन् । बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्तसमेत) को शाखा संख्या १० हजार ६ सय ८३ पुगेको छ ।

राष्ट्र बैंकले वित्तीय पहुँच वृद्धिका लागि शाखा सञ्जालको विस्तार गर्दा ग्रामीण क्षेत्रमा दुईवटा शाखा खोलेपछि मात्र सहरी क्षेत्रमा एउटा शाखा खोल्न पाउने नीतिगत व्यवस्था गरेको, गाउँपालिकामा शाखा खोल्न बैंकहरूलाई पालिका तोकेरै निर्देशन दिएको एवं विगतमा ग्रामीण क्षेत्रमा शाखा खोल्दा निश्चित रकम लगानीका लागि निर्ब्याजी उपलब्ध गराउने नीतिगत व्यवस्थाका कारण शाखा विस्तारमा उल्लेखनीय उपलब्धिहरू हासिल गर्न सकिएको हो । (संलग्न तालिका ५ र ६)

कुल निक्षेप खाताको संख्या, ऋणीको संख्या, शाखारहित बैंकिङ सेवाको विस्तार, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ प्रयोगकर्ताको संख्या, एटीएम कार्ड प्रयोगकर्ताको संख्या पनि उत्साहजनक रूपमा बढोत्तरी भएको छ । लघुवित्त वित्तीय संस्था (घ वर्ग) का इजाजतपत्र प्राप्त संस्थामार्फत ठूलो संख्यामा जनताले बचत, कर्जा र अन्य वित्तीय सेवा प्राप्त गरेका छन् ।

वित्तीय संस्थाको संख्याको सम्बन्धमा बौद्धिक वर्ग, सञ्चारमाध्यम एवं अन्य सरोकारवालाले बहस चलाउँदै आएको पाइन्छ । विगतमा वित्तीय पहुँच वृद्धि गर्न र सेवा प्रवाहको क्षेत्रीय असन्तुलन हटाउन जिल्लागत रूपमा समेत स-साना वित्तीय संस्था सञ्चालन गर्न अनुमति दिइएकामा अहिले सबै प्रकारका वित्तीय संस्था सञ्चालनका लागि अनुमति दिन र आवेदन लिन छाडिएको छ । यद्यपि परिवर्तित परिवेश र आवश्यकताका आधारमा क्षेत्रगत नयाँ वित्तीय संस्था स्थापना हुनै नसक्ने अवस्था भने होइन ।

केही वर्षदेखि सुरु भएको स्वस्फूर्त बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिन अहिले पनि जारी छ । राष्ट्र बैंकले पनि बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) एवं प्राप्तिसम्बन्धी विनियमावलीमार्फत सहजीकरण गरिरहेको छ । सरकारले पनि कर छुटलगायत सुविधा दिएका कारण वित्तीय संस्थाहरू मर्जरतर्फ थप आकर्षित भएका छन् । यसरी गाभिँदा पनि जनताले पाउने शाखागत बैंकिङ सुविधा घट्न दिइँदैन । बरु सोही शाखाबाट थप बैंकिङ सेवा प्राप्त गर्ने अवसर सिर्जना हुन्छ । संस्था ठूला र बलिया भएमा वित्तीय स्थायित्व प्राप्त भई समग्र प्रणालीले फाइदा पाउँछ, मध्यस्थता लागत घट्छ ।

गाभ्ने/गाभिने र प्राप्ति गर्दा फरक संस्थाका कार्य प्रकृति, कर्मचारी सेवा सुविधा एवं पद मिलान, सफ्टवेयरको एकीकरण, शाखा मिलान, प्रडक्ट मिलान, व्यवस्थापकीय तहमा रहेका कर्मचारी एवं पदाधिकारीको व्यवस्थापनलगायत विषयमा केही चुनौती रहे पनि कर्मचारीको वर्तमान सेवा-सुविधामा कमी नहुने गरी बैंक तथा वित्तीय संस्थाहरूलाई एकत्रीकरण (कन्सोलिडेसन) मा लैजान प्रेरित गरिरहेको अवस्था छ । बैंक तथा वित्तीय संस्था मर्जरमा जाँदा यसको प्रभावकारिता तथा उपयुक्त संख्याको सम्बन्धमा थप अध्ययन गरी निर्णय लिइँदै जाने हो ।

बैंक तथा वित्तीय संस्थाको संख्या कति हुनुपर्छ भन्ने कुनै सिद्धान्त छैन । प्रणालीले निर्धारण गर्दै जाने हो । बैंकिङ सेवाको गुणस्तर, लागत एवं पहुँचलाई ध्यान दिँदै अगाडि बढ्नु उपयुक्त हुन्छ र यसले दीर्घकालमा फाइदा गर्छ । प्रवाह गर्ने सेवा, 'नेटवर्क', सम्पत्तिको गुणस्तर, पुँजीबारे एउटा स्पस्ट दृष्टिकोण आवश्यक पर्छ र त्यसका लागि वासल तीनसम्मका नीतिगत व्यवस्था नेपाली भर्सनमा लागु गरेका छौं । चुक्ता पुँजी, प्राथमिक पुँजी र पुँजीकोष सम्बन्धमा अन्तर्राष्ट्रिय असल अभ्यास समेतलाई आधार मानी समसामयिक रूपमा आवश्यक व्यवस्था गर्दै जाने हो । पुँजीकोष अनुपातकै आधारमा बैंकहरूले व्यवसाय विस्तार गर्दै जाने हुन् । देशको अर्थतन्त्रको संरचनाअनुसार बैंक तथा वित्तीय संस्थाहरूको स्रोतको प्रयोग उत्पादनशील क्षेत्रमा अधिक हुन सकोस् भनी कृषि, पर्यटन एवं ऊर्जा क्षेत्रमा निश्चित प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । यसबाट यी क्षेत्रमा कर्जा विस्तार हुनका साथै रोजगारी सिर्जना एवं आयात प्रतिस्थापनमा समेत सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । ठूला व्यावसायिक घरानासमेत यी क्षेत्रतर्फ आकर्षित हुँदै गएकाले भविष्यमा राम्रो नतिजा आउने सम्भावना छ । धितोमा आधारित भई कर्जा प्रवाह गर्ने प्रवृत्तिमा सुधार आएर परियोजनामा आधारित कर्जा प्रवाह गर्ने पद्दतिको विकास भएको छ ।

**सुपरिवेक्षण तथा नियमन**

राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको नियमन, सुपरिवेक्षण एवं अनुगमन निरन्तर रूपमा गरिरहेको छ । समयानुकूल तरिका र

**उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारीअगाडि २०७६ फागुनको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | २०७७ असार | २०७७ मंसिर | २०७८ वैशाख* |
|---|---|---|---|
| घरेलु उद्योग | २९.४ | ४६.८ | ५९.७ |
| लघु उद्यम/साना खुद्रा व्यापार | २६.९ | ५१.८ | ६१.४ |
| साना (रु. १५ करोडसम्म स्थिर पुँजी भएको) | २६.८ | ४७५ | ५९.६ |
| मझौला (रु. १५-५० करोडसम्म स्थिर पुँजी भएको) | ३६.६ | ४९.४ | ६४.५ |
| ठूला (रु. ५० करोडमाथि स्थिर पुँजी भएको) | ४१.३ | ५०.६ | ७२.९ |
| राष्ट्रिय औसत | २८.८ | ५०.५ | ६१.४ |

*स्रोत : कोभिड १९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन ।*



औजारको प्रयोग गरेर संस्थाको आकार, वर्ग, कारोवारसमेतलाई हेरि जोखिममा आधारित भई स्थलगत, गैरस्थलगत अनुगमन एवं विशेष निरीक्षण र अन्तर्राष्ट्रिय अनुपालन कार्यान्वयनमा समेत केन्द्रीय बैंक क्रियाशील भइरहेको छ ।

केन्द्रीय बैंकबाट जारी भएका निर्देशनहरूको पालना, बैंकिङ जोखिमको व्यवस्थापन, संस्थाको निरन्तर सञ्चालन, जनतालाई प्रदान गर्ने सेवा एवं संस्थाको स्वास्थ्य आदिलाई प्राथामिकता दिई निरीक्षण/सुपरिवेक्षण गर्ने गरिएको छ र आगामी दिनमा पनि यसले निरन्तरता पाउँछ । विशेषगरी असहज अवस्थामा वित्तीय संस्थाले गर्नसक्ने कर्जा 'इभरग्रिनिङ' तथा 'विन्डो ड्रेसिङ' लगायत विषयलाई सुपरिवेक्षणमा सतर्कतापूर्वक हेरिएको हुन्छ । वित्तीय संस्थाहरूलाई स्वयं सुशासनमा रही कारोबार गर्न प्रेरित गर्ने हो । पछिल्ला वर्षहरूमा कोभिडका कारण स्थलगत निरीक्षणमा केही चुनौती देखिए पनि गैरस्थलगत सुपरिवेक्षणका माध्यमबाट संस्थाहरूलाई नियालिरहेका छौं । 'इन्डिभिजुअल बैंक सुपरभिजन (आईबीएस)' पद्धतिअनुसार प्रत्येक बैंकको लागि गैरस्थलगत सुपरभाइजर तोकेर सुपरिवेक्षण अनुगमन गर्ने गरिएको छ । सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) को कार्यान्वयनबाट तथ्यांकको विश्वसनीयता बढ्नुका साथै संस्थाहरूको वित्तीय एवं अन्य अवस्था तत्काल थाहा पाई निर्देशन दिन एवं नयाँ नीतिगत व्यवस्था गर्न सहज हुँदै गएको छ ।

**तरलता व्यवस्थापन**

केही वर्षयता तरलता (बैंकमा भएको लगानीयोग्य रकम) लाई सरोकारवालाले बढी नै चर्चा गर्ने गरेका छन् । यो अत्यन्त महत्वपूर्ण विषय पनि हो । वित्तीय क्षेत्रमा तरलता थोरै मात्र तलमाथि हुँदा पनि अत्तालिने प्रवृत्ति छ । बैंकरहरू सहजतामा काम गर्ने, अपेक्षित जोखिम नलिने, थोरै दबाब पनि नथेग्ने र बढी आत्तिने गरेको जस्तो देखिन्छ । तरलता व्यवस्थापनका लागि उपलब्ध औजारहरू स्थायी तरलता सुविधा (एसएलएफ), रिपो, रिभर्स रिपो, निक्षेप संकलन, सोझै खरिद/बिक्री (आउटराइट सेल/पर्चेज), नेपाल राष्ट्र बैंक ऋणपत्रहरूको आवश्यकताका आधारमा प्रयोग भइरहेकै हुन्छ । प्रणालीमा केही बैंकले अति अल्पकालीन स्रोत लिई मध्यमकालीन वा दीर्घकालीन लगानी गर्दा तरलता समस्या छिटोछिटो देखिएको हो । यसलाई निरन्तर अनुगमनबाट व्यवस्थापन गरिँदै आएको छ ।

गत वर्ष तरलताको उपलब्धताले कर्जाको ब्याजदर एक अंकमै सीमित रहयो । जसको फाइदा समग्र प्रणालीले प्राप्त गर्‍यो । हाम्रो प्रयास यसैलाई निरन्तरता दिने हो । खुला र प्रतिस्पर्धी अर्थ-व्यवस्थामा ब्याजदर एकाध प्रतिशतको तलमाथि हुनुलाई ठूलो विषय बनाउनु हुँदैन । अन्तर्राष्ट्रिय अभ्यासका आधारमा कर्जा निक्षेप (सीडी) अनुपातको कार्यान्वयनमा ल्याइएको हो र यसले दीर्घकालमा वित्तीय प्रणालीलाई फाइदा पुर्‍याउँछ । ब्याजदर करिडोरको कार्यान्वयन एवं अन्य उपलब्ध औजारबाट तरलतालाई वाञ्छित सीमामा राख्न सकिने नै छ । निजी क्षेत्रतर्फ लक्षित कर्जा प्रवाहका लागि आवश्यक तरलता राष्ट्र बैंकले उपलब्ध गराउँछ ।

नेपालमा विश्वका कतिपय मुलुकमा जस्तो बैंकर र व्यवसायी छुट्टिएको अवस्था छैन । एउटै व्यवसायी वस्तुगत संघमा रहेर कम ब्याजदरको वकालत गरिरहेको हुन्छ भने बैंकरको समूहमा रहेर ब्याजदर अन्तर बढाउने वकालत गरिरहेको हुन्छ । यसले वित्तीय क्षेत्रमा केही जटिलता भने थपेको छ । तर विगत एक दशकदेखि वित्तीय संस्थाका सञ्चालकले केही घरायसी प्रकृतिको निश्चित कर्जाबाहेक अन्य व्यावसायिक कर्जा लिन नपाउने व्यवस्था कार्यान्वयनमा ल्याएकाले सम्बन्धित पक्षहरू आफैं एउटा व्यवसायमा केन्द्रित हुन थालेका छन् । बैंकहरूको जोखिम, प्रतिसेयर आय प्रतिशत र सम्पत्तिमा आय प्रतिशत हेरेर व्यवसायको छनोट गर्ने प्रकृति बढेको छ । यसमा निरन्तर सुधार हुँदै जाने देखिन्छ ।

**अन्त्यमा**

कुनै पनि देशको केन्द्रीय बैंकका आफ्नै सीमाहरू हुन्छन् र विकासोन्मुख देशमा अझ बढी हुन्छ र छन् । समग्र आर्थिक नीतिको एउटा अंगका रूपमा मौद्रिक नीति एवं निर्देशनमार्फत केन्द्रीय बैंकले मुद्राप्रदायमार्फत हुने मुद्रास्फिति, मुद्रा माग र तरलताको व्यवस्थापन गर्दछ भने वित्तीय मध्यस्थता लागत न्यूनतम तहमा राखी सबैलाई बैंकिङ पहुँचमा ल्याउने, बैंकिङ व्यवसायलाई अन्तर्राष्ट्रियस्तरको बनाउने, वित्तीय स्थिरता एवं बाह्य स्थिरता कायम गर्ने, उपलब्ध वित्तीय स्रोतको उत्पादनशील क्षेत्रमा परिचालन गरी समृद्धि हासिलमा सहयोग गर्ने काम पनि गर्दछ । काम गर्दै जाँदा आउने चुनौतीहरूको सामाना गर्दै सकारात्मक भएर अगाडि बढ्नुपर्छ ।

विद्युतीय भुक्तानीमा भएको विकासको कारण गाउँमै बसेर पनि कतिपय बैंकिङ सेवा प्राप्त गरिने अवस्था बन्दै गएको छ । 'नेसनल पेमेन्ट स्विच' को सञ्चालन भएपश्चात् आगामी दिनमा थप वृद्धि एवं सुधार हुँदै जाने नै छ । आगामी दिनमा विद्युतीय कारोबारको माध्यम समेतबाट वित्तीय समावेशिता र पहुँच अभिवृद्धि गर्दै बैंकिङ सुविधाको विस्तार एवं विकास गरी सर्वसाधारणले सुरक्षित वित्तीय सेवा प्राप्त गर्न तथा बैंकिङ प्रविधिमा रहेका जोखिमलाई व्यवस्थापन गर्न सक्ने अवस्था निर्माण गर्न केन्द्रिय सदैव सक्रिय रहन्छ नै ।

कोभिड-१९ अघिको अवस्थाबाट बिस्तारै कोभिडसहित सुरक्षित रूपमा अगाडि बढ्नुपर्ने चुनौती हाम्रो सामु छ । विशेषगरी व्यावसायिक जगत्ले औपचारिक अर्थतन्त्रलाई प्रेरणा दिँदै महामारी र प्रकोपजस्ता अवस्थामा पनि सहजै सेवा प्रवाह गर्न उपयुक्त नयाँ तरिकाहरू अवलम्बन गर्नुपर्ने र संरचनाहरू निर्माण गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ । राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा आउने उतारचढाव एवं धक्काहरूबाट आफूलाई जोगाउन निजी क्षेत्रले संस्थागत संस्कृतिको विकास गर्दै आफू पनि बाँचौं र अरूलाई पनि बचाऔं भन्ने भावनालाई आत्मासात् गर्दै अघि बढ्नुको विकल्प छैन र कोभिडले सिकाएको पाठ पनि यही हो ।

*अधिकारी नेपाल राष्ट्र बैंकका गभर्नर हुन् ।*

**बैंक तथा वित्तीय संस्थाहरूको प्रदेशगत शाखाहरूको विवरण (२०७८ असार)**

| प्रदेश | क | ख | ग | घ | जम्मा (क+ख+ग) | जम्मा (क+ख+ग+घ) |
|---|---|---|---|---|---|---|
| १ | ७२८ | १७७ | २५ | ७८३ | ९३० | १७१३ |
| २ | ५४९ | ७९ | २५ | ९५४ | ६५३ | १६०७ |
| वाग्मती | १,६६४ | २९५ | ९५ | ६८१ | २०५४ | २७३५ |
| गण्डकी | ५७७ | १८२ | ३३ | ५७४ | ७९२ | १३६६ |
| लुम्बिनी | ७२६ | २२७ | ३५ | १०८५ | ९८८ | २०७३ |
| कर्णाली | १९२ | १७ | ३ | २०० | २१२ | ४१२ |
| सुदूरपश्चिम | ३१७ | ४६ | ६ | ४०८ | ३६९ | ७७७ |
| जम्मा | ४७५३ | १०२३ | २२२ | ४६८५ | ५९९८ | १०६८३ |


**जनसंख्या प्रतिशाखा विवरण**

| वर्ष | शाखा (क+ख+ग+घ) | जनसंख्या प्रतिशाखा |
|---|---|---|
| २०७३ | ४,२७४ | ६,५६२ |
| २०७४ | ५,०६८ | ५,६१० |
| २०७५ | ६,६५० | ४,३३४ |
| २०७६ | ८,६८६ | ३,३६३ |
| २०७७ | ९,७६५ | ३,०७२ |
| २०७८ | १०,६८३ | २,८४४ |

*नोट : असार मसान्तसम्मको (क, ख, ग र घ वर्गका संस्थाहरूको शाखा संख्या)*



RBBL
Credit Card
प्रयोग गर्नुहोस्, हामी बिच रहेको विश्वास प्रति गर्व गर्नुहोस्।
जीवन सहज बनाई दिने आफ्नैले त हो नी !
विशेषताहरू:
- २० हजार देखी ५ लाख सम्मको Credit Limit
- नेपाल, भारत र भुटानमा चल्ने
- प्रतिष्पर्धी बजारमा सस्तो ब्याजदर
- आफ्नो खातामा पैसा नभए पनि Limit अनुसार आर्थिक कारोबार गर्न सकिने
Valid only in Nepal & India
VALID FROM 02/21
VALID THRU 02/26
CUSTOMER NAME
VISA
Classic
आफ्नो भनेको आफ्नै हुन्छ
राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था
राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौ
फोनः ९७७-१-४२५-२५९५ | फ्याक्सः ९७७-१-४२५-२९३१ | rbb.info@rbb.com.np | www.rbb.com.np



। डा. वैकुण्ठ अर्याल

# अन्तर्राष्ट्रिय व्यापारमा विविधीकरण : प्रतिफलको समीक्षा आवश्यक




जुनसुकै व्यापारमा व्यापार गर्न वस्तु र सेवा हुनुपर्छ । वस्तुको उत्पादनसँगै बजारमा त्यो वस्तु र सेवाको उपलब्धता भएपछि मात्रै हामीले व्यापार गर्ने हो । वस्तु उपलब्ध छैन/हुँदैन भने व्यापार गर्छु भनेर मात्र हुँदैन । सरकारका नीतिहरू पनि व्यापार गर्ने, निर्यात बढाउने मात्र भएर हुँदैन । त्यसका लागि निर्यातयोग्य वस्तु तथा सेवाहरू छन्/छैनन् भन्ने पाटो हेरिनुपर्छ । अर्कोतिर वस्तुउत्पादन गरेर मात्रै हुँदैन सम्बन्धित वस्तु प्रतिस्पर्धी तवरको छ/छैन भन्ने पक्षले महत्वपूर्ण भूमिका खेल्छ । खासगरी वस्तु तथा सेवाको गुणस्तर र मूल्यमा प्रतिस्पर्धी भएन भने उत्पादित वस्तु तथा सेवाले अपेक्षित बजार पाउने सम्भावना हुँदैन ।

हामीले उत्पादन गरेको वस्तुलाई बजारसम्म पु¥याउन चुनौती छ । उत्पादित वस्तुको बजार पहिल्याएर व्यापारीकरण गर्नुपर्छ । लामो समयदेखि भन्दै आएको व्यापार विविधीकरण, वस्तु विविधीकरण र देश विविधीकरणबाट कति फाइदा गर्‍यो एकपटक समीक्षा गर्नुपर्ने बेला आएको छ । व्यापार बढाउन 'व्यापार विविधीकरण' ले के-कस्तो सहयोग गर्‍यो भन्नेबारे अध्ययन-विश्लेषण गरेर अघि बढिएन भने सोचेअनुसार व्यापारमा फड्को मार्न कठिन हुन्छ । किनभने विविधीकरणले उत्पादित वस्तुहरूलाई छर्ने काम मात्र पनि गरेको हुनसक्छ । वस्तु तथा सेवाको थोरै उत्पादनले उत्पादन लागत मात्रै बढाउँदैन व्यापारको लागत पनि बढाएर प्रतिस्पर्धी हुन नसक्ने स्थिति पैदा हुन्छ । अर्कोतिर उत्पादित वस्तु तथा सेवाहरू बजारको मागअनुसार भएन भने बजार नपाउने खतरा रहन्छ ।

अन्तर्राष्ट्रिय व्यापारको सन्दर्भमा व्यापारीहरूले नेपालमा वस्तु कम उत्पादित छ भनेर कम लिने र नपुगेको वस्तु अन्यत्रबाट लिने भन्ने हुँदैन । त्यसैले हामीले उत्पादन गर्ने वस्तुहरू परिमाणात्मक रूपमा पनि धेरै हुन जरुरी छ । नेपालको सन्दर्भमा पनि यही नियम लागु हुन्छ । हामीले पनि कुनै समान धेरै किन्नु छ भने एकै ठाउँबाट लिने गर्छौं र चाहर्दै हिंड्ने गरिँदैन । परिमाणात्मक रूपमा धेरै उत्पादनको

सम्भावना भएका वस्तुहरूको प्रवर्द्धन गरी बढीभन्दा बढी उत्पादन गरेर निर्यात गर्नुपर्छ। धेरै उत्पादन गर्न सक्छौं/सक्दैनौं भन्नेबारे पनि ध्यान दिनुपर्छ। मुलुकलाई विविधीकरण गर्दा उत्पादित वस्तु धेरै ठाउँमा जाने भनिन्छ। हाम्रो वस्तुको बजारीकरणका लागि त्यो सम्भव होला तर, व्यापार गर्ने बेलामा धेरै ठाउँमा छरियो भने सबै ठाउँमा उत्तिकै परिमाणमा वस्तु पुऱ्याउन कठिन हुन्छ।

अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्दा वस्तुको उत्पादन, बजारीकरणको विधि र उत्पादनको परिमाणमा 'फोकस' हुनुपर्छ। यसबीचमा अन्तर्राष्ट्रिय बजारबाट के-कति फाइदा भयो अथवा भएन भन्ने खोज्नु जरुरी छ। उदाहरणका लागि सन् २००९ मा नेपालले व्यापार गरेका देशमध्ये ७० वटा मुलुकसँगको व्यापार नाफामा थियो। अर्थात् ती देशबाट निर्यातभन्दा आयात कम गरेको थियो। दश वर्षको दौरान अर्थात् २०१८ मा आइपुग्दा नेपालले वैदेशिक व्यापार गर्ने देश बढाइरहे पनि २७ वटा देशसँग मात्रै हाम्रो व्यापार नाफामा छ। अहिले प्रायः मुलुकहरूसँग व्यापार घाटाको स्थिति छ। आखिर यस्तो अवस्था किन भयो भन्नेबारे अध्ययन गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तुहरूलाई अलि बढी फोकस गर्नुपर्छ।

हामीसँग नेपाल व्यापार एकीकृत रणनीति (एनटीआईएस) छ। यसले निर्यात गर्न सक्ने वस्तुहरूको पहिचान गरी सूची बनाउँदै पनि आएको छ। उत्पादित सामानलाई बजारसम्म पुऱ्याउन एक प्रकारको प्रणाली (मेकानिजम) आवश्यक हुन्छ। अहिलेको युगमा हामीले जस्तो वस्तु उत्पादन गरेर पठायो त्यस्तै बजारले लिँदैन अर्थात् वस्तु तथा सेवा उत्पादन गरेर मात्रै हुँदैन। जस्तै- कृषिजन्य पदार्थ हो भने विषादीको प्रयोग भएको छ/छैन, रासायनिक मलको प्रयोग भएको छ/छैन भन्ने हेर्ने गरिन्छ। नेपालको सन्दर्भमा किटनाशक औषधिको समस्या छ। रासायनिक मल नराखी खेती गर्दा उत्पादन लागत बढ्न जाने गरेको छ। लागत बढ्नु भनेको वस्तुको मूल्य पनि बढ्नु हो। यसले अन्तर्राष्ट्रिय बजारमा वस्तुहरूको मूल्य प्रतिस्पर्धी हुन नसक्ने स्थिति पैदा हुन्छ। यस सन्दर्भमा पनि हामीले विशेष ध्यान दिनुपर्छ।

जस्तो, म वाणिज्य मन्त्रालयमा हुँदा चियाको सन्दर्भमा 'ट्रेसिबिलिटी' (चियाको बोट लगाएदेखि चिया उत्पादन हुँदासम्मको अवस्था ट्रेस गर्ने प्रणाली) गरिएको थियो। यसले चियामा विषादी, रासायनिक मल अन्य रसायनहरू मिसाइएको छ/छैन, कसरी उत्पादन भएको छ भन्ने कुरा देखाउँछ। सबैथरीका वस्तुको 'ट्रेस' गर्न हामीले लागत बेहोर्न र प्रतिस्पर्धी क्षमता बढाउन तयार भएर त्यसका लागि तयारी गर्नुपर्नेछ।

हाम्रो व्यापारका पूर्वाधार अत्यन्त कमजोर छन्। सडकको अवस्था राम्रो छैन। जस्तो हामीसँग नेपाल-भारत क्षेत्रीय व्यापार तथा पारवहन परियोजना (एनआईआरटीटीपी) छ। यसै परियोजनाबाट मुग्लिङ-नारायणगढ सडक विस्तार गरिएको छ। किनकि यसले व्यापार बढाउन मद्दत गर्छ भनेर एनआईआरटीटीपीबाट सडक विस्तार गरिएको हो। त्यस्तै, भन्सारमा लागु गरिएको राष्ट्रिय एकद्वार प्रणाली र कृषि तथा पशुपक्षी मन्त्रालयमा सेनेटरी एन्ड फाइटोसेनेटरी (एसपीएस) का लागि आवश्यक ल्याब र क्वारेन्टाइनहरू बनाउने काम पनि यसै परियोजनामार्फत गरिएको छ। यसले पनि के देखाउँछ भने व्यापारका लागि सम्पूर्ण पूर्वाधार आवश्यक हुन्छ। अहिले चोभारमा सुक्खा बन्दरगाह (ड्राइपोर्ट) बनिरहेको छ, अन्यत्र कतिपय ठाउँमा एकीकृत जाँच चौकी छन्। यी सबै व्यापार पूर्वाधारभित्र पर्छन्। यसका साथै हाम्रा ढुवानीका साधनहरू कस्ता छन्, ढुवानीकर्तालगायत ढुवानीसँग जोडिएका कम्पनीहरू के-कस्ता छन् भन्ने विषयले पनि व्यापारमा महत्व राख्छ। यावत् विषयहरू व्यापार पूर्वाधारभित्र पर्ने भएकाले तिनीहरूको स्तरोन्नति गर्नुपर्छ र यो नियमित प्रक्रियाभित्र पर्छ। चोभारको ड्राइपोर्ट लगभग अन्तिम चरणमा पुगेको छ। व्यापार पूर्वाधारका लागि सडक महत्वपूर्ण हुने भएकाले त्यसतर्फ पनि ध्यान केन्द्रित गराउनुपर्ने अवस्था छ।

**दुई वर्षअघि चिनियाँ राष्ट्रपति नेपाल आउँदा जुनार, सुन्तलाहरू चीन पठाउने भनेर सम्झौता भयो। त्यसका लागि मिलेर काम गर्ने सम्झौता भए पनि काम अघि बढाउन सकिएको छैन।**

अर्को पक्ष भनेको नेपालले केही मुलुकसँग व्यापार सम्झौता गरेको छ। क्षेत्रीय र बहुपक्षीय सन्धि/सम्झौतामा पनि सँगसँगै नेपाल आबद्ध छ। यसका मापदण्डहरू पनि पुऱ्याउनुपर्ने हुन्छ। अहिले नेपाल अति कम विकासित मुलुक भएका कारणले केही सुविधाहरू पाएको छ। जस्तै, युरोपमा (ईबीए) भन्ने छ र, त्यहाँ हातहतियारबाहेक अरू सबैलाई 'ड्युटी फ्री' कोटा छ। भारत, अमेरिकालगायत मुलुकमा नेपालले कोटा पाइरहेको छ। त्यसका लागि पनि केही प्रक्रियाहरू पुऱ्याउनुपर्ने हुन्छ। जस्तै, 'एसपीएस' का लागि ल्याबहरू, क्वारेन्टाइनहरू बनाएर प्रयोगमा ल्याएको हुनुपर्छ। हामीले तोकिएका सुविधा पाइराख्न आवश्यक मापदण्ड पूरा गरेको हुनुपर्छ र एकपटक पूरा भयो भनेर छाड्नु हुँदैन।

दुई वर्षअघि चिनियाँ राष्ट्रपति नेपाल आउँदा जुनार, सुन्तलाहरू चीन पठाउने भनेर सम्झौता भयो। त्यसका लागि मिलेर काम गर्ने सम्झौता भए पनि काम अघि बढाउन सकिएको छैन। कुनै पनि काम ढिला हुँदा बजार लिन गाह्रो हुन्छ किनभने बजारमा अर्कै प्रवेश गरिसकेको हुन्छ। त्यसको क्षति हामी आफैँले बेहोर्नुपर्छ। हामीले निर्यात गर्ने भनेको वस्तुहरूले निरन्तरता पाउन सक्छ कि सक्दैन भनेर पनि हेरिनुपर्छ। सुरुमा धेरै वस्तु निर्यात गर्ने भनिएला तर दोस्रोपटक माग गर्दा हामीसँग सम्बन्धित वस्तु भएन भनियो भने बजारका लागि गरिएको सम्झौता दिगो नहुन सक्छ। त्यसैले उत्पादन, उत्पादन प्रक्रिया, लागत र व्यापारसम्म पुऱ्याउने कुराहरूमा असाध्यै धेरै ध्यान दिन जरुरी छ।

नेपाल भूपरिवेष्टिक मुलुक भएकाले 'ट्रान्जिट कस्ट' बढी नै हुन्छ। काठमाडौंबाट कोलकातासम्म झन्डै ११ सय किमि हाराहारीमा पर्छ। पूर्वतिरबाट समान ल्याउन 'कनेक्टिभिटी' अहिले ठीकै छ। तर, पश्चिमतिरबाट आउने ठाउँमा पनि एउटा पोर्ट भयो भने व्यापारमा सहयोग गर्ने देखिन्छ। यसका लागि दुई विकल्पमा छलफल भइरहेको छ।



एउटा, भारतको पश्चिमतिर पर्ने गुजरातको मुद्रा बन्दरगाह प्रयोग हो । यसका लागि महाकालीपारि दोधारा-चाँदनीसम्म 'लिंक' गर्ने भन्ने हो। अर्को, भारतसँग मोटामोटी समझदारी भएको 'ट्रान्जिट परावहन' सम्झौताको कार्यान्वयन हो । म वाणिज्य मन्त्रालयमा हुँदा 'ट्रान्जिट परावहन' सम्झौताको पुनर्लेखन भएको थियो । समझदारीअनुसार भारतले बनाइरहेको आन्तरिक जलमार्ग कोलकातादेखि वाराणसीसम्म आउँदा तीनवटा बन्दगाह प्रयोग गर्न सकिने र त्यहाँसम्म ठूलो जहाजबाट आएको वस्तुलाई सानो जहाजमा ल्याएर तत्‌तत्‌विन्दुबाट नेपाल ल्याउन सकिने भन्ने छ। यसै हिसाबले अहिले कामसमेत भइरहेको छ। यससँगै हाम्रा नदी प्रणालीहरूलाई भारतका जलमार्गसम्म जोड्नेबारे एउटा अध्ययनसमेत भइरहेको छ। भारतका आन्तरिक जलमार्ग सही रूपमा प्रयोग गर्न सकियो भने पनि अहिले प्रयोग गरिएको जलमार्गसम्मको दूरी धेरै नै घट्ने देखिन्छ ।

चीनसँग नेपालले २०१६ मा पारवहन सम्झौता गरेको छ। तर, चीनसँगको पारवहनमा सोचेअनुसार काम भइरहेको छैन। ग्वान्झाओबाट रसुवा वा तातोपानी भएर सामान ल्याउन आयातकर्तालाई भने पनि चीनले कोरोनाको कारण देखाउँदै एकातिर नाका बन्द गर्ने र अर्कातिर हाम्रा सडक पूर्वाधार कमजोर भएका कारणले चीनबाट खासै समान आउन सकेको देखिन्न। चीनतिरका नाकामा पूर्वाधार विकासमा जोड दिनुपर्नेछ । केही समयअघि नेपालले गरेको एक अध्ययनमा ग्वान्झाओबाट रसुवा वा तातोपानी भएर सामान ल्याउँदा निकै छिटो हुने देखिन्छ। लागतमा खासै फरक नपरे पनि एउटा वस्तु एक सय दिनमा आइपुग्नु र ३० दिनमा आइपुग्नुले ठूलो अर्थ राख्छ।

### कोभिडअघि र अहिलेको अवस्था


कोभिडअघि र पछाडि व्यापारमा खासै ठूलो परिवर्तन भएको छैन । कोभिडअघि नेपालको व्यापार घाटा उच्च बन्दै गएको थियो। कोभिडअघि हाम्रो निर्यात कम र आयात बढी देखिन्थ्यो। कोभिड सुरु हुने वर्ष ०७६/७७ मा निर्यात बढ्न खोजेको देखिन्छ। निर्यातमा ठूलो हिस्सा खासगरी सोयाबिन तेल र पाम आयल थियो, निर्यात बढे पनि भारतले कहिले बन्द गर्ने र कहिले खोल्ने गर्दा समस्या भइरहेको थियो। अहिले सोयाबिन तेल र पाम आयलको निर्यात खुला गरिएको छ । केही वस्तुमा मात्रै निर्भर हुँदा निर्यात घटबढ हुने रहेछ । ०७६/७७ को फागुनसम्मको तथ्यांक हेर्दा निर्यात वृद्धिदर २२ प्रतिशत रहेकामा चैतदेखि नेपालमा निषेधाज्ञा लागिसकेपछि निर्यात खस्कियो। पाम आयलमा भारतले कडाइसमेत गऱ्यो। त्यसपछि निर्यातमा सामान्य मात्रै वृद्धि भयो । तर, ०७७/७८ मा सोयाबिन तेलको निर्यात एकदमै माथि गयो र राम्रो वृद्धि भइरहेको छ।

आयातको सन्दर्भमा पनि कोभिडले ठूलो प्रभाव पारेको देखिन्छ। अघिल्लो वर्ष कोभिडकै कारण र स्वदेशी वस्तुको प्रोत्साहनमा सरकारले लिएका नीतिका कारण पनि आयातमा कमी आयो । २०७६ असार २ गते सरकारले एक आदेशमार्फत केही वस्तु आयातमा प्रतिबन्ध लगायो। प्रतिबन्ध लगाएका वस्तुहरू नेपालमा नभए पनि खासै फरक नपर्ने खालका थिए। कोभिडले आयातमा पारेको प्रभावका कारण अझै पनि बजारमा धेरै नयाँ/नयाँ वस्तु (आइटम) हरू पाउन सकिन्न। तर, आयातमा कोभिडको असर कम हुँदै गएको छ । किनकि उपकरण, पेट्रोलियम पदार्थ ल्याउने काम बढिरहेको छ । हामीले जति ठूला कुरा गरे पनि आयातलाई पूरै निरुत्साहित गर्न सक्ने स्थिति भने छैन । किनकि नेपालमा पर्याप्त मात्रामा कृषि उत्पादन छैन। केही मात्रमा कृषि उत्पादन बढे पनि माग धान्ने तहको छैन । तर, नेपालीको आयस्तर निरन्तर बढिरहेको छ । आयस्तर बढ्नेबित्तिकै नयाँ वस्तुको माग बढ्न थालिहाल्छ।

आर्थिक वृद्धिका लागि औद्योगिक विकास, पूवार्धार निर्माण जरुरी नै पर्छ। हाम्रा पूर्वाधार संरचना पनि आयातमुखी छन् । किनकि हामीलाई बाटो बनाउनुपऱ्यो भने डोजर, स्काभेटर बाहिरैबाट खरिद गर्नुपर्छ। पाटपुर्जादेखि मेसिनहरू सबै बाहिरबाट ल्याउँदा आयात बढ्ने हो । यस्तो परिस्थितिले आयात घटाउन सकिने स्थिति रहँदैन । वितरण प्रणालीमा समस्या भएका कारण पनि नेपालमा आयात घट्न सकेको छैन । जस्तै- अहिलेको हाम्रो वितरण प्रणालीले सप्तरीमा फलेको धान दोलखा पुऱ्याउन गाह्रो छ । बर्दियामा फलेको वस्तु गोरखा ल्याउन सकिँदैन । त्यस्तो हुनुको पछाडि उचित भण्डारलगायतको कमी छ । खाद्य कम्पनीको गोदामलाई बढाउनुपर्नेमा जोड दिए पनि यथार्थमा परिणत हुन सकिरहेको छैन । वितरण प्रणालीलाई चुस्त राख्न कृषि मन्त्रालयबाट केही काम गर्ने र सहकारीहरूलाई समेत सहभागी गराउनुपर्ने आवश्यकता छ र यस किसिमको गृहकार्य भए पनि अझै प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । उत्पादित कृषि उपज सरकारले खरिद नगर्ने र गोदाममा राख्ने व्यवस्था नहुँदा विभिन्न हिसाबले छलेर देशबाहिर जाने खतरा छ । यद्यपि धान-चामल देशबाहिर पठाउन अहिले रोक लगाइएको छ । गोदामहरूको उचित व्यवस्थापन गरेर आन्तरिक वितरण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने आवश्यकतासँगै चुनौती छ। र, देशभित्र उत्पादित वस्तुहरूको तथ्यांक पनि राख्नु जरुरी छ। उत्पादन र वस्तुको उपलब्धता हेर्न सकिने गरी एउटा प्रणालीको विकास गरि

| सुचक | साउन २०७८ | साउन २०७७ |
|---|---|---|
| शोधनान्तर स्थिति | -३८.७५ अर्ब | ५१.४६ अर्ब |
| चालू खाता | -४७.९० अर्ब | २५.४१ अर्ब |
| मूल्यवृद्धि | ४.३५% | ३.४९% |
| विप्रेषण आप्रवाह वृद्धिदर | -१८.१% | २३% |
| विदेशी मुद्रा सञ्चिति वृद्धिदर | -३.२% | २.५% |
| भ्रमण आय | -८६.१% | -८६.१% |
| आयात | १५०.७३ अर्ब | ८५.८१ अर्ब |
| निर्यात | २०.७६ अर्ब | रु.९.६२ अर्ब |
| व्यापार घाटा | १२९.९७ अर्ब | .७६.१९ अर्ब |
| व्यापार घाटा वृद्धिदर | ७०.६ % | २२.२ % |

स्रोत : नेपाल राष्ट्र बैंक



नुपर्छ । एकीकृत आपूर्ति प्रणाली बनाउने भनेर सुरुवात पनि भएको थियो । यसबाट तथ्यांक रहन गई परिचालन (मोबिलाइज) गर्न र प्रणाली (मेकानिजम) बनाउनसमेत सहज हुने देखिन्छ ।

नेपालमा दूधको उत्पादन बढी भन्ने गरिन्छ र कतिपय जिल्लामा दूध बढी पनि छ । डेरीहरूले धेरै ग्राहकसँग पुऱ्याउन नसक्दा जिल्लाहरूमा दूध फालिने अवस्था छ । तर नुवाकोट, धादिङको भित्री भागमा जाँदा चियामा हाल्ने दूध पनि पाइँदैन । दूध हालेको चिया खान 'एभ्रिडे' जस्ता आयातित दूधहरूमा भर पर्नुपर्ने स्थिति छ । यो समस्या आउनुको एकमात्र कारण हाम्रो दूधमा विविधीकरण भएन । नेपाली डेरी उद्योगहरूले दूध पोकामा बिहान-बिहान बेच्ने मात्र हो भन्ने हिसाबले काम गरे । विविधीकरण गरेर मौज्दात गर्न सक्ने पाउडर दूध बनाएर सबै ठाउँमा पुऱ्याउन सक्नुपर्छ । यसले मात्रै विस्तारै आयातित पाउडर दूध निरुत्साहित हुन्छ । सरकारी कम्पनी दुग्घ विकास संस्थानले पनि दूधको उत्पादन विविधीकरणमा खासै भूमिका खेल्न सकेको देखिन्न । सरकारी र निजी क्षेत्रबाट मिलेर वस्तु विविधीकरणमा ध्यान दिन सके आयातित वस्तुहरू कम हुँदै जान्छन् । अर्कोतिर नेपालमा प्रशोधन उद्योग कम भएका कारण उत्पादित वस्तुहरूको बजार विस्तार (बढाउन) गर्न सकिरहेको स्थिति छैन । अबको ध्यान यसतर्फ केन्द्रित गराउन जरुरी छ ।

कोभिडपछिको अर्थतन्त्रलाई पुनःउत्थान गर्न निजी क्षेत्रले अघि सारेका 'मेड इन नेपाल' अभियान पनि महत्वपूर्ण छ । निजी क्षेत्रले यस्ता खाले कार्यक्रमहरू अघि सार्दा सरकारले पनि नीतिगत सहजीकरणमा प्रभावकारी भूमिका खेल्न सक्छ । निजी क्षेत्रले ल्याएका कतिपय कार्यक्रमलाई सरकारले स्वामित्व ग्रहण गरेर सहयोग गर्दै आइरहेको छ । निजी क्षेत्र र सरकार मिलेर काम गरेमा मात्रै कोभिडपछिको अर्थतन्त्र माथि उठ्न सक्छ ।

*(डा. अर्याल हाल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सचिव छन् । यसअघि उनले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव भएर काम गरेका थिए ।)*





। अर्जुनप्रसाद पोखरेल

# कोरोना महामारी र उद्योगको पुनरुत्थान

सन् २०१९ को डिसेम्बरमा चीनबाट सुरु भएको कोरोना महामारीले विश्व अर्थतन्त्रसँगै नेपाली अर्थतन्त्रमा पनि ठूलो असर पर्‍यो । नेपालका सबै क्षेत्रमा कोरोना महामारीको असर परेको छ। कोरोना महामारीको फैलावटपश्चात् जारी गरिएको बन्दोबन्दी (लकडाउन)ले अर्थतन्त्रलाई प्रत्यक्ष असर पार्ने उद्योग वाणिज्य क्षेत्रमा भने अझ बढी असर पार्‍यो ।

लकडाउनका कारण शतप्रतिशत उद्योग व्यवसाय बन्द भए । केही अत्यावश्यक सेवाका उद्योगधन्दाहरू भने लकडाउन सुरु भएको केही दिनपछि खुला गरियो । विभिन्न निकाय र क्षेत्रका सरोकारवालाहरूको सुझाव तथा छलफलपछि अत्यावश्यक मानिएका खाद्यवस्तु तथा औषधि उद्योगहरूलाई बाहिर लकडाउन भए पनि भित्रभित्रै उचित सुरक्षा संवेदनशीलता अपनाई नियमित गर्न लगाइएको थियो।

लकडाउनकै समयमा भारतीय र चिनियाँ नाका बन्द हुँदा अत्यावश्यक वस्तुका उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थहरूको आपूर्तिमा ठूलो झमेला व्यहोर्नुपर्‍यो । तर, कोरोना महामारीको करिब डेढ वर्ष पुग्न लाग्दा बन्द भएका ९० प्रतिशत उद्योग सञ्चालनमा आइसकेका छन् । कोरोना महामारीको सन्त्रासमा रहेका उद्योगहरूका लागि आवश्यक जनशक्तिहरू भने अझै काममा फर्किन सकेका छैनन्। विदेशी जनशक्ति (खासगरी भारतीय कामदारमा भर परेका) बाट सञ्चालन हुने सहरी क्षेत्रमा अव्यवस्थित तथा करिडोरअन्तर्गत रहेका उद्योगहरू अझै सञ्चालनमा आउन सकेका छैनन् । हाल सञ्चालनमा आएका ९० प्रतिशत उद्योगहरू पनि अझै पूर्ण क्षमतामा सञ्चालनमा आइसकेका छैनन् ।

होटेल व्यवसाय, चलचित्र उद्योगलगायत व्यवसायहरू अझै पूर्ण रूपमा सञ्चालनमा नआए पनि धेरैजसो उद्योग व्यवसायहरू खुलिसकेका छन् । सञ्चालनमा आउन नसकेका उद्योग व्यवसायहरूलाई 'रिकभर' गर्न केही समय लागे पनि सरकारले आफ्ना तर्फबाट भरपूर प्रयास गरिरहेको छ । बजार पूर्ण रूपमा चलायमान हुन अझै कम्तिमा एक वर्ष लाग्ने देखिन्छ। आमउपभोक्ताहरूको क्रयशक्ति बढेपछि मात्रै मनोरञ्जन र पर्यटन क्षेत्रहरू पूर्ण रूपमा खुल्ने स्थिति बन्छ। त्यसका लागि अझै केही समय धैर्य गर्नैपर्छ। तर, अबका दिन समस्या केन्द्रित भएर समाधानका उपाय खोजेर अघि बढ्नुपर्ने चुनौती भने छ। स्वास्थ्य मापदण्ड ख्याल गर्दै व्यावसायिक कामहरू अघि बढाउन सकिएमा केही छिटो पुनःस्थापित हुन सक्छौं ।

अधिकांश नेपालीको शरीरमा एन्टीबडी बनिसकेको र धेरै ठाउँमा खोप पनि उपलब्ध गराइसकेको अवस्था भएकाले अब भने कोरोनाको त्रास कम भएको छ । त्यसैले सबै क्षेत्र खुला गरिएको हो । तर, न्यूनतम स्वास्थ्य सुरक्षा मापदण्ड भने पूर्ण पालना गर्नुपर्छ । पहिलो चरणको लकडाउन अन्त्य भएको केही महिनापछि पुनः दोस्रो चरणको महामारी फैलिएर निषेधाज्ञा लागु गरेका कारण पनि केही उद्योगहरू अझै सञ्चालनमा आउन नसकेका हुन् । कोरोनाले उद्योग व्यवसायमा पारेको प्रभाव एकातिर राखेर क्रमशः उद्योगहरू सञ्चालनका लागि तयार हुनु सकारात्मक पक्ष हो । त्यसमा पनि सरकारले कोरोनाको चपेटामा परेका उद्योगधन्दाहरूलाई



पुरानै लयमा फर्काउन र पहिलेकै जस्तो अवस्था सिर्जना गरिदिन निरन्तर प्रयास गरिरहेको छ । बजेटदेखि नीतिनिर्माणसम्म उद्योगीहरूका हरेकजसो सुझावलाई मनन् गर्दै सरकारले आफ्ना गतिविधि अघि बढाएकाले अहिले उद्योगी व्यवसायीहरू पनि सन्तुष्ट देखिएका छन् ।

सरकारले गत आर्थिक वर्षको र चालु आर्थिक वर्षको बजेटमार्फत उद्योगीहरूका लागि प्रायः मागहरू सम्बोधन गरेको छ । कोरोनाको सन्त्रास कम हुँदै गएकाले पहिलाको जस्तो घरभित्रै थुनिनुपर्ने अवस्था छैन । सबै किसिमका उद्योग व्यवासायहरू सञ्चालनमा ल्याउन सरकारले आदेश पनि जारी गरिसकेको अवस्थामा मालवस्तु ढुवानी पनि सहज भएको छ । यसरी सबै क्षेत्र सहज हुँदै जाँदा अबको केही महिनामै उद्योग क्षेत्र पूर्ण रूपमा नियमित हुनेछ र अर्थतन्त्र बढी नै प्रभावकारी हुने आकलन गरिएको छ ।

उद्योगधन्दाहरूलाई दिइएका विभिन्न सहुलियत र सहजीकरणसँगै यसको कार्यान्वयनको पाटो भने हेर्न जरुरी छ । विभिन्न नीति निर्देशिकामा उद्योगी, व्यवसायीका मागहरू समेटिए पनि यसको कार्यान्वयन नभएको भन्ने गुनासो बढेको छ । यस्ता गुनासोको सम्बोधन गर्न सरकारले कार्यक्रम कार्यान्वयन कार्ययोजना निर्माण गरी मन्त्रालयले नै कार्यान्वयनको पाटो हेरिरहेको अवस्था छ । सरकारले जस्तोसुकै परिस्थितिमा पनि सबै कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रतिबद्धता गरेकाले आगामी दिन सहज हुने देखिन्छ ।

### सार्वजनिक संस्थानको अवस्था

कोरोनाका कारण निजी क्षेत्रका उद्योगधन्दाहरू प्रभावित भएजस्तै सार्वजनिक संस्थान पनि प्रभावित भए । हाल कतिपय संस्थानहरू सञ्चालनमा आए पनि पूर्ण रूपमा सञ्चालन हुन सकेका छैनन् । उनीहरूले वित्तीय कुशलता प्रदर्शन गर्न सकेको अवस्था छैन । मन्त्रालयअन्तर्गतका सार्वजनिक संस्थानहरूले स्थापनाको उद्देश्य पूरा गर्न नसकेको अवस्था एकातिर छ भने केही उद्योगहरू बन्द रहेको अवस्था अर्कोतिर छ । बन्द भएका र आंशिक रूपमा सञ्चालनमा रहेका उद्योगहरूलाई आगामी दिनमा कुन प्रारूपमा अघि बढाउने भनेर छलफल चलिरहेको छ । चलाउन नसकिने उद्योगलाई भने बन्द गर्नुपर्छ भन्ने आवाज मुखरित भइरहेको छ ।

सरकारले हाल कुन संस्था सञ्चालन गर्ने र कस्ता संस्थान खारेज गर्ने भन्ने विषयमा छलफल अघि बढाइरहेको छ । सञ्चालनमा रहेका संस्थानलाई भने कसरी अघि बढाउन सकिन्छ भनेर खाका तयार पार्ने योजना छ । हाल धेरै संस्था घाटामा छन् । तर, वित्तीय नाफालाई मात्रै नाफाघाटासँग नजोडी उनीहरूले गरेको रोजगारी सिर्जना, स्थानीयस्तरमा भएको विकास, स्थानीय कच्चा पदार्थको उपभोगलगायतलाई पनि हेर्नु जरुरी छ । तर, सार्वजनिक संस्थानको सुधार भने अति आवश्यक छ ।

**नेपालमा उत्पादन हुने वस्तुहरू गुणस्तरीय हुन सकेको अवस्थामा स्वदेशी उद्योगको प्रतिस्पर्धी क्षमता बढाउन सकिन्छ । यसबाट कोरोनाले अर्थतन्त्रमा पारेको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने देखिन्छ ।**

हिजो सरकारीस्तरमा चलेको तरिकाभन्दा राम्रो तरिकाले चलून् भनेर सार्वजनिक संस्थान निजीकरणको अवधारणा अघि सारिँदै आएको छ । सरकारले भन्दा राम्रो गर्न सकोस् भनेर सार्वजनिक संस्थान निजी क्षेत्रलाई जिम्मा लगाउने गरिन्छ । हालसम्म निजीकरण भएका सार्वजनिक संस्थानको अवस्था र अबको बाटोबारे अध्ययन भइरहेको छ । अध्ययनको निष्कर्षका आधारमा आगामी दिनमा सार्वजनिक संस्थान कसरी अघि बढाउने भनेर निर्णय लिइनेछ ।

### सचेत हुने मौका

सरकारले अघिल्लोपटकको लकडाउनको तुलनामा दोस्रो लकडाउनमा धेरै कुराको ख्याल गर्दै अर्थतन्त्र चलायमान राख्न अग्रसर भइरह्यो । अघिल्लो वर्ष एकाएक आएको महामारीले तयारी नै नगरेको नेपाली अर्थतन्त्र र खासगरी उद्योग क्षेत्रलाई ठूलो असर पारे पनि पछिल्लो लकडाउनले त्यति असर भने पारेन । पहिलेको लकडाउनमा भोगेको दुःखका आधारमा धेरै सचेत भइसकेकाले पछिल्लो निषेधाज्ञामा ढुवानीको व्यवस्था, उद्योग व्यवसाय सञ्चालनलगायतमा सहजीकरणको भूमिका सरकारले निभायो । पहिलेको लकडाउनबाट पाठ सिकेकै कारण दोस्रो लकडाउनमा धेरै सजिलो भएको उद्योगी व्यवसायीहरूको पनि भनाइ छ । आगामी दिनमा यस्तै अन्य कुनै महाविपत्ति आएको खण्डमा कसरी अघि बढ्ने भन्ने पाठ सिकाएको छ । यसले आगामी दिन अझ सहज हुने स्थिति पैदा भएको छ ।

### अबको बाटो

नेपालमा उत्पादन हुने वस्तुहरू गुणस्तरीय हुन सकेको अवस्थामा स्वदेशी उद्योगको प्रतिस्पर्धी क्षमता बढाउन सकिन्छ । यसबाट कोरोनाले अर्थतन्त्रमा पारेको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने देखिन्छ । विदेशमा बन्ने स्तरका मालवस्तुहरू जस्तै- गुणस्तरीय वस्तु नेपालमै उत्पादन गर्न जोड दिने र सोहीअनुसारको बाटो पनि खोलिएको अवस्थामा सहज हुने देखिन्छ । यसका लागि प्रायः वस्तुहरू नेपालमै बन्नुपर्ने र कम्तीमा नेपालीले प्रयोग गर्ने सुनिश्चितता पनि हुनुपर्छ । यसबीच निजी क्षेत्रका २ छाता संगठनहरू नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघले उचित कार्यक्रमहरू पनि सार्वजनिक गरेका छन् । यी कार्यक्रमहरूले सरकारसँगको सहकार्यमा नेपालमै उत्पादकत्व बढाउन जोड दिनेछन् । सरकारले पनि निजी क्षेत्रसँग साझेदारी गरेर अभियानलाई सहयोग पुग्नेगरी समन्वयको समझदारी गरिसकेको छ । नेपाली अर्थतन्त्रलाई आत्मनिर्भर हुनेगरी चलाएको अभियानको सरकारले स्वागत गर्ने गरेकै छ ।


नेपालको आयातमुखी अर्थतन्त्रलाई निरुत्साहित गरी आयात प्रतिस्थापनलाई पनि उत्तिकै ध्यान दिनुपर्छ । नेपालमा आयात प्रतिस्थापन गर्न आन्तरिक उत्पादन बढाउनुपर्छ । त्यसका लागि निजी क्षेत्र अघि आउनुपर्छ भने सरकारले औद्योगिक पूर्वाधारको विकास गरिदिनुपर्छ । त्यसका लागि सरकारले विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक ग्राम, जनशक्ति विकासका लागि विभिन्न कार्यक्रमहरू अघि बढाइरहेको छ । सरकारले सहजीकरण गरिदिने र निजी क्षेत्र त्यहीअनुसार लागिपरे नेपालको व्यापारघाटा कम गराउन सहयोग पुग्नेछ ।

सेज र औद्योगिक ग्रामहरूले स्वदेशी उद्योगहरूको प्रवर्द्धनमा विशेष जोड दिनेछन् । सेजका लागि देखिएका नीतिगत अप्ठ्यारोहरू सुल्झाई सकिएको छ । त्यस्तै औद्योगिक ग्राम पनि प्रत्येक स्थानीय तहमा हुनुपर्ने व्यवस्था प्रभावकारी नदेखिएपछि प्राथमिकताका क्षेत्र तोकेर औद्योगिक ग्राम निर्माण गर्ने व्यवस्था गरिएको छ । सरकारले कोरोनाकालमै वैदेशिक लगानी प्रवर्द्धनका धेरै कामहरू गरिसकेको छ । यसबीचमा २१ भन्दा बढी कानुनहरू निर्माण भएका छन् । उद्योग विभागले पनि सोहीअनुसार काम गरिरहेकै छ । नेपालमा वैदेशिक लगानी भित्र्याउन नीतिगत सुधारहरू सबै भइसकेकाले बजारीकरण गर्नु जरुरी छ । अझ कमी-कमजोरीहरू भए त्यसलाई पनि सुधार गर्दै जान सकिन्छ । नेपालमा हाल ८३३ अर्ब रुपैयाँभन्दा बढीको वैदेशिक लगानी प्रतिबद्धता छ । सोहीअनुसार बहुराष्ट्रिय उद्योगहरू नेपालमा खुलिरहेका छन् र खुल्दै छन् । हाल बनेका नीतिहरू कार्यान्वयन भइसकेकाले उद्योगहरूले भरपूर नाफा लैजाने पनि गरेका छन् । वैदेशिक वा स्वदेशी लगानीमा समेत कुनै अवरोध आएको खण्डमा सरकार सहजीकरणका लागि तत्पर छ ।

### विपत्तिविरूद्धको पूर्वतयारी

कुनै पनि महाविपत्ति पहिल्यै सूचना दिएर आउँदैन । त्यसैले हरेक समयमा महाविपत्तिका लागि जुध्न पूर्वतयारी गरिराख्नुपर्छ । अहिले केही भएको छैन भनेर चुप लागेर बस्ने कुरा हुँदैन । पछिल्लो कैयौं वर्षदेखि नेपालमा कोरोनाजस्तो महामारी नभोगिएको स्थितिमा पनि विस्तारै समस्या समाधान गर्दै अघि बढ्न सकिएको छ । कोरोनाको महाविपत्तिले प्रकृतिअनुसार फरक तरिकाले पूर्वतयारी गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

*पोखरेल उद्योग सचिव हुन् ।*





। शेखर गोल्छा

## अन्तर्राष्ट्रिय व्यापार :

# पहिलो इन्जिनले कहिलेसम्म थेग्ने, दोस्रो खोइ ?



व्यापार नाफाका लागि गरिन्छ । तर, कहिलेकाहीँ घाटामा पनि जान्छ । अब सारा विश्व नै एक बजार भइसकेको छ । कुनै पनि देश एउटा व्यापारिक निकाय पनि हो । व्यापारमा संलग्न हुँदा देशलाई पनि नाफा/घाटा भई नै हाल्छ । तर, निरन्तर घाटा मात्रै भइरह्यो भने टाट पल्टिने स्थिति बन्छ । अहिले नेपाल त्यसैतर्फ अग्रसर भइरहेको त होइन भन्ने आशंकाहरू जन्मिएका छन् ।

नेपालले विश्व व्यापार संगठनको सदस्यता लिँदा सन् २००४ मा व्यापार घाटा ८२ अर्ब रुपैयाँ थियो । तर, अहिले व्यापार घाटा रकेटजस्तै बढेर १४ खर्ब रुपैयाँ पुगेको छ । यति हुँदाहुँदै पनि चालु आर्थिक बर्षको साउनभन्दा अघि नेपाललाई शोधनान्तर अवस्था (भुक्तानी सन्तुलन) मा कुनै समस्या थिएन । विप्रेषण आप्रवाह (रेमिट्यान्स) मा भइरहेको निरन्तर वृद्धिले शोधानान्तर स्थिति सन्तुलनमा राख्न सहयोग गरेको थियो । तर, साउनयता रेमिट्यान्स घट्दा व्यापार घाटामा चाप परेको छ । व्यापार घाटा बढ्दा शोधनान्तर स्थिति पनि ३८ अर्ब रुपैयाँले घाटामा छ । शोधानान्तर घाटा हुँदा स्वभाविक रूपमा विदेशी विनिमय सञ्चिति पनि घट्ने

नै भयो । यद्यपि अहिले पनि मुलुकसँग झन्डै एक वर्षको वस्तु आयातलाई धान्ने विदेशी मुद्रा सञ्चिति छ । यसबाट अझै पनि नेपालको विदेशी मुद्रा सञ्चिति स्वस्थकर अवस्थामै छ भन्न हिच्किचाउनु पर्दैन ।

रेमिट्यान्स नआउने देशहरूमा शोधनान्तर स्थिति एकदमै बिग्रिएको पनि देखिएको छ । जसले देशमा विकास गतिविधि अघि बढाउन धेरै नै गाह्रो हुने गरेको छ यस्तो स्थिति कस्तोसम्म हुन्छ भने कच्चा पदार्थ आयात गर्न पनि विदेशी मुद्राको सञ्चिति हुँदैन । तर, अहिलेसम्म नेपालको अवस्था फरक छ । नेपालको समग्र वैदेशिक व्यापारलाई रेमिट्यान्सले थेग्दै आएको छ । अहिले एकमात्र इन्जिन रेमिट्यान्सद्वारा नेपालले मजासँग जहाज उडाइरहेको छ । तर, एकल इन्जिनमा जुनसुकै बेला समस्या आउन सक्छ र त्यस्तो स्थितिमा 'क्र्यास ल्यान्डिङ' बाहेक अरू कुनै विकल्प रहँदैन । सीधा अर्थमा भन्दा नेपालले वस्तु आयात गरेर खपत गरिरहेको छ र त्यसलाई रेमिट्यान्सले धानिरहेको छ । भन्नुको तात्पर्य जहाजमा दोस्रो इन्जिनको पनि जोहो गर्नुपर्छ । त्यसका लागि राज्य लाग्नुपर्छ । निजी क्षेत्रको निरन्तरको माग पनि यही हो । फेरि दोस्रो इन्जिन भनेको वस्तु उत्पादन र निर्यात हो ।

नेपालमा सामान्य वस्तुहरू पनि आयात भइरहने दुःखद परिस्थिति छ । सामान्यभन्दा सामान्य वस्तुलाई कसरी नेपालमै उत्पादन गर्ने र आयात प्रतिस्थापन गर्ने भनेर राज्यले ध्यान दिइ तदनुकूलका नीति निर्माण गर्दै स्वदेशी वस्तुलाई माया गरी खपत बढाउने वातावरण बनाउनुपर्छ । नेपाली वस्तु प्रयोग गर्ने भनेर भावनात्मक कुरा गरेर मात्र हुँदैन, व्यवहारिक बन्नुपर्छ । मुलुकमा उत्पादन हुने वस्तुको गुणस्तरमा 'कम्प्रोमाइज' नगरी प्रतिस्पर्धी मूल्य कायम गरिएको खण्डमा खपत बढ्ने स्थिति बन्छ । कम गुणस्तरका वस्तु ग्राहकको रोजाइ बन्न सक्दैनन् । बेच्नेले गुणस्तरीय वस्तु बेच्दा मिहिनेतले आर्जन गरेको पैसा पनि खेर जाँदैन । किन्ने र बेच्ने दुवैलाई सन्तुष्टि मिल्छ ।

### व्यापारघाटा घटाउने चुनौती

नेपालसामु अहिले व्यापारघाटा घटाउने चुनौती छ । त्यसका लागि व्यापार घाटा किन भइरहेको छ भनेर समस्याको जरासम्म पुग्नुपर्छ अर्थात् व्यापार घाटा बढ्नुको कारणसहितको उत्तर खोज्नुपर्छ ।

नेपालमा व्यापार घाटा बढ्नुको प्रमुख कारण व्यवसाय लागत धेरै (कस्ट अफ डुइङ बिजनेस बढी) भएर हो । व्यवसाय लागतसँग धेरै कुरा जोडिएको हुन्छ । नेपालले आफैं कुनै वस्तु उत्पादन गर्ने भन्यो भने पनि धेरैजसो कच्चापदार्थ आयात गर्नुपर्ने बाध्यता छ । प्रकृतिले नेपाललाई सौन्दर्य दिएको छ तर, खनिज (मिनरल्स) र कच्चा पदार्थ धेरै दिएको देखिँदैन । मुलुकमा फलामको खानी छ भनेर भर्खर पत्ता लगेको छ । चुनढुंगा पनि धेरै नै देखिन्छ । तर, त्योबाहेकको कच्चापदार्थको खानी धेरै देखिँदैन । नेपाली उद्योगहरूलाई चाहिने कच्चापदार्थ यहाँ उपलब्ध नहुँदा लागत बढाइरहेको छ ।

हुन त खनिज पदार्थका खानी छ भनेर हल्ला नगरिएको होइन । तर, अहिलेसम्म कुनै पनि प्रकारका खानीको आधिकारिकता पुष्टि हुन सकिरहेको छैन । उदाहरण दिऔँ- जस्तो युरेनियम छ भनिन्छ तर त्यो छ वा छैन, उत्खनन र प्रशोधन गर्न सकिन्छ वा सकिँदैन त ? यसैमा अल्मलिएका छौँ । छ भने खोइ त उत्खनन गर्न सुरु गरेको ? छ भने उत्खनन गर्नेतिर लागौँ न, त्यसपछि प्रशोधनका काम अघि बढाऔँ । सम्भव हुनेजति खनिजको उत्खनन, प्रशोधन र प्रयोग गरौँ । त्यसपछि निर्यातको विषय अघि बढ्ला । 'एक्सन'मा नगएसम्म 'मुखको बोली'का भरमा गरिने अनुमानको के अर्थ ? व्यवहारमा काम अघि बढ्न नसक्दा नेपाली उद्योगहरूले विदेशबाट कच्चापदार्थ आयात गरिरहने परम्परा कायमै रहनेछ र त्यसको विकल्प पनि हुने छैन ।


**नेपालसामु अहिले व्यापारघाटा घटाउने चुनौती छ । त्यसका लागि व्यापार घाटा किन भइरहेको छ भनेर समस्याको जरासम्म पुग्नुपर्छ अर्थात् व्यापार घाटा बढ्नुको कारणसहितको उत्तर खोज्नुपर्छ ।**


सुक्खा बन्दरगाहसँगको 'कनेक्टिभिटी' राम्रो नभई हुने आयातले 'लजिस्टिक कस्ट' धेरै पर्छ । अर्कोतिर एकीकृत जाँच चौकी -आईसीपी) पनि बनिसकेका छैनन् । यसले गर्दा सुक्खा बन्दरगाह तथा आईसीडी (इन्ल्यान्ड कन्टेनर डिपो) सम्म ल्याइसकेपछि पनि आवश्यक पूर्वाधार अभावमा आईसीडीबाट उद्योगसम्म लैजान एकदम महँगो पर्छ ।

निजी क्षेत्रले 'लजिस्टिक कस्ट' घटाउन सुझाव दिइरहेको छ । लजिस्टिक कस्टको विषयमा नेपाल उद्योग वाणिज्य महासंघले तयार गरेको राष्ट्रिय आर्थिक रूपान्तरण २०३० 'भिजन पेपर' मा समेत उल्लेख गरेको छ । वस्तु उत्पादन र त्यसको लागतसँग प्रत्यक्ष जोडिने अर्को प्रमुख कुरा बैंकको ब्याज हो । नेपालमा बैंकको ब्याजदर धेरै छिटो परिवर्तन भइरहन्छ । ६ महिनाको अन्तरालमा ब्याजदर ७ प्रतिशतबाट बढेर १४ प्रतिशतसम्म पुग्छ । छोटो अवधिमै ब्याजदरमा तीव्र उतारचढाव कहीँ पनि हुन्छ जस्तो लाग्दैन । ब्याजदरले लगानी गर्नेलाई सोच्न बाध्य बनाउँछ । अरू देशमा केन्द्रीय बैंकले ब्याजदरलाई स्थिर गराउन कदमहरू चालिरहेको हुन्छ । त्यसो भनेर नेपाल राष्ट्र बैंकले केही पनि नगरेको भन्ने होइन । तर, नेपालमा भइरहेको प्रयास असफलजस्तै छ । नेपालमा थोरै समयमै तरलता (लगानीयोग्य रकम) को व्यापक उतारचढाव हुन्छ । तरलता र ब्याजदरको परिवर्तन सम्भवतः एकैजस्तो छ । छोटो समयमै अधिक तरलता र तरलता अभावको स्थिति पैदा हुन्छ । यसमा पनि दीर्घकालीन लगानीको नीति हो वा हैन भन्ने जोडिन आउँछ ।



### नीतिमै परिवर्तन आउनुपर्छ

नेपालले अब दीर्घकालीन लगानीलाई प्रोत्साहन गर्ने नीति लिनुपर्छ। अरू-अरू देशमा मूल्य अभिवृद्धि (भ्यालुएड) गर्ने उद्योगलाई पनि प्रोत्साहन गरिन्छ। चीन र भारतमा भ्यालुएड गर्ने र रोजगारी धेरै सिर्जना गर्ने उद्योगलाई सहुलियत नै दिइन्छ।

वस्तु उत्पादनसँग जोडिने अर्को पक्ष ऊर्जा हो। ऊर्जामा नेपाल 'सरप्लस' हुँदैछ अर्थात् पर्याप्त ऊर्जा उत्पादन हुने अवस्थामा पुगिसकेको छ। भारत र बंगलादेशलाई बिक्री गर्ने चर्चा सुरु भएको छ। तर, सुरुमा अन्य देशमा बिक्री गराउनेभन्दा देशमै खपत बढाउनेतर्फ जानुपर्छ। ऊर्जा हाम्रै उत्पादन भएकाले यसलाई वस्तु उत्पादनमा जोडेर अन्य मुलुकभन्दा बढी फाइदा लिन सकिन्छ। वस्तु उत्पादनको प्रतिस्पर्धामा अन्य मुलुकको तुलनामा ऊर्जाको लागत 'प्लस प्वाइन्ट' हुनसक्छ। भारत तथा बंगलादेशलाई बिक्री गर्नुभन्दा आफ्नो उद्योगहरूलाई नै केही सस्तोमा दिँदा के जान्छ ? अब नेपाल संकीर्ण सोचबाट बाहिर जानुपर्छ। अहिले के सोचाइ छ भने कुनै पनि उद्योगीलाई सस्तो विद्युत् दियो भने धेरै कमाउँछ भन्ने छ। यो सोचाइ फाल्न जरुरी छ। विद्युत् सस्तो भयो भने लगानी बढ्छ, रोजगारी सिर्जना हुन्छ भन्ने सोचाइ राख्नुपर्छ।

त्यसका लागि नेपाल विद्युत् प्राधिकरण वा नेपाल सरकारको चाहना के हो ? स्पष्ट हुनु जरुरी छ। सरकार/प्राधिकरणले नाफा मात्रै चाहने हो वा देश विकास पनि चाहने हो ? देशको व्यापारघाटा कम गर्ने, देशलाई समृद्धितिर अघि बढाउने हो वा होइन, त्यसमा सरकार नै प्रस्ट हुन जरुरी छ। नेपालमा कच्चा पदार्थ छैन, नेपालको भौगोलिक कारणले नै 'सिपिङ कस्ट' बढी छ। यी बेफाइदाहरूबीच नेपालले वस्तु उत्पादनको प्रतिस्पर्धामा फाइदा लिन सक्ने भनेको विद्युत् हुनसक्छ। यसलाई सरकारले आफ्नो नीतिमै राख्नुपर्छ।

वस्तु उत्पादनमा जोडिने अर्को महत्वपूर्ण अवयव श्रम लागत हो। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को प्रतिवेदन हेर्ने हो भने दक्षिण एसियामा श्रम लागत कम पर्ने मुलुक पाकिस्तान हो। तर, नेपाली श्रमिक विदेश जान रुचाउने कारणले नेपालकै श्रम बजारमा भने केही महँगो देखिन्छ। त्यसको गहिराइमा गएर अध्ययन गर्न जरुरी छ। नेपालमा श्रमको सम्मान नभएर हो कि श्रम ऐन फितलो भएर हो अथवा अन्य कारणले समस्या आएको हो पहिल्याउनुपर्छ।

वैदेशिक व्यापारलाई वस्तु उत्पादनमा अन्य मुलुकसँगको प्रतिस्पर्धाको रूपमा बुझ्नुपर्छ। प्रतिस्पर्धामा खरो रूपमा उत्रिन अरूले भन्दा केही सहजता पाउन सक्नुपर्छ। तब मात्र नेपाली उत्पादनले अरूको उत्पादनसँग प्रतिस्पर्धा गरेर माथि जान सक्छ। अन्यथा व्यापारघाटाको खाडल झनै गहिरिँदै जान्छ।

### समयानुकूल कानुन

आन्तरिक उत्पादन प्रभावित हुनुमा जटिल जग्गाप्राप्ति प्रक्रिया र प्रतिकूल कानुन पनि मुख्य रूपमा रहेको पाइन्छ। वस्तु उत्पादन र औद्योगीकरणमा जोडिन सहज रूपमा जग्गाप्राप्ति हुनुपर्छ भने अनुकूल कानुनको आवश्यकता पर्छ। जग्गाप्राप्ति नेपालमा एकदमै जटिल बन्दै गइरहेको छ। उद्योगहरूले जग्गा खरिद गरेर व्यवसाय सिर्जना गर्नुपर्छ भन्ने मानसिकता

**वस्तु उत्पादनमा जोडिने अर्को महत्वपूर्ण अवयव श्रम लागत हो। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को प्रतिवेदन हेर्ने हो भने दक्षिण एसियामा श्रम लागत कम पर्ने मुलुक पाकिस्तान हो। तर, नेपाली श्रमिक विदेश जान रूचाउने कारणले नेपालकै श्रम बजारमा भने केही महँगो देखिन्छ।**




पाइन्छ। यसले उत्पादन लागत बढाइरहेको छ। यस्तो मानसिकता नहटाएसम्म वस्तु उत्पादनमा सहजता आउँदैन। त्यस्तै समयानुकूल कानुनको अभाव अर्को समस्या हो। परिवर्तित अवस्थामा हामीलाई आवश्यकै नभएका कानुन लगाएर अहिले पनि दबाब सिर्जना गरेको पाइन्छ। प्रतिकूल कानुनहरूलाई समयसापेक्ष अद्यावधिक गरी सहजीकरण गर्नुपर्छ।

आन्तरिक उत्पादनसँग जोडिएर लगानीकर्ताहरूको सम्मान पनि आउँछ। लगानी गर्नेले निश्चय पनि केही नाफा खोज्छ। राज्यको कानुनअनुसार लगानी गरेर कमाएको नाफालाई नकारात्मक रूपमा हेर्ने गरेको पाइन्छ। यसले समग्रतामा लगानीकर्तालाई निरुत्साहित गरिरहेको हुन्छ। त्यसैले महासंघले 'सम्मानित निजी क्षेत्र समुन्नत नेपाल'को नारा अघि सारेको छ। जबसम्म निजी क्षेत्रलाई सम्मान गर्न सकिँदैन र उनीहरूले गर्ने नाफालाई सम्मान गर्न सकिँदैन तबसम्म लगानी बढ्दैन। लगानी नबढेपछि रोजगारी सिर्जना हुने र नाफा गर्ने कुरै आउँदैन। असन्तुलित वैदेशिक व्यापारलाई सन्तुलनमा ल्याउन निजी क्षेत्रको आत्मसम्मानमा चोट पुऱ्याउने काम कहीँकसैले गर्नु हुँदैन। त्यसो भनेर गलत अभ्यासहरूमा राज्य मूकदर्शक भएर बस्नुपर्छ भन्ने होइन। त्यसैले यावत् पक्षहरूलाई आत्मसात् गर्न सकेको खण्डमा मात्रै नेपालले वस्तु उत्पादन बढाउन सक्छ र नेपालको दीर्घकालीन निर्यातको अवधारणा अघि बढ्न सहयोग मिल्छ। नेपालमा जुन राजनीतिक दलको सरकार निर्माण भए पनि निजी क्षेत्रसँग सहकार्य गर्ने कुरा बारम्बार गरिरहन्छन्। तर,व्यवहार त्यस्तो हुँदैन। पछिल्लो समय विकासमा अघि बढिरहेका देशहरूलाई नियाल्दा पनि निजी क्षेत्रसँगको सहकार्य गर्दा लगानी बढेको देखिन्छ।

### दुई ठूला देशको फाइदा

नेपालको व्यापार हिस्सा ठूला अर्थतन्त्र भएका छिमेकी मुलुक चीन र भारतसँग नै बढी देखिन्छ। भारत र चीन विश्व बजारमा दरिलोसँग उभिइसकेका छन्। यस्तो स्थितिमा नेपालले दुवै मुलुकसँग सहकार्य गरेर फाइदा लिनैपर्ने हुन्छ। नेपालले दुवै मुलकबाट वस्तु व्यापारमा फाइदा लिने हो भने आफ्ना उत्पादन (प्रोडक्ट) हरू निर्यात गर्न सक्नुपर्छ। नेपालले मुख्य उत्पादन निर्यात गर्न गाह्रो छ किनकि उनीहरू नै मास (धेरै) उत्पादन गर्छन्। यस्तो स्थितिमा हाम्रो उत्पादनले उनीहरूसँग प्रतिस्पर्धा गर्न सक्दैन। नेपालले उनीहरूलाई कुनै सेवामूलक उद्योगमा आकर्षित गर्नसक्छ। पर्यटनमा धेरै सम्भावना छ। त्यस्तै स्वास्थ्य तथा शिक्षाको 'हब'का रूपमा उनीहरूलाई आकर्षित गर्न सकिन्छ।

### आर्थिक रूपान्तरणको कार्यान्वयन

महासंघले व्यवसायका मूलभूत समस्या केलाएर समाधानको उपाय राष्ट्रिय आर्थिक रूपान्तरण २०३० मार्फत सुझाएको छ। त्यसमा १० वटा प्राथमिकताका क्षेत्र र सय पहल समावेश छन्। महासंघ आफैं कार्यान्वयन निकाय नभएकाले कार्यान्वयनका लागि सरकारसँग सहकार्यको प्रस्ताव गरिएको छ। धेरै हदसम्म सरकार सहमत पनि छ। राष्ट्रिय आर्थिक रूपान्तरणको योजना कार्यान्वयन हुन सके सन् २०३० मा अर्थतन्त्रको आकार एक खर्ब डलर नाघ्नेछ। त्यस्तै २२ लाख व्यक्तिले औपचारिक निजी क्षेत्रमा रोजगारी पाउनेछन् भने व्यापार घाटा र कुल गार्हस्थ उत्पादन (जीडीपी) को अनुपात आधा घटाउन सकिनेछ।

*गोल्छा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन्।*

। अमृत खरेल



# डब्ल्यूटीओको विवाद निरुपण संयन्त्र :
# निष्क्रिय एपेलेट बडी र नेपालको चासो




विश्व व्यापार संगठन (डब्ल्यूटीओ) १ जनवरी १९९५ देखि एक सशक्त वैश्विक आर्थिक स्तम्भका रूपमा निरन्तर कार्यरत छ। नियममा आधारित बहुपक्षीय व्यापार प्रणालीका माध्यमबाट सदस्य राष्ट्रहरूबीच हुने व्यापारलाई खुला र निर्बाध ढंगले सञ्चालनको सुनिश्चितता गर्ने उद्देश्यले १५ अप्रिल १९९४ मा भएको माराकेश सम्झौताद्वारा स्थापित भएको हो।

विभिन्न राष्ट्रहरूबीचको अन्तर्राष्ट्रिय व्यापारलाई अधिकतम सहज, स्वच्छ, पारदर्शी र पूर्वानुमान योग्य तुल्याई रोजगारी सिर्जनामार्फत लोककल्याणकारी राज्यको परिकल्पना डब्ल्यूटीओले गरेको छ। त्यति मात्र होइन आममानिसको जीवनस्तरमा अभिवृद्धि गर्ने लक्ष्य राखेको डब्ल्यूटीओले भेदभावरहित, अति सौविध्य एवं राष्ट्रिय समान व्यवहारको सिद्धान्तमा आधारित व्यापारका नियमहरूको विश्वव्यापी प्रणाली सञ्चालन गर्दै आएको छ।

दुई वा दुईभन्दा बढी राष्ट्रहरूबीचमा द्विपक्षीय वा क्षेत्रीय व्यापार गर्न आपसमा सन्धि गरिएको हुन्छ। आपसमा व्यापार सञ्चालन गर्नुपर्दा एउटै देशले विश्वका धेरै देशसँग वार्ताको अत्यन्त झन्झटिलो प्रक्रिया पार गर्नुपर्ने हुन्छ। सबै प्रक्रिया पूरा गरेर विभिन्न राष्ट्रमा व्यापार गर्दा पनि समान व्यवहार प्राप्त नहुन सक्छ। त्यसैले अर्थतन्त्रको आकार नहेरी अन्तर्राष्ट्रिय व्यापारमा सबै प्रकार समस्या समाधान गरी सबै सदस्य देशहरूले एउटै एकीकृत व्यापारको नियमको परिधिमा रहेर समान र परम सौविध्यको व्यवहार प्राप्त गर्ने प्रणाली डब्ल्यूटीओअन्तर्गत विकसित गरिएको छ। व्यापारका कुनै पनि नवीन नियमहरू तय गर्नुपर्दा डब्ल्यूटीओका सदस्य राष्ट्रहरूबीचमा समान हैसियतमा घनिभूत छलफलको अवसर प्राप्त हुन्छ। सबै पक्षको वार्ताद्वारा सहमति भई पारित नयाँ नियमहरू क्रमशः लागु हुँदै जाने परिपाटी डब्ल्यूटीओले विकास गरेको छ। व्यापारलाई प्रश्रय दिने वैश्विक संगठनका रूपमा डब्ल्यूटीओले मूल सम्झौता एवं तिनका अनुसूचीहरू तथा तदनुरूप पारित गरिएका नियमहरूको विभिन्न देशमा कार्यान्वयनको स्थितिको समेत सुपरिवेक्षण र मूल्यांकन गर्ने गर्दछ। सदस्य राष्ट्रहरूलाई डब्ल्यूटीओका नियमहरू अनुकूल घरेलु व्यापारमा नीति तथा नियम तय गर्न तथा प्रतिबद्धता पूरा गर्नसमेत डब्ल्यूटीओले आवश्यकताअनुसार

बेला-बेलामा मार्गदर्शन गर्छ ।

द्विपक्षीय वा बहुपक्षीय व्यापार निर्विवाद हुँदैन । त्यसैले व्यापारका क्रममा जुनसकै समयमा राष्ट्रहरूका बीचमा हुनसक्ने विवादलाई दृष्टिगत गरी डब्ल्यूटीओअन्तर्गत शान्तिपूर्ण र वैधानिक रूपमा अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित विवाद समाधान गर्न एक विशिष्ट नियमसहितको विवाद निरुपण अंग (डिस्पुट सेटलमेन्ट बडी/डीएसबी) को व्यवस्था गरिएको छ। सदस्य राष्ट्रहरूबीचमा डीएसबीको क्षेत्राधिकारभित्र पर्ने कुनै पनि विषयमा आपसी विवाद उत्पन्न भए छिटोछरितो, सुलभ, स्वच्छ र पारदर्शी ढंगले उपचार खोजिन्छ। डब्ल्यूटीओका मूलभूत नियमहरूको सुस्पष्ट व्याख्या गरी कानुनका मान्य सिद्धान्तहरू अवलम्बन गरी निश्चयात्मक र बाध्यकारी रूपमा कार्यान्वयन हुने प्रत्याभूतिसहित विवाद निरुपण हुने संयन्त्र (डीएसबी) को उपलब्धताले नै संगठनको प्रभावकारिता बढ्न गएको हो । डब्ल्यूटीओ स्थापनासम्बन्धी मूल सम्झौता अर्थात् माराकेश सम्झौतामा मुख्य चारवटा अनुसूचीलाई समेटिएको छ। जसमध्ये अनुसूची २ मा व्यापारसम्बन्धी विवाद निरुपणको संयन्त्र र कार्यविधिबारे उल्लेख भएको छ भने सम्झौताको अनुसूची १ भित्र ३ वटा उपअनुसूची छन् । यी तीन उपअनुसूचीहरूले क्रमशः वस्तु व्यापार, सेवाको व्यापार र बौद्धिक सम्पत्तिको व्यापारसम्बन्धी बहुपक्षीय सम्झौतालाई समेटेका छन् । अनुसूची ३ मा व्यापार नीति पुनरावलोकन संयन्त्र र अनुसूची ४ मा इच्छुक राष्ट्रहरूबीचमा मात्र लागु हुने बहुपक्षीय व्यापार सम्झौताका विषय समावेश छ ।

डब्ल्यूटीओ विवाद निरुपण संयन्त्रको प्रारुप नै व्यापारमा उत्पन्न अन्तर्राष्ट्रिय विवाद निरुपण गरी अनिवार्य र बाध्यकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्थाका कारण अन्तर्राष्ट्रिय संगठनहरूमध्ये डब्ल्यूटीओलाई सबैभन्दा प्रभावकारी मानिएको छ। डब्ल्यूटीओले आफ्नो काम सुरु गरेयता हालसम्म ६ सय ६ वटा विवाद उठान भएकामा ३ सय ५० भन्दा बढीमा बाध्यकारी आदेश गरिएको पाइन्छ । संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय न्यायालयले गरेको फैसलासमेत कार्यान्वयनका क्रममा सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रहरूले कतिपय अवस्था भिटो प्रयोग गरी निष्प्रभावी तुल्याउने गरेको स्थितिमा डब्ल्यूटीओबाट हुने विवाद निरुपणको निर्णय कार्यान्वयनलाई रोक्न कुनै पनि सदस्य राष्ट्रले विशेषाधिकार प्रयोग गर्न सक्दैन ।

डब्ल्यूटीओ एक अन्तरसरकारी निकाय हो । त्यसैले कुनै सदस्य राष्ट्रले अर्को सदस्य राष्ट्रको सरकारले संगठनको सदस्यता लिन गरेको प्रतिबद्धता वा सहमति जनाएको कुनै नियमविपरीत कार्य वा नीतिगत निर्णय गरी आफ्नो व्यापार सम्बन्धित हक-अधिकारमा आघात पुऱ्याएको दाबी गरेमा त्यसको सुनुवाइ डब्ल्यूटीओले गर्छ । परस्पर आपसी छलफल परामर्शका लागि औपचारिक रूपमा पत्राचार गरी विवादको उठान गर्न सकिने व्यवस्था अनुसूची २ को व्यापारसम्बन्धी विवाद निरुपणको संयन्त्र र कार्यविधिको धारा ४ मा उल्लेख छ । अतः निजी व्यक्ति वा संघ-संस्थाले विवादको उठान गरी डब्ल्यूटीओ प्रवेश गर्न मिल्दैन । तर, निजी उद्यमी वा संघ-संस्थाले अन्य कुनै देशको नीति वा व्यवहारबाट भइरहेको घाटा वा आघातको सम्बन्धमा आफ्नो देशको सरकारलाई विश्वस्त तुल्याई मुद्दा उठान गर्न भने सक्छ ।

**अधिकार क्षेत्र र उजुरीका प्रकार**

डब्ल्यूटीओको अधिकारक्षेत्र अनिवार्य क्षेत्राधिकारका रूपमा रहेको छ भने सबै सदस्य राष्ट्रका लागि बाध्यकारी रूपमा लागु हुने व्यवस्था छ। यसभित्र मुख्यतः तीन प्रकृतिका विवाद उठान गर्न सकिने व्यवस्था छ । सदस्य राष्ट्रहरूले अर्को सदस्य राष्ट्र वा राष्ट्रहरूको विरुद्धमा कानुन उल्लंघनको उजुरी, गैरउल्लंघन सम्बन्धित उजुरी र परिस्थितिजन्य उजुरी लैजान सक्छन्। कुनै पनि सदस्य राष्ट्रले डब्ल्यूटीओअन्तर्गतको सम्झौताको कुनै पनि व्यवस्था उल्लंघन गरी अर्को सदस्यले प्राप्त गरिरहेको सुविधामा आघात पर्न गएको अवस्थामा सोको प्रमाणित दाबीसहित गरिने उजुरीलाई कानुन उल्लंघनको उजुरी भनिन्छ । त्यस्तै कुनै सदस्य राष्ट्रले लागु गरेको कुनै नयाँ व्यवस्थाबाट आफूलाई पहिलेबाट प्राप्त भइरहेको सुविधामा आघात परेको अवस्थामा सम्बन्धित राष्ट्रले लागु गरेको नयाँ व्यवस्था वा प्रावधान डब्ल्यूटीओको सम्झौताको विपरीत नभए पनि ल्याउन सकिने विवादलाई गैरउल्लंघन वा अनुल्लंघनको विवाद भन्ने गरिन्छ । डब्ल्यूटीओ कानुनको उल्लंघन वा अनुल्लंघनबाहेक अन्य कुनै पनि परिस्थितिको विद्यमानताबाट आफ्नो व्यापारसम्बन्धी हक-अधिकारमा आघात पर्न गएको भनी कुनै सदस्य राष्ट्रले अर्को राष्ट्रका विरुद्धमा ल्याउन सक्ने मुद्दालाई परिस्थितिजन्य उजुरी भन्न सकिन्छ ।


**डब्ल्यूटीओ विवाद समाधान संयन्त्रको मुख्य विशेषता भनेकै विवादित पक्षहरूबीच नै आपसी छलफलको कूटनीतिक माध्यम, मध्यस्थता, सत्प्रयासबाट विवाद समाधानमा जोड दिन्छ भने द्विपक्षीय परामर्शबाट ३० दिनभित्र कूटनीतिक समाधान ननिस्किए न्यायिक निरूपणको चरणमा प्रवेश गर्छ ।**

**विवाद निरूपणको संस्थागत व्यवस्था : डीएसबी, प्यानल र एपेलेट बडी**

डब्ल्यूटीओअन्तर्गत विवाद निरुपणका लागि संस्थागत रूपमा डीएसबीको व्यवस्था गरिएको छ । डब्ल्यूटीओको सम्पूर्ण नीतिगत निर्णय गर्ने तथा नयाँ नियमहरूको छलफल र पारित गर्ने सर्वोच्च निकायका रूपमा सदस्य राष्ट्रका राजदूत सरहका कूटनीतिक प्रतिनिधिहरू सम्मिलित शीर्ष तहको संयन्त्रलाई जनरल काउन्सिल भन्ने गरिन्छ । सोही जनरल काउन्सिलले विवाद निरुपण गर्ने क्रममा विवाद निरुपण अंग अर्थात् डीएसबीका रूपमा सभाको बैठक सञ्चालन गरी विवाद निरुपणको सम्पूर्ण चरणहरूमा आवश्यक निर्णय दिने तथा न्याय सम्पादन गरी अन्तिम भएको मुद्दाको निर्णय कार्यान्वयन गराउनेसम्मको कार्यभार सम्हाल्दै आएको छ ।

डब्ल्यूटीओ विवाद समाधान संयन्त्रको मुख्य विशेषता भनेकै विवादित पक्षहरूबीच नै आपसी छलफलको कूटनीतिक माध्यम, मध्यस्थता, सत्प्रयासबाट विवाद समाधानमा जोड दिन्छ भने द्विपक्षीय परामर्शबाट ३० दिनभित्र कूटनीतिक समाधान ननिस्किए न्यायिक निरुपणको चरणमा प्रवेश गर्छ । विवादको न्यायिक निरुपणका लागि पहिलो चरणमा डीएसबीले तीनदेखि पाँच सदस्यीय प्यानल गठन गरी विवादको निरुपण गर्न लगाउँछ । प्यानलले एक तदर्थ न्यायाधीकरणका रूपमा काम गर्दछ, जसमा डीएसबीले मुद्दाको पक्षको सिफारिसअनुसार प्यानलमा विषयबारे जानकार सदस्य नियुक्त गर्छ । यसरी नियुक्त हुने व्यक्ति प्रायः प्राध्यापकहरू वा सरकारी पूर्वअधिकारीहरू रहने गर्छन् । सहमतिमा प्यानल सदस्य नियुक्त हुन नसके डब्ल्यूटीओका महानिर्देशकले नै प्यानलमा सदस्यहरू नियुक्त गर्ने व्यवस्था छ । महानिर्देशकले प्यानल सदस्य नियुक्त गरेपछि विवाद निरुपणको काम अधिकतम ६ महिनाभित्र सम्पन्न गरी प्रतिवेदन तयार पार्न र अधिकतम नौ महिनाभित्र डीएसबीसमक्ष अन्तिम प्रतिवेदन पेस गर्ने गरी कार्यविधि अपनाइन्छ ।

विवाद सम्बन्धमा प्यानलले दिएको अन्तिम प्रतिवेदनका कानुनी विषयवस्तुमा चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न सक्ने व्यवस्था छ । डीएसबीअन्तर्गत सात सदस्य रहेको एक स्थायी सूचीकृत पुनरावेदकीय अंग (एपेलेट बडी) छ । स्थायी संयन्त्रको व्यवस्था अनुसूची २ को धारा १७ मा गरिएको छ। एपेलेट बडीले प्यानलको रिपोर्टलाई पुनरावेदनको रोहमा हेरी डब्ल्यूटीओ सम्झौताहरूको व्याख्या कानुनसंगत भए/नभएको निष्कर्ष निकाल्छ। एपेलेट बडीले मुद्दामा गरेको व्याख्याले भविष्यमा उस्तै मुद्दाका



लागि नजिरका रूपमा मान्यता प्राप्त गर्दैनन् तर पनि ती व्याख्याहरूलाई प्यानलले उस्तै खाले मुद्दा हेर्दा विचार गर्नुपर्ने भनी मेक्सिकोले अमेरिकाविरुद्ध दायर गरेको स्टेनलेस स्टिलको एन्टी डम्पिङको मुद्दामा पुनरावेदकीय अंगको प्रतिवेदनमा उल्लेख गरिएको पाइन्छ। कुनै पनि मुद्दामा प्यानलले दिएको रिपोर्टको पुनरावेदकीय समीक्षा गर्न एपेलेट बडीका सात सदस्यमध्ये कुनै तीन सदस्यलाई सम्बन्धित मुद्दा हेर्ने गरी डीएसबीले नै तोक्ने व्यवस्था छ। पुनरावेदकीय अंगका सदस्यहरू चार वर्षका लागि नियुक्त हुने र प्रत्येक सदस्य पुनः थप एक कार्यकालका लागि नियुक्त हुनसक्ने प्रावधान रहेको छ। एपेलेट बडीमा नियुक्त हुने सदस्यहरू अन्तर्राष्ट्रिय कानुनका ज्ञाता रहने गर्छन्। एपेलेट बडीलाई मुद्दाको पुनरावेदन परेको खण्डमा अधिकतम तीन महिनाभित्र अन्तिम निरुपण गर्ने समयसीमा तोकिएको हुनाले पुनरावेदन परेको अवस्थामा पनि डब्ल्यूटीओअन्तर्गत सामान्य अवस्थामा एक वर्षभित्र मुद्दाको अन्तिम किनारा लागिसक्नुपर्ने देखिन्छ। एपेलेट बडीले पनि डीएसबीसमक्ष नै आफ्नो प्रतिवेदन प्रस्तुत गरेपछि तदनुरूप निर्णय कार्यान्वयनको प्रक्रिया डीएसबीअन्तर्गत नै अवलम्बन गरिन्छ।

**पुनरावेदकीय अंगमा पद रिक्तताको अवस्था**

डोनाल्ड ट्रम्पको सरकार बनेदेखि संयुक्त राज्य अमेरिकाले एपेलेट बडी डब्ल्यूटीओ मूल सम्झौताको म्यान्डेटबाट बहकिएको आरोप लगाउँदै एपेलेट बडीको पदपूर्तिमा निरन्तर भाँजो हाल्दै आएको छ। १० डिसेम्बर २०१९ देखि डब्ल्यूटीओअन्तर्गत पुनरावेदकीय समीक्षाको सबै कारबाहीहरू स्थगित गरिएको छ भने नयाँ पुनरावेदनहरू ग्रहणसमेत गरिएको छैन। एपेलेट बडीका सदस्यहरू चारवर्षे कार्यकाल सकिएर पालैपालो बिदा हुने क्रममा ३० नोभेम्बर २०२० मा अन्तिम सदस्य डा. होङ झावो बिदा भएपछि यतिबेला डब्ल्यूटीओको पुनरावेदकीय अंग पूरै रिक्त रहेकाले निष्क्रिय हुन पुगेको छ। एपेलेट बडीको आमूल सुधार हुनुपर्ने अमेरिकी अडानका कारण डब्ल्यूटीओको मेरुदण्डका रूपमा रहेको विवाद निरुपणको संयन्त्र पूर्ण रूपमा निष्क्रिय हुनाले समग्र डब्ल्यूटीओको संयन्त्र समस्याग्रस्त बनेको छ।

डोनाल्ड ट्रम्प राष्ट्रपति पदमा निर्वाचित भएर आएदेखि अमेरिकी अदालतको अधिकारक्षेत्रलाई कुनै पनि अन्तर्राष्ट्रिय विवाद समाधानका निकायहरूले सीमित तुल्याउन नसक्ने भन्दै सन् १९९५ मा गठित सात सदस्यीय एपेलेट बडीलाई संकुचित गर्ने प्रयास गर्दै आएको छ।

एपेलेट बडीमा सदस्यहरू नियुक्ति गर्न डीएसबीमा प्रतिनिधित्व गर्ने सबै सदस्य राष्ट्रका प्रतिनिधिहरूबीच समझदारी भएपछि मात्र सदस्य नियुक्त हुनसक्ने प्रावधान छ। यही प्रावधानको फाइदा उठाउँदै अमेरिकी प्रतिनिधिले एपेलेट बडीको सदस्य नियुक्तिको प्रस्तावलाई अवरोध गर्दै आएका कारण समग्र विवाद निरुपण संयन्त्रमै गत्यावरोधको स्थिति पैदा भएको छ। विवाद निरुपणको नियम तथा कार्यविधिसम्बन्धी सहमतिले जे जति भूमिका दिएको छ सोहीभित्र सीमित भई एपेलेट बडीले न्यायिक सक्रियता देखाउन नहुने अमेरिकी माग छ। विशेषगरी अमेरिका र चीनबीचका अधिकांश व्यापार विवादहरूमा चीनले सशक्त उपस्थिति जनाई मुद्दाहरूलाई आफ्नो पक्षमा पारेको देखिन्छ। डब्ल्यूटीओमा अमेरिकाविरुद्ध चीनले निरन्तर सफलता पाएबाट असहय भई अमेरिकाले घुमाउरो ढंगले अड्को थापी डब्ल्यूटीओअन्तर्गतको विवाद समाधानको संयन्त्रलाई असफल तुल्याउने प्रयास गर्दै आएको देखिन्छ।

**अमेरिकी असहयोगको निरन्तरता**

संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय न्यायालयमा निकारागुआले अमेरिकाविरुद्ध दायर गरेको मुद्दामा अमेरिकाले बाह्य हस्तक्षेप गरेको भन्ने प्रमाणित भएको थियो। अमेरिकाविरुद्ध अन्तर्राष्ट्रिय न्यायालयले गरेको फैसला कार्यान्वयन गर्न नदिन अमेरिकाले सुरक्षा परिषद्मा भिटो प्रयोग गरेर उक्त फैसला कार्यान्वयको प्रस्ताव नै पेस गर्न दिएन। अमेरिकाकै कारण अन्तर्राष्ट्रिय न्यायालयको प्रभावकारितामा प्रश्न उठेको छ। यस्तै स्थिति अहिले डब्ल्यूटीओअन्तर्गतको विवाद निरुपणको संयन्त्रको नियुक्तिमा देखिएको छ। एपेलेट बडीलाई समेत असफल तुल्याउन अमेरिकी प्रशासनको भूमिका रहनु भनेको अन्तर्राष्ट्रिय व्यापारको विस्तार एवं नेपालजस्ता अति कम विकसित मुलुकहरूको विवाद समाधानको संयन्त्रमा पहुँच पुर्‍याउने दिशामा समेत अभिशाप मान्न सकिन्छ।

संयुक्त राज्य अमेरिकाको न्यु हयाम्पसायर स्थित ब्रिटेन उड्समा सन् १९४४ को जुलाईमा सम्पन्न संयुक्त राष्ट्रसंघीय मौद्रिक तथा वित्तीय सम्मेलनमै अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकसँगै संयुक्त राष्ट्रसंघअन्तर्गत विशिष्टिकृत व्यापार एजेन्सीका रूपमा अन्तर्राष्ट्रिय व्यापार संगठन (आईटीओ) स्थापना गर्ने परिकल्पना भएको थियो। त्यसैअनुसार सन् १९४७ नोभेम्बरमा क्युबाको हभानामा भएको व्यापार तथा रोजगारसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनबाट आईटीओ स्थापनाको विषय समेटिएको हभाना बडापत्रको मस्यौदा भयो। तर, विदेशी लगानीकर्ताको संरक्षणका लागि पर्याप्त व्यवस्था नभएको भनी अमेरिकी कंग्रेसले उक्त बडापत्र अनुमोदन गर्न अस्वीकार गरेपछि विश्व व्यापारलाई नियमन गर्न बहुपक्षीय संगठन निर्माणको प्रक्रिया झन्डै पाँच दशकसम्मका लागि पछाडि धकेलिएको थियो। आईटीओ स्थापना नहुँदासम्मका लागि बहुपक्षीय व्यापार प्रणालीलाई तदर्थ रूपमा कार्यान्वयनमा ल्याउन ३० अक्टोबर १९४७ मा भन्सार र व्यापारसम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन ट्यारिफ्स एन्ड ट्रेड-ग्याट) मा २३ राष्ट्रबीच हस्ताक्षर भएकामा त्यही तदर्थ सम्झौता नै १ जनवरी, १९४८ देखि विश्व व्यापार संगठन स्थापनाका लागि माराकेश सम्झौता नहुँदासम्म अन्तर्राष्ट्रिय व्यापारको प्रमुख सम्झौताका रूपमा रहनुपरेको थियो। यसरी सन् १९४७ मा अमेरिकाले खेलेको नकारात्मक भूमिका अहिले पुनः एपेलेट बडीका रिक्त पदमा सदस्यहरू नियुक्तिका सम्बन्धमा दोहोरिएको छ।

**विवाद निरूपण संयन्त्रमा नेपालसहित अति कम विकसित राष्ट्रहरूको चासो**

विश्वका अधिकांश मुलुक डब्ल्यूटीओको सदस्य भइसकेको अवस्थामा नियममा आधारित बहुपक्षीय व्यापार संयन्त्रबाट अन्तर्राष्ट्रिय व्यापारमा अति सौविध्य एवं राष्ट्रिय व्यवहार प्राप्त भई मुलुकको वस्तु तथा सेवा व्यापारलाई थप प्रतिस्पर्धी बनाई तुलनात्मक लाभको क्षेत्रमा अधिकतम प्रगति हुनसक्ने आकलन गरी २३ अप्रिल २००४ मा नेपाल १४७औं सदस्यका रूपमा डब्ल्यूटीओमा आबद्ध भएको हो। सदस्यता प्राप्त गरेपछि भूपरिवेष्ठित र सानो अर्थतन्त्र भए पनि नेपालले विश्वका अन्य ठूला अर्थतन्त्रसरह नै एक राष्ट्र एक मतको आधारमा आफ्नो अधिकार निर्धारण गर्न पाउनुका साथै अन्तर्राष्ट्रिय मञ्चमा अतिकम विकसित राष्ट्रहरूको प्रतिनिधत्वको अवसरसमेत पाएको छ।

विवाद समाधान संयन्त्रमा पनि अति कम विकसित मुलुकहरूको पर्याप्त मात्रामा सहज पहुँच पुगी विवाद समाधानका लागि पटकपटक यस्ता संयन्त्रको प्रयोग गर्ने अभ्यास भएको छ। डब्ल्यूटीओअन्तर्गत विभिन्न नियमहरूको व्याख्याद्वारा अन्तर्राष्ट्रिय व्यापारको विधिशास्त्र एवं नयाँ नियमहरूको विकास र प्रवर्द्धनमा साना अर्थतन्त्र भएका मुलुकहरूको समेत हिस्सेदारी र स्वामित्व हुन सक्छ। नेपालजस्ता अति कम

> **समान चासो, चिन्ता र सरोकार रहेका सदस्य राष्ट्रहरूका बीचमा अनलाइनबाट छलफल, अन्तर्क्रिया एवं विचार विमर्शद्वारा साझा अवधारणा बनाई संयुक्त रूपमा आवाज मुखरित गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ।**

विकसित राष्ट्रहरूले डब्ल्यूटीओअन्तर्गतको विवाद निरुपण संयन्त्र आफ्नो हितमा उपयोग गर्न सक्ने स्थिति नभएसम्म व्यापार साझेदार अन्य सदस्य राष्ट्रहरूले अति कम विकसित राष्ट्रहरूलाई कमजोर मूल्यांकन गर्ने सम्भावना रहन्छ । यसबाट कमजोर राष्ट्रहरूलाई प्रत्यक्ष रूपमा असर पर्ने खालका नीति र व्यवहार अवलम्बन गर्नसमेत नहिच्किचाउने भएकाले अति कम विकसित राष्ट्रहरूको विवाद निरुपण संयन्त्रमा पहुँच पुग्दा मात्रै वास्तविक अर्थमा विश्वव्यापी न्यायको अवस्था सिर्जना हुन जान्छ ।

विवाद निरुपणका लागि अतिकमविकसित राष्ट्रहरूको सहभागिता नहुनु चिन्ताजनक विषय हो । सन् १९९५ देखि सन् २०२१ सम्म आइपुग्दा पनि अतिकमविकसित राष्ट्रहरूका तर्फबाट हालसम्म एकपटक मात्र सन् २००६ मा बंगलादेशले डब्ल्यूटीओमा आफ्नो व्यापार साझेदार राष्ट्र भारतका विरुद्धमा आफैं पक्ष भई एउटा उजुरी दर्ता गरेको पाइन्छ । अन्यथा हालसम्म डब्ल्यूटीओ विवाद निरुपणमा अन्य राष्ट्रले दायर गरेको मुद्दामा तेस्रो पक्षका रूपमा सहभागी हुने हैसियत मात्र अतिकमविकसित राष्ट्रहरूले बनाएका छन् । यसरी तेस्रो पक्षका रूपमा विवादमा सहभागी हुँदा पनि विवाद निरुपण संयन्त्र प्रयोगका लागि अनुभव र ज्ञान हासिल हुने भएकाले नेपालले समेत सुरु सुरुमा प्रत्यक्ष रूपमा आफैं मुद्दा पक्षका रूपमा सहभागी नभए पनि तेस्रो पक्षका रूपमा सम्बन्धित विवादहरूमा सहभागी भई अनुभव लिनु उपयुक्त देखिन्छ । हालसम्म डीएसबीअन्तर्गत प्यानलले हेरेका मुद्दाहरूमा जम्मा १५ पटक र एपेलेट बडीसम्म पुगेका मुद्दामा मात्र ६ पटक अतिकमविकसित राष्ट्रहरूले तेस्रो पक्षका रूपमा उपस्थिति जनाएको पाइन्छ । यसरी तेस्रो पक्षका रूपमा उपस्थिति जनाएर आफ्नो चासो र सरोकारको विषय प्रस्तुत गर्ने अति कम विकसित राष्ट्रहरूमा सेनेगल, हाइटी, मदागास्कार, बेनिन, चाड, मालवी, तान्जानिया, बंगलादेश र जाम्बिया छन् ।

सन् २००४ मा भारतले बंगलादेशबाट आयात हुने विद्युतीय ब्याट्रीमा निश्चित एन्टी डम्पिङ प्रावधानहरू लागु गरी बंगलादेशी उत्पादनलाई निरुत्साहित गरेको थियो । त्यसपछि बंगलादेशको ब्याट्री उत्पादक एवं निर्यातक रहिमाफ्रुज नामक कम्पनी भारतीय नीतिबाट मारमा परेको भन्दै स्थानीय रूपमा भारतमा न्यायिक उपचार खोजी गऱ्यो । तर, भारतबाट कुनै परिणाम प्राप्त नभएपछि रहिमाफ्रुजले आफ्नै (कम्पनीकै) खर्चमा बंगलादेश सरकारलाई डब्ल्यूटीओमा मुद्दा लैजान आश्वस्त तुल्याएर अघि बढेको थियो । २८ जनवरी २००४ मा उक्त विषयमा आपसी परामर्शका लागि बंगलादेशले डब्ल्यूटीओको प्रावधानअनुसार औपचारिक रूपमा भारतलाई पत्राचार गऱ्यो । त्यसपछि भारतले उक्त विषयमा बंगलादेशसँग वार्ता गरी बंगलादेशबाट ब्याट्री निर्यातलाई प्रभावित गर्ने गरी लागु गरेको प्रावधानहरू फिर्ता लिएको थियो । दुवै पक्षबीच वार्ताबाट समस्या समाधान भएको भनी बंगलादेश र भारतले २० फेब्रुअरी २००६ मा डब्ल्यूटीओको डीएसबीमा अवगत गराएका थिए । बंगलादेश र भारतबीच ब्याट्री निर्यातको मुद्दाबाट अति कम विकसित राष्ट्रहरूले पनि मनोवैज्ञानिक त्रासबाट बाहिर निस्केर समान हैसियतमा आफूलाई मर्का परेको विषय उठान गर्न सक्दा डब्ल्यूटीओअन्तर्गत सुनुवाइ हुँदो रहेछ भन्ने पाठ सिकेका छन् । यसबाट विशाल अर्थतन्त्र भएका देशहरूबाट मर्का पर्ने गरी लादिएका मापदण्डहरूलाई रणनीतिक रूपमा डब्ल्यूटीओको विवाद निरुपणका फोरम प्रयोग गरी अति कमविकसित राष्ट्रहरूले पनि आफ्नो हित रक्षा गर्न सक्ने सम्भावना बढाएको छ ।

२०७२ असोज ३ गते नेपालको संविधान जारी भएपश्चात् भारतले अघोषित रूपमा गरेको आर्थिक नाकाबन्दीको अवस्थामा नेपालले आफ्नो निर्बाध खुला व्यापारको अधिकार दाबीसहित डब्ल्यूटीओमा मुद्दा लैजानुपर्ने विषय चर्चामा

**कुनै पनि व्यापार साझेदार राष्ट्रले आफ्नो घरेलु कानुनमा गर्ने परिवर्तन एवं संशोधनहरू तथा अन्य कुनै पनि खालको नीतिगत निर्णयहरू डब्ल्यूटीओको मूल सम्झौता एवं अन्य कुनै पनि नियमको प्रतिकूल नहुने गरी गर्नुपर्छ ।**


थियो । यद्यपि नेपालले भारतविरुद्ध कुनै पनि अन्तर्राष्ट्रिय फोरमहरूमा मुद्दा लैजान सकेन । पछि भारतीय नाकाबन्दीको अन्तर्राष्ट्रिय रूपमै चर्चा-परिचर्चा हुन थालेपछि आफैंले खुला गरेको थियो । डब्ल्यूटीओको विवाद निरुपण संयन्त्र प्रयोगका लागि अति कमविकसित राष्ट्रहरूलाई सहयोग गर्न एड्भाइजरी सेन्टर अन डब्ल्यूटीओ ल (एडब्ल्यूसीएल) नामक संस्थासमेत डब्ल्यूटीओ मातहतमै सञ्चालित छ । एडब्ल्यूसीएलले डब्ल्यूटीओअन्तर्गत मुद्दा मामिला गर्दा सहुलियत दरमा सेवा उपलब्ध गराउँछ ।

कुनै पनि व्यापार साझेदार राष्ट्रले आफ्नो घरेलु कानुनमा गर्ने परिवर्तन एवं संशोधनहरू तथा अन्य कुनै पनि खालको नीतिगत निर्णयहरू डब्ल्यूटीओको मूल सम्झौता एवं अन्य कुनै पनि नियमको प्रतिकूल नहुने गरी गर्नुपर्छ । आफ्नो देशको निर्यात व्यापारमा असर पर्न गएको छ/छैन वा आफ्नो देशबाट प्रदान गर्ने सेवा व्यापार वा बौद्धिक सम्पत्तिको व्यापारमा कुनै असर पर्न गएको छ/छैन भन्ने सम्बन्धमा नियमित रूपमा सूचना प्राप्त गर्ने, सूचनाको विश्लेषण गर्ने, नीति पुनरावलोकन गर्ने र आन्तरिक तथ्यांक अनुगमन प्रणाली स्थापना गर्नु अपरिहार्य मानिन्छ । यस प्रकारको 'सर्भिलियन्स' प्रणालीमा अर्थशास्त्री, तथ्यांकशास्त्री तथा अन्तर्राष्ट्रिय आर्थिक कानुनका ज्ञाताको संलग्नता हुनुपर्छ । यस्तो सर्भिलियन्सले निरन्तर सूचनाहरूको विश्लेषण गर्न सकेमा नेपाललाई प्रत्यक्ष/अप्रत्यक्ष रूपमा असर पर्ने कुनै पनि देशले लिएका प्रतिकूल नीति तथा व्यवहारलाई चुनौती दिई डब्ल्यूटीओअन्तर्गत विवाद लैजान सकिन्छ । यसबाट दीर्घकालीन रूपमा नेपाललाई अन्य व्यापार साझेदार राष्ट्रले गर्ने व्यवहारमा समेत सम्मानजनक स्थिति कायम हुने वातावरण बन्छ । दुर्भाग्य अहिलेसम्म सर्भिलियन्स गठन भएको छैन ।

कुनै पनि अन्य व्यापार साझेदार देशले लिने नीतिबाट प्रत्यक्ष असर निजी उद्यमी व्यवसायी निर्यातकहरूलाई पर्छ । कुनै पनि देशले वैदेशिक व्यापार, व्यापार सम्बन्धित लगानी, बौद्धिक सम्पत्ति आदिको विषयमा लिने प्रतिकूल नीतिका सम्बन्धमा सरकारलाई जानकारी गराई डब्ल्यूटीओमा मुद्दा दायर गर्न सार्वजनिक निजी साझेदारीमा अघि बढ्न सकिन्छ । त्यसका लागि निजी क्षेत्रबाट विवाद उठानका लागि समेत सहजीकरण गर्ने गरी प्राइभेट पेटिसनसम्बन्धी कानुनी व्यवस्था तत्कालै गर्नुपर्ने आवश्यकता छ । यससम्बन्धी काम-कारबाही अगाडि बढाउन सके नेपालले डब्ल्यूटीओको रूपरेखाअन्तर्गत लाभ हासिल गर्न सक्ने देखिन्छ ।

डब्ल्यूटीओको एपेलेट बडीलाई सदस्यविहीन तुल्याई निष्क्रिय अवस्थामा पुऱ्याउनु भनेको नेपालजस्ता अति कम विकसित राष्ट्रहरूका लागि अत्यन्त चिन्ताजनक र अहितको विषय हो । ठूला अर्थतन्त्र भएका राष्ट्रले साना अर्थतन्त्रमाथि स्वभाविक रूपमा दबाब कायम राख्न सक्ने हैसियत हुनाले ठूला अर्थतन्त्रलाई यस्ता विवाद निरुपणका संयन्त्र हुनु र नहुनुले खासै अर्थ राख्दैन । तर, नेपालजस्ता कमजोर अर्थतन्त्र भएका देशहरूका लागि हालको कोभिडद्वारा आक्रान्त स्थितिमा अन्तर्राष्ट्रिय व्यापारमा उत्पन्न हुनसक्ने कुनै पनि विवादलाई डब्ल्यूटीओ फोरममा लैजानुपर्ने आवश्यकता पर्न सक्छ । अति कमविकसित राष्ट्रहरू तथा विकासशील राष्ट्रहरूले समेत चाँडोभन्दा चाँडो एपेलेट बडीमा सदस्य नियुक्तिमा पैदा गरिएको गत्यावरोध अन्त्य गर्न कूटनीतिक छलफल एवं संयुक्त पहल गर्नु अत्यावश्यक भइसकेको छ । समान चासो, चिन्ता र सरोकार रहेका सदस्य राष्ट्रहरूका बीचमा अनलाइनबाट छलफल, अन्तर्क्रिया एवं विचार विमर्शद्वारा साझा अवधारणा बनाई संयुक्त रूपमा आवाज मुखरित गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

*(खरेल नाफिजका संस्थापक अध्यक्ष तथा अन्तर्राष्ट्रिय कानुन विज्ञ हुन्)*



| दिनेश भट्टराई



### क्रस बोर्डर ट्रेड :

# सम्भावना र चुनौती



कोभिड-१९ को महामारीबीच पनि नेपालको अन्तर्राष्ट्रिय व्यापारमा केही सकरात्मक संकेतहरू देखिएका छन्। नेपालको एक खर्ब रुपैयाँको निर्यात पुऱ्याउने लक्ष्य यसै बेला पूरा भएको छ। नेपालको अन्तर्राष्ट्रिय व्यापारको दुईतिहाइ हिस्सा नेपाल-भारत व्यापारमा केन्द्रित छ। यस्तो स्थितिमा नेपाल-भारतबीचको रेल सेवा सम्झौतामा नेपालले उठाएका धेरै विषयहरू सम्बोधन हुने गरी संशोधन भएकाले थप उत्साह मिलेको छ।

विगतमा नेपालबाट भारत निर्यात गर्न प्रतिबन्ध लागेको पाम आयलको निर्यात खुला भएको छ। भारतसँगको व्यापार तथा पारवाहन सम्झौताहरू पुनरावलोकनको क्रममा छन्। यस अवधिमा युरोप, अमेरिका तथा खाडी मुलुकसँगको व्यापार भने औसत नै छ। तथापि, समग्रमा नेपालको अन्तर्राष्ट्रिय व्यापारमा आयात तथा निर्यात दुवैमा वृद्धि भए पनि आयात-निर्यात अनुपातमा भने सुधार आएको देखिन्छ। नेपाल चाँडै अतिकम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुन लागेको परिप्रेक्ष्यमा देखिएका सकारात्मक संकेतहरूले उत्साह जगाएको छ। तथापि हासिल भएका उपलब्धिहरू कायम राख्दै थप सुधार गर्नु चुनौतीपूर्ण भए पनि सम्भव कार्य हो।

निकासी प्रवर्द्धनमार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाइ आर्थिक समृद्धि हासिल गर्ने सरकारी नीति छ। त्यसका लागि सरकारले निर्यात अभिवृद्धि गर्न विभिन्न प्रवर्द्धनात्मक तथा प्रोत्साहनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै





आएको छ। कोभिड-१९ बाट सिर्जित असहज परीस्थितिमा पनि सरकारले निर्यात व्यापार सम्बद्ध सरोकारवाला र उद्यमी/व्यवसायीहरूले भोग्दै आएका समस्यालाई प्रशासनिक, कूटनीतिक र आर्थिक औजारहरूको प्रयोग गरी सम्बोधन गर्ने प्रयास गर्दै आएको छ।

**क्रस बोर्डर व्यापारमा भएका उपलब्धिहरू**

अन्तरदेशीय व्यापार (क्रस बोर्डर ट्रेड) सहजीकरण (पूर्वाधार र प्रयोग) मा भन्सार विभाग र पूर्वाधार सम्बद्ध निकायहरूद्वारा निरन्तर सुधारका प्रयासहरू भइरहेका छन्। भन्सार सुधार कार्ययोजनाअनुसार भन्सार कार्यालयहरूको स्तरोन्नति (यार्ड विस्तार, जाँचपाँच सहजीकरण, अटोमेटेड प्रणालीको सञ्चालन आदि) का माध्यमबाट क्रस बोर्डर व्यापार सहजीकरण हुँदै आएको छ। भन्सारविन्दुसम्म पुग्ने सडकमार्गहरूको स्तरोन्नतिले व्यापार लागत र समय दुवैमा बचत भएको छ। चीनतर्फको भन्सारविन्दुमा दुईवटा तथा भारतसँगको भन्सारविन्दुमा पाँचवटा सुक्खा बन्दरगाह (ड्राइपोर्ट) सञ्चालनमा आएका छन्। केही सञ्चालन हुने क्रममा छन् भने केही निर्माणको क्रममा छन्। त्यस्तै, भारतसँगको भन्सारविन्दुमा चारवटा एकीकृत जाँच चौकी (आईसीपी) सञ्चालनमा आएका छन् भने अन्य सञ्चालन हुने क्रममा छन्।

बन्दरगाहसम्मको पहुँचतर्फ कोलकाताका अतिरिक्त विशाखापट्नमसम्म बन्दरगाहको सहज पहुँच स्थापित भएको छ। पछिल्लोपटक बंगालादेशको बन्दरगाहमा पनि नेपाललाई पहुँच स्थापना भएको छ। चीनतर्फबाट समुद्रसम्म सहज पहुँचका लागि कानुनी मार्ग प्रशस्त भएको छ। भारततर्फ रेल सेवामा सहज पहुँच र अन्य बन्दरगाहसम्मको पहुँचका लागि प्रयास जारी छ। भन्सार सुधार कार्ययोजनाअनुसार भन्सार चेकजाँचलाई सरल गर्ने प्रयासहरू भइरहेका छन्। हालै भैरहवा भन्सार कार्यालयमा 'टाइम रिलिज स्टडी' सम्पन्न भएको छ। न्यूनतम समयमा सामान रिलिज गर्ने लक्ष्य राखिएको छ।

निकासीलाई थप सहजीकरण गर्दै निकासीमा कुनै भन्सार कर नलाग्ने व्यवस्था गरिएको छ। भन्सार सेवा शुल्क शीर्षकमा नाम मात्रको शुल्क लाग्ने गर्छ। निर्यातका क्रममा मालवस्तुको गुणस्तर तथा विशेष सेवाका लागि भन्सारविन्दुमा रेफ्रिजिरेटर र हावायुक्त कन्टेनर वा फ्युमिगेसन आदिमा भन्सार जाँसपासको थप शुल्क लाग्ने गर्छ। ढुवानी शुल्क, लेबर शुल्क, ह्यान्डलिङ शुल्क नियमित नै हो।

निर्यात व्यापारको सहजीकरण गर्न प्रविधिमैत्री पूर्वाधार बनाउनतर्फ व्यापारलाई अनुमानयोग्य र सहज बनाउन प्रक्रियागत सहजीकरणका लागि एकद्वार प्रणाली तथा आसिकुडा प्रणाली लागु गरिएको छ। व्यापारजन्य सूचनामा सहज पहुँचका लागि 'नेपाल ट्रेड इम्फरमेसन पोर्टल' को व्यवस्था गरिएको छ। गैरभन्सार अवरोध (नन ट्यारिफ ब्यारिअर) तर्फ विशेषगरी नेपाली निर्यातजन्य वस्तुहरूमा मानव तथा बिरुवाजन्य स्वास्थ्यजस्ता विषयमा गन्तव्य मुलुकमा प्रक्रियागत झन्झटहरू भने अझै विद्यमान छन्।

तेस्रो मुलुकमा कृषिजन्य उत्पादन तथा खाद्य परिकार निर्यातमा गुणस्तरसम्बन्धी विषयहरू सनातन समस्याका रूपमा छन्। 'लेबलिङ एन्ड प्याकेजिङ' तथा गुणस्तरका प्रावधानहरूमा नेपाली निर्यातकर्ताहरूले भोगिरहेका विभिन्न समस्या सम्बोधन गर्ने प्रयास सरकारले गरिरहेको छ।

**नेपाली उत्पादनलाई बाह्यजगत्सँग जोड्न चोभारमा अन्तर्राष्ट्रिय प्रदर्शनीस्थलको निर्माण कार्य सुरू भएको छ। त्यस्तै, निर्यातजन्य वस्तुहरूलाई बजारमा थप प्रतिस्पर्धी बनाउन निर्यातमा नगद अनुदान दिने व्यवस्था गरिएको छ।**

**कोभिड-१९ को प्रभाव**

कोभिड-१९ को महामारीसँगै लागु भएको निषेधाज्ञा एवं गन्तव्य मुलुकहरूका देखिएको असहजताका माझ हाम्रो व्यापार पूर्वाधारका कमजोरीहरू उजागर भएको देखिन्छ। विशेषगरी अटोमेसन, आर्टिफिसियल इन्टेलिजेन्सजस्ता पूर्वाधारहरूमा थप सुधार गर्नुपर्ने महसुस भएको छ। त्यस्तै गन्तव्य मुलुकहरूमा असहज अवस्था आउँदा नेपाली भन्सारविन्दुमा रोकिएका बिग्री जाने सामानको सुरक्षित भण्डारणमा चुनौती देखियो। भण्डारणका लागि थप स्थान र भण्डारण कक्षहरूको अस्थायी व्यवस्था गर्नुपर्ने देखियो। महामारीहरूमा ढुवानी मजदुरहरूको व्यवस्थापनमा पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ।


विद्यमान महामारीले उत्पादन र ढुवानीमा समस्या हुँदा श्रमिक तथा वित्त व्यवस्थापनमा आएको समस्याले गर्दा अन्तर्राष्ट्रिय बजारमा वस्तुको मागमा बढी प्रभाव पारेको देखिन्छ। लकडाउनका कारण उत्पादनमा मजदुरको अभाव हुँदा हुन सक्ने जति पनि उत्पादन नभएकाले निर्यात प्रभावित भएको देखिन्छ।

यस्तै, मजदुर अभाव र यातायात प्रणाली अवरुद्ध हुँदा ढुवानीमा समस्या भई निर्यात केही हदसम्म प्रभावित भएको देखिन्छ। संकट र महामारीमा श्रमिकको व्यवस्थापन गर्ने कला र पूर्वाधारमा पनि कमी देखिएको छ। जसले गर्दा महामारीमा एक्कासि उत्पादन नै बन्द गर्नुपर्ने बाध्यात्मक अवस्था पनि देखियो। संकटमा आपूर्ति र माग प्रणाली अस्तव्यस्त हुँदा बैंकका ऋणलगायत वित्त व्यवस्थापनका विषयहरूले पनि निर्यातजन्य उद्योग तथा निर्यात व्यापारमा थप अन्योल सिर्जना गऱ्यो। महामारीमा उत्पादन र माग प्रभावित हुँदा सम्बद्ध सरोकारवालाहरूलाई थप आर्थिक दायित्वहरू परेको र त्यसले व्यवसायीहरूलाई थप समस्या पारेको देखियो। विश्वव्यापी महामारीका कारण कच्चापदार्थको आपूर्तिको बजार तथा नेपाली निर्यातक वस्तुहरूको बजार एकैचोटि प्रभावित हुँदा हुन सक्ने जति निर्यात हुन सकेन। परिणामस्वरूप अघिल्लो आर्थिक वर्ष ०७६/७७ मा सामान्य अवस्थामा (साउनदेखि फागुन) सम्मको मासिक औसत निर्यात ९ अर्ब ७० करोड रुपयाँ रहेकामा पहिलो लकडाउन अवधिमा मासिक औसत निर्यात आँकडा ५ अर्ब ३६ करोड रुपैयाँमा खुम्चिन पुग्यो। लकडाउन अवधिमा मासिक ३ अर्ब ३४ करोड रुपैयाँ न्यून निर्यात भएको देखिन्छ।

**आर्थिक वर्ष ०७६/७७ मा निर्यात व्यापार स्थिति**

| आव ०७६/७७ | निर्यात (रु.) | महिनाको औसत (रु.) |
|---|---|---|
| साउन-फागुन | ७४.९१ अर्ब | ९.३६ अर्ब |
| चैत-असार | २२.८० अर्ब | ५.७० अर्ब |
| कुल | ९७.७१ अर्ब | |

पहिलो लकडाउनका बेला निर्यात क्षेत्रले भोगेका समस्याहरू समाधानको प्रयास गरेकै कारण दोस्रो लकडाउनमा निर्यातसम्बन्धी कार्यहरू विनाअवरोध सञ्चालन भयो। परिणामस्वरूप गत वर्ष निर्यात व्यापारमा उल्लेख्य सुधार हुन पुग्यो। यसले समग्र निर्यात अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्ष ४४.४ प्रतिशतले वृद्धि भएको छ भने सामान्य महिनाहरूको औसत निर्यातको तुलनामा लकडाउन अवधिमा करिब एकतिहाइले बढेको छ।



**आर्थिक वर्ष ०७७/७८ मा निर्यात व्यापार स्थिति**

| आव ०७७/७८ | निर्यात (रु.) | महिनाको औसत (रु.) |
|---|---|---|
| साउन-चैत | ९४.७७ अर्ब | १०.५३ अर्ब |
| वैशाख-असार | ४६.३५ अर्ब | १५.४५ अर्ब |
| कुल | १४१.१२ अर्ब | |

### निजी क्षेत्रको भूमिका

नेपाली वस्तुहरूलाई विश्वबजारमा प्रतिस्पर्धी बनाउन लागत न्यूनीकरण र गुणस्तर अभिवृद्धि गर्न विशेष ध्यान दिनुपर्ने आजको आवश्यकता हो । व्यापार सम्बद्ध पूर्वाधार विकास र प्रक्रियागत सुधारका पक्षमा सरकारलाई आवश्यक सुझाव, सल्लाह र सहकार्यका लागि निजी क्षेत्र जहिल्यै सक्रिय हुनुपर्छ भने निजी क्षेत्रका छाता संगठनहरूले निर्यात प्रवर्द्धन, गुणस्तर नियन्त्रणका क्षेत्रमा सरकारसँग सहकार्य गर्न आवश्यक छ । नेपाली निर्यातजन्य वस्तुको गुणस्तर र उपयोगितामा थप सुधार गरी प्रतिस्पर्धीभन्दा पनि अब्बल उत्पादन गर्न आवश्यक पर्ने अनुसन्धान र विकास तथा जनशक्ति विकासमा सरकार र निजी क्षेत्रबीच सहकार्य हुन आवश्यक छ ।

### भविष्यको बाटो

निर्यात व्यापार प्रक्रियालाई सामान्य र असामान्य दुवै अवस्थामा थप सहज बनाएर नेपाली निर्यात क्षेत्रलाई लचिलो (रिसाइलेन्ट) बनाउन, निर्यात लागत न्यूनीकरण गर्न तथा नेपाली निर्यातकर्ताको समग्र क्षमता अभिवृद्धि गर्न सरकारका सम्बद्ध निकायहरू क्रियाशील छन् । निर्यात मात्रै नभएर समग्र व्यापार र सम्बन्धित सबैलाई सम्बोधन गर्ने गरी वाणिज्य नीति २०७२ पुनरावलोकनको क्रममा छ ।

त्यस्तै, निर्यात सम्भावना भएका वस्तुहरू तथा सेवाहरूको प्रवर्द्धन गर्न लागु गरिएको नेपाल व्यापार एकीकृत रणनीति, २०७३ पनि परिमार्जनको क्रममा छ । यी व्यवस्थाहरूले निर्यात क्षेत्रले थप गति लिने अपेक्षा गरिएको छ । त्यसैगरी व्यापार कूटनीतिमार्फत निर्यात प्रवर्द्धन र निर्यात सम्बद्ध समस्याहरूको सम्बोधन गर्न विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूलाई परिचालन गर्ने विषय पनि सरकारको उच्च प्राथमिकता रहेको छ । निर्यात सम्बद्ध सरकारी तथा निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान, वस्तुको उत्पादकत्व वृद्धि, मूल्य शृंखलामा सुधार, वस्तुको अन्तर्राष्ट्रिय मागअनुसारको डिजाइन, अन्तर्राष्ट्रिय व्यापार मेलामा सहभागिता, आयात/निर्यातकर्ताबीच अन्तर्क्रिया, व्यापार सम्बद्ध सूचनाहरूको सहज पहुँच हुने व्यवस्था मिलाउन सरकार उत्तिकै जुटिरहेको छ ।

गैरभन्सार मापनहरूलाई समेत सम्बोधन हुने गरी वस्तुहरूको लेबलिङ, प्याकेजिङ, ब्रान्डिङमा विशेष ध्यान दिँदै आएको छ । नेपाली उत्पादनको बजार विस्तार गर्न निर्यातजन्य वस्तुहरूको सामूहिक दर्ता चिह्न विभिन्न मुलुकमा दर्ता गर्ने गरिएको छ । नेपाली उत्पादनलाई बाह्यजगत्सँग जोड्न चोभारमा अन्तर्राष्ट्रिय प्रदर्शनीस्थलको निर्माण कार्य सुरु भएको छ । त्यस्तै, निर्यातजन्य वस्तुहरूलाई बजारमा थप प्रतिस्पर्धी बनाउन निर्यातमा नगद अनुदान दिने व्यवस्था गरिएको छ । निर्यात क्षेत्रलाई थप गतिशील बनाउन निर्यात क्षेत्रमा अनुसन्धान तथा विकासको संस्कृतिलाई मूलधारमा ल्याउने कामलाई सरकारले निरन्तरता दिएको छ ।

*भट्टराई वाणिज्य तथा आपूर्ति सचिव हुन् ।*






। राजेन्द्र मल्ल

# कोभिडपछि व्यापार प्राथमिकता र पुनरुत्थानका उपाय




कोरोना महामारीका कारण विश्वको अर्थतन्त्र अझै राम्रोसँग सञ्चालन हुन सकेको छैन । कोभिड महामारीको प्रभावबाट नेपाल पनि मुक्त हुन सकेन । कोरोनाविरुद्धको खोप कार्यक्रमलाई प्रभावकारी बनाएर सबै खोपयोग्य नागरिकलाई खोप दिन सके सबै प्रकारको व्यवसाय सञ्चालनमा सहजता आउने मात्र नभई देशकै अर्थतन्त्र चलाएमान बनाउन मद्दत गर्छ ।

सरकार र निजी क्षेत्रको ध्यान जनस्वास्थ्यसँगै अर्थतन्त्रको पुनरुत्थानमा केन्द्रित हुनु आवश्यक छ । मुलुकको अर्थतन्त्रमा निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने निजी क्षेत्रलाई विश्वासमा लिएर सरकारले काम गर्नुपर्छ । निजी क्षेत्रको आत्मबल बढेको खण्डमा आर्थिक विकास तथा रोजगारी विस्तारमा सकारात्मक प्रभाव पर्न गई अर्थतन्त्र चलायमान बनाउन मद्दत गर्छ ।

अर्थतन्त्रलाई नियमित बनाउन थप लगानीको आवश्यकता हुने भएकाले लगानी वातावरण पनि सरकारले नै महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । विगतमा कोभिड नियन्त्रणका लागि सरकारले लगाएको लकडाउन/निषेधाज्ञाले मात्र समस्याको समाधान नगरेकाले जनस्तरबाटै भिडभाडजन्य क्रियाकलापहरू नियन्त्रण गरिनुपर्छ । विभिन्न प्रकारका सभा-सम्मेलन, धर्ना-जुलुस, गोष्ठी-र्‍यालीजस्ता गतिविधिमा संलग्न रहने, भौतिक दूरी कायम नगरी अव्यवस्थित रूपमा सार्वजनिक गतिविधि सञ्चालन गर्ने, तोकिएको स्वास्थ्यको मापदण्डको परिपालना नगर्ने र मास्कको उचित प्रयोग नगर्नेहरूलाई कडाइका साथ कारबाही हुन सके कोरोना महामारी नियन्त्रणमा ठूलो सघाउ पुग्छ ।

गत वर्ष सरकारले बजेटमा व्यवस्था गरेको ५० अर्बको 'स्टिमुलस प्याकेज' हालसम्म पनि पूर्ण रूपमा कार्यान्वयनमा

आएको छैन । हालसम्म पनि महामारीको प्रकोप र पुन:प्रकोप भइरहेको अवस्थामा कुल गार्हस्थ उत्पादन (जीडीपी) को ५ प्रतिशत राहत प्याकेज ३ प्रतिशत ब्याजदरमा उपलब्ध गराइनुपर्छ । कोभिड-१९ बाट अत्यन्त प्रभावित क्षेत्रहरू पर्यटन, साना तथा मझौला उद्योग (एसएमई) र अनौपचारिक अर्थतन्त्रमा रहेका उद्यमी/व्यवसायीहरूका लागि विशेष राहत प्याकेज ल्याइनुपर्छ ।

संघीय संसद्मा विचाराधीन निजी क्षेत्रसँग सम्बन्धित आर्थिक तथा अन्य विधेयकहरू समयमै पारित हुन नसकेकाले निजी क्षेत्रका कतिपय समस्या सम्बोधन हुन सकेको छैन । विचाराधीन विधेयकहरू प्राथमिकताका साथ पारित हुनुपर्छ भन्नेमा निजी क्षेत्र एकमत छ । आर्थिक गतिविधि विस्तार एवं अर्थतन्त्र प्रतिस्पर्धी बनाइराख्न एकल अंकको ब्याजदर (७ देखि ८ प्रतिशतभित्र) र रुग्ण उद्योगको हकमा ३ देखि ५ प्रतिशतसम्म ब्याजदर व्यवस्थापन गरिनुपर्छ । यसबाट उद्योग तथा व्यवसायहरू सरल तथा सहज रूपमा सञ्चालन भई रोजगारीको थप अवसर सिर्जना हुन जाँदा अर्थतन्त्रमा सकारात्मक योगदान हुन्छ ।

बजेटमा विनियोजन गरिएको पुँजीगत खर्च (विकास बजेट) समयमै खर्च हुन नसक्दा बजारमा तरलता (लगानीयोग्य रकम) अभाव हुने गरेको छ । आर्थिक वर्ष ०७७/७८ मा भएको पुँजीगत खर्च पनि विगत वर्षहरूमा जस्तै अत्यन्त न्यून हुँदा चालु वर्षको सुरुमै वित्तीय क्षेत्रले तरलता संकटको सामना गर्नु परिरहेको छ । चालु आर्थिक वर्ष ०७८/७९ मा विनियोजन गरिएको पुँजीगत खर्च पनि समयबद्ध तालिकाअनुसार खर्चन त्रैमासिक रूपमा प्रभावकारी अनुगमन गरिनु आवश्यक छ । चालु वर्ष पनि विनियोजित पुँजीगत खर्च समयमा गर्न नसकिएमा तरलता संकट लम्बिने र त्यसले समग्र अर्थतन्त्रमै नकारात्मक असर पर्ने सम्भावना छ ।

कृषि क्षेत्रलाई प्रोत्साहन दिन कृषिमा यान्त्रीकरण तथा वैज्ञानिकीकरण गरिनुपर्ने र उन्नत जातको बिउ, सिँचाइ तथा समयमै मलखाद उपलब्ध गराउनुपर्ने आवश्यकता छ । व्यावसायिक खेती गर्नेलाई बैंकबाट कर्जा प्रवाह हुँदा विशेष सुविधाको व्यवस्थाका साथै कृषि क्षेत्रमा लगानी प्रवर्द्धन गर्न सरकारबाट थप आकर्षक प्याकेज तथा सेवाहरू उपलब्ध गराउनुपर्छ ।

सरकार र निजी क्षेत्रको सहभागितामा स्थापना हुने व्यावसायिक संस्थाहरूलाई दुई वर्षका लागि कृषि उत्पादनको भण्डारण गर्ने व्यवस्था गरिनुपर्छ । यसले आपूर्ति प्रणालीलाई सहज बनाउँदै मूल्य वृद्धि नियन्त्रणलाई सघाउनुका साथै किसानहरूले समुचित मूल्य प्राप्त गर्ने अवस्था ल्याउँछ । निर्यात व्यापारलाई प्रोत्साहित गर्न मूल्य अभिवृद्धिका आधारमा निर्यात अनुदान दिने नीति अपनाइनुपर्छ । ३० प्रतिशतको मूल्य अभिवृद्धिमा ५ प्रतिशतसम्म, ७० प्रतिशतको मूल्य अभिवृद्धिमा १० प्रतिशतसम्म र ७० प्रतिशतभन्दा माथिको मूल्य अभिवृद्धिमा १५ प्रतिशतसम्म निर्यात अनुदान दिइनुपर्छ ।

निर्यात प्रज्ञापनपत्र तथा भुक्तानी कागजातका आधारमा एकद्वार प्रणालीमार्फत सरल तथा सहज तरिकाले निर्यात अनुदान दिइनुपर्छ । वर्तमान विषम् परिस्थितिमा विदेशबाट स्वदेश फर्किने श्रमिकहरूलाई स्वदेशमा रोजगारी उपलब्ध गराउन आवश्यक लगानीयोग्य रकम अभाव हुने देखिन्छ । लगानी अभावको प्रभाव न्यूनीकरण गर्न सम्बन्धित श्रमिकले विदेशमा सिकेका सीप तथा दक्षतालाई उपयोग गर्ने परिस्थिति निर्माण गर्न स्वदेशी लगानी प्रोत्साहित गरिनुपर्छ ।

**संघीय संसद्मा विचाराधीन निजी क्षेत्रसँग सम्बन्धित आर्थिक तथा अन्य विधेयकहरू समयमै पारित हुन नसकेकाले निजी क्षेत्रका कतिपय समस्या सम्बोधन हुन सकेको छैन । विचाराधीन विधेयकहरू प्राथमिकताका साथ पारित हुनुपर्छ भन्नेमा निजी क्षेत्र एकमत छ ।**

कुनै पनि नेपाली नागरिकले लगानी स्रोत खुलाउनुपर्ने विद्यमान व्यवस्थाले यथेष्ट मात्रामा लगानी हुन सकेको छैन । लगानी वातावरण नबन्नुको प्रमुख कारण पनि यसलाई मानिँदै आएको छ । लगानी स्रोतको वैधताबारे कानुनी व्यवस्थामा पुनरावलोकन हुनु जरुरी छ । चालु बजेटले तोकिएका क्षेत्रमा लगानीको स्रोत नखोजिने भने पनि त्यसले निजी क्षेत्रको समग्र मागलाई सम्बोधन नगरेको र कानुनी जटिलताका स्रोत नखोजिने व्यवस्था पूर्ण रूपमा लागु हुन्छ भन्ने आशंका छ । निजी क्षेत्रले सम्पत्तिको अभिलेखीकरण गर्न माग गर्दै आएको छ । यदि सम्पत्ति अभिलेखीकरणको सुविधा दिए धेरै हदसम्म स्वदेशी लगानी वृद्धिका लागि अनुकूल वातावरण सिर्जना हुन जान्छ । तसर्थ एकपटकका लागि सम्पूर्ण नेपालीको पुँजी अभिलेखीकरण गर्न दिइनुपर्छ ।

सरकारले कपिपय विदेशी लगानीलाई स्वीकृति दिए पनि विदेशी लगानीमा स्थापित कतिपय उद्योगहरूले विदेशबाट लगानी नल्याइ नेपालमै कर्जा लिएर उद्योग सञ्चालन गरेको पाइन्छ । विदेशी लगानीमा स्थापित उद्योगहरूको 'इक्विटी' बापतको पूरै रकम बैंकिङ प्रणालीबाटै ल्याउने व्यवस्था गरिनुपर्छ । अनि मात्र विदेशी लगानीद्वारा अर्थतन्त्रमा अनुकूल प्रभाव पर्न जान्छ । विप्रेषण (रेमिट्यान्स) बापत नेपालमा भित्रिने रकम अनुत्पादक क्षेत्रमा खर्च भइरहेको परिस्थितिमा बैंकिङ प्रणालीमार्फत आउने रेमिट्यान्सलाई



ऊर्जालगायत पूर्वाधार क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनुपर्छ । त्यस्तै विदेशी लगानीका लागि अनुकूल वातावरण बनाउन विदेशी मुद्राको घटबढ जोखिमको दायरा विस्तार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ ।

विशेषगरी जलविद्युत् आयोजनाहरू निर्माणमा ठूलो परिमाणमा पुँजी आवश्यक पर्छ । त्यस्तो पुँजी विदेशी लगानीका रूपमा प्राप्त हुन सक्छ । तर, विदेशी मुद्राको घटबढ जोखिम (हेजिङ) गर्ने सम्बन्धमा प्रभावकारी कार्यान्वयनको अभावले विदेशी लगानीमा निर्माण हुने आयोजनाहरू अल्मलिइरहेका छन् र नयाँ विदेशी लगानी पनि आकर्षित हुन सकिरहेको छैन ।

नेपालमा तुलनात्मक रूपमा भन्सारदर बढी छ । राजस्वको मुख्य स्रोत मूल्य अभिवृद्धि कर (भ्याट) हुनुपर्नेमा भन्सार महसुल भइरहेको छ । विश्व व्यापार संगठन, बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक), दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) आदिमा गरिएका प्रतिबद्धताअनुसार भन्सार दर घटाउँदै लैजानुपर्नेमा उल्टो धेरै वस्तुमा भन्सारका दरहरू बढेको छ । यसले अनौपचारिक व्यापार वृद्धिको सम्भावना बढी रहन्छ । अहिले रहेको ३० प्रतिशतको भन्सार दरलाई घटाएर २० प्रतिशत, २० प्रतिशतलाई १५ प्रतिशत, १५ प्रतिशतलाई १० प्रतिशत, १० प्रतिशतलाई ५ प्रतिशत बनाउने र ४० प्रतिशतको भन्सारदर खारेज गर्नुपर्छ ।

साना व्यवसायको सहजीकरणका लागि कुल कारोबारका आधारमा आयकर निर्धारण गर्ने र भ्याटको खाता राख्न नपर्ने व्यवस्था गरेको छ । दुवै प्रयोजनका लागि अधिकतम ५० लाख रुपैयाँको सीमा तोकेको छ । नेपाली मुद्राको अवमूल्यन हुँदै गइरहेको र अन्तर्राष्ट्रिय बजारमा मालसामानको मूल्य पनि वृद्धि भइरहेकाले विद्यमान सीमा अत्यन्त न्यून भएकाले सीमा वृद्धि गरी-गरी एक करोड रुपैयाँ कायम गर्नुपर्छ भने व्यापारीहरूको खरिद खाताका आधारमा हाल लिई आएको करको दरलाई शून्य दशमलव पाँच प्रतिशत कायम गर्नुपर्छ । यसबाट व्यवसायीहरूलाई राहत हुन्छ भने सरकारलाई पनि उल्लेखनीय राजस्व प्राप्त हुन्छ । एकल दरको कर नीतिअनुसार नकारात्मक सूचीमा रहेका रक्सी, बियर, चुरोट, बिँडी, सुर्तीजस्ता उत्पादनबाहेक सबै प्रकारका उत्पादनहरू अन्तःशुल्क मुक्त हुनुपर्छ ।

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ सालमा नियन्त्रित अर्थ व्यवस्था कायम भएका बेलामा लागु भएको हो । आजको परिवर्तित अर्थ व्यवस्थामा कालोबजार ऐनका कतिपय प्रावधान अप्रासंगिक भइसकेका छन् । खुला अर्थ व्यवस्थामा वस्तुको बजार मूल्य वस्तुको माग तथा आपूर्तिले निर्धारण गरिनुपर्ने विश्वव्यापी मान्यताविपरीत कालोबजार ऐनले नाफाको निश्चित सीमा कायम गरिदिएकाले तीव्र व्यावसायिक प्रतिस्पर्धाको सन्दर्भमा व्यवसायलाई जोखिमयुक्त बनाएको छ । उपभोक्ता संरक्षण ऐन २०७५, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३ को पृष्ठभूमिमा कालोबजार ऐन समय सान्दर्भिक नभएकाले खारेज गरिनुपर्ने देखिन्छ ।

उता, श्रम ऐनका कतिपय प्रावधानहरूले आर्थिक क्षेत्रमा अपेक्षित लगानी भित्रिन सकेको छैन । लगानीको वातावरण बनाउन लचिलो श्रम ऐनको आवश्यकता छ । अर्थतन्त्रलाई बलियो बनाएर पुनः लयमा फर्काउन सरकार र निजी क्षेत्रले बलियो सहकार्य गरेर अगाडि बढ्नुको विकल्प छैन । निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्न सके असम्भव भन्ने केही छैन । देशको अर्थतन्त्र माथि जाँदा कसैलाई नोक्सान हुँदैन । त्यसैले निजी क्षेत्र र सरकारबीच उन्नतस्तरको सहकार्य आवश्यक छ र निजी क्षेत्रलाई सरकारसँगै आमनागरिकले पनि रोजगारी सिर्जना, राजस्व संकलन र आर्थिक वृद्धिको संवाहकका रूपमा सम्मानयोग्य बनाउन सकारात्मक भूमिका खेल्नुपर्छ ।

*मल्ल नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष हुन् ।*




। डा. गणेश गुरुङ



# वैदेशिक रोजगारमा कोभिड प्रभाव र अबको बाटो




भारत, साउदी अरब, संयुक्त अरब इमिरेट्स (यूएई) कुवेत र कतार हुन् वा पूर्वी एसियाका कोरिया र मलेसिया अथवा युरोप र अमेरिकाका नै किन नहुन्, विश्वका सबैजसो मुलुकमा नेपाली नपुगेको भन्ने छैन । खासगरी प्रजातन्त्रको पुनःस्थापनापछि ठूलो संख्यामा नेपाली युवाहरू श्रमिकका रूपमा विदेशिने क्रम तीव्र थियो । मुलुकमा पर्याप्त मात्रामा रोजगारीका अवसरहरू नहुनु, कलकारखाना तथा उद्योगधन्दाको विकास नहुनु, श्रमको सम्मान गर्ने चलनको विकास नहुनु, न्यून पारिश्रमिक, स्रोतविहीनहरूले मुलुकमा केही गर्छु भन्दा स्रोत नजुट्ने तर, विदेश जान्छु भन्दा स्रोत जुट्नेजस्ता कारणले वैदेशिक रोजगारीमा आकर्षण बढ्दै गएको हो । वैदेशिक रोजगारीमा रहेका करिब आधा करोड नेपाली श्रमिकले सबै प्रकारका कामहरू गर्ने गरेको पाइन्छ । यो संख्या वैदेशिक रोजगारीका लागि सरकारी निकायबाट श्रमस्वीकृति लिएर गएको दुई दशकयताको तथ्यांक हो । यद्यपि कति संख्या स्वदेश फर्कियो भन्ने तथ्यांक सरकारसँग छैन ।

**कोभिडपछिको वैदेशिक रोजगारको अवस्था**

कोभिड-१९ का कारण वैदेशिक रोजगारीमा ठूलो धक्का लागेको छ । श्रमस्वीकृति लिएर बसेको ठूलो जमात कार्यथलो जान पाएनन् भने विदेशमै क्रियाशील कतिपयको कम्पनी बन्द भएपछि श्रमिक कटौतीमा परेर मुलुक फर्किनुपरेको छ । यस अवधिमा सबैभन्दा धेरै भारतबाट फर्किए । भारतमा सबैभन्दा तल्लो तप्कामा रहेर काम गर्ने नेपालीहरू रोजगारी गुमाएर फर्किनेको ताँती नै लाग्यो । काम नभएपछि आम्दानी नहुँदा ऋण गरेर खानुपर्ने स्थिति सिर्जना भयो । ऋण पनि पाउन छाडेपछि उनीहरू पुनः बालबच्चासहित भारत फर्किन बाध्य भए । पुनः भारत फर्किनेको ताँतीमा नेपालको मध्यपश्चिम र सुदूरपश्चिमका नागरिकहरू बढी थिए । भारतमा कोरोनाको डरलाग्दो अवस्था हुँदा पनि रोगभन्दा भोकको भयले मर्ने अवस्था भएपछि उनीहरू पुनः भारत नै हानिए । भारतपछि सबैभन्दा बढी नेपाली श्रमिक भएका देश खाडी र मलेसिया

हुन् । ती मुलुकबाट पनि कोरोनाका कारण ठूलो संख्या रोजगारी गुमाएर फर्कियो ।

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) का अनुसार पछिल्लो डेढ वर्षमा वैदेशिक रोजगारीमा रहेका झन्डै पाँच लाख नेपाली रोजगारी गुमाएर स्वदेश फर्किएका छन् । पछिल्लो समय केही सहज भएर कामको खोजीमा पुनः विदेशिन थालेको भए पनि श्रम गन्तव्य मुलुकमा कोभिडको जोखिम अझै छ । त्यसैले ढुक्क भएर विदेश जाने अवस्था बनिसकेको छैन । वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्षको पहिलो दुई महिनामा ६१ हजार युवा श्रम स्वीकृति लिएर विदेशिएका छन् । यो संख्या आर्थिक वर्ष ०७७/७८ मा पाँच हजार मात्रै थियो । पछिल्ला दुई वर्षको दुई महिनालाई तुलना गर्दा वैदेशिक रोजगारीमा धेरै नै सुधार भएको छ भन्न सकिन्छ । तर, कोभिडको जोखिम कायमै रहेकाले वैदेशिक रोजगारी टिकाउपूर्ण हुने अवस्था छैन भने आगामी दिन कोभिड रोकथाम पद्धतिमा निर्भर रहन्छ ।

विभागका अनुसार कोरोना संकटका कारण वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष ०७६/७७ को तुलनामा ०७७/७८ मा शतप्रतिशतले घटेको छ । तीन वर्षअघि (आर्थिक वर्ष ०७५/७६) को तुलनामा लगभग साढे २ सय प्रतिशतले कम हो । कोभिडका कारण प्रमुख सात श्रम गन्तव्य यूएई, कतार, मलेसिया, साउदी अरब, बहराइन, कुवेत र ओमानमा सबैभन्दा बढी घटेको छ । कतार, साउदी अरब र यूएई जाने नेपालीको संख्यामा शतप्रतिशतभन्दा बढीले कटौती भएको छ । आर्थिक वर्ष ०७६/७७ मा ३ लाख ६८ हजार ४ सय १३ जना वैदेशिक रोजगारीमा गएकामा ०७७/७८ मा १ लाख ६६ हजार ३ सय ५ मा सीमित भएको छ । जबकि आर्थिक वर्ष ०७५/७६ मा ५ लाख ७ हजार ८ सय १७ जना रोजगारी खोज्दै विदेशिएका थिए । वैदेशिक रोजगारीमा जाने समग्र युवाको संख्यालाई तुलना गर्दा खाडीका प्रमुख तीन देश कतार, साउदी अरब र यूएई जाने नेपाली संख्या एक वर्षमा दुई लाख ५७ हजारले घटेको छ । आर्थिक वर्ष ०७५/७६ मा कतार, साउदी अरब र यूएई जाने नेपालीको संख्या ३ लाख ९८ हजार रहेकामा ०७७/७८ मा साढे २ सय प्रतिशतले घटेर १ लाख ४१ हजार ९ सय ७७ जनामा सीमित भयो । तीन दशकदेखि बेरोजगारहरूको सहारा बनेको वैदेशिक रोजगारी कोभिडमा थला परेर विस्तारै उठ्न खोजिरहेको छ ।

### अनौपचारिक क्षेत्रबाट अधिक विप्रेषण

कोभिडमा ठूलो संख्याले वैदेशिक रोजगारी गुमाएर फर्किए । जसको असर विप्रेषणमा पर्छ भन्ने धेरैको अनुमान थियो । विश्व नै कोरोनाले आक्रान्त हुँदा पनि विदेशबाट नेपाल भित्रिने विप्रेषण भने




सरकारले पछिल्लोपटक गरेको सर्वेक्षणअनुसार ५२ लाख मध्ये ६० प्रतिशत घरपरिवार विप्रेषणले चलेका छन् । यसको अर्थ करिब ३१ लाख घर परिवारले प्रतिपरिवार औसत ८० हजार ४ सय रूपैयाँका दरले विप्रेषण प्राप्त गर्छन् ।

झनै बढ्यो । कोभिडकालमा विप्रेषण बढेको देखेर वैदेशिक रोजगारी विज्ञ र अर्थशास्त्री पनि चकित भए । एकातिर वैदेशिक रोजगार ठप्पप्रायः छ, अर्कोतिर रोजगारी गुमाएर फर्किनेहरूको ताँती छ र पनि विप्रेषण १८ प्रतिशतसम्मले बढेको छ । सन् २०१७, २०१८ र २०१९ मा लगभग ९ खर्ब रुपैयाँ भित्रिएको विप्रेषण सन् २०२० को कोरोना कहरमा झन् बढेर १० खर्ब रुपैयाँ माथि पुग्यो । योभन्दा आश्चर्य के हुन्छ ? यस विषयमा के भएको भनेर हामीले पुनः अध्ययन सुरु गर्‍यौं । अध्ययनबाट के देखियो भने कोभिड आउनु अगाडिका वर्षहरूमा नेपालमा विप्रेषण औपचारिकभन्दा पनि अनौपचारिक क्षेत्र (हुन्डी) बाट बढी आउँदो रहेछ । यससम्बन्धी स्पष्टता २०७८ साउनको विप्रेषणले दिएको छ । कोभिड संक्रमण नियन्त्रण गर्न सबै क्षेत्र ठप्प हुने गरी बन्दाबन्दी वा निषेधाज्ञा लगाउँदा विप्रेषण बढ्ने तर, कोभिड घट्यो भनेर सबै क्षेत्र खुकुलो बनाउन खोजेका बेला विप्रेषण घट्ने स्थिति किन भयो ? स्थिति सहज भएर बन्दाबन्दी वा निषेधाज्ञा खुल्नेबित्तिकै हुन्डीवालाहरूले काम सुरु गर्न थालिहाले । नेपालमा झन्डै आधा विप्रेषण हुन्डीको माध्यमबाट भित्रिँदो रहेछ ।

राष्ट्र बैंकका अनुसार गत साउनमा विप्रेषण १८.१ प्रतिशत खुम्चिएर ७५ अर्ब ९६ करोडमा सीमित भएको छ । जबकि अघिल्लो वर्ष (२०७७) साउन २३ प्रतिशत बढेर ९२ अर्ब ७१ करोड विप्रेषण भित्रिएको थियो । गत आर्थिक वर्षभरि समग्रमा १८ प्रतिशतले विप्रेषण बढे पनि आर्थिक वर्षको अन्तिम महिनातिर विप्रेषण घट्न थालेको थियो । दसैँअघि ठूलो दरमा विप्रेषण घटेपछि अर्थतन्त्रमा समस्या पर्न सक्ने विश्लेषण भइरहेको छ । विप्रेषण आप्रवाह घट्दाको असर समग्र अर्थतन्त्रमा पर्छ । बन्दाबन्दीमा हुन्डीसहित अवैध कारोबार घट्दाको सकारात्मक प्रभाव औपचारिक माध्यमबाट आउने विप्रेषणमा परेको थियो । यस्तै, विदेशमा विभिन्न उद्योग-व्यवसायमा लगानी गरिरहेका नेपालीले 'होल्ड' गर्ने विप्रेषण पनि नेपाल आएको थियो । खोप लगाएर मुलुकमा विस्तारै आर्थिक गतिवधि बढ्न थालेपछि विप्रेषण आप्रवाह पुरानै लयमा फर्किने संकेत गरेको छ ।

### विप्रेषणबाट प्राप्त उपलब्धि

वैदेशिक रोजगारीले सामाजिक र आर्थिक जीवनमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । देशको ठूलो जनसंख्या विप्रेषणमा निर्भर रहेको अध्ययनहरूले देखाएको छ । विप्रषणले आर्थिक मात्र नभएर सामाजिक र शैक्षिक क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको छ । सरकारले पछिल्लोपटक गरेको घर परिवार सर्वेक्षणअनुसार ५२ लाख घर परिवारमध्ये ६० प्रतिशत घरपरिवार विप्रेषणले चलेका छन् । यसको अर्थ करिब ३१ लाख घर परिवारले प्रतिपरिवार औसत ८० हजार ४ सय रुपैयाँका दरले विप्रेषण प्राप्त गर्छन् । विप्रेषण योगदानकै कारण केही वर्ष अघिसम्म गरिबीको रेखामुनिको जनसंख्या ३१ प्रतिशत रहेकामा आर्थिक सर्वेक्षण ०७५/७६ अनुसार मुलुकको गरिबी १८ दशमलव ७ प्रतिशतमा झरेको छ । विप्रेषणका कारण मुलुकमा साक्षरतादरमा वृद्धि मात्र भएको छैन शिक्षाको गुणस्तरमा पनि सुधार हुँदै गएको छ । त्यस्तै, आर्थिक अवस्थामा सुधार भएसँगै स्वास्थ्य सुविधाहरूको मागमा व्यापकता र गुणस्तरमा समेत सुधार हुँदै गएको छ । यसले आमनागरिकको जीवनशैलीमा पनि सुधार ल्याइरहेको छ ।

**अनुत्पादक क्षेत्रमा लगानी भयो भन्नु गलत**

धेरै अर्थशास्त्रीहरूले नेपालमा विप्रेषण अनुत्पादक क्षेत्रमा लगानी भएकाले उत्पादनमूलक क्षेत्रमा जानुपर्ने भनि कोठे योजनाहरू फलाक्छन् । सरकारले पनि उनीहरूकै कुरा पत्याएर वैदेशिक रोजगारीमा गएकालाई लक्षित गरी वैदेशिक ऋणपत्र जारी गर्ने र रेमिट हाइड्रोमा लगानी गर्ने भन्दै आएको छ । तर, सरकारी योजनामा वैदेशिक रोजगारीमा जानेहरूको कुनै आकर्षण छैन । होस् पनि कसरी ? कामको खोजीमा विदेश जाने एउटा सामान्य श्रमिकको उद्देश्य भनेकै घर-परिवारलाई राम्रोसँग खानलाउन दिने, छोराछोरीलाई राम्रो शिक्षा दिने हुन्छ । खाडी मुलुकमा कमाएको पैसाले स्वदेशमा उद्योग कलकारखाना खोल्ने, रोजगारी सिर्जना गर्ने, देशको व्यापार घाटा घटाउनेसँग कुनै सम्बन्ध हुँदैन र त्यस्तो उद्देश्य बोकेर विदेशिएको पनि होइन । उनीहरूको योजना आफू जाँदा लागेको ऋण तिर्ने, घर परिवार, बाबुआमा, छोराछोरीलाई राम्रोसँग खानलाउन दिने, छोराछोरी राम्रो विद्यालयमा पढाउने, सके सहरमा घर बनाएर सुखसँग परिवारलाई राख्ने हुन्छ । अदक्ष र अर्धदक्ष श्रमिकहरूबाट योभन्दा धेरै अपेक्षा अरू के गर्न सकिन्छ र ! अधिंकाशले गरेको पनि त्यही हो । विप्रेषणले प्रत्यक्ष रूपमा उत्पादनमूलक क्षेत्रमा सहयोग नगरे पनि अप्रत्यक्ष रूपमा सहयोग गरिरहेकै हुन्छ र आर्थिक विस्तारमा उपयोग भइरहेको पाइन्छ । विप्रेषणका कारण नेपालले लिएका दिगो विकास लक्ष्य प्राप्त गर्न ठूलो सहयोग पुगेको छ । शिक्षा, स्वास्थ्य र भोकमरीलगायत क्षेत्रमा धेरै राम्रो प्रगति हुनु विप्रेषणकै देन हो । त्यसका कारण विप्रेषण सही ठाउँमै उपयोग भएको छ भन्ने लाग्छ ।

**दीर्घकालीन प्रभाव**

गत आर्थिक वर्ष ०७७/७८ मा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा ठूलो गिरावट आयो । नयाँ श्रम स्वीकृति लिएर जानेको संख्या ७१ हजार ८१ मात्र छ । यो आर्थिक वर्ष ०७६/७७ को १ लाख ९० हजार ४ सय ५३ जनाको तुलनामा करिब एकतिहाइ मात्र हो । गत वर्ष श्रम इजाजत नवीकरण गरेर जानेको संख्या जोड्दा वर्षभरिमा एक लाख ६६ हजार ६ सय ९८ जना श्रमिक विदेशिएका थिए । महामारीले श्रम गन्तव्य मुलुकहरू पनि आक्रान्त भएकाले श्रमिकको माग घट्न पुग्यो । रोजगारीको खोजीमा रहेका करिब १३ लाख युवा विदेश जाने इच्छुक भए पनि कोरोनाका कारण स्वदेशमै रल्लिएका छन् । तीन वर्षअघिसम्म सबैभन्दा बढी श्रमिक जाने मलेसियामा गत वर्ष १ सय ७ जनाले मात्र अवसर पाए । कुवेतमा वर्षभरिमा दुई नेपाली श्रमिक गए । यसले वैदेशिक रोजगारीमा कोभिडले कस्तो प्रभाव पारेको छ भन्ने देखाउँछ । अहिले पनि विदेशबाट भएको मागअनुसार श्रमिक पठाउन महामारी नियन्त्रणका लागि बनेको स्वास्थ्य प्रोटोकल, खोप नीति र हवाई भाडा बाधक बनिरहेको छ ।

**प्रमुख गन्तव्य मुलुक**

नेपालले १ सय १० मुलुकलाई संस्थागत रूपमा वैदेशिक रोजगारीका लागि खुला गरेकामा व्यक्तिगत श्रम स्वीकृतिमा १ सय ७२ मुलुकमा नेपालीहरू कामका लागि गएको पाइन्छ । यद्यपि नेपाली श्रमिकको मुख्य गन्तव्यका रूपमा भने मलेसिया, कतार, साउदी अरेबिया र यूएई छन् । वैदेशिक रोजगारमा जाने नेपालीको पछिल्लो आँकडा हेर्दा मलेसियासहित खाडी मुलुकहरूले ८६ दशमलव ४२ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । यद्यपि पछिल्लो समय गन्तव्यहरूमा विविधता आएर विकसित मुलुकबाट पनि विप्रेषण आउन थालेको छ । खाडी मुलुकहरू र मलेसियाबाहेक जापान, संयुक्त राज्य अमेरिका, दक्षिण कोरियाजस्ता मुलुकहरू पनि विप्रेषणको महत्वपूर्ण स्रोतका रूपमा अघि आइरहेका छन् ।

**विगतमा विश्व श्रम बजारले नेपाली श्रमिक आफैं खोज्ने गरेको थियो । तर, अहिले परिस्थिति बदलिएको छ । नेपाल आफैंले कुन देशका कुन कम्पनीमा कस्तो अवसर छ र बढीभन्दा बढी नेपाली कामदार कसरी पठाउने भनेर पहलकदमी लिनुपर्छ ।**

**सुधारोन्मुख वैदेशिक रोजगारीको क्षेत्र**

कोभिडले थलिएको वैदेशिक रोजगारीको क्षेत्र सुधारोन्मुख देखिन थालेको छ । विदेशमा नेपाली श्रमिकको माग आउने क्रम बढेसँगै विदेश जानेको संख्या पनि बढेको छ । साउन र भदौमा मात्रै ५० हजार ६ सय ४६ वटा माग आएकामा सबैभन्दा धेरै साउदी अरब, कतार र मलेसियाबाट कामदार माग भएको छ । कोभिडको जोखिम घटेको खण्डमा वैदेशिक रोजगारीको क्षेत्रमा सुधारको राम्रो संकेत देखिएको छ । मुलुकले धेरै अदक्ष र अर्धदक्ष जनशक्तिभन्दा थोरै सक्षम/दक्ष जनशक्ति वैदेशिक रोजगारीमा पठाएर धेरै विप्रेषण भित्र्याउने नीति लिनुपर्छ ।

**आगामी दिनमा वैदेशिक रोजगारीको सम्भावना**

कोभिडले उठ्नै नसक्ने गरी थलिएको वैदेशिक रोजगारी चालु आर्थिक वर्षको दुई महिनाको तथ्यांकले विस्तारै सुधार भएको संकेत गरेको छ । वैदेशिक रोजगार विभागका अनुसार दुई महिनामा ६१ हजार ४ सय ६८ जना बिदेसिएका छन् । विदेशबाट श्रमिक माग आउन थालेको र १९ महिनादेखि ईपीएसमार्फत दक्षिण कोरिया जान सबै प्रक्रिया पूरा गरेर बसेका १० हजार बढी युवालाई कोरिया जाने बाटो खुल्न थालेको छ । इजरायल र नेपाल सरकारबीच भएको सम्झौताअनुसार 'केयरगिभर'मा एक हजार श्रमिक पठाउने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । सरकारले बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारीमा जाने अवस्थाको अन्त्य गर्ने नीति लिए पनि स्वदेशमा रोजगारीका अवसर नपाएपछि अधिकांश युवा विदेश जान बाध्य छन् ।

नेपालको वैदेशिक रोजगारीलाई रणनीतिक तवरले लिनुपर्छ । सरकारले तथ्य र तथ्यांकको खोजी गरेर नयाँ रणनीति बनाउनुपर्छ । अहिले पनि बेरोजगार नेपाली युवाका लागि कतार धेरै राम्रो गन्तव्य मुलुक हो । किनभने कतारमा सन् २०२२ मा विश्वकप प्रतियोगिता हुँदै छ । त्यसका लागि म्युजियमदेखि होटेल बनाउने कामको ठेक्का अमेरिकन र कोरियन ठूला कम्पनी लिएका छन् ।

कोभिडले डेढ वर्ष काम रोकिएको छ । त्यो कामलाई अब दोब्बर गतिमा अगाडि बढाउनुछ । निर्माणदेखि सेवासम्मका लागि ठूलो जनशक्ति चाहिन्छ र यस्तो जनशक्ति नेपालले पूर्ति गर्न सक्छ । त्यसका लागि सरकारले पहलकदमी भने लिनुपर्छ । नेपालले आफ्ना जनशक्तिबारे कतारलाई आश्वस्त पारेर वातावरण निर्माण भएमा अबको ५/६ महिनामा २० लाख श्रमिक कतारमा पठाउन सकिन्छ । कतारसँगै साउदी अरब, मलेसिया, यूएई, कुवेत, युरोपेली मुलुकमा पनि नेपालीका लागि धेरै राम्रा अवसर छन् । तर, त्यसका लागि सरकारी संयन्त्रले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । नेपाली दूतावासको काम राहदानी बनाउनेमा मात्रै सीमित नगरी स्वदेशमा अवसर नहुँदासम्म विदेशमा नेपालीका लागि राम्रा कम्पनीमा अवसर खोज्ने काम गर्नुपर्छ । विगतमा विश्व श्रम बजारले नेपाली श्रमिक आफैं खोज्ने गरेको थियो । तर, अहिले परिस्थिति बदलिएको छ । नेपाल आफैंले कुन देशका कुन कम्पनीमा कस्तो अवसर छ र बढीभन्दा बढी नेपाली कामदार कसरी पठाउने भनेर नेपाल स्वयंले पहलकदमी लिनुपर्छ ।

*गुरुङ श्रम तथा रोजगारसँग सम्बन्धित विज्ञ हुन् ।*







। मोहन ओझा

# दक्ष जनशक्ति उत्पादनमा एजेन्डाविहीन राजनीतिक दल



सफल अर्थतन्त्रको प्रमुख आधार दक्ष तथा अनुभवी जनशक्तिको उचित व्यवस्थापन हो । अर्थतन्त्रको गतिलाई जनशक्तिको उत्पादकत्वले निर्धारण गरेको हुन्छ। दक्ष, अनुभवी, प्रतिस्पर्धी तथा उत्पादनशील जनशक्ति भएको मुलुकको समग्र अर्थतन्त्र पनि सबल भएको उदाहरण विश्वमा धेरै छन्। विश्वका शक्तिशाली अर्थतन्त्रको रूपमा चिनिएका अमेरिका, चीन, जापानलगायत देशले हासिल गरेको आजको आर्थिक उपलब्धिको मुख्य आधारका रूपमा दक्ष तथा सिर्जनशील जनशक्तिलाई लिइन्छ। तर, पछिल्ला दुई वर्षमा कोरोना महामारीका कारण अर्थतन्त्रको मुख्य आधार नै सबैभन्दा धेरै जोखिममा परेको अवस्था छ । कोरोना संक्रमणको जोखिम न्यूनीकरण गर्न विश्वका अधिकांश राष्ट्रहरूले बन्दाबन्दी (लकडाउन) गरे । मानवीय गतिविधि पनि घरभित्रै सीमित रह्यो । फलस्वरूप आर्थिक गतिविधि करिब ठप्पजस्तै भयो । कोरोनाका कारण विश्व अर्थतन्त्रमा ३.५ प्रतिशतले संकुचित हुनुको प्रमुख कारण जनशक्ति घरभित्र सीमित हुनु थियो। जनशक्ति घरभित्र थुनिँदा उत्पादकत्व घट्न जाँदा समग्र अर्थतन्त्र ऋणात्मक भएको कुरालाई कसैले नकार्न सक्दैन ।

कोरोना महामारी सुरु भएसँगै विश्वभर करोडौंले रोजगारी गुमाए । लाखौं उद्योग/व्यवसाय बन्द भए । कोरोनाले श्रमिकको रोजगारी मात्रै खोसेन दीर्घकालीन रूपमा मानोवैज्ञानिक असरसमेत छोडेको छ । मानव संसाधनमा परेको मनोवैज्ञानिक असरको नतिजा आगामी दिनमा झनै भयावह हुन सक्ने जोखिम छ । विकसित राष्ट्रहरूमा भन्दा अविकसित र विकासशील राष्ट्रहरूमा रोजगारी गुमाउँदाको मनोवैज्ञानिक असर झनै गहिरो रूपमा देखिनेछ ।



नेपालको सन्दर्भमा आर्थिक वर्ष ०७५/७६ मा आर्थिक वृद्धि ६.४ प्रतिशत रहेकामा आर्थिक वर्ष ०७६/७७ मा २.१२ प्रतिशतले नकारात्मक हुन पुग्यो । गत आर्थिक वर्ष ०७७/७८ मा ४.०१ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने प्रारम्भिक अनुमान गरिए पनि कोरोनाको दोस्रो लहरका कारण अझ घट्ने सम्भावना छ । कोरोना संक्रमण नियन्त्रणका लागि भन्दै जारी लकडाउन, निषेधाज्ञाजस्ता विश्वव्यापी अभ्यासबाट अर्थतन्त्रका लागि आवश्यक प्रविधिको उन्नति तथा उत्पादकत्व वृद्धि गर्ने स्रोतका रूपमा रहेको जनशक्तिमा उच्च चाप पर्न गयो । जसको असर तत्कालभन्दा पनि आगामी दिनमा भयावह रूपमा प्रकट हुने जोखिम छ ।

यद्यपि कोरोना महामारीले पीडासँगसँगै सचेतना पनि गराएको छ । कोरोना नियन्त्रणका लागि अवलम्बन गरिएको लकडाउनको अवधिमा घर-घरमा उद्यमशीलता (अन्टरप्रेनर) को जन्म भएको छ । बाध्यताले मानिसहरू उत्पादनशील हुँदो रहेछ भन्ने पनि देखिन्छ । यस्तो खालको उत्पादनशीलताले निरन्तरता पाएको खण्डमा समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने निश्चित छ । अहिले देखिएको उद्यमशीलतालाई दीर्घकालीन बनाइ आर्थिक पुनरुत्थानका लागि प्रयोग गर्नुपर्ने देखिन्छ । त्यसका लागि राज्य तथा निजी क्षेत्रले सामूहिक रूपमा सहकार्य गरेर अघि बढ्नु अति आवश्यक छ । अबको लगानी अहिलेको उद्यमशीलता बचाएर सीप विकासमा केन्द्रित गर्नुपर्छ । त्यसका लागि अहिलेको शैक्षिक प्रणालीमा परिवर्तन गर्न जरुरी छ । त्यसैगरी सीप नभएकालाई सीप दिने, सामान्य सीप भएकालाई अर्धदक्ष र अर्धदक्षलाई दक्ष बनाउँदै लैजानु जरुरी छ । जनशक्तिको तालिम तथा सीप विकासमा अत्यधिक लगानी गर्नुपर्ने देखिन्छ । शिक्षित व्यक्ति प्रविधिको प्रयोगमा अभ्यस्त छ, त्यस्तो व्यक्तिका लागि सहज भए पनि सरकार र निजी क्षेत्रको सहकार्यमा तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गरेर दक्ष जनशक्ति उत्पादन गरेर आर्थिक पुनरुत्थानमा योगदान दिन सकिन्छ ।

जनशक्ति उत्पादनको सन्दर्भमा कुरा गर्दा सरकार र निजी क्षेत्र मात्र नभई राजनीतिक दलका कार्यकर्तालाई देश विकासमा परिचालन गर्ने योजना बनाउनुपर्छ । कार्यकर्तालाई चुनावमा मात्र प्रयोग गर्ने होइन राष्ट्र निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गर्ने एजेन्डा राजनीतिक दलसँग हुनुपर्छ । तर, विडम्बना नै भन्नुपर्छ नेपालका राजनीतिक दलका नेताले कसरी चुनाव जित्ने भन्ने मात्र सोचेको देखिन्छ । चुनाव जितेर गएपछि दक्ष जनशक्ति उत्पादनका लागि योजना बनाएर मन्त्रालय चलाउने भन्ने विषय कसैले सोचेको देखिन्न । मानव संसाधन र दक्ष जनशक्तिबिना सबल अर्थतन्त्र सम्भव छैन ।

नेपालको सन्दर्भमा हेर्ने हो भने दक्ष जनशक्ति उत्पादनको दृष्टिकोण शून्यकै अवस्थामा छ । वैदेशिक रोजगारीमा गएका करिब ४० लाख नेपाली युवामध्ये १५ देखि २० लाखसम्म स्वदेश फर्कन्छन् भन्ने आकलन गरिएको थियो । तर, यसको वास्तविक स्थिति कस्तो छ भन्नेबारे कुनै तथ्यांक संकलन गरिएको छैन । प्रमुख जिल्ला अधिकारी र स्थानीय तहले सहकार्य गरेर यथार्थ तथ्यांक निकाल्न सक्थे । तर, त्यसो गरेनन् । वैदेशिक रोजगारीमा प्राप्त हुने मासिक २५ देखि ३० हजार रुपैयाँ आम्दानी स्वदेशमै प्राप्त गर्न सक्ने वातावरण बनाउन सकेको भए राज्यले प्रतिफल प्राप्त गर्न सक्थ्यो । कोरोनाका कारण स्वदेश फिर्ता आएका युवाहरूलाई देशका विभिन्न क्षेत्र (कृषि, जलविद्युत्, पूर्वाधार) हरूको निर्माणमा प्रयोग गर्ने योजना सरकार र निजी क्षेत्र मिलेर तय गर्नुपर्नेमा हुन सकेको देखिएन । भारतसँगको सीमा क्षेत्रमा रहेको नेपालको औद्योगिक क्षेत्रमा करिब पाँच लाखको हाराहारीमा भारतीय श्रमिकहरू कार्यरत छन् । कोरोनाका कारण ती श्रमिक आफ्नो देशमा फिर्ता गए पनि भारतीय श्रमिक रहेको क्षेत्रमा वैदेशिक रोजगारीबाट कोरोनाका कारण फर्केका नेपालीलाई नै काम दिन सकिन्थ्यो । यसबाट ठूलो रकम विदेशिनबाट जोगिने थियो । तर, यस्तो खालको काम गर्ने सोच र इच्छाशक्ति भएको राजनीतिक नेतृत्व देखिएन ।

**कोरोना महामारी सुरु भएसँगै विश्वभर करोडौंले रोजगारी गुमाए । लाखौं उद्योग/व्यवसाय बन्द भए । कोरोनाले श्रमिकको रोजगारी मात्रै खोसेन दीर्घकालीन रूपमा मनोवैज्ञानिक असरसमेत छोडेको छ ।**










देशमा सबैभन्दा ठूलो सन्जाल (नेटवर्क) सरकारसँग र त्यसपछि निजी क्षेत्रका संगठन तथा राजनीतिक दलहरूसँग रहेको देखिन्छ । यस्तो स्थितिमा हरेक वडा-वडामा बेरोजगारको सूची संकलन गरी उनीहरूलाई उपयुक्त सीप प्रदान गर्दै स्थानीयतहमै काम गर्न सक्ने वातावरण बनाउन धेरै गाह्रो विषय होइन । तर, सरकार, राजनीतिक दलहरू र निजी क्षेत्रसँग दृढ इच्छाशक्ति भने हुनुपर्छ । मुलुकमा स्थानीय उत्पादन (प्रडक्ट) को प्रशस्त सम्भावना छ र स्थानीय उत्पादनलाई परिचालन गरेर अर्थतन्त्रमा कायापलट गर्न सकिने अवस्था छ । यस्तो काम जतिखेरै सुरु गर्न सकिने भएकाले ढिला भयो भन्नु पर्दैन । सरकार र निजी क्षेत्रले गुरुयोजना बनाएर आ-आफ्ना सन्जाललाई प्रयोग गरि सीप विकास तथा तालिम प्रदान गरेर जनशक्ति उत्पादन गरी तत्तत् क्षेत्रमा रोजगारी/स्वरोजगारी सिर्जना गर्न सम्भव छ । विदेशबाट फर्केका जनशक्तिलाई पनि उनीहरूको सीपअनुसार उपयुक्त क्षेत्रमा प्रयोग गराउन सकिन्छ । अहिलेका संयन्त्र काम गर्न नसकेको खण्डमा छुट्टै मन्त्रालय बनाएर काम गर्न आवश्यक छ ।

अहिले मुलुकको यति दुरावस्था छ कि कम्पनीहरूले माग गरेअनुसारको जनशिक्त उपलब्ध गराउने अवस्था पनि हामीसँग छैन । स्वदेशका लागि आवश्यक दक्ष जनशक्ति नभएको स्थितिमा विश्व श्रम बजारमा प्रतिस्पर्धा गर्ने जनशक्तिको त कुरै भएन । नेपालमा राज्यले मात्रै होइन उद्योग/व्यवसाय सञ्चालन गर्नेले पनि जनशक्तिको सन्दर्भमा योजना बनाएको देखिँदैन । मुलुकको दुर्भाग्य नै भन्नुपर्छ सरकार तथा निजी क्षेत्र दुवै जसरी चल्छ-चल्छ भन्ने मनसायमा अघि बढेको पाइन्छ । यसले जनशक्तिको उत्पादकत्व पनि शून्य जस्तै छ । दशक अघिसम्म कर्मचारीहरूमा सामूहिक सौदाबाजीको प्रचलन व्याप्त थियो । यसले रोजगारदाता जनशक्ति भर्ना गर्न डराउने अवस्था थियो । श्रमिकहरू पनि सामूहिक हुने र काम नगर्ने समस्या थियो । रोजगारदाताले पनि ट्रेड युनियनहरूको चर्को दबाव नझेल्दासम्म न्यूनतम आवश्यकताहरू पनि सम्बोधन नगर्ने प्रचलन थियो । रोजगारदाताले मूल्यवृद्धिको अनुपातमा वार्षिक सेवा-सुविधा नबढाउने प्रवृत्तिका कारण कर्मचारी र रोजगारदाताबीच चर्को द्वन्द्व थियो ।

**नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघजस्ता निजी क्षेत्रका प्रतिनिधि संस्थाहरूले सीमित उद्योगी/व्यवसायीले के पाए र के पाएनन् भन्नेमै आफ्नो ध्यान केन्द्रित गरेको पाइयो । तर, कारोबारका कारण साँच्चिकै विस्थापित भएका साना तथा मझौला उद्यम/व्यवसाय (एसएमई) का पक्षमा खासै चासो राखेन ।**

नेपालमा शैक्षिक जनशक्तिको उत्पादकत्व औसतमा ३ देखि ४ घण्टा मात्र छ । सरकारी तथा अशिक्षित जनशक्ति उत्पादकत्व कति छ भन्ने यकिन छैन । उत्पादकत्वलाई हेर्ने हो भने माथिल्लो तहका ५ प्रतिशत सरकारी र १० प्रतिशत निजी क्षेत्रका कर्मचारीहरू 'ओभर लोडेड' छन् भने ९० प्रतिशत कर्मचारीले आरामसँग जागिर खाएको अवस्था छ । कुनै संस्थाका सीमित कर्मचारीलाई ओभर लोडेड बनाउनुभन्दा सबैलाई जिम्मेवार बनाएर कर्मचारीमा जागिरभन्दा कामको जिम्मेवारीबोध हुने वातावरण बनाउन आवश्यक छ । जागिर खाने मानसिकतालाई काम गर्ने मानसिकतामा विकास गर्न सकिएमा उत्पादकत्व स्वतः बढ्छ । नेपालको अधिकांश क्षेत्रमा क्रियाशील कर्मचारीमध्ये ८० प्रतिशत जागिर खाने र २० प्रतिशत काम गर्ने मनोभावनामा रहेको पाइन्छ । काम गर्नु र जागिर खानुमा धेरै अन्तर हुन्छ । काम गर्दा तलबसँगै नतिजा आउँछ भने जागिर खाँदा तलब त पाक्छ तर, नतिजा आउँदैन । यस्तो प्रवृत्तिमा सुधार ल्याउनु आवश्यक छ ।

नेपालमा मात्रै नभएर विश्वभर कोरोनाले सबैभन्दा धेरै असर गरेको क्षेत्र श्रम बजार हो र सबैभन्दा बढी पीडित पनि श्रमिक नै भएका छन् । यसअवधिमा संसारभर करोडौंले रोजगारी गुमाएका छन् भने रोजगारी नगुमाएकाहरूले पनि आफ्नो पारिश्रमिक तथा सेवा-सुविधाको ठूलो हिस्सा गुमाएका छन् । केही रोजगारदाताले महामारीको समयलाई मौकाका रूपमा प्रयोग गरे । श्रमिकले रोजगारी गुमाएसँगै पारिवारिक जिम्मेवारीका कारण मानसिक तनावबाट गुज्रनु परेको छ । कुनै पनि व्यक्ति मानसिक तनावबाट गुज्रनु भनेको दीर्घकालमा सम्बन्धित राज्यलाई ठूलो नोक्सानी हुनु हो ।

कोभिड कहरका कारण सबैभन्दा मानसिक उत्पीडनमा रहेका श्रमिकहरूले विकल्पबारे सोच्न थालेका छन्, जुन सकारात्मक छ । कुनै पनि संस्था चलाउने भनेको श्रमिकले हो । लगानीकर्ताले त लगानी मात्र गर्छ । प्राकृतिक विपत्ति तथा महामारीजस्ता समस्यामा कसरी जिउने भनेर वैकल्पिक उपायसहितको पूर्वतयारी गर्नुपर्ने पाठ कोरोनाले सिकाएको छ । वास्तवमा जनशक्ति भनेको नीलकण्ठ -भगवान् शिवले विष सेवन गरी भक्तहरूलाई बचाए जस्तो) हो ।

२०७६ चैत ११ गते लकडाउन भयो । १६ गतेबाट प्रतिष्ठानहरूले तलब तथा सुविधा दिन सक्दिनँ भन्न थाले । सरकारले एक साताको लकडाउन गरेको अवस्थामा १५ दिन पनि धैर्य नगरी प्रतिष्ठान सञ्चालक

(साहुजी) हरूले कर्मचारी कटौती गर्न थाले । साहुजीहरूको नियतमा पनि खोट देखियो । कुनै पनि प्रतिष्ठानमा कार्यरत उच्च तहका कर्मचारीले बाहिर बोल्न चाहँदैन । तल्लो तहका अधिकृतसम्मका कर्मचारी बोल्ने हो । यस्तो समस्या हरेकजसो संस्थामा देखियो । नेपालको श्रम बजारमा ६० प्रतिशत हिस्सा अनौपचारिक क्षेत्रको योगदान छ । लकडाउनका कारण औपचारिक क्षेत्रकै अधिकांश व्यापार/व्यवसाय (यातायात, होटेल, रेस्टुरेन्ट, पसलहरू) नै बन्द भए । अनौपचारिक क्षेत्रको त लेखा-जोखा नै भएन । एउटा कम्पनीमा आफ्नो पूरा जिन्दगी सुम्पेको व्यक्तिका लागि रोजगारदाताले एक साताको समयसमेत पर्खन सकेनन् । अलिकति पनि धैर्य नदेखाउनुले नियत असल रहेनछ भन्ने प्रस्टिन्छ । श्रमिकले रोजगारी गुमाएको मात्र नभई केही स्वरोजगार व्यवसायीले आत्महत्या नै गरेको अवस्था छ । कोरोनाकालमा धेरै नयाँ उद्यमशीलहरू उदाउन नपाउँदै अस्ताए ।

कोरोना महामारीमा साहुजीहरूले लामो समय काम गरेका तर, उत्पादकत्व नभएका जनशक्तिलाई निकाल्ने र नयाँ प्रतिभावान् (ट्यालेन्ट) लाई अवसर दिएको पनि पाइन्छ, जुन राम्रो पक्ष हो । विभिन्न कारणले अधिक कर्मचारीको समस्यामा रहेका रोजगादाताहरूले उत्पादकत्वमा ख्याल गर्दै कर्मचारी व्यवस्थापन (कुनै प्रतिष्ठानमा पाँच सय कर्मचारी रहेकामा महामारीका कारण भएको लकडाउनमा दुई सय कर्मचारी कटौती गऱ्यो । तर, तीन सय कर्मचारीको उत्पादकत्व र पाँच सय कर्मचारीको उत्पादकत्व समान भेटियो भन्नेमै ध्यान दिएको पनि पाइयो । कोरोना कहरपछि थोरै जनशक्तिमा बढी उत्पादकत्व हासिल गर्न प्रतिष्ठानहरू सक्रिय देखिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघजस्ता निजी क्षेत्रका प्रतिनिधि संस्थाहरूले सीमित उद्योगी/व्यवसायीले के पाए र के पाएनन् भन्नेमै आफ्नो ध्यान केन्द्रित गरेको पाइयो । तर, कारोबारका कारण साँच्चिकै विस्थापित भएका साना तथा मझौला उद्यम/व्यवसाय (एसएमई) का पक्षमा खासै चासो राखेन । सरकारले पनि ठूला र सीमित उद्योगी/व्यापारीलाई केन्द्रित गरेर सहुलियत कार्यक्रम अघि सार्‍यो । नेपाल राष्ट्र बैंकबाट पनि तिनै सीमित ठूला उद्योगी/व्यवसायीले फाइदा लिए । बैंकबाट कर्जा पाउने पनि उनीहरू नै भए । महिनामा करिब ८ देखि १० लाखको व्यापार गर्ने साना उद्यमी/व्यावसायीलाई कोरोनाका कारण करिब ७० लाख रुपैयाँको दायित्व बढे पनि रिकभर गर्ने कुनै योजना कहींबाट आएन । तात्कालीन अर्थतन्त्रमा यसको असर नदेखिए पनि दीर्घकालमा ठूलो असर पर्ने निश्चित छ ।

कोरोना महामारीको राम्रो पक्ष भनेको यो अवधिमा नयाँ क्षेत्रमा काम गर्ने गरी नयाँ उद्यमशीलता जन्मिएको पनि छ । कोरोना संक्रमणको दर घटेसँगै स्वदेश तथा विदेशमा श्रमिकको माग बढ्न थालेको छ । संकटपूर्ण अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार गर्ने तौरतरिका र महामारीको जोखिमबाट बच्न अनुभव मिलेको छ । निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूले ठूला र सीमित उद्योगी/व्यवसायीलाई मात्रै केन्द्रमा नराखी एसएमईहरूका समस्या राज्यसम्म पुऱ्याउन काम गर्नुपर्ने मात्रै होइन उनीहरूका लागि योजना बनाएर काम गरिदिनुपर्ने पाठ पनि सिकाएको छ । सरकारले पनि निजी क्षेत्रसँग सहकार्य गरेर एसएमईका समस्या समीक्षा गर्दै उपयुक्त सुधार 'प्याकेज' ल्याउनु जरुरी छ । एसएमईलाई बचाउन सके केही हदसम्म बेरोजगारीको समस्या समाधान गर्न सहज हुन्छ । त्यति मात्रै मात्रै होइन आन्तरिक उत्पादन बढ्ने हुँदा आर्थिक क्षेत्रको पुनरुत्थान गर्न सजिलो हुने र त्यसले समग्र आर्थिक गतिविधि चलायमान बनाउन मद्दत मिल्नेछ ।

*ओझा ह्युमन रिसोर्स सोसाइटीका अध्यक्ष हुन् ।*





। विश्वमोहन अधिकारी

# कोभिडपछि बढेको युवा स्वरोजगार कोषको भूमिका



युवा स्वरोजगार कोष २०६५ मा स्थापना भएको हो । कोषको मुख्य उद्देश्य स्थानीय स्रोत-साधनको उपयोग गर्दै स्थानीयस्तरमै उनीहरूलाई रोजगारी प्रदान गर्नु हो । नेपालमा बेरोजगारको संख्या दिनानु दिन बढ्दै गइरहेको स्थितिमा एकातिर रोजगारीको सम्भावना घट्दै गइरहेको र अर्कोतिर सरकारले एकतिहाइलाई पनि रोजगारी दिन नसक्ने स्थितिमा नागरिकलाई स्वरोजगार बनाउने प्रयोजनबाट कोषको स्थापना भएको थियो ।

बजारका बिचौलियाहरूले उत्पादक र उपभोक्ताबीचको खाडललाई सकेसम्म कम गर्ने, उत्पादकले उत्पादन गरेको वस्तुको मूल्य पनि सही नपाउने र उपभोक्ताले पनि सही मूल्यमा खरिद गर्न नपाउने अवस्था रहेकामा बिचौलियापनलाई कम गर्दै उत्पादनलाई स्थानीय रोजगारीसँग जोड्ने उद्देश्य कोषको हो । उद्देश्य राम्रो भए पनि राजनीतिक फेरबदलमा कोषले आशातित् काम गर्न सकेन । देशमा रहेका बेरोजगार युवा विदेशिनुपर्ने र उत्पादनमूलक क्षेत्रमा दक्ष जनशक्ति नपाउने नेपालको मूल समस्यालाई कम गरेर स्थानीय स्रोत-साधनको उपयोग गर्ने हो ।

**कोषको उद्देश्य कति पूरा भयो ?**

युवा स्वरोजगार कोषले केही केही राम्रा काम गरेको छ । कोषले व्यावसायिक क्रियाकलाप सञ्चालन गर्ने क्रममा बितेका १२ वर्षमा ७८ हजार जनालाई स्वरोजगार बनाइसकेको छ । कोषको उद्देश्य वार्षिक रूपमा २० हजारलाई स्वरोजगार बनाउने लक्ष्य राखे पनि तदनुरूप अझ काम हुन सकेको छैन । चालु आर्थिक वर्षमा पनि १२ हजारलाई स्वरोजगार बनाउने योजना छ । स्थानीय उत्पादनलाई बिचौलियाबाट हटाएर सीधै उपभोक्तासम्म पुऱ्याउन गरेको पहलले अझै सार्थकता पाउन सकेको छैन । यद्यपि कोषले गरेका काम सर्वसाधारणसम्म जानकारी गराउन चुक्दा कोष प्रभावकारी नभएको हो कि भन्ने भान परेको छ ।

**कोष स्थापनाको उद्देश्य पूरा हुन नसक्नुका कारणहरू**

राजनीतिक हस्तक्षेप र व्यवस्थापकीय कमजोरीका कारण कोषले आफ्नो कौशल देखाउन सकेन । व्यवस्थापनले जसरी 'काम' गर्नुपर्ने थियो त्यो गर्न सकेन । सरकारले दिएको लक्ष्य र उद्देश्य हासिल गर्न व्यवस्थापनले कार्यान्वयनयोग्य मौलिक



योजना बनाउन नसक्दा पछि परेको देखिन्छ । हुन त योजना जति नै राम्रो भए पनि स्रोत अभाव भए कार्यान्वयनमा समस्या आउँछ र असफलसिद्ध हुन्छ । स्रोतको अभाव हुन नदिन सुरुको चरणमा बैंक तथा वित्तीय संस्थालाई तोकेरै लगानी गर्न निर्देशन दिइएको थियो । निर्देशन दिएरै लगानी भएकोबाहेक थप लगानी भएन । सुरुमा स्रोतको अभाव हुँदै गर्दा भएका स्रोतको पनि उचित परिचालन हुन नसक्दा समस्या भयो ।

### ऋणीको मानसिकता र समस्या समाधानका सूत्र

कोषको पहिलो स्रोत नेपाल सरकारले सीधा 'फन्डिङ' हो भने बैंक तथा वित्तीय संस्थाले विपन्न वर्गमा गर्नुपर्ने लगानी पनि कोषको स्रोत हो । कोषको सबैभन्दा ठूलो स्रोत विपन्न वर्ग कर्जा नै हो । त्यस्तै कोषले आफैं स्रोत परिचालन गरेर आउने ब्याज पनि अर्को स्रोत हो । विदेशी दातृ निकायले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वबाट पनि कोषमा केही रकम स्रोतका रूपमा जुट्छ ।

विपन्न वर्गको कर्जा कोषमा ल्याउन म आइसकेपछि विशेष पहल पनि गरेको छु । म आफैं पूर्वबैंकर भएकाले पनि बैंक तथा वित्तीय संस्थासँग विपन्न वर्गको नाममा जाने कर्जा कोषमा ल्याउन थप सहज भएको छ । कोषले आधार ब्याजदर (बेस रेट) मा नभएर ३.५ प्रतिशत ब्याजदरमा विपन्न वर्ग कर्जा लिने गरेको छ । कोषले ८ प्रतिशतमा सहकारीलाई लगानी गर्छ र ६० प्रतिशत ब्याज अनुदान दिन्छ । सरसर्ती हेर्दा ३.५ प्रतिशतमा लिएको कर्जा ३.२ प्रतिशतमा लगानी गर्नुपर्ने स्थिति छ ।

विगतमा कृषि विकास बैंकमार्फत लगानी गरेको लगानी मिनाहा गरिएकाले अझै पनि आममानिसमा सरकारले दिएको पैसा फिर्ता गर्नु पर्दैन भन्ने सोचाइ रहेको पाइन्छ । कोषमार्फत गरेको लगानी पनि फिर्ता गर्नु पर्दैन भन्ने नागरिकको मानसिकताका कारण यदाकदा समस्या भएको पाइन्छ । यसले कर्जा असुलीमा केही समस्या सिर्जना गरेको छ । कोषको लगानीलाई सरकारी पैसा भनेर ऋणीहरूले सहज रूपमा नतिर्ने रहेछन् । ऋणीहरूमा अहिले हामीले पैसा तिर्ने तर, नतिरेकाले पछि नतिरे पनि हुने भन्ने सोचले काम गरेको छ । विगतमा कृषि विकास बैंकको ऋण ज-जसले तिरे उनीहरूलाई कुनै सुविधा दिइएन तर, जसले तिरेनन् तिनको मिनाहा भएका कारण कोषको रकम तिर्न पनि आनाकानी गरेको पाइन्छ । अन्य परियोजनामा भएको लगानीको पैसा नतिरे माफी हुँदा कोषमाथि प्रश्न उठेको छ ।

कोष सरकारी संयन्त्र भए पनि यसको प्रकृति वित्तीय संस्थाको जस्तो छ । सरकारी कोष भएकाले सरकारको नीति र सरकार परिवर्तनको असर योजना कार्यान्वयनमा पनि पर्ने गरेको छ ।

### कोषको संरचना, योजना र चुनौती

केन्द्रमा कोषको कार्यालय छ भने ७७ वटा जिल्लामा सहजकर्ता छन् । आगामी एक वर्षमा सातवटै प्रदेश र दुई वर्षमा सबै जिल्लामा शाखा तथा ४ वर्षभित्र ७ सय ५३ वटै स्थानीय तहमा कोषको सन्जाल (नेटवर्क) विस्तार गरी सेवा दिने कार्यक्रम छ । कोषले क्रमिक रूपमा चालु (पहिलो) वर्षमा १२ हजार, दोस्रो वर्षमा २० हजार, तेस्रो वर्षमा ३० हजार र चौथो वर्षमा ४० हजार गरी ४ वर्षमा करिब एक लाख मानिसलाई स्वरोजगार बनाउने रणनीति बनाएको छ ।

**कोष सरकारी संयन्त्र भए पनि यसको प्रकृति वित्तीय संस्थाको जस्तो छ । सरकारी कोष भएकाले सरकारको नीति र सरकार परिवर्तनको असर योजना कार्यान्वयनमा पनि पर्ने गरेको छ ।**

ग्रामीण क्षेत्र र पर्याप्त पूर्वाधार नभएको र सञ्चार कठिनाइ भएका विकट ठाउँमा ऋण लिनेले पैसा कोषको खातामा जम्मा गरे पनि 'कम्युनिकेसन' को समस्याका कारण कोष जानकार नरहने स्थिति बन्छ । कोषको योजना कार्यान्वयनमा देखिएका यस्ता समस्या प्रदेशअनुसार फरक छ । जसले कुन प्रदेश, जिल्ला र स्थानीय तहमा बढी प्राथमिकता दिने भन्ने छुट्याउन गाह्रो भइरहेको छ ।

### युवा स्वरोजगार कोषले कसलाई बुझ्ने ?

युवा भन्नाले १८ देखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई मानिन्छ । तर, उद्यमशीलता ६० वर्षको व्यक्तिले पनि गर्न सक्ने भएकाले कोषले कार्यक्षमताका आधारमा ४० वर्षभन्दा बढी उमेरका व्यक्तिको योजना पनि लिने गरेको छ । कोषको लगानीमा मुख्य आकर्षण हुनुमा विनाधितो ऋण, ६० प्रतिशतसम्म ब्याज छुट र बिमाको लागत पनि सबै कोषले बहन गर्ने व्यवस्था छ ।

बेरोजगार मानिसले केही काम गर्न चाहे, उद्यमशीलताको योजना भएर पनि लगानी गर्ने क्षमता नभएका व्यक्तिलाई स्वरोजगार योजनामा सहभागी गराइन्छ । सामान्यतः कोषले निम्न वर्गको उद्यमीलाई सहयोग गर्छ । बैंकबाट ऋण लिन धितो छैन, ब्याज धेरै तिर्न सक्दैन र बिमाको लागत पनि तिर्न सक्दैन भने कोषले सहयोग गर्छ । स-सानो व्यवसायमार्फत स्वरोजगार हुन सक्ने स्थितिमा विदेश जानुपर्ने बाध्यता अन्त्य गर्ने कोषको योजना हो । यस्तो युवा, जोसँग काम गर्ने क्षमता छ, उद्यमशीलता गर्न चाहन्छ तर पैसा छैन भने उनीरुलाई कोषले सम्बोधन गर्छ । तर, कोषले लगानी गर्ने माध्यम भनेको बैंक तथा वित्तीय संस्था वा सहकारी हो ।

कुनै पनि सहकारी संस्था र वित्तीय संस्थाले कोषबाट गएको पैसामा ८ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था छ भने राम्रोसँग व्यवसाय सञ्चालन गरेर कर्जा तिरिसकेपछि ६० प्रतिशत ब्याज छुट पाउँछ । व्यावसायिक उत्थानलाई हेरेर फेरि उसले दोस्रोपटक पनि

कर्जा लिन पाउँछ । कारोबारलाई नियमित बनाउन अन्तिममा मात्रै ब्याज फिर्ता गर्ने व्यवस्था गरिएको हो । यो कार्यक्रम मनाङ र मुस्ताङबाहेक ७५ जिल्लामा सञ्चालित छ । विदेशबाट फर्केका व्यक्तिहरू अर्धदक्ष (सेमी स्किल्ड) हुने भएकाले उनीहरूमा लगानी गर्नु उचित मानिन्छ । विदेशबाट फर्किएका अर्धदक्ष व्यक्तिहरू कोषले लगानी गर्ने आधारभूत व्यक्ति हुन सक्छन् । कोषको पहिलो प्राथमिकतामा सेमी स्किल्ड व्यक्तिहरू पर्छन्, चाहे ती जोसुकै हुन् । नेपालमै काम गरेका व्यक्तिहरू पनि सेमी स्किल्ड छन् भने कोषमा योजनामा समेटिन्छन् ।

### कोभिड पीडामा कोषको भूमिका

कोभिड-१९ का कारण रोजगारी र व्यवसाय गुमाएकालाई पनि कोषले सम्बोधन गर्न खोजेको छ । जसले गर्दा अहिले कोषमा फाइलको चाङ छ । कोभिड अघिभन्दा कोभिड पछि स्वरोजगार हुन चाहने र केही गर्नुपर्छ भन्नेको चाप बढी छ । नेपालकै एक अध्ययनले कोभिडपछि करिब २५ लाख बेरोजगार भएको देखाएको छ । तीमध्ये केहीलाई कोषले सम्बोधन गर्ने अवसर मिलेको छ। २०७८ असारसम्म कोषमार्फत स्वरोजगार बनेका ७९ हजारमध्ये नौ हजार कोभिडपछि स्वरोजगार बनेका हुन् ।

कोभिडपछिको अवस्था हेर्दा वैदेशिक रोजगारीबाट फर्केकाले गाउँमै गएर कृषिमा आधारित परियोजनाका लागि कर्जा माग गरेको देखिन्छ । ठूलो लगानी आवश्यक व्यवसायलाई कोषको कर्जाले सहयोग गर्न नसक्ने भएकाले साना कफी, चिया पसलजस्ता व्यवसायमा पनि कर्जा माग भएको छ ।




स्वदेशको श्रम, नेपाली उद्यम - १००% कर्जा, ब्याजदर कम

नेपाली उद्यमीहरूलाई आत्मनिर्भर बनाउन र स्वदेशको आर्थिक उन्नतिमा प्रत्यक्ष योगदान दिन, हामीले सरल र सुलभ प्रक्रियाबाट प्राप्त हुने साना तथा मझ्यौला उद्यमशील कर्जा योजना ल्याएका छौं ।

२० लाख देखि एक करोड रूपैयाँ सम्मको कर्जा

७.२६% ब्याजदर

०.२५% प्रक्रिया शुल्क

धितो मूल्य बराबरको शत प्रतिशत सम्मको कर्जा

विस्तृत जानकारीका लागि २४सै घण्टा खुला हाम्रो ग्राहक सेवा केन्द्रको फोन नम्बर +९७७ १ ४७८१८००, इमेल: MSME.NP@sc.com वा नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस् ।

standard chartered

*शर्तहरु लागु हुनेछन् ।


### कमजोरी

कोषमार्फत कर्जा लिएर व्यवसाय सञ्चालन गर्दा व्यवसायीले सम्भावित उतारचढावको योजना बनाउने गरेका छैनन् । व्यवसाय विस्तार गर्दै गर्दा जोखिम व्यवस्थापनमा ध्यान नदिएको देखिन्छ । साना व्यवसायीले मौज्दात घटाउने, कर्मचारीलाई तलब दिन नसक्ने जस्ता समस्याले व्यवसायको आकार नै घटाएका छन् । उत्पादन घटेपछि भुक्तानीको समस्या हुनु स्वभाविक हो । कोभिडपछि यस्तो समस्या भएका व्यवसायलाई कर्जा अवधि दुई वर्षबाट बढाएर तीन वर्ष बनाइएको छ । तिर्ने किस्ता सानो भए पनि गरिरहेको पेसा/व्यवसाय छाडेर हिँड्ने अवस्था नआओस् भनेर यसो गरिएको छ। बैंकिङ भाषामा यसलाई पुनर्संरचना र पुनर्तालिकीकरण भनिन्छ । साथै प्रस्तावित परियोजनाको संख्या बढी हुँदा राम्रा परियोजना छान्न सम्भव भइरहेको छैन भने बजेट कटौतीका कारण पर्याप्त तालिम पनि दिन समस्या भइरहेको छ ।

### बैंक तथा वित्तीय संस्थासँग कोषको भूमिका

बैंक तथा वित्तीय संस्था नाफामूलक संस्था हुन् । तर, कोष गैरनाफामूलक संस्था हो र यसले सेवा मात्रै प्रवाह गर्छ । कोषले बैंक तथा वित्तीय संस्था र सहकारीमार्फत अप्रत्यक्ष लगानी गर्छ । त्यसैले उनीहरूसँग समन्वय आवश्यक छ । कोषले कुन संस्थामार्फत लगानी गर्नेभन्दा पनि कुन व्यक्तिले लाभ लिँदै छ भन्ने कुरा हेर्छ । कोषले वित्तीय संस्था तथा सहकारीले गरेको लगानीमा अनुगमन गर्छ । यसो गर्दाको लागत सरकारले बहन गर्छ । कसले वित्तीय मध्यस्तकर्ताको सहयोगमा कर्जा लिँदै छ भन्ने अध्ययन गरेर मात्रै कोषले लगानी गर्छ । कोषबाट लिएको स्रोतबाट सहकारी संस्था नाफामुखी भए भने कोषले अनुगमन गर्छ । उनीहरूलाई 'प्रोफिट मार्जिन' राखेर मात्रै कोषले स्रोत उपयोग गर्न दिने भएकाले तोकिएभन्दा बढी मार्जिन राखेको छ कि छैन भनेर हेरिन्छ ।

### धितोबिनाको कर्जा तिर्न आनाकानी गरे के हुन्छ ?

कोभिडका कारणले बैंक तथा वित्तीय संस्थामा जस्तै कोषमा पनि कैफियत देखिएको छ । त्यसलाई न्यूनीकरण गर्न असुलीका लागि विभिन्न प्रक्रियामा जाने, कर्जा पुनर्संरचना, पुनर्तालिकीकरण वा कर्जा असुलीको हरसम्भव उपायको खोजीमा कोष लागेको छ। प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारी (सीडीओ) ले कर्जा असुलीका लागि भूमिका निर्वाह गर्छन् । सीडीओसँगै प्रत्येक जिल्लामा कोषको कर्जा असुली सहजकर्ता हुन्छन् । सहजकर्ताले सीडीओ र कोषको संयन्त्र प्रयोग गरेर कर्जा असुली गर्न सक्छन् । धितो नभए पनि कर्जाको बिमा हुने भएकाले असुलीमा त्यहाँबाट सहयोग हुन्छ । त्यस्तै धितो नलिए पनि ऋणीको कागजात अथवा पुर्जाको फोटोकपी कोषसँग हुन्छ । जिल्ला प्रशासन कार्यालय अर्धन्यायिक निकाय भएकाले असुली गर्न सजिलो पनि छ । छोटोछोटो समयमा हुने सरकार परिवर्तनले कोषलाई अस्थिर बनाइरहेको छ । नेतृत्वले आफू आबद्ध सहकारीमा लगानी गर्न खोज्ने, आफ्नो जिल्लामा लगानी गर भन्ने जस्ता कामले कोषको लगानी प्रभावित हुने गरेको छ । जिल्ला अथवा प्रदेशस्तरका नेताले पनि कोषको कर्जा लिएको देखिन्छ । तर, निर्वाचनअघि उनीहरूले कर्जा चुक्ता नगरे वा नियमित कर्जा भुक्तान नगरेको पाइएमा निर्वाचनमा उठ्न नपाउने स्थितिले स्वनियमन पनि भइरहेकै छ ।

### कोषको लगानी र स्रोत व्यवस्थापन

कोषले अहिलेसम्म कृषि, व्यापार, साना तथा घरेलु उद्योगको क्षेत्रमा करिब नौ अर्ब रुपैयाँ कर्जा लगानी गरेको छ । सरकारले कार्यालय व्यवस्थापनको खर्च मात्र दिँदै आएको छ । हालसम्म ४० वटा बैंक तथा वित्तीय संस्थाले स्रोत उपलब्ध गराएका छन्, जसको ब्याज त्रैमासिक रूपमा भुक्तानी भइरहेको छ । कुल लगानीको करिब १० प्रतिशत अर्थात् ९० करोड रुपैयाँ हाराहारी लगानीमा कैफियत देखिए पनि ५ प्रतिशत अर्थात् ४५ करोड रुपैयाँ असुली हुने क्रममा छ अर्थात असुली हुने पक्का भएको छ । कैफियतपूर्ण कर्जामध्ये करिब २२ करोड रुपैयाँमा समस्या आउने देखिएको छ ।

*अधिकारी युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी निर्देशक हुन् ।*

CENTURY BANK

सेञ्चुरी बैंक




सरल बैंकिङ्... सबैका लागि

**सेञ्चुरी कमर्सियल बैंक लिमिटेड**

प्रधान कार्यालय: पुतलीसडक, काठमाडौं फोन: ४४४५०६२/४४४०४२१

फ्याक्स: ४४४१४२२ ईमेल: welcome@centurybank.com.np वेब: www.centurybank.com.np



। डा. चिरञ्जीवी नेपाल

# सेयर बजार सुधार्न स्टक एक्सचेन्ज र धितोपत्र बोर्डको आधुनिकीकरण आवश्यक



नेपालको सेयर बजार भर्खर बामे सर्न लागेको छ । म २०६४ भदौदेखि करिब १५ महिना नेपाल धितोपत्र बोर्डको अध्यक्ष भएँ । त्यतिबेला धितोपत्र बोर्ड भन्ने नै चिनिएको थिएन । त्यतिबेलासम्म स्टक एक्स्चेन्ज भनेर मात्र चिनिएको थियो । बोर्डमा नियमावलीहरू बन्ने तर, पास हुन नसक्ने अवस्था थियो । नियमावली बनाउने काम हुन थाल्यो कि विरोध सुरु भइहाल्ने प्रवृत्तिले नियमावलीहरू बन्न सकेका थिएनन् ।

मैले ६ महिनाभित्रमा ११ वटा नियमावली बनाएर पास गर्ने काम गरें । धितोपत्र नियमावलीदेखि लिएर सेयर खरिद-बिक्री, स्टक एक्स्चेन्ज नियमावलीसमेत बनाउने काम गरें । त्यतिबेला एउटै व्यक्तिले बोरामा नागरिकता ल्याएर ५०/६० हजारको सेयर भर्ने गर्थे । नागरिकताको फोटोकपी ल्याउने र विभिन्न व्यक्तिको नाममा सेयर भर्ने प्रवृत्ति अत्यधिक थियो । त्यसरी बोरामा नागरिकता ल्याएर सेयर भर्ने चलन तोड्न निकै कठिन भएको थियो ।

सेयर बजारमा केही व्यक्ति मात्र सीमित थिए । सेयर बजार 'अटोमेसन'मा जाने त परैको कुरा 'सेमिअटोमेसन'मा पनि गएको थिएन । केही सीमित व्यक्तिहरूले कलेजका विद्यार्थीलाई सेयर भर्न लगाएर विभिन्न व्यक्तिको नामबाट प्राथमिक निष्कासन (आईपीओ) भर्ने चलन थियो । नेपालमा जस्तो बोरामा नागरिकता जम्मा गरेर सेयर भर्ने चलन विश्वका कुनै पनि मुलुकमा थिएन । विश्वमा कहीँ पनि एउटाको नागरिकता फोटोकपी गरेर अर्काले सेयर भर्ने चलन थिएन । बोरे प्रवृत्ति निरुत्साहित गर्न अनेक उपाय अपनाउनु

परेको थियो। सेयर बजारलाई पारदर्शी बनाउन नियमावलीहरू ल्याउनु आवश्यक थियो । त्यसका लागि सबै लगानीकर्तालाई सेयरमा सहभागी बनाउने अभियान थालियो । बैंकमा खाता खोलेकाले मात्र आईपीओ भर्न पाउनुपर्ने नियमावली आयो । नागरिकताको फोटोकपी ल्याएर र मृत्यु भएका मानिसको फोटो टाँसेर सेयर बजारमा लगानी गरिन्छ भन्ने सूचनाका आधारमा बैंकमा छापा मार्दा साढे तीन लाख कित्ता अनधिकृत सेयर भरेको भेटियो र प्राप्त नागरिकता तथा फारामहरू सार्वजनिक गर्ने काम भयो। आगामी दिनमा त्यस्तो काम नगर्ने सर्तमा संलग्न व्यक्तिलाई छोडिएको थियो भने फारामहरू रद्द गरियो।

सेयरमा लगानी गर्नेले एउटा नागरिकताको फोटोकपी दुई सयदेखि पाँच सयसम्म तिरेर गाउँबाट ल्याउने गरेको अध्ययनका क्रममा भेटियो । लगत्तै गैरकानुनी कामलाई निरुत्साहित गर्न बैंकमा खाता खोलेकाले मात्र सेयर भर्न पाउने व्यवस्थासहितको नियमावली धितोपत्र बोर्डले बनायो र पहिचान गर्न केही सहज भयो। बोर्डले बनाएको नियमावली अर्थ मन्त्रालयले स्वीकृत गर्नुपर्ने हुन्छ।

राष्ट्र बैंकमा त्यसबेला कायममुकायम गभर्नर कृष्णबहादुर मानन्धर हुनुहुन्थ्यो। उहाँले बैंकिङ क्षेत्रलाई गाह्रो हुन्छ भनेर नियमावली कार्यान्वयनमा नलैजाने मनसाय राख्नुहुन्थ्यो । राष्ट्र बैंक र बोर्डको प्रतिनिधि बसेर नागरिकता सक्कली कि नक्कली छानबिन प्रस्ताव राख्नुभएको थियो र लामो छलफलपछि कार्यान्वयनमा सहमत हुनुभएको थियो। त्यतिखेर कलेजका विद्यार्थीहरूको धन्दा नै नक्कली नागरिकताको फोटोकपी गर्दै सेयर भर्ने र सेयर भरेबापत महिनाको ६ देखि ८ हजार रुपैयाँ कमाउने खेलो हुँदो रहेछ।

नियमावलीमा बैंकमा खाता अनिवार्य भएको हुनुपर्ने व्यवस्था गरिँदा मेरो विरोधमा नारा जुलुस पनि भए। लगानीकर्ता, ब्रोकरहरूसमेत 'डेलिगेसन'मा गए। त्यतिबेला धितोपत्र बोर्डको कार्यालय थापाथलीमा थियो। चार महिनासम्म उनीहरूले मेरो कार्यकक्ष घेरे । कजेलका विद्यार्थी, एकाध लगानीकर्ता र दलालले सेयर खरिद गर्न बैंकमा खाता खोल्नुपर्ने व्यवस्था फिर्ता लिन दबाब दिए। प्रधानमन्त्रीकहाँ जुलुस जाने, बैंकका मानिसलाई उचालेर असहज स्थिति पैदा गर्ने काम गरे । सुरक्षाका लागि प्रहरी बोलाउँदासमेत नआउने परिस्थिति निर्माण भएको थियो । उच्छृङ्खल समूहले धितोपत्र बोर्डको कार्यालय र त्यहाँ रहेका सामग्री जलाइदिन्छु भन्न थालेपछि चिनेको साथी एसपी सुशीलवरसिंह थापालाई भनेर १५ जना प्रहरी राखेर चार महिनासम्म काम गरें । बोर्डको अध्यक्षले हाम्रो दानापानी हटाइदियो भनेर सबै संगठनको जुलुस बिहान बोर्डमा आउने र साँझ जाने गर्थ्यो। अहिले सम्झिँदा लाग्छ नेपाल विचित्रकै देश हो । त्यतिबेला धितोपत्र दलाल व्यवसायी (ब्रोकर) २०/२२ जना मात्र थिए । ब्रोकरहरूको मनोमानी बढेपछि ब्रोकर थप्नुपर्छ भनेर आवाज उठ्न थाल्यो। विस्तारै सेयर बजारमा लगानीकर्ता बढ्दै गए । सेयर बजार 'सेमी-अटोमेसन'मा गयो । त्यसपछि स्टक एक्स्चेन्ज र धितोपत्र बोर्डको सम्बन्ध पनि विस्तारै सुधार हुँदै आएको थियो।

१५ महिना बोर्डमा बस्दा सेमी-अटोमेसन, ब्रोकर संख्या थप्ने, विनियमावली बनाउने, कमोडिटी एक्स्चेन्जलाई अगाडि बढाउनुपर्छ भन्ने निर्णय भयो । नियमावलीहरू ल्याउँदा बोर्डकै कर्मचारी पनि असन्तुष्ट हुने स्थिति पैदा भयो। विरोध गर्ने बोर्डका २/३ जना व्यक्तिलाई कार्यक्रमा सहभागी गराउन विदेश पठाएरसमेत नियमावली ल्याउनुपरेको थियो । त्यतिबेला मलाई साथ दिनेमा बोर्डका तत्कालीन सञ्चालक बाबुराम रेग्मी हुनुहुन्थ्यो। त्यतिखेर अर्थ मन्त्रालयका सहसचिव

**सेयर बजारमा केही व्यक्ति मात्र सीमित थिए। सेयर बजार 'अटोमेसन'मा जाने त परैको कुरा 'सेमिअटोमेसन'मा पनि गएको थिएन। केही सीमित व्यक्तिहरूले कलेजका विद्यार्थीलाई सेयर भर्न लगाएर विभिन्न व्यक्तिको नामबाट प्राथमिक निष्कासन (आईपीओ) भर्ने चलन थियो।**

विमल वाग्लेले पनि मलाई ठूलो सहयोग गर्नुभएको थियो । त्यतिबेला सञ्चालकहरूले मलाई साथ दिएकै कारण नेपालको सेयर बजारको आधार (बेस) तयार भएको थियो। अहिले त्यही धरातल (फाउन्डेसन) मा उभिएर बोर्डले काम गरेको छ। तर, जुन रफ्तारबाट धितोपत्र बोर्ड अगाडि बढ्नुपर्ने हो, त्यो हिसाबले अगाडि बढ्न भने सकेको छैन।

त्यतिबेलै कमोडिटी एक्सचेन्ज (वस्तु बजार कारोबार स्थल) नहुँदा ठगियौं भनेर वस्तु बजारका लगानीकर्ताहरू नियमन गरिदिन आग्रह गर्दै धितोपत्र बोर्डमा पटक-पटक जुलुस आउने गरेको थियो। कमोडिटी मार्केट सञ्चालन गर्ने उद्देश्यसहित बोर्डले बनाएको नियमावलीको मस्यौदा अर्थ मन्त्रालयले बेला भएको छैन भन्दै फिर्ता पठायो। १६ वर्षपछि अहिले बल्ल कमोडिटी मार्केट सञ्चालन गर्नका लागि प्रक्रिया सुरु भएको छ । कमोडिटी मार्केट सञ्चालन गर्न गरिएका सबै प्रयास खेर गए । त्यतिबेलै कमोडिटी मार्केट सञ्चालन भएको भए अहिले कमोडिटी मार्केटको महत्व स्थापित भइसक्ने थियो। कमोडिटी मार्केट नहुँदा धेरै ठगिए।

त्यतिबेलै एउटा स्टक एक्सचेन्जले पुग्दैन, अर्को खोल्नुपर्छ भन्ने आवाज उठेको थियो। २/३ वटा अरू स्टक एक्सचेन्ज खोल्नुपर्छ भन्ने बहस अझै जारी छ। विभिन्न देशमा क्षेत्रीय (रिजनल) स्टक एक्सचेन्जहरू मर्ज भइरहेका थिए । भारतमा पनि प्रदेशका स्टक एक्सचेन्जहरू मर्ज भएर बम्बई स्टक एक्सचेन्ज र नेसनल स्टक एक्सचेन्ज दुईवटा भएको स्थितिमा नेपालमा थप स्टक एक्सचेन्जको जरुरी देखिँदैन । अन्य मुलुकमा स्टक एक्सचेन्जहरू मर्ज भइरहेका बेला हामीकहाँ अरू स्टक एक्सचेन्जको पक्षमा किन वकालत गरिरहेका छौं, बुझ्न सकेको छैन । केही सीमित व्यक्ति मात्र नयाँ स्टक एक्सचेन्जका पक्षमा लबिइङ गरिरहेका छन् । मैले सुरुदेखि नै नयाँ स्टक एक्सचेन्ज आवश्यक नरहेको बताउँदै आएको छु । सानो बजार छ । भएको स्टक एक्सचेन्जलाई पूर्ण रूपमा अटोमेसनमा लैजानु आवश्यक छ।

प्राथमिक सेयर भर्ने प्रक्रियामा सुधारसँगै सेयर बजार निरन्तर बढ्दो क्रममा देखिएकाले सबैको चासो बढ्न पुगेको थियो । म बोर्डमा रहेकै बेला २०६५ भदौ १५ गते सेयर बजार सूचक नेप्से ११७५ अंकमा पुगेको थियो । धितोपत्र बोर्डको कामहरू सबैलाई थाहा पाउन थाले । सेयर बजारमा पनि नियामक छ भन्ने आभास भयो। सेयर के रहेछ भनेर धेरैले चासो दिन थाले। राम्रो कम्पनी छानेर सेयरमा लगानी गर्न व्यापक प्रचार-प्रसार सुरु भयो । त्यतिबेलै ५० हजारको हाराहारीमा रहेका लगानीकर्ता छोटो समयमै बढेर १४/१५ लाखको हाराहारीमा पुगे। नयाँ लगानीकर्ता सेयर बजारमा भित्रिए। सेयर बजारबाट कमाउनेले पनि मनग्ये कमाए। नेप्सेले उचाइ लिइरहेकै बेला सरकार परिवर्तन भयो। माओवादी सरकारमा आयो। सरकारसँग पुँजी बजारलाई हेर्ने दृष्टिकोणमा असहमति देखिन थाल्यो । राजनीति टकराव बढेसँगै मैले बोर्डबाट राजीनामा दिएँ । उचाइ पुगेको सेयर बजार सरकारप्रति अविश्वास जनाउँदै निरन्तर घट्न थाल्यो र २९२ अंकसम्म झर्न पुग्यो । राजनीतिक नेतृत्वले सेयर बजारलाई त्यति राम्रो रूपमा नलिएकै कारण निरन्तर बजार घटिरह्यो। स्वभाविक रूपमा बजार बढेका बेला सेयरमा लगानीकर्ताको आकर्षण बढ्छ।

त्यसबेला दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मुलुकका धितोपत्र बोर्डका अध्यक्षहरू जम्मा भएर सार्कभित्र एक-आपसमा सेयर किनबेच गर्नुपर्छ भनेर सम्झौता पनि भएको थियो । एउटा देशको नागरिकले अर्को देशको सेयर किन्न सक्ने व्यवस्था गर्ने भनेर कुरा भयो । पछि नेपालको 'ब्याकवार्ड' सेयर मार्केट भएकाले भारतबाट विज्ञ ल्याएर शिक्षा दिने काम पनि भयो।

अर्थमन्त्रीका रूपमा आएका माओवादीका नेता डा. बाबुराम भट्टराईले 'सेयर बजार भनेको जुवा घर हो यसलाई बन्द गर्नुपर्छ' भन्ने आशयको अभिव्यक्ति दिएपछि बजार निरन्तर घट्न सुरु गरेको थियो । मैले सेयर बजार जुवा घर नभएर लगानी संकलन गर्ने ठाउँ भएकाले सूचीकृत कम्पनीहरूलाई राम्रो हुने र देशको पुँजीलाई संरक्षित तथा एकीकृत गर्दै लगानी गर्न पाइने भएकाले देशको आर्थिक वृद्धिलाई सहयोग पुग्ने हिसाबले व्याख्या गर्दै आएको थिएँ । सेयर बजार भनेको पुँजी संकलन गर्ने केन्द्र हो । यसमा खेल्ने मानिसको पैसा दुई हजारबाट एक रुपैयाँमा आउन सक्छ । तर, खपत हुँदैन । जुवामा त हारेपछि सबै सकिन्छ । सेयर खरिद-



बिक्री भनेको हारजित होइन । कम्पनी हेरेर सेयर किन्ने हो भन्दा अर्थमन्त्री र मेराबीचमा दुई-चार ठाउँमा विवाद पनि भयो । माओवादी नेतृत्वले नै सेयर बजारलाई जुवा घर भनेको र त्यसमा अन्य कोही पनि बोल्न नचाहेको अवस्था देखिएपछि बोर्डबाट बाहिरिनु नै उत्तम ठानें ।

त्यतिबेला बोर्डका कर्मचारीले सेयर कारोबार गर्ने गर्दथे । त्यसैले बोर्डले आचारसंहिता बनाएर बोर्डका सदस्य र कर्मचारीले मात्र होइन कर्मचारीका नातेदारलाई समेत सेयर खरिद/बिक्री गर्न नहुने व्यवस्था लागु गरियो । सेयर बिक्री गरेर हिँड्ने कम्पनीहरू धागो कारखाना, सोयाबिन तेल, एभरेडी ब्याट्रीहरूलाई कालोसूचीमा राखिएको थियो । यी कम्पनीका सञ्चालकले सेयर बिक्री गरे अनि भागे । धितोपत्र बोर्डले सूचना निकालेर ३९ वटा कम्पनीलाई कारबाही गरेको थियो । ३९ वटा कम्पनी सेयर बिक्री गरेर सर्वसाधारण (पब्लिक) को पैसा खाएर भागेकाले कारबाहीका लागि अर्थ मन्त्रालयलाई अनुरोध पनि गर्‍यौं । त्यतिबेलै हो, युनिटी लाइफको ठगीधन्दा बाहिरिएको पनि । युनिटीले धमाधम सेयर बिक्री गरेको मात्र होइन बिमा पनि गरेको रहेछ । सूचीकृत नभएको कम्पनीले सेयर बिक्री गर्न नपाउने जानकारी सबैलाई गरायौं । बोर्डको अध्यक्ष, बिमा समितिका अध्यक्ष, राष्ट्र बैंकका डेपुटी गभर्नर, कम्पनी रजिस्ट्रार कार्यालयका रजिस्ट्रार भएर युनिटीले बद्मासी गरेको लाखौं मानिसलाई सदस्य बनाएर ठूलो रकम दुरुपयोग गरेको ठहर गरी पत्रिकामा सूचना निकालेर सर्वसाधारण नागरिकलाई सुसूचित गराउने काम गरियो । पछि मात्रै थाहा भयो युनिटीमा त राष्ट्रपति, प्रधानमन्त्री तथा पूर्वप्रधानमन्त्री पनि संलग्न रहेछन् । यस्ता घटनाले सेयर बजारलाई अनेक रूपमा बदनाम गर्ने कोसिस गर्‍यो ।

**गलत व्यक्तिहरूले सेयरका नाममा पैसा उठाएर भाग्ने चलन त्यति बेलादेखि रोक्न लगाइयो । गलत व्यक्तिहरू बजारमा छिर्न रोकियो । सेयर बजारबाट पैसा लिएर भागेकाहरूलाई भने अहिलेसम्म कारबाही हुन सकेको छैन ।**

गलत व्यक्तिहरूले सेयरका नाममा पैसा उठाएर भाग्ने चलन त्यति बेलादेखि रोक्न लगाइयो । गलत व्यक्तिहरू बजारमा छिर्न रोकियो । सेयर बजारबाट पैसा लिएर भागेकाहरूलाई भने अहिलेसम्म कारबाही हुन सकेको छैन । ३९ वटा कम्पनीले पब्लिकलाई सेयर बिक्री गरेर भागेका छन् । युनिटीजस्ता कम्पनी दर्ता नभइ सेयर बिक्री गरेर भागे । राष्ट्र बैंकबाट स्वीकृति नलिइ पाँच अर्बजति निक्षेप लिएर लुट्ने काम भयो । यी विभिन्न घट्नाबाट सेयर बजारप्रति सर्वसाधारण जागरुक भए । तर, जुन रूपबाट संस्था विकास हुनुपर्ने हो, त्यो भएको छैन । जग (फाउन्डेसन) अझै बलियो हुन सकेको छैन ।

धितोपत्र बोर्डको आफ्नै भवन बनाउन सातदोबाटोमा तीन रोपनी जग्गा किनिएको थियो । अहिले पनि बोर्डको आफ्नै भवन नभएकाले कार्यालय सारेको सार्‍यै छ । कर्मचारीहरूले विज्ञता हासिल गरिसकेका छैनन् । दुई सयभन्दा बढी सूचीकृत कम्पनीलाई नियमन गर्न ठूलै टिम चाहिन्छ । ५० जना कर्मचारीले सक्दैन । कर्मचारीको वृत्ति विकास हुन सकेको छैन भने भौतिक संरचनाको पनि अभाव छ । स्टक एक्सचेन्जको हालत पनि उस्तै छ । सफ्टवेयर महँगो छ । आवश्यक सफ्टवेयर किन्न सकिएको छैन । स्टक एक्सचेन्ज र बोर्डको आधुनिकीकरणबिना सेयर बजार अगाडि बढ्न सक्दैन । गैरआवासीय नेपाली (एनआरएन)हरूलाई सेयर बजारमा भित्र्याउनुपर्छ भन्ने कुरा उठेको पनि मेरै पालादेखि हो । नेपाली पैसामा लगानी गर्न पाए पनि विदेशी मुद्रा प्रयोग गर्न पाइरहेका छैनन् । 'करेन्सी कन्भर्टेबिलिटी'को समस्या छ । राष्ट्र बैंक र धितोपत्र बोर्ड बसेर सल्टाउनुपर्छ ।

सफ्टवेयर अभावमा 'इन्ट्रा डे' कारोबार हुन सकेको छैन । बजारमा सबैभन्दा ठूलो समस्या भित्री कारोबार (इन्साइडर ट्रेडिङ) को हो । अमेरिकामा भित्री कारोबार भएको पुष्टि भए १०/१५ वर्ष जेल हुन्छ । नेपालमा राम्रोसँग इन्साइडर ट्रेडिङबारे बोर्डले अध्ययनसमेत गर्न सकेको छैन । सेयर बजार अझै परिपक्क भएर अघि बढ्न सकेको देखिँदैन । प्रविधि महँगो हुन्छ । नयाँ सफ्टवेयर ल्याउनुका साथै जनतालाई सुसूचित गर्नुपर्ने, भौतिक संरचना त्यही किसिमको बनाउनुपर्ने, कर्मचारीको क्षमता वृद्धि गर्नुपर्ने काम नगरीकन गफ दिएर मात्र सेयर बजारको विकास हुँदैन । अरू देशलाई हेर्दा नेपालले जुन रफ्तारमा सेयर बजारको विकास गर्नुपर्ने हो त्यो हुन सकेको छैन, जुन दुःख लाग्दो छ ।

*डा. नेपाल, पूर्वगभर्नर तथा नेपाल धितोपत्र बोर्डका पूर्वअध्यक्ष हुन् ।*

। भुवन दाहाल




# घट्दो प्रतिफल दर र आलोचनामुक्त वित्तीय क्षेत्र




२०१९ को अन्त्यतिर चीनको वुहान सहरबाट फैलिएर विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ का कारण २०२० मा विश्व अर्थतन्त्रमा नकारात्मक असर पर्‍यो । कोभिडको पहिलो लहर नियन्त्रणमा आएको र विकासित मुलुकमा खोप (भ्याक्सिन) को उपलब्धतासँगै आर्थिक पुनरुउत्थानका लागि सरकारले ल्याएका विभिन्न राहत प्याकेजका कारण विश्व अर्थतन्त्रले पुरानै लय समातेको छ । सन् २०२१ मा विश्व अर्थतन्त्र ६ प्रतिशतले वृद्धि हुने प्रक्षेपणहरू भइरहेका छन् ।

नेपालको अर्थतन्त्र पनि कोभिडपछिको आर्थिक पुनरुउत्थानको क्रममा छ । गत आर्थिक वर्षको अन्तिम त्रैमासमा कोभिडको दोस्रो लहर नियन्त्रणका लागि भएको निषेधाज्ञाले केही प्रभावित भए पनि पछिल्लो समयमा देखिएको सुधारले अर्थतन्त्र पुरानै अवस्थामा फर्काउन सहज हुन्छ भन्ने विश्वास गर्न सकिन्छ । नेपालमा कोभिडको पहिलो लहरका बेला गत आर्थिक वर्षको मौद्रिक नीतिले आर्थिक पुनरुउत्थानमा ठूलो भूमिका खेल्यो । आर्थिक पुनरुउत्थानमा बैंकिङ क्षेत्रको भूमिकालाई महत्वपूर्ण स्थानमा राखेर नियामक नेपाल राष्ट्र बैंकले नीति अख्तियार गरेको छ । नियामकीय दायराअनुसार बैंकिङ क्षेत्रले देखाएको तदारुकताले नेपालको अर्थतन्त्र क्रमशः लयमा फर्किन थालेको महसुस हुन्छ । गाउँगाउँमा पुगेको बैंकिङ पहुँच, वित्तीय क्षेत्रप्रतिको जनविश्वास र राष्ट्र बैंकको निर्देशनमा विभिन्न क्षेत्रमा भएको कर्जा लगानीले अर्थतन्त्र सबल बन्दै गएको छ । कोभिडको प्रभावसँगै सूचना प्रविधिमा बढ्दो प्रयोगले नयाँ-नयाँ चुनौती र अवसर पनि सिर्जना भएका छन् ।





## आर्थिक पुनरूउत्थानमा बैंकिङ क्षेत्रको भूमिका

गत आर्थिक वर्षमा वाणिज्य बैंकहरूबाट ८१६ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको छ। यसभित्र निक्षेपका साथै पुनर्कर्जाको पनि स्रोतका रूपमा प्रयोग भएको छ। राष्ट्र बैंकको तथ्यांकअनुसार गत वर्ष रु. १४८.७५ अर्ब पुनर्कर्जा प्रवाह भएको देखिन्छ।

**आर्थिक वर्ष ०७७/७८ मा राष्ट्र बैंकले स्वीकृत गरेको पुनर्कर्जा**

| पुनर्कर्जा शीर्षक | स्वीकृत रकम (अर्बमा) | ऋणी संख्या |
|---|---|---|
| ग्राहक मूल्यांकनमा आधारित | ४६.१४ | ३४० |
| एकमुष्ट पुनर्कर्जा (क, ख र ग वर्ग) | ९२.३४ | ४८५५० |
| एकमुष्ट पुनर्कर्जा (घ वर्ग) | १०.२३ | - |
| जम्मा | १४८.७५ | ४८८९० |

स्रोत : नेपाल राष्ट्र बैंक

विश्वमा कोभिड महामारीका कारण कर्जा डुब्न सक्छ भनेर बैंकहरूले लगानी गर्न डराएको भेटिन्छ । तर, नेपालका वाणिज्य बैंकहरूले विगतमा चार सय अर्ब कर्जा प्रवाह गर्ने गरेकामा कोभिडकालमा ऐतिहासिक रूपमा बढेर ८१६ अर्ब रुपैयाँ कर्जा लगानी भएको छ। ठूलो मात्रामा भएको कर्जा लगानीले आर्थिक गतिविधि विस्तारमा सहयोग पुगेको छ । यसअवधिमा राजस्व १८.२ प्रतिशत, आयात २८.७ प्रतिशत र निर्यात ४४.४ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वृद्धिदर ४ प्रतिशतमाथि वृद्धि हुने अनुमान गरिएको छ। तर, कोरोनाको दोस्रो लहरले आर्थिक वृद्धिमा केही धक्का लाग्न सक्छ। आर्थिक वृद्धिदरबाहेक आयात, निर्यात, राजस्व र विप्रेषणको वृद्धिदर एकदम राम्रो भएको छ । अधिकांश सूचकमा उत्साहजनक वृद्धि हुनुको पछाडि नेपालका बैंकहरूले खुलेर व्यावसायिक पुनरुत्थानमा सहयोग गर्नुपर्छ भन्ने मान्यता राख्नु हो।

कोभिडका कारण २०७८ वैशाख १६ गतेपछि फेरि निषेधाज्ञा भयो। गत आर्थिक वर्षको ९ महिनाको प्रदर्शन अधिकांश ऋणीहरूको राम्रो थियो । कोभिडपछिको आर्थिक पुनरुत्थानमा बैंकहरूले ब्याजदरबाट पनि ठूलो सहयोग गरेका छन्। बैंकहरूको कर्जा कर्जा प्रवाह २८ प्रतिशतले वृद्धि भएको छ । तर, खुद ब्याज आम्दानी भने २.४५ प्रतिशतले मात्रै बढेको छ । यसको अर्थ हो बैंकहरूले निक्षेपकर्तालाई दिने र ऋणीसँग लिने ब्याजदर अन्तर (स्प्रेड रेट) मा धेरै नै संकुचन ल्याएका छन्। कोभिड अघि २०७६ फागुनमा ५ प्रतिशतभन्दा माथि रहेको ब्याजदरअन्तर अहिले साढे ३ प्रतिशतको हाराहारीमा झरेको छ । जसबाट व्यवसायीले एकल अंक ब्याजदरमा ऋण पाउन सम्भव भएको छ भने निक्षेपकर्ताले पनि मुद्रास्फीति दरभन्दा बढी ब्याजदर पाइरहेका छन्।

कतिपयले कम उत्पादकत्व भएको क्षेत्र सेयर धितो कर्जामा बैंकहरूले बढी जोड दिए भन्ने आरोप आइरहेको छ । तर, तथ्यांकले त्यसो भन्दैन । आर्थिक वर्ष ०७७/७८ मा बढेको कर्जामध्ये ६ प्रतिशत मात्रै सेयर धितोमा गएको छ भने बाँकी ९४ प्रतिशत अन्य क्षेत्रमा छ । बैंकमा अन्य प्रकृतिको धितो राखेर लिएको कतिपय ऋण सेयरमा उपयोग गर्छन् भने त्यो बैंकलाई जानकारी नहुन सक्छ। कुल कर्जामा सेयर धितो कर्जाको अंश अहिले पनि २.५ प्रतिशत मात्रै हो । सेयर बजार अन्धाधुन्ध बढ्नुपर्ने र बैंकहरूले सेयरमा धेरै लगानी गर्नुपर्छ भन्ने मान्यतामा सायदै बैंकरहरू होलान्। गत आर्थिक वर्षमा सेयर बजार सूचकमा पनि निकै नै वृद्धि भयो। धेरै बैंकहरूले पहिलेदेखि नै सेयरमा लगानी गरेका थिए भने केहीले यसबीचमा बजार प्रवेश गरेर नाफा कमाएका कारण गत वर्षको सञ्चालन नाफा बढेको देखिएको हो । सेयर कारोबारबाट बढेको आम्दानी हटाएर हेर्न हो भने गत आर्थिक वर्षमा बैंकहरूको सञ्चालन नाफा घटेको छ ।

**२०७८ असारसम्म वाणिज्य बैंकहरूमा तीन करोड २ ९ लाख निक्षेप खाता पुगिसकेको छ भने बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप खाता तीन करोड ७७ लाख पुगेको छ। पछिल्लो समय निक्षेप खाता बढेर मात्रै भएन ऋणीको संख्या कम भयो भन्ने गुनासो सुनिन थालेको छ।**

अहिलेको कठिन परिस्थितिमा बैंकहरूको प्राथमिकता पनि राज्यकै प्राथमिकताका क्षेत्र हुन् । २०७८ असारमा ऊर्जामा कुल कर्जाको ६ प्रतिशत, कृषिमा १३.२ प्रतिशत, साना तथा मझौला व्यवसाय कर्जा (एसएमई) मा १०.१ प्रतिशत, विपन्न वर्ग कर्जा ८ प्रतिशत पुगेको छ । सहुलियतपूर्ण कर्जा पनि एक लाख चार हजार एक सय नौजना ऋणीलाई एक खर्ब ६१ अर्ब रुपैयाँ लगानी भएको छ । राष्ट्र बैंकले तोकेको क्षेत्रमा बैंकहरूले इमानदारीपूर्वक कर्जा प्रवाह गरेका छन् । कृषि क्षेत्रमा ४४ प्रतिशतसम्म कर्जा बढेको छ। कृषि कर्जा लिएर घरजग्गामा लगानी गरे कि भन्ने आशंका पनि उब्जिएको छ। यसमा सबै सरोकारवाला मिलेर अध्ययन गर्न सकिन्छ।

## वित्तीय पहुँच

बैंकिङ पहुँचको कुरा गर्दा ७५३ मध्ये ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ । आर्थिक वर्ष ०७६/७७ मा राष्ट्र बैंकले गरेको अध्ययनमा दोहरो खाता हटाउँदा ६८ प्रतिशत नागरिकमा बैंकिङ पहुँच पुगेको देखिन्छ । त्यसमा पनि १६ वर्षमाथि उमेर समूहका ९६ प्रतिशत नागरिकको बैंक खाता छ । बैंक खाता खुल्ने क्रम बढिरहेको छ । कोभिडपछिको आर्थिक पुनरुउत्थान र वित्तीय पहुँच विस्तारमा बैंकिङ क्षेत्रले अतुलनीय योगदान पुऱ्याएको छ ।

२०७८ असारसम्म वाणिज्य बैंकहरूमा तीन करोड २९ लाख निक्षेप खाता पुगिसकेको छ भने बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप खाता तीन करोड ७७ लाख पुगेको छ। पछिल्लो समय निक्षेप खाता बढेर मात्रै भएन ऋणीको संख्या कम भयो भन्ने गुनासो सुनिन थालेको छ । तर, ऋण लिने उद्यमी संसारमै थोरै हुन्छ । बैंकिङ क्षेत्रकै कुरा गर्दा एउटा बैंकमा १२/१५ सय कर्मचारीले काम गर्छन् तर बैंक खोल्दा संस्थापक सेयरधनी केही संख्यामा हुन्छन् । जोखिम लिने मान्छे संसारमा विरलै भेटिन्छ । त्यही भएर ऋण लिने र व्यवसाय गर्ने मान्छे जहिले पनि कम हुन्छ । उपभोक्ता

**निक्षेप र कर्जाको ब्याजदर, ब्याजदर अन्तर र मुद्रास्फीति**

| निक्षेपको भारित औसत ब्याजदर | | कर्जाको भारित औसत ब्याजदर | | ब्याजदर अन्तर (स्प्रेड रेट) | | मुद्रास्फीति दर | |
|---|---|---|---|---|---|---|---|
| २०७६ फागुन | २०७८ असार | २०७६ फागुन | २०७८ असार | २०७६ फागुन | २०७८ असार | २०७६ फागुन | २०७८ असार |
| ६.७७ | ४.६५ | ११.८० | ८.४३ | ५.०३ | ३.७८ | ६.७० | ३.६० |

स्रोत : नेपाल राष्ट्र बैंक



ऋण (कन्जुमर लोन) लिन्छन् भने फरक कुरा भयो तर व्यावसायिक ऋण (बिजनेस लोन) लिने भनेको एकदमै कम हुन्छ ।

'स्टार्टअप' व्यवसाय पनि ९०/९५ प्रतिशत असफल भएर ५/१० प्रतिशत मात्रै सफल भएको पाइन्छ । त्यसैले ऋणीको संख्या धेरै हुँदैन । अहिले नेपालमा करिब ६० लाख घरधुरी भएको अनुमान छ । तर, लघुवित्त संस्थाबाट समेत कर्जा लिनेको संख्या जोड्ने हो भने ४५ लाख रहेको छ। घरधुरीको हिसाबले ऋण लिनेको संख्या धेरै छ । ऋणीका आधारमा नभई बैंक खाताका आधारमा बैंकिङ पहुँच हेर्नु सान्दर्भिक हुन्छ । तर, ऋण लिन योग्य र क्षमता भएका वर्गमा बैंकले ऋण दिने स्थिति भने बन्नुपर्छ ।

निक्षेप र कुल गार्हस्थ उत्पादन (जीडीपी), कर्जा र जीडीपीको अनुपात दक्षिण एसियामै नेपालको राम्रो छ भने निक्षेप खाता र जनसंख्याको तथ्यांक पनि नेपालको अगाडि छ। यसले नेपालको वित्तीय गहिराइ र गहनता कति छ भन्ने जनाउँछ । अहिले वाणिज्य बैंक ('क' वर्ग) विकास बैंक ('ख' वर्ग), वित्त कम्पनी ('ग' वर्ग) र लघुवित्त वित्तीय संस्था ('घ' वर्ग) को शाखा सन्जाल साढे १० हजारभन्दा बढी पुगेको छ । प्रविधिको युग भएकाले एउटा शाखाले धेरै नागरिकलाई सेवा दिन सक्छ। १६ वर्षमाथिका नागरिकको जनसंख्या दुई करोड ५० लाख मान्ने हो भने पनि अहिले भएको शाखा सञ्जालबाट प्रतिशाखा २३५० जनाले वित्तीय सेवा पाइरहेका छन् ।

**बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| बैंक वित्तीय संस्था | शाखा संख्या |
|---|---|
| वाणिज्य बैंक | ४७५३ |
| विकास बैंक | १०२३ |
| वित्त कम्पनी | २२२ |
| लघुवित्त कम्पनी | ४६८५ |
| जम्मा | १०६८३ |

स्रोत : नेपाल राष्ट्र बैंक

### कर्जा पुनर्संरचना, पुनर्तालिकीकरण र असुली

कोभिडका बीचमा आएको गत आर्थिक वर्षको मौद्रिक नीतिले कोभिड प्रभावित ऋणीलाई वर्गीकरण गरेर कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण गर्न दिएको थियो । राष्ट्र बैंकको तथ्यांकअनुसार कुल कर्जाको करिब ४ प्रतिशत अर्थात् एक खर्ब २० अर्ब रुपैयाँ कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण भएको छ । अहिले बैंकहरूको निष्क्रिय कर्जा करिब डेढ प्रतिशत हाराहारी छ । तर, पुनर्तालिकीकरण गरिएको ४ प्रतिशत कर्जालाई पनि निष्क्रिय मान्ने हो भने वित्तीय प्रणालीमा साढे ५ प्रतिशत निष्क्रिय कर्जा छ भन्न सकिन्छ। अझ कतिपयले थोक कर्जा दिएर असुली (रिकभरी) गरेको पाइन्छ र खराब निष्क्रिय कर्जाको हिस्सा अझ घटेर ५ प्रतिशतमै सीमित हुनसक्छ । ४० खर्बको कुल कर्जामा ५ प्रतिशत रिकभरी नहुनु भनेको दुई खर्ब हाराहारी हो। बैंकहरूसँग करिब सात खर्ब रुपैयाँको पुँजीकोष रहेकाले कुनै समस्या हुँदैन भन्ने लाग्छ ।

कोभिडपछिको आर्थिक पुनरुउत्थानमा सहयोग गर्न अति प्रभावित क्षेत्रका ऋणीलाई कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण गरी सहजता प्रदान गरिएको छ । व्यवसाय पुनरुत्थानका लागि थप कर्जा आवश्यक भएको क्षेत्रलाई कर्जा दिइएको छ। राष्ट्र बैंकले तोकेको सहुलियतपूर्ण कर्जा, ऊर्जा, कृषि, एसएमई र विपन्न वर्ग कर्जा लगानीमा बैंकहरूले दत्तचित्त भएर काम गरेकै छन् । यसको सकारात्मक प्रभावले नै देशको राजस्व, आयात, निर्यात र आर्थिक वृद्धिदर सकारात्मक हुन सम्भव भएको हो भन्ने लाग्छ। बैंकहरूले निर्धक्क भएर कर्जा प्रवाह नगरेको भए अर्थतन्त्र लयमा आउन गाह्रो पर्ने थियो ।

**लगानीकर्ताहरू खुलेरै बैंकको लगानी बेचेर जलविद्युत् अथवा अन्य क्षेत्रमा 'सिफ्ट' गर्ने धारणा अघि बढाइरहेका छन् । उनीहरूले बैंकबाट आउने प्रतिफलमा बैंक चल्न सक्दैन भन्न थालिसकेका छन् । गाभ्ने/गाभिने (मर्जर एन्ड एक्विजिसन) भएमा केही राम्रो प्रतिफल आउँछ कि भन्ने सोच बैंकका लगानीकर्तामा देखिन्छ ।**

### एभरग्रिनिङ समस्या

नेपालमा बैंक तथा वित्तीय संस्थाको कर्जाको विषयलाई लिएर बेलाबेलामा एभरग्रिनिङ (सधैं कर्जा हरियाली) को विषय उठ्ने गरेको छ । खासगरी अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को प्रतिवेदनमा नेपालमा एभरग्रिनिङ धेरै छ भनेर आउने गरेको छ । बैंकिङ क्षेत्रमा 'एभरग्रिनिङ' नै छैन भनेर भन्न सकिने स्थिति पनि छैन । तर, राष्ट्र बैंकजस्तो सुपरिवेक्षक भएको ठाउँमा यस्तो समस्या होला जस्तो लाग्दैन ।

कर्जा इभरग्रिनिङको कुरा गर्दा चालु पुँजी कर्जाको हकमा 'ड्इङ पावर' लाई ध्यान दिनुपर्छ । आवधिक कर्जामा पनि सुरक्षा कभरेजलाई पनि हेर्छौं । खुद व्यापार सम्पत्ति (नेट ट्रेडिङ एसेट्स) को गणना ठीक ढंगले गरेको छ, सुरक्षा कभरेज अनुपात ठीक छ र नगद प्रवाहबाट ऋण भुक्तानी (रिपेमेन्ट) भएको छ भने चिन्ता गर्नुपर्ने स्थिति रहँदैन । यदाकदा एभरग्रिनिङ हुनसक्छ तर, आईएमएफले भनेजस्तो अधिक एभरग्रिनिङको अवस्था छैन भन्ने लाग्छ । आईएमएफले एभरग्रिनिङ समस्या देखाएको दशक बितिसक्यो तर, वित्तीय क्षेत्रले अझै त्यस्तो महसुस गरेको छैन र कुनै प्रकारको गम्भीर समस्या बैंकिङ क्षेत्रमा देखिएको छैन । केन्द्रीय बैंकको सुपरिवेक्षण प्रणाली बलियो रहेकाले 'प्रोभिजन' बढाउने बैंकहरूलाई निरुत्साहन गरिरहेको छ ।

### घट्दो प्रतिफल चिन्ताको विषय

बैंकहरूको पुँजीको हिसाबले ठूलो बन्दै गएको भए पनि सोही अनुपातमा नाफा बढ्ने सकेको छैन। पुँजी बढेसँगै नाफा पनि वृद्धि हुँदा अंकमा बैंकहरूले कमाएको नाफा देखेर अर्बौं नाफा कमाएको भनेर आलोचना पनि भइरहेको छ। बैंकहरूको नाफादर निरन्तर घट्दो क्रममा छ । आर्थिक वर्ष ०७७/७८ मा बैंकहरूको प्रतिफल दर १२ प्रतिशत जति देखिएको छ । बैंकहरूले सेयर लगानीबाट आम्दानी नगरेको भए नाफा १० प्रतिशतमै खुम्चिने स्थिति थियो। बैंकहरूमा अहिले उच्च प्रतिस्पर्धा छ ।

हुन त कोभिडको बेलामा १०/११ प्रतिशतको प्रतिफललाई नराम्रो मान्नु हुँदैन । तर, संस्थागत सुशासनमा चलेका जलविद्युत् कम्पनी, सिमेन्ट कम्पनी वा अन्य उत्पादनमूलक कम्पनी, 'लिकर' व्यवसायको लगानीको प्रतिफल दर बैंकहरूको भन्दा धेरै माथि छ । बैंकहरूको नाफा अर्बमा आउने भएकाले सबैको आँखा लाग्ने गरेको छ तर, प्रतिफल दर भने ११/१२ प्रतिशतमा खुम्चिएको छ ।

लगानीकर्ताहरू खुलेरै बैंकको लगानी बेचेर जलविद्युत् अथवा अन्य क्षेत्रमा 'सिफ्ट' गर्ने धारणा अघि बढाइरहेका छन् । उनीहरूले बैंकबाट आउने प्रतिफलमा बैंक चल्न सक्दैन भन्न थालिसकेका छन् । गाभ्ने/गाभिने (मर्जर एन्ड एक्विजिसन) भएमा केही राम्रो प्रतिफल आउँछ कि भन्ने सोच बैंकका लगानीकर्तामा देखिन्छ । व्यावसायिक लगानीकर्ताहरू नै बैंकहरूमा प्रतिफल दर कम हुँदै गएकाले लगानी अन्यत्र सानुपर्छ भन्दा सन्देश राम्रो जाँदैन। कोभिडकाललाई छाड्ने हो भने सामान्य अवस्थामा पनि बैंकको प्रतिफल नेपालमा १५/२० प्रतिशत हुनुपर्छ। कोभिडकालमै पनि अति प्रभावित क्षेत्रबाहेकमा राम्रो प्रतिफल देखिन्छ। प्रतिफल निरन्तर घट्दै गएपछि बैंकिङ क्षेत्रका राम्रा लगानीकर्ता र कर्मचारीहरू बैंकिङ क्षेत्रबाटै बाहिरिने हुन् कि भन्ने चिन्ता छ ।

हालै केन्द्रीय बैंकले एसएमई कर्जाका

आधार ब्याजदर (बेस रेट) मा २ प्रतिशत मात्रै प्रिमियम लिन पाउने व्यवस्था गरेको छ। यसले ग्रामीण क्षेत्रमा गएर स-साना ऋणीहरूलाई कर्जा प्रवाह गररिहेका बैंकहरूलाई निरुत्साहन त गर्ने होइन भन्ने आशंका जन्मेको छ । अहिले एसएमई क्षेत्रमा बैंकहरूको कुल कर्जा लगानी १० प्रतिशत पुगेको छ। केन्द्रीय बैंकको निर्देशन मान्दै १५ प्रतिशतसम्म बैंकहरूले लगानी गर्छन् नै । अहिलेको व्यवस्थाले जति बढी एसएमईमा लगानी बढ्छ त्यति धेरै लागत बढ्छ र बैंकहरूको नाफा लगातार घट्न जाँदा एसएमईमा लगानि गर्न प्रोत्साहन मिल्दैन कि भन्ने आशंका जन्मिएको छ ।

केन्द्रीय बैंकमा क्रियाशील नेतृत्वले वित्तीय क्षेत्रका धेरै समस्यालाई बुझ्नु भएकै छ । कोभिड प्रभाव सकिएपछि राष्ट्र बैंकले प्रभावकारी नियमनसँगै मूल्य निर्धारणमा राखेको सीमा (स्प्रेड रेट, फी, कमिसनको दर) मा पुनर्विचार गर्छ भन्ने लाग्छ । अवस्था सहज भएपछि मूल्य निर्धारणमा बैंकहरूलाई छाडिदिएमा बैंकहरूको प्रतिफल दर बढ्ने अपेक्षा गर्न सकिन्छ । एक दशकअगाडिको २५ प्रतिशतभन्दा बढीको प्रतिफल दर आधाभन्दा धेरैले घट्नु वित्तीय क्षेत्रका लागि राम्रो संकेत होइन । आखिर बैंकमा पनि केहीलाई छाड्ने हो भने लाखौं स-साना लगानीकर्ताकै बाहुल्यता छ ।

### मर्जर तथा एक्विजिसन

प्रविधिमा भएको विकासका कारण नेपालको जनसंख्या र बैंकको संख्या तुलना गर्दा अलि बढी नै हो कि भन्ने लाग्छ । तथापि संख्या कति भए ठीक भन्नेमा अचुक अवआधारणा पाइँदैन । नियमपूर्वक चलेका वित्तीय संस्थालाई मर्ज गराउनै पर्छ भन्ने जरुरी हुँदैन । राम्रो प्रदर्शन गर्न नसक्ने र संस्थागत सुशासनमा कमजोर बैंकलाई मर्जमा लैजानु ठीक हुन्छ । सानै बसेर राम्रो गर्छु भन्यो भने मर्जरमा जान धेरै दबाब दिइनु हुँदैन । अर्थतन्त्रमा सकारात्मक योगदान दिएका संस्थाहरूलाई धेरै दबाबमा राख्दा राम्रो प्रदर्शन गरेकाहरू मर्कामा पर्छन कि ?

### सूचना प्रविधिको जोखिम

सूचना प्रविधिका कारण सेवाको गुणस्तरमा वृद्धि भएको छ । अहिले घरबाटै बैंकिङ सेवा प्रयोग गर्न सक्ने स्थिति बनेको छ । कोभिडकालमै पनि बैंकमा भिड गरेर सेवा लिनुपर्ने अवस्था अन्त्य भएको थियो । सूचना प्रविधिको विकासले ग्राहकको सेवामा सहजताका ल्याएको छ नै प्रविधिको प्रयोगले जोखिम पनि उत्तिकै बढाएको छ । प्रविधिको विकाससँग जोखिम आएको रूपमा मात्रै लिनु हुँदैन । नगद कारोबारमा पनि चोरीको ठूलो जोखिम थियो ।

प्रविधिको प्रयोग हुँदा प्रणालीबाट चोरी हुन्छ कि भन्ने छ । हिजो नगद चोरी हुने डर हुँदा सुरक्षा गार्ड राख्ने, बिमा गर्ने हुन्थ्यो । अहिले सूचना प्रविधिको माध्यमबाट हुने चोरीको लागि सूचना प्रविधि अधिकृतको व्यवस्था गर्न थालिएको छ । बैंकहरूमा प्रविधिको लागत बढिरहेको छ। जोखिम कहिले पनि शून्य हुन नसक्ने भएकाले न्यूनीकरणको उपाय अवलम्बन गर्ने हो। बैंकहरूले प्रविधिमा लगानी गरेसँगै सुरक्षा संयन्त्रका लागि पनि थप लगानी गर्नुपर्छ । बैंकिङ क्षेत्रमा कुनै नयाँ प्रविधि आए सूचना प्रविधि अधिकृतले प्रमाणीकरण नगरी लागु गर्दैनौं । भविष्यमा आउन सक्ने जोखिम कसलाई थाहा हुन्छ र ? तर, वर्तमानमा सुरक्षित छ भनेपछि नयाँ प्रविधिको उपयोग गर्ने हो ।

भोलिको बैंकिङको दिशा भनेको 'डिजिटल' नै हो । अब विद्युतीय कारोबारको विकल्प सायद तत्काललाई छैन । विद्युतीय कारोबारका जोखिमलाई न्यूनीकरण गर्दै जानुपर्छ । राष्ट्र बैंकले प्रविधिको जोखिमलाई न्यूनीकरण गर्न बैंकहरूलाई सञ्चालन जोखिमका नाममा पैसा (बजेट) छुट्याउन दिएको निर्देशनलाई बैंकहरूले अनुसरण गरेका छन् ।

### आलोचनामुक्त वित्तीय क्षेत्रको सम्भावना

बैंकहरूले कर्जामा बढी ब्याज लिए, समयमा सेवा दिएनन् वा सेवा ढिलो भयो, निक्षेपको ब्याजदर घटाए, कर्जाको ब्याजदर बढाए, सेवाशुल्क मनलाग्दी लिए भनेर आलोचना गरेको पाइन्छ । वित्तीय क्षेत्र कहिल्यै पनि आलोचनामुक्त भने हुन सक्दैन । किनभने समस्या जुनसुकै बेला कायम रहेको हुन्छ। जस्तो ब्याजदर बढी भएको कुरा गर्ने हो भने कतिमा बढी भएको हो, मापनको आधार कसैसँग छैन । केही वर्ष अघिसम्म बैंकहरूले कर्जामा ब्याजदर १७/१८ प्रतिशत लिन्थे, त्यतिबेला पनि ब्याजदर महँगो भयो भनिन्थ्यो । अहिले ब्याजदर ८/९ प्रतिशतमा खुम्चिएको छ र पनि बढी भयो भनिएको छ। निक्षेपको ब्याजदरको अवस्था पनि उस्तै छ । वित्तीय क्षेत्रको सबै कारोबार पारदर्शी छ । संस्थामा अव्यावसायिक काम हुन्छ भने त्यसबाट मुक्त हुने हो ।

राष्ट्र बैंकले निक्षेप तथा कर्जाको ब्याजदर घट्दा वा बढ्दा ग्राहकलाई जानकारी दिन भनेको छ । सेवाशुल्कका बारेमा यथेष्ट जानकारी दिन र कतिपय सेवामा शुल्क नै तोकेको छ । केन्द्रीय बैंकको निर्देशनलाई बैंकहरूले राम्रोसँग पालना गरिरहेका छन् र पनि आलोचनामुक्त हुन सकेका छैनन् । राष्ट्र बैंकले ग्राहकको गुनासो सुन्ने छुट्टै व्यवस्था गरेको छ । ग्राहकका गुनासाहरूको सुनुवाइ समयमै भएमा आलोचना घट्न सक्छ । बैंक जति पारदर्शी हुँदै जान्छन्, आलोचना पनि त्यति नै कम हुँदै जान्छ ।

*दाहाल नेपाल बैंकर्स् संघका अध्यक्ष तथा सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् ।*




। अनिलकुमार उपाध्याय



# कृषि कर्जाको महत्व, सम्भावना र चुनौती



'कृषि मूलश्च जीवनम्' नारा बोकी निम्न गरिबबाट मध्यम गरिब देशको श्रेणीमा उक्लन सफल नेपाल कृषिबाटै समृद्धि लक्ष्य पहिल्याउने रणनीतिमा छ। हुन त निम्न तहको आर्थिक वृद्धिसँगै ग्रामीण जनसंख्याको बाहुल्यता, गरिबीको उच्च दर र निर्वाहमुखी कृषि नेपालका प्रमुख अभिलक्षणहरू हुन् र यिनीहरूका बीचमा विभिन्न तहमा परस्पर सम्बन्ध हुन्छ । ग्रामीण परिवेशमा बसोबास गरेका देशको जनसंख्याको झन्डै ६५ प्रतिशत जनताको जीविका मूलभूत रूपमा कृषि कार्यले धानेको छ। ग्रामीण क्षेत्रमा गरिबीको दर सहरी क्षेत्रको भन्दा तेब्बर बढी छ । सहरीभन्दा ग्रामीण जनसंख्या बढी कृषिमा आश्रित छ। मुलुकको आर्थिक वृद्धि, गरिबी उन्मूलन र उच्च जीवनस्तरयापनका लागि कृषि क्षेत्रको विस्तार प्रमुख मुद्दा बनेको छ।

देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा कृषि क्षेत्रको योगदान करिब २६ प्रतिशत छ । विगतको दश वर्षदेखिको तथ्यांक विश्लेषण गर्दा कृषिको योगदान घट्दो क्रममा

रहे पनि अन्य क्षेत्रको तुलनामा अत्यधिक नै देखिन्छ । कृषिको विश्व परिवेश हेर्दा समग्र क्षेत्रफलको १२ प्रतिशत मात्र जग्गामा खेती गरिएको छ भने ७० प्रतिशत पानी (फ्रेसवाटर) प्रयोग हुने गरेको छ । त्यस्तै १२ प्रतिशत जग्गा 'ग्रिन हाउस' बाट ग्यास उत्सर्जन गर्ने काम भइरहेको छ ।

कोभिड-१९ को महमारीका कारण सारा विश्व नै सन् २०२० यता चपेटामा पऱ्यो । विश्वका लागि सन् १९३० को महामन्दीपछिको सबैभन्दा ठूलो त्रासदीपूर्ण स्थिति कोभिडले निम्त्यायो । अर्थात् १९३० पछिको ठूलो मन्दी आएको छ । विश्व स्वास्थ्य संगठनबाट जारी भइरहेका विज्ञप्ति, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, एसियाली विकास बैंक, संयुक्त राष्ट्र संघजस्ता निकायहरूले आकलन गरिरहेका क्षतिको अनुमान र प्रभाव पार्न सक्ने आर्थिक सामाजिक असर यसै हो भन्न सकिने अवस्था छैन । नेपालकै सन्दर्भमा पनि कुल गार्हस्थ वृद्धिदर एसियाली विकास बैंकका अनुसार ५ प्रतिशत कायम हुने, विश्व बैंकले १.५ देखि २.८ प्रतिशतको बीचमा रहन्छ भन्नु वा अमेरिकमा जीडीपी ६ प्रतिशत तल जान्छ वा विश्वको जीडीपी ऋणात्मक रहन्छ भन्नु सबै पूर्वानुमान हो । वास्तविक चित्र त कोरोनाले विश्राम लिएपछि मात्र देखिनेछ । यद्यपि तमाम समस्याका बाबजुद कृषि क्षेत्र ऋणात्मक छैन । जुन तथ्य तल दिइएको ग्राफले चित्रण गर्छ ।

### कृषि ऋण फाइनान्सिङको अवस्था र चुनौती

बैंकिङ क्षेत्रले गरिरहेको कृषि वित्तपोषणको वर्तमान अवस्था हेर्नु पर्दा देहायका विवरणले महत्वपूर्ण सारांश प्रस्तुत गर्छन् ।

- आव २०७७/७८ का लागि नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूका लागि आफ्नो कुल कर्जा लगानीको न्यूनतम ११ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था गरकामा वाणिज्य बैंकहरूले १३.२ प्रतिशत अर्थात् करिब चार खर्ब २६ अर्ब रुपैयाँ लगानी गरेका छन् ।
- आव २०७७/७८ मै वाणिज्य बैंकहरूले कुल कर्जाको ४.५ प्रतिशत सहुलियतपूर्ण कर्जातर्फ लगानी गरेका छन्, जसको अधिकांश रकम पनि कृषि कर्जामै गएको छ ।
- राष्ट्र बैंकले २०७८ असारसम्म वाणिज्य बैंकहरूलाई एक करोड रुपैयाँभन्दा कम रकमको कुल कर्जाको ११ प्रतिशत लगानी लघु, साना तथा मझौला उद्यम कर्जामा गर्नुपर्ने निर्देशन जारी गरेकामा २०७८ असारमा १०.१ प्रतिशत रहेको छ । यसमध्ये पनि अधिकांश रकम कृषिसँग सम्बन्धित व्यवसायमा गएको बुझ्न सकिन्छ ।

**सहरीभन्दा ग्रामीण जनसंख्या बढी कृषिमा आश्रित छ । मुलुकको आर्थिक वृद्धि, गरिबी उन्मूलन र उच्च जीवनस्तरयापनका लागि कृषि क्षेत्रको विस्तार प्रमुख मुद्दा बनेको छ ।**


- गत आवमा कृषि विकास बैंकमार्फत कृषिमा लगानी गर्ने सहजताका लागि मौद्रिक नीतिमै राष्ट्र बैंकले कृषि कर्जा लगानीका रूपमा बैंक तथा वित्तीय संस्थाहरूले २४ अर्ब रुपैयाँसम्म कृषि ऋणपत्र (बन्ड) मा लगानी गर्नसक्ने सुविधा दिएकाले पनि वाणिज्य बैंकहरूको कृषि कर्जामा सुधार आएको देखिन्छ ।
- ग्रामीण क्षेत्रमा पनि वाणिज्य बैंकहरूको उपस्थिति बाक्लिँदै गएको छ र त्यही रूपमा कर्जा पनि प्रदान गर्दै आएका छन् । युवाहरू पनि व्यावसायिक कृषि कर्ममा आकर्षित हुँदै गएका छन्, जुन सुखद पक्ष हो ।
- माथि उल्लिखित कृषि फाइनान्सिङको वर्तमान अवस्था हेर्दा बैंकिङ क्षेत्रको कृषितर्फ आकर्षण प्रगति उन्मुख देखिन्छ । यद्यपि, यसमा विभिन्न चुनौती भने छन् ।
- साना किसानहरूमा मूल्य, बजार, प्राविधिक ज्ञान र सीपका साथै वित्तीय पहुँचमा कमी देखिएको छ ।
- मध्यमस्तरका किसानहरूमा कृषि उत्पादनको गुणस्तर कायम गर्न, शीत भण्डारण, मूल्य शृंखला र प्रविधि रूपान्तरण गर्नमा चुनौती देखिएको छ ।
- ठूला उद्यमी किसानहरूले निश्चित बजार तथा उत्पादनमा केन्द्रित भई कार्य गर्ने हुँदा 'ब्याकवार्ड लिंकेज' र 'भ्यालु चेन'मा जटिलता देखिएको छ ।
- बैंकहरूले कृषिमा गरेको लगानीलाई दीर्घकालीन प्रतिफलयुक्त बनाउन प्रविधिलगायत भौतिक पूर्वाधारमा ठूलो लगानी गर्नुपर्ने अवस्था छ ।
- कृषि फाइनान्सिङका चुनौतीहरूसँग जुझिरहेको बैंकिङ क्षेत्रले सहुलियतपूर्ण कर्जाका माध्यमबाट साना तथा मध्यमस्तरका किसान र कृषि उद्यमीलाई सम्बोधन गरेको अवस्था छ ।

### कृषिमा देखिएका वर्तमान चुनौती

कृषि क्षेत्रमा सरकारले वार्षिक बजेट कार्यक्रम, विभिन्न अन्तर्राष्ट्रिय सहायता, बैंकिङ क्षेत्रबाट स्वदेशी आन्तरिक ऋणको व्यवस्था, सहकारीमार्फत लगानी प्रोत्साहन गर्दै आएको छ । राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वित्तीय क्षेत्र सुदृढीकरण गर्दै कृषिमा लगानी अभिवृद्धि गर्न बैंकिङ क्षेत्रलाई विभिन्न निर्देशन दिँदै आएको र बैंकिङ क्षेत्रले पनि सोहीअनुरूप सरकार र केन्द्रीय बैंकको लक्ष्यबमोजिम कार्य गर्दै आएका छन् । यति हुँदै गर्दा पनि कृषि क्षेत्रमा निम्न चुनौतीका कारण आशातित सफलता हासिल हुन सकेको छैन ।


- कृषि क्षेत्रको समग्र उत्पादन मौसमी

**१० वर्षमा जीडीपीमा कृषि क्षेत्रको योगदान**




स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८ *अनुमानित

**जीडीपीमा कृषिलगायत अन्य क्षेत्रहरूको तुलनात्मक योगदान**




स्रोत: केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कबाट गणना गरिएको। *अनुमानित

अनुकूलतामा निर्भर रहेकाले कृषियोग्य भूमिमा वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुने गरी आवश्यक पूर्वाधार निर्माण गर्नु ।

- हाल निर्माणाधीन राष्ट्रिय गौरवका सिँचाइ आयोजना यथाशीघ्र सम्पन्न गरी यी आयोजनामार्फत राष्ट्रिय उत्पादन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनु ।
- कृषि उपजको बजारीकरणमा देखिएको समस्याले गर्दा एकातिर कृषि व्यवसायमा संलग्न किसानलाई उत्पादन गरेको वस्तुको कम मूल्य प्राप्त हुने अर्कोतिर उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने भई मूल्य स्थायित्वमा चाप पर्नु ।
- कृषिजन्य वस्तुको आयात निरन्तर वृद्धि हुँदै गएको वर्तमान सन्दर्भमा कृषि उपजको उत्पादन वृद्धिका साथै उपभोग प्रवृत्तिमा परिवर्तन गरी कृषिजन्य वस्तुको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु ।
- कृषि तथा पशु बिमा कार्यक्रमलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी सबै कृषकको पहुँच पुऱ्याउनु ।
- कृषि उपजको भण्डारणका लागि सबै स्थानीय तहमा शीतघरको निर्माण गर्नु ।
- कृषि क्षेत्रमा बढ्दै गएको रासायनिक मल, कीटनाशक औषधिको प्रयोगतर्फ कृषकलाई सचेत गराउँदै कृषि उपजलाई स्वस्थकर बनाइ दीर्घकालमा प्राङ्गारिक खेती प्रणालीको विकास गर्नु ।
- पशुपालक कृषकलाई उत्प्रेरित गर्दै स्वस्थकर उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न पशु चिकित्सा सेवाको पहुँच सबै स्थानीय तहका सबै वडामा विस्तार गर्नु ।
- कृषि आयात व्यवस्थापन गर्न प्रत्येक भन्सार नाकामा क्वारेन्टिनको व्यवस्था, कृषि उपजको सहज बजारीकरणका लागि भण्डारण तथा सडक सन्जाल विस्तार, कृषि कर्जा, कृषिको आधुनिकीकरण, न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था, भू-खण्डीकरण नियन्त्रण तथा प्रतिस्पर्धात्मक क्षमताको विकासमार्फत कृषि पेसामा युवालाई आकर्षित गर्नु ।

विश्वव्यापी कोरोनाको महामारीले बिदेसिएको जनशक्ति स्वदेश फर्केका छन् । यिनीहरूका लागि सजिलो गर्न सकिने पेसा व्यवसाय पनि कृषि नै देखिएको छ । देशभर करिब २५ प्रतिशत खेतबारी बाँझै रहेकाले बैंकिङ क्षेत्रले कृषि क्षेत्रमा लगानी व्यापक विस्तार गर्नुपर्नेछ । केन्द्रीय बैंकले गरेको 'आर्थिक गतिविधि अध्ययन' अनुसार जग्गामा भइरहेको अनियन्त्रित खण्डीकरणले खेतीयोग्य जमिन घट्न गई कृषि उत्पादन घट्दै गएकाले पनि उत्पादकत्व घटेको हो । कृषिको आधुनिकीकरण तथा यान्त्रिकीकरणमा उल्लेख्य प्रगति गर्ने, प्राविधिकको उपलब्धता बढाउने, कर्जाको पहुँच बढाउने तथा सरकारीस्तरमा सञ्चालित कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने कार्य अर्को चुनौतीका रूपमा छ ।

**देशभर करिब २५ प्रतिशत खेतबारी बाँझै रहेकाले बैंकिङ क्षेत्रले कृषि क्षेत्रमा लगानी व्यापक विस्तार गर्नुपर्नेछ । केन्द्रीय बैंकले गरेको 'आर्थिक गतिविधि अध्ययन' अनुसार जग्गामा भइरहेको अनियन्त्रित खण्डीकरणले खेतीयोग्य जमिन घट्न गई कृषि उत्पादन घट्दै गएकाले पनि उत्पादकत्व घटेको हो ।**

वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने नीति सरकारको प्राथमिकतामा रहे पनि भौगोलिक विकटता तथा आवश्यक पूर्वाधारको अभावका कारण सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार हुन सकेको केन्द्रीय बैंकले दुर्गम क्षेत्रमा बैंकिङ सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधार तयार गरी वित्तीय चेतनामार्फत बचतकर्तामा बैंकिङ बानीको विकास गरी संकलित वित्तीय साधन सोही क्षेत्रको कृषि, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा उपयोग गर्नुपर्ने देखिन्छ । त्यस्तै, कृषिसँग पर्यटनलाई जोड्दै 'होमस्टे'मा आउने पर्यटकको बसाइ अझ उत्कृष्ट र लामो बनाउन बैंक तथा वित्तीय संस्थाहरूको लगानी वृद्धि गर्नुपर्नेछ । आन्तरिक पर्यटनलाई प्रभावकारी ढंगले वृद्धि गर्न पर्यटन क्षेत्रमा गरिने लगानीका लागि महत्वपूर्ण अंग बैंक तथा वित्तीय संस्था हुन् । आधुनिक कृषिको विकास तथा उपलब्धिमूलक लक्ष्य प्राप्त गर्न वित्तीय साक्षरता बढाउँदै र वित्तीय सेवालाई थप समावेशी बनाउँदै स्थानीय तह, प्रदेश र संघअन्तर्गतका सरोकारवाला निकायबीच समन्वय गरी अघि बढ्नुपर्छ । निजीस्तर तथा सामाजिकस्तरको बिमा सुविधाको विस्तार र भुक्तानी प्रणालीलाई जनस्तरमा पुऱ्याउँदै मूल्य शृंखलामा आधारित बजारको विकास गरिनु आवश्यक छ ।

*उपाध्यक्ष कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् ।*





| डा. रमेशराज पन्त

# वातावरण र कोभिड–१९



विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसका कारण मानव तथा वातावरणीय स्वास्थ्यमा प्रत्यक्ष असरहरू देखापरेका छन् । विशेषगरी कोरोना भाइरसको संक्रमणबाट बच्न विश्वका विभिन्न ठाउँमा व्यापक रूपमा गरिएको बन्दाबन्दीले आर्थिक गतिविधिमा प्रत्यक्ष नकारात्मक असर गरेको छ । तर, विश्वव्यापी रूपमा फैलिएको कोभिड महामारीका कारण वातावरणीय अवस्थामा भने सुधार आएको उदाहरणहरू विश्वभरबाट प्रकाशित प्रतिवेदनमा उल्लेख गरिएको पाइन्छ । जस्तै, हावाको गुणस्तरमा सुधार, प्रदूषित जलीय पारिस्थितिक प्रणालीमा सुधार, माटोको गुणस्तरमा सुधार, ध्वनिको गुणस्तरमा सुधारलगायत थुप्रै पारिस्थितिक प्रणालीहरूमा गुणात्मक रूपमा वातावरणीय सुधारहरू भएको देखिएको छ ।

उद्योगधन्दा बन्द हुँदा हरित गृह, ग्यासहरूको उत्सर्जनमा पनि कमी आएको र पर्यटकहरूको अत्यधिक चापबाट हुने स्रोतहरूको अति दोहन हुनबाट समेत जोगिएको अनुमान गरिएको छ । वातावरणीय सन्तुलन प्राप्त भएको भनिरहँदा विकास र वातावरणबीच हुनैपर्ने अन्तर सम्बन्धलाई भने कोभिडले असन्तुलित बनाइदिएको छ । यस लेखमार्फत वातावरण र कोभिड-१९ बहुआयामीक पक्षहरूलाई केलाउने



प्रयास गरिएको छ । यसले दिगो विकास र सन्तुलित वातावरणका लागि आवश्यक पहल कदमी लिनलाई योगदान पुऱ्याउन सक्ने विश्वास लिइएको छ ।

कोरोना भाइरस (कोभिड-१९) सबैभन्दा पहिले चीनको वुहान सहरबाट सन् २०१९ को डिसेम्बर अन्त्यबाट फैलिएको थियो । कोरोना भाइरस पत्ता लागेको केही साताभित्र विश्व स्वास्थ्य संगठनले महामारी घोषणा गऱ्यो । कोभिड-१९ व्यक्तिबाट व्यक्तिमा नाक, मुख र आँखालगायतबाट खोकी, हाच्छ्युँ र कुराकानीका माध्यमबाट संक्रमण हुने पुष्टि भयो । कोभिडका कारण ज्वरो आउने, रुघाखोकी लाग्ने, खाना खान मन नलाग्ने, थकान महसुस हुने, स्वाद तथा गन्ध हराउने र असर बढ्दै गएमा रक्तसञ्चार र श्वासप्रश्वास प्रणालीमा असर परी बिरामीको मृत्युसमेत हुन सक्ने देखिएको छ । अहिले कोभिड रोकथामका लागि विश्वभर विभिन्न प्रकारका खोपहरू आइरहेका छन् र खोपका कारण मृत्यु संख्या घटाउन सफलता पाइरहेको अनुमान गरिएको छ ।

कोभिड रोकथामका लागि सरकारी तवरबाट सुरु गरिएको बन्दाबन्दी, मुखमा मास्क लगाउने, हातमा पञ्जा लगाउने, हात साबुनपानीले धुने, सामाजिक/भौतिक दूरी कायम राख्ने व्यवस्था विश्वव्यापी रूपमा लागु भए र भइरहेका छन् । विशेषगरी विद्यालय, विश्वविद्यालय, सभा-सम्मेलन, भेला, गोष्ठीलगायत भिड हुने अन्य क्षेत्रहरू आंशिक वा पूरै बन्द भएका कारण कोभिड-१९ फैलिनबाट रोक्न केही हदसम्म सफल भएको दाबी गर्दै आएको छ । लगभग एक वर्षभन्दा बढी समयदेखि मानिसहरूलाई घरमै बस्ने र बाहिर निस्कनै पर्ने भए सामाजिक दूरी कायम राखी सुरक्षा मापदण्डहरू पालन गर्न अभिप्रेरित गरिएको छ ।

कोभिडबाट विश्वभरका लगभग आधा जनसंख्या प्रत्यक्ष प्रभावित भएको पाइन्छ । खासगरी बन्दाबन्दीका कारण वातावरणलाई प्रत्यक्ष र परोक्ष रूपमा सकारात्मक र नकारात्मक असरहरू परेको देखिन्छ । उदाहरणका लागि हावा, पानी, माटो, ध्वनि प्रदूषणमा विश्वभर कमी आएर पारिस्थितिक प्रणालीहरूको गुणस्तरमा व्यापक सुधार आएको अनुमान छ । अर्कोतिर मेडिकल सामग्रीहरू, व्यक्तिगत स्वास्थ्य सामग्रीहरू (मास्क, पञ्जा, स्यानिटाइजरलगायत) को अत्यधिक प्रयोगले वातावरणलाई नकारात्मक असर पारेको देखिन्छ । कोभिडका कारण विकास निर्माणका कामसमेत प्रभावित भएको छ । अतः यस आलेखमार्फत वातावरण, विकास र कोभिड-१९ का असरहरूको अन्तरसम्बन्धको विश्लेषण गरी वातावरणीय सन्तुलन कायम राख्दै दिगो विकासको कार्यलाई अगाडि बढाउन कोभिड १९ ले सिकाएका पाठहरूको विश्लेषणसहित भविष्यमा अपनाउन सकिने रणनीतिहरूबारे चर्चा गरिएको छ । कोभिड-१९ को वातावरण तथा मानव स्वास्थ्यमा पारेका असरहरू निम्नानुसार उल्लेख गरिएको छ ।

**हावा प्रदूषणमा कमी**

विश्वभर उद्योगधन्दा, कलकारखाना, यातायातलगायत वायु प्रदूषण उत्सर्जन गर्ने क्रियाकलाप कोभिड-१९ का कारण गरिएको बन्दाबन्दीले हरितगृह ग्याँसलगायत अन्य वायुप्रदूषण गराउने ग्यासमा कमी आएको छ । हावाको प्रदूषण विशेषगरी सहरी क्षेत्रका साथै विश्वभरै सुधार आएको छ । उदाहरणका लागि न्युयोर्क, नयाँदिल्ली, बेइजिङ, काठमाडौंलगायत

**बन्दाबन्दीका कारण स्थलगत यातायातमा पनि व्यापक कटौती भएको छ । यसबाट जीवहरूमा आधारित ऊर्जाका स्रोत (फोसिल फ्युल वेस्ड इनर्जी रिसोर्सेस सच् एज् कोल, आयल एन्ड नेचुरल ग्यास) हरूको प्रयोगमा व्यापक कमी आएको छ ।**

सहरहरूमा हावा प्रदूषण कोभिड-१९ सुरु हुनुभन्दा एक वर्षअगाडि सँग तुलना गर्ने हो भने २० देखि ५० प्रतिशत कम भएको तथ्यांकहरूले देखाएको छ । यसैगरी युरोपियन वातावरणीय एजेन्सीले प्रकाशित गरेको एक प्रतिवेदनमा 'एनओ-२' उत्सर्जन युरोपियन देशहरूमा ३०-६० प्रतिशत कम भएको देखाएको छ । यसैगरी नयाँदिल्ली र काठमाडौंमा 'पीएम-२.५'को मात्रा बन्दाबन्दीको समयमा ६०-७० प्रतिशत कम भएको देखाएको छ । काठमाडौंमा 'पीएम-१० 'को मात्रामा पनि लगभग ५० प्रतिशत कमी आएको देखिन्छ ।

त्यसैगरी हवाई उडानमा आएको कमीले हरितगृह ग्यासहरूको उत्सर्जनमा विश्वभर कमी आएको छ । यसअवधिमा धेरैजसो देशहरूमा आन्तरिक र बाह्य उडानहरूमा २० देखि ७० प्रतिशत कमी आएको थियो । यसैगरी बन्दाबन्दीका कारण स्थलगत यातायातमा पनि व्यापक कटौती भएको छ । यसबाट जीवहरूमा आधारित ऊर्जाका स्रोत (फोसिल फ्युल वेस्ड इनर्जी रिसोर्सेस सच् एज् कोल, आयल एन्ड नेचुरल ग्यास) हरूको प्रयोगमा व्यापक कमी आएको छ । एक अध्ययनअनुसार विश्वभर ४-२५ प्रतिशतसम्म कार्बनडाइअक्साइड (सीओ-२) उत्सर्जनमा कमी आएको छ ।

**पानी प्रदूषणमा कमी**

नदीनाला, तालतलैया तथा अन्य पानीका स्रोतहरूको प्रदूषण विश्वभर एक प्रमुख वातावरणीय समस्याका रूपमा छ । विशेषगरी सतहको पानीका स्रोतहरूको प्रदूषण सहरी क्षेत्रमा बढी छ । तर, कोभिड-१९ का कारण जारी बन्दाबन्दीले प्रदूषित पानीका स्रोतहरू, नदीनाला र तालतलैया विस्तारै पुनःस्थापित (रि-स्टोर) भएर पानीको गुणस्तरमा गुणात्मक सुधार आएको छ ।

काठमाडौंको मध्यभाग भई बग्ने वाग्मती तथा यसका शाखा नदीमा बन्दाबन्दीको समयमा पानीको गुणस्तरमा निकै सुधार आएको देखिएको छ । २०७७ को वर्षाको समयमा वाग्मतीको पानीको गुणस्तरमा विशेषगरी 'डिस्सल्भ्ड अक्सिजन' मा १.५ गुणा बढोत्तरी भएको छ भने 'बायोलोकिल/केमिकल अक्सिजन डिमान्ड' मा २०७६ को तुलनामा क्रमशः १.५ र १.९ गुणा कमी आएको छ । माथि उल्लेखित परिणामले पनि पानीको गुणस्तरमा निकै सुधार भएको देखाउँछ । उद्योगधन्दा, कलकारखाना, यातायात, शैक्षिक संस्थालगायत प्रतिष्ठानहरू बन्द हुनु र ६-८ लाख मानिस काठमाडौं उपत्यका छाडेर बाहिर जाँदा व्यापक सुधार आएको मान्न सकिन्छ । त्यसैगरी भारतको उत्तराखण्ड क्षेत्र भई बग्ने गंगा नदीको हरिद्वार क्षेत्रमा पनि बन्दाबन्दीको समयमा पानीको गुणस्तरमा निकै सुधार आएको थियो ।

**ध्वनि प्रदूषणमा कमी**

ध्वनि प्रदूषण पनि एक प्रमुख वातावरणीय समस्या हो । विशेषगरी सहरी क्षेत्रमा बढ्दो जनघनत्व, अव्यवस्थित बसोबास, यातायात, हवाई क्षेत्रलगायतले ध्वनि प्रदूषण बढाएर प्राकृतिक वातावरणीय सन्तुलनमा ह्रास ल्याएको छ। तर, कोभिड १९ का कारण भएको बन्दाबन्दीमा हवाई उडानहरू र स्थलगत सवारीसाधनको प्रयोगमा पनि २० देखि ५० प्रतिशतसम्म कमी आएको छ । उता, उद्योगधन्दा कलकारखाना पनि आंशिक वा पूर्ण रूपमा बन्द हुँदा ध्वनि प्रदूषणको मात्रा गुणात्मक रूपमा घटेको छ । एक अध्ययनअनुसार भारतको राजधानी नयाँदिल्लीमा ध्वनि प्रदूषण बन्दाबन्दीको समयमा ४०-५० प्रतिशत घटेको छ । त्यसैगरी जर्मनीमा हवाई उडान ९० प्रतिशतले कटौती भएकाले





त्यहाँ ध्वनि प्रदूषणको समस्यामा व्यापक सुधार आएको प्रतिवेदन सार्वजनिक भएको छ । खासगरी रातिको समयमा ध्वनि ३०-४० डी.बी.ए.सम्म भए चराहरू कराएको आवाज सुनिन्छ र बन्दाबन्दीका समयमा धेरैजसो सहरी क्षेत्रभित्र सो दायरामा ध्वनिको मात्रा कायम भएको देखिएको छ ।

**बायोमेडिकल फोहोर बढ्नु**

हावा, पानी र ध्वनि प्रदूषण कोभिड-१९ को बन्दाबन्दीका कारण घटे पनि बायोमेडिकल फोहोरहरूको मात्रा बढ्दा वातावरणलाई प्रत्यक्ष रूपमा नकारात्मक असर पारेको देखिन्छ । विशेषगरी यातायातका साधनमा बन्देज लगाएकाले फोहोरमैलालाई गन्तव्यसम्म पुऱ्याउन समस्या देखिएको छ ।

त्यसैगरी कोभिडको परीक्षण गर्ने, उपचार गर्ने र मृतकहरूको पार्थिव शरीर व्यवस्थापन कार्यमा थुप्रै मेडिकल सामग्रीहरूको प्रयोग भएकाले सङ्क्रात्मक र बायोमेडिकल फोहोरमैला ठूलो मात्रामा बढेको देखिएको छ । उदाहरणका लागि चीनको वुहान सहर जहाँबाट कोभिड-१९ को भाइरस विश्वभर फैलिएको अनुमान गरिएको छ, त्यसमा प्रतिदिन १९० टन यस्तो फोहोरमैला बढेको एक तथ्यांकले देखएको छ। यसैगरी भारतको अहमदावादमा बन्दाबन्दीको समयमा लगभग ५० प्रतिशत फोहोरमैलामा बढोत्तरी भएको छ । काठमाडौं, ढाका, मनिला, दिल्लीलगायत सहरहरूमा मेडिकल फोहोरमैलामा गुणात्मक बढोत्तरी भएको छ । यसैगरी निडल, सिरिन्ज, बेन्डेज, मास्क, ग्लोभ्स र समयअवधि सकिएका औषधिहरूको राम्रोसँग व्यवस्थापन गर्न नसक्नाले बन्दाबन्दीको समयमा थुप्रै वातावरणीय तथा सामुदायिक स्वास्थ्य-समस्याहरू पैदा भएका छन् । कोभिडको संक्रमणबाट बच्न प्रयोग गरिने 'पसर्नल प्रोटेक्टिभ इक्विप्मेन्ट्स' हरूको अत्यधिक प्रयोग हुने र तिनीहरूको वातावरणमैत्री तरिकाले विसर्जन नहुँदा समस्याहरू देखिएका छन् । त्यसैगरी अनुहार छोप्ने मास्क र अन्य धेरै 'सेफ्टी इक्विप्मेन्ट्स' हरूमा माइक्रो प्लास्टिकहरूको अत्यधिक प्रयोग हुँदा वातावरणीय क्षेत्रलाई दीर्घकालीन असर पुऱ्याइरहेको छ । जस्तै, 'एन-९५' मास्कमा पोलिप्रोप्लिन'को प्रयोग भएको देखिन्छ ।

बन्दाबन्दीका कारण अनलाइन सपिङ र खाने वस्तुसमेत अनलाइनबाट मगाउने प्रवृत्तिले घरायसी फोहोरमैला बढ्दै गएको छ । यस्ता फोहोरको रामोसँग व्यवस्थापन हुन नसक्दा थुप्रै वातावरणीय समस्याहरू भोल्नुपर्ने स्थिति आएको छ ।

**अन्य वातावरणीय असर**

कोभिड भाइरसको विश्वव्यापी संक्रमणबाट लगभग विश्वको आधाभन्दा बढी जनसंख्या लामो समय बन्दाबन्दीमा बस्न बाध्य भए । खुलेका कतिपय संघ-संस्थाहरूमा व्यापक 'डिस्इन्फेक्ट्यान्ट्स'हरूको प्रयोगले 'नन्-टार्गेट स्पेसिज्'हरूलाई असर पर्ने, खाद्यवस्तुहरूमा पनि यस्ता रासायनिक पदार्थहरू पर्न सक्ने अवस्था सिर्जना भएको छ । कोभिडकालमा विश्वभर 'क्लोराइन' बढेको देखिएको छ । सहरी क्षेत्र विशेषगरी मन्दिर र खुला क्षेत्रका जीवजन्तुलाई मानवीय आवतजावत कम भएकाले खाद्य पदार्थको अभाव (जस्तै पशुपति क्षेत्रका बाँदर) भएको देखिन्छ ।

**कोभिड-१९ तथा सम्भावित दिगो विकास रणनीतिहरू**

कोभिडका कारण विश्वव्यापी रूपमा ठूलो धनजनको क्षति भएको छ। अहिलेको संकटबाट पाठ सिकेर सम्पूर्ण मानवजगत्‌को बृहत्तर हितका लागि रणनीतिहरू बनाउनुपर्ने देखिएको छ । सारा विश्व समुदाय अहिले कोरोना भाइरसविरुद्ध लडिरहेकाले आगामी दिनहरूमा दीर्घकालीन विकास निर्माणका योजनाहरू बनाउँदा के कसरी अगाडि बढ्दा दिगो विकासको अवधारणालाई व्यवहारमा लागु गर्न सकिन्छ भन्ने विषयमा ध्यान केन्द्रित गर्नेछ भन्ने विश्वास गर्न सकिन्छ । ती विषयहरू निम्न हुनसक्छन् ।

**दिगो औद्योगिकीकरण**

औद्योगिक विकास सामाजिक–आर्थिक विकासको मेरुदण्ड हो । त्यसैले दिगो औद्योगिक विकासको अवधारणालाई अगाडि बढाउँदा औद्योगिक क्षेत्रलाई वातावरणमैत्री बनाउन वैकल्पिक ऊर्जाको प्रयोग र औद्योगिक क्षेत्रलाई मानव बस्तीभन्दा निश्चित दूरीमा खोल्नेतर्फ ध्यान दिइनुपर्छ ।

**सार्वजनिक यातायात**

सार्वजनिक यातायातको प्रयोगले हरितगृह ग्यासलगायत अन्य प्रदूषक तत्वहरूको उत्सर्जनमा कमी ल्याउने भएकाले मानव तथा वातावरणीय स्वास्थ्यमा सकारात्मक असर गर्छ ।

**वैकल्पिक ऊर्जाका साधनहरूको प्रयोग**

वैकल्पिक ऊर्जाहरूको प्रयोग जस्तै सौर्य ऊर्जा, वायु ऊर्जा, जलविद्युतलगायत ऊर्जाहरूको प्रयोग गरी जिवास्ममा आधारित ऊर्जाका स्रोतहरू घटाउनुपर्ने देखिन्छ ।

**पुनःचक्रण पुनःप्रयोग**

ठोस फोहोरमैलाको उचित व्यवस्थापनका लागि पुनःप्रयोग, पुनःचक्रणलगायत विधिहरूको प्रयोग गर्न सकिने पानी प्रदूषणलगायतलाई व्यवस्थित गर्न सकिन्छ ।

**पर्यावरण**

विश्वभर पर्यटन क्षेत्रलाई व्यवस्थित गरी आर्थिक विकासका कार्यलाई अगाडि बढाउन पर्या-पर्यटनको अवधारणालाई स्थानीय, प्रादेशिक तथा संघीय सरकारका योजनाहरूमा प्राथमिकतासाथ राख्नुपर्ने देखिन्छ ।

**पारिस्थितिक प्रणालीहरूको पुनःस्थापना**

विशेषगरी सहरी क्षेत्रका नदीनाला, ताल तलैया र अन्य क्षेत्र निकै प्रदूषित भइसकेकाले तिनीहरूको पुनःस्थापना गर्न पहल गर्नुपर्ने देखिन्छ ।

**दैनिक व्यवहारमा परिवर्तन**

मानिसहरूले स्रोत-साधनहरूको अत्यधिक दोहन गर्ने बानी हटाउनुपर्ने हुन्छ । त्यसका लागि स्थानीयस्तरमा पाइने खाद्यवस्तु अधिकतम प्रयोग गर्न ध्यान केन्द्रित गर्नुपर्छ ।

**अन्तर्राष्ट्रियस्तरमा सहकार्य**

कोभिड-१९ को महत्वपूर्ण सन्देश भनेको वातावरण संरक्षणका लागि अन्तर्राष्ट्रियजगत्‌ले मिलेर काम गर्नुपर्छ भन्ने नै हो । वातावरणीय संरक्षणका लागि आवश्यक नीति-नियमहरू बनाउनुपर्छ भने सहकार्यको मोडालिटीमा व्यापक सुधार गर्दै वातावरण संरक्षणलाई साभा मुद्दाका रूपमा अगाडि सार्नुपर्छ ।

*डा. पन्त वातावरण विज्ञान केन्द्रीय विभागका त्रिविका उपप्राध्यापक हुन् ।*

**सन्दर्भ सामग्री**

- Basnet, B. B., Bishwakarma, K., Pant, R. R., Dhakal, S., Pandey, N., Gautam, D., ... & Basnet, T. B. (2021). Combating the COVID-19 Pandemic: Experiences of the first wave from Nepal. Frontiers in Public Health, 9.
- GoN MoHP. Health Sector Emergency Response Plan COVID-19 Pandemic 2020. (2020). Available online at: https://www.who.int/docs/default-source/nepal-documents/novel-coronavirus/health-sector-emergency-response-plan-covid-19-endorsed-may-2020.pdf?sfvrsn=ef831f44_2 (accessed January 15, 2021).
- Rume, T., & Islam, S. D. U. (2020). Environmental effects of COVID-19 pandemic and potential strategies of sustainability. Heliyon, e04965.
- Worldometer. COVID-19 Coronavirus Pandemic. (2020). Available online at: https://www.worldometers.info/coronavirus/ (accessed January 15, 2021).



। डा. बद्री केसी



# नेपालको अर्थतन्त्र पुनरुत्थानमा एनआरएनको भूमिका



करिब दुई वर्षदेखि नोबेल कोरोना भाइरस (कोभिड-१९) का कारण विश्व अर्थतन्त्र थला परेको छ। यस अवधिमा चार लाखभन्दा बढी नेपाली वैदेशिक रोजगारी गुमाएर स्वदेश फर्किएका छन् । त्यहाँ कम्पनीहरू बन्द छन्, कामदारहरू कटौती गरिएको छ। यसको नकारात्मक असर तत्काल मात्रै नभएर दीर्घकालसम्म पर्ने निश्चित छ।

कोभिड समयमा धेरै गैरआवासीय नेपाली (एनआरएन) हरूलाई ठूलो समस्या पर्‍यो । हजारौंले रोजगारी गुमाए । कतिपय महिला कम्पनीबाट मात्र होइन घरबाट पनि निकालिए। यस्तो कठिन बेलामा एनआरएनएले तुरुन्तै राहत/उद्धारको काम गर्‍यो। संघले कोभिडका बेला नेपालीलाई सहयोग गर्न अभियान नै चलायो । यस अवधिमा ५० वटा देशमा २५ सय जनाभन्दा बढी स्वयंसेवक खटिए। स्वास्थसम्बन्धी थुप्रै कमिटी गठन गरेर चिकित्सक र नर्सहरूलाई पनि परिचालन गर्‍यो। रोजगारी गुमाएर सडकमा आएकाहरूलाई सेल्टरको व्यवस्था गरेर खाना नपाएकाहरूलाई खाना, अस्पतालमा भएकालाई हेरविचार र औषधिको व्यवस्था गर्ने काम गर्‍यो । दूधेबालक तथा गर्भवती महिलाहरूलाई उद्धार गर्नुपर्ने अवस्था आयो। यूएईबाट ९० महिलालाई उद्धार गरेर नेपाल ल्याइयो। दूधेबालक भएका महिलाहरूलाई राहतका साथै स्वास्थ्य सुरक्षाका सामग्रीहरू पनि वितरण गर्‍यो।

संघकै पहलमा खर्च नभएका करिब १५ सय नेपालीलाई टिकट काटेर काठमाडौंसम्म आउने मात्र होइन उनीहरूको थातथलो (घरसम्म) पुर्‍याउने व्यवस्था भयो । राहदानी नवीकरणका लागि एनआरएनएले 'क्याम्प'हरू सञ्चालन गर्‍यो । दूतावास बन्द हुँदा पनि एनआरएनएले आफ्नो झ्याल ढोका बन्द गरेर बसेन। ५/६ 'भोलेन्टियर' को समेत कोरोना संक्रमणका कारण मृत्यु भयो। कोरोना संक्रमणका कारण हालसम्म ४ सय ८६ जनाले विदेशमा मृत्युवरण गरिसकेका छन् भने एक लाख १० हजारभन्दा बढी संक्रमित भए । संस्थाले सुरुबाटै राहतको अभियान चलाएको छ । राहतको 'रिपोर्टेसन' र 'रिहाबिलिटेसन' को अभियान नै सञ्चालन गरेको छ । नेपाल आएका व्यक्तिहरूको पनि संघले रेकर्ड राखेको छ। बाहिर के गरेर आएको यहाँ के

गर्दै छ, अब के गर्छ भन्ने विषय पनि संस्थाले सोचिरहेको छ ।

कुबेतबाट एकैचोटि तीन हजारभन्दा बढी महिलालाई उद्धार गरेर नेपाल ल्याइयो । सरकारले टिकट त हाल्यो तर, सेल्टरमा बस्दाको खर्च (बस्ने-खाने सबै व्यवस्था) संघले मिलायो । युरोपियन देशहरूमा समस्यामा परेका विद्यार्थीलाई पनि कोठाभाडा तिर्नेदेखि विभिन्न किसिमका सहयोग गर्न संघ तत्पर रह्यो ।

अहिले करिब आठ लाख नेपाली वैदशिक रोजगारीमा छन् । नेपालीहरूले विदेशमा गएर गर्ने काम र नेपालमा विदेशीहरू आएर गर्ने काममा खासै फरक छैन । नेपालहरू विदेशमा गएर गर्ने त्यही काम नेपालमा गर्दैनन् र विदेशीले आएर गर्छन् । विदेशी नेपालमा आएर गर्ने नेपालीले गर्ने हो भने तीनगुणा बढी ज्याला आउँथ्यो । अहिले चार लाख नेपाली विदेशबाट फर्किएका छन् । तिनीहरूलाई पुनःस्थापना गर्न सकियो भने विदेशीहरू नेपाल आएर लगेको पैसा रोक्न ठूलो मद्दत हुन्छ । कोरोनाको समयमा पनि विदेशबाट आउने रेमिट्यान्स घटेन बरु झनै बढ्यो । विदेशमा काम गर्नेहरूले कोरोनाका बेला घरमा समस्या पर्छ भनेर अघिपछि भन्दा बढी पैसा पठाए । अर्कोतिर यो बेला वैधानिक प्रणालीबाट पैसा पठाउनेको संख्या पनि बढ्यो । तर, खुकुलो भएसँगै फेरि रेमिट्यान्स घट्ने संकेत मिलिरहेको छ ।

**संघले पहिलेदेखि नै नेपालमा लगानी ल्याउनुपर्छ भनेर लागेकै हो । संघकै अग्रसरता र व्यक्तिगत पहिलमा एनआरएनएहरूले ठुल्ठूला क्षेत्रमा लगानी पनि गरिरहेका छन् । तर, सामूहिक रूपमा ठूलो लगानी आएको भने छैन ।**

संघसँग विदेशमा नेपालीहरूले के सीप सिकेका छन् भन्ने तथ्यांक पनि छ । यो एकदमै ठूलो सम्पत्ति हो । कसले के सीप सिकेको छ उसलाई त्यही सीप प्रयोग गर्ने गरी पुनःस्थापनाका लागि कार्यक्रम ल्याउन सरकार र संघबीच सहकार्य गर्नुपर्नेछ । पुनःस्थापना एक्लैले गरेर सम्भव छैन । सार्वजनिक क्षेत्र, सरकार र निजी क्षेत्र सबै मिलेर काम गर्नुपर्ने आवश्यकता छ ।

**सामूहिक लगानीको एजेन्डा**

संघले पहिलेदेखि नै नेपालमा लगानी ल्याउनुपर्छ भनेर लागेकै हो । संघकै अग्रसरता र व्यक्तिगत पहिलमा एनआरएनएहरूले ठुल्ठूला क्षेत्रमा लगानी पनि गरिरहेका छन् । तर, सामूहिक रूपमा ठूलो लगानी आएको भने छैन । सामूहिक लगानी हुनुपर्छ भनेर एनआरएनए इन्भेस्टमेन्ट कम्पनी पूर्वअध्यक्ष जीवा लामिछानेको पहलमा खोलिएको छ । त्यसमा एक हजारभन्दा बढी गैरआवासीय नेपालीले न्यूनतम एक लाखदेखि अधिकतम एक करोड रुपैयाँसम्म लगानी गरेका छन् । यो कम्पनीले धेरै पूर्वाधार क्षेत्रमा लगानी पनि गरेको छ । यसैबाट हामी प्रभावित भएर अब झन् धेरै मानिसहरूले गर्न सक्छन् भनेर 'ड्रिम प्रोजेक्ट' का रूपमा १० अर्ब रुपैयाँ (१० करोड डलर) को कम्पनी संघकै अध्यक्ष कुमार पन्तको अध्यक्षतामा खडा भएको छ ।

कम्पनीमा सुरुमा एक करोड ५० लाख डलर सरकारले हाल्ने र आठ करोड ५० लाख डलर एनआरएनमा आबद्ध व्यक्ति तथा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूले न्यूनतम हजार रुपैयाँदेखि सेयर किन्न मिल्ने गरी लगानी जुटाउने नीति अङ्गीकार गरिएको छ । कम्पनी दर्ता भइसकेकाले रकम जुटाउन सार्वजनिक आह्वान पनि भइसकेको छ । कम्तीमा विदेशमा बस्ने ४-५ लाख व्यक्तिको संलग्नतामा केही महिनाभित्रै सञ्चालनमा आउँछ । विदेशमा रहेका ४-५ लाख नेपालीले डिम्याट एकाउन्ट खोल्छन् र उनीहरूलाई नेपाली अर्थतन्त्रसँग जोड्न कामयाबी हुन्छ । यो कम्पनी विदेशमा बस्ने ७० लाख नेपालीलाई नेपाली अर्थतन्त्रसँग जोड्ने सुरुवाती विन्दु (स्टार्टिङ पाइन्ट) बन्नेछ र यसले अर्थतन्त्रमा उपलब्धि प्राप्त




गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

स्वीकृति लिनुपर्ने सबैजसो ठाउँबाट कम्पनीले अनुमति पाइसकेको छ । चार वर्षअगाडि लगानी सम्मेलनमा संघले गरेको १० करोड डलरको लगानी प्रतिबद्धता कार्यान्वयनमा गएको छ । लगानी सम्मेलनमा लगानी नेपाल भित्र्याउन धेरै विदेशी कम्पनीहरूले प्रतिबद्धता देखाए पनि संघले गरेको प्रतिबद्धता कार्यान्वयनमा आउनु ठूलो उपलब्धि हो । कम्पनीमार्फत गरिने लगानीसँगै संघले सन् २००५ देखि सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार उपभोग गर्न पाउने अधिकारसहितको दोहोरो नागरिकताको निरन्तरतामा जोड दिइरहेको छ । तर, अझै कार्यान्वयन भएको छैन । भोलि पनि प्राथमिकता दोहोरो नागरिकताको व्यवस्था नै हुन्छ । नागरिकता लिएको एनआरएनएले के-के गर्न पाउने र नागरिकता नभएको एनआरएनएले के-के गर्न पाउने भनेर आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको वर्णनसहित कानुन बनाउन संघले आगामी दिनमा थप दबाब सिर्जना गर्नेछ ।

अहिलेको लगानी सुरुवात मात्रै हो । सुरुवाती कोषलाई बढाउँदै लैजाने योजना छ । वैदेशिक रोजगारीमा गएका नेपालीहरू बल हुँदा विदेशमा काम गर्ने र नेपाल आएपछि बोझ ठान्ने प्रवृत्ति अधिक छ । यस्तो स्थितिबाट पार पाउन निवृत्तिभरण (पेन्सन) कोष वा सामाजिक सुरक्षा कोषको व्यवस्था गरी विदेशमा काम गर्ने नेपालीहरूको रोजगारीलाई सुनिश्चित गराउनुपर्ने आवश्यकता छ ।

विदेशमा काम गर्ने दौरान श्रम स्वीकृति लिएको व्यक्ति कसैको मृत्यु वा अंगभंग भए सानोतिनो बिमा पाउँछ तर श्रम स्वीकृति नभएकाले केही पनि नपाउने स्थिति छ । यस्तो अवस्थामा वैदेशिक रोजगारीमा देखिएका समस्याहरूलाई निराकरण गर्दै वैदेशिक रोजगारमा भएका जति पनि ठगीधन्दाहरू छन्, त्यसलाई न्यूनीकरण गर्न संघले सक्रियतापूर्वक भूमिका खेल्नेछ ।

नेपालमा बौद्धिक लगानी एकदमै कम छ । संघसँग अहिले प्रविधि छ, भौतिक रूपमा नेपालमै आएर बस्नु पर्दैन । कौशल हस्तान्तरण (स्किल ट्रान्सफर) को काम अमेरिका, युरोप वा अन्य जुनसुकै स्थानबाट पनि हुने स्थिति छ । प्रतिष्ठित विश्वविद्यालयमा पढाउने हजारौं प्राध्यापक, इन्जिनियर, चिकित्सकहरू छुट्टीका बेलामा नेपालमा आएर भोलेन्टियरका रूपमा आफूले जानेको सीप सिकाउन चाहिरहेका छन् । दोस्रो पुस्तालाई आकर्षित गर्ने कार्यक्रम ल्याएर संघमा आबद्ध गराउन हरदम प्रयास गरिनेछ । समस्या बुझेर समाधान खोज्न सक्ने क्षमता भएको व्यक्तिले एनआरएनएका भूमिकालाई थप प्रभावकारी बनाइ संस्थागत अस्तित्व जोगाइराख्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

*डा. केसी गैरआवासीय नेपाली संघ (एनआरएनए)का उपाध्यक्ष हुन् ।*


**विजय लघुवित्त वित्तीय संस्था लि.**

**Vijaya Laghubitta Bittiya Sanstha Ltd.**

*Banking with Happiness*

Name of Organization: **Vijaya Laghubitta Bittiya Sanstha Ltd.**
Corporate Address: Gaindakot Municipality-5, Nawalparasi, Gandaki Province
Phone Number: 078-503122/078-503130
Email: vlbs@vlbs.com.np
Slogan of the Organization: **" Banking with Happiness"**
Website: www.vlbs.com.np

Vijaya Laghubitta Bittiya Sanstha (VLBS), a national level microfinance bank, is in operations since February 2013. VLBS envisions reaching the unreached: demonstrating excellence. It has a mission of establishing *the* bank as a center of excellence to cater efficient and effective services with less procedural hassle and minimal paperwork. VLBS is a public company limited registered at company registrar's office and it has obtained operating license from Nepal Rastra Bank. Its authorized capital is Rs. 350 Million and paid up capital is Rs. 266.59 Million. As of Asbin end 2078, total loan outstanding of the company is Rs.4,591.47 Million and Savings collection is Rs. 1,005.12 Million. The company is serving over 66,481 households of 40 districts of Nepal.

| | |
|---|---|
| Vision | Reaching the Unreached: Demonstrating Excellence |
| Mission | Establishing VLBS as a Centre of Excellence to cater efficient and effective services with less procedural hassle and minimal paperwork |
| Products | A. Loan: General, Seasonal, Emergency, Alternative Energy Promotion, Festival, Micro Enterprise Promotion, Education, Foreign Employment, Home<br>B. Savings: Compulsory, Voluntary, Vijaya Jiban Aadhar, Special, Child, Festival<br>C. Insurance<br>D. Money Transfer<br>E. Credit Plus Activities |

# सल्लाहकार समिति


अमृत खरेल


राजेन्द्र पराजुली


राजेन्द्रप्रसाद रिमाल


लोकबहादुर चापागाईं


श्रीधर खनाल

# नेपाल आर्थिक पत्रकार संघ (नाफिज)
## कार्यसमिति


मोदनाथ ढकाल
अध्यक्ष


सिताराम भट्टराई
निवर्तमान अध्यक्ष


भुवनप्रसाद आचार्य
उपाध्यक्ष


मेनुका कार्की
उपाध्यक्ष


नारायणप्रसाद पौडेल
महासचिव


रोयल आचार्य
सचिव


मोहम्मद अजमत अली
सहसचिव


परमेश्वर अधिकारी
कोषाध्यक्ष


गोपालचन्द्र सुवेदी
कार्य समिति सदस्य


प्रजिता कुमारी बुढाथोकी
कार्य समिति सदस्य


फणिन्द्र दाहाल
कार्य समिति सदस्य


रोविन पौडेल
कार्य समिति सदस्य


नवीन ढुंगाना
कार्य समिति सदस्य


दीपक भट्ट
कार्य समिति सदस्य


दिलु कार्की
कार्य समिति सदस्य


## NAFIJ Members

| क्र.स | नाम | कार्यरत संस्था | सम्पर्क नम्बर | ई-मेल ठेगाना |
|---|---|---|---|---|
| १ | रोविन पौडेल | सिंहदरबार डटकम | ९८५११८१०६० | robinpaudel1@gmail.com |
| २ | रोयल आचार्य | अनलाइनखबर डटकम | ९८५११४५६४१ | acharyaroyal87@gmail.com |
| ३ | राम कार्की | आर्थिकन्युज डटकम | ९८५११८६०७४ | ramkarki166@gmail.com |
| ४ | रामचन्द्र खड्का | खबर एक्सप्रेस | ९८५१२४२२६५ | ramchandra86@gmail.com |
| ५ | रामशरण न्यौपाने | फरकपत्र डटकम | ९८५१०६५७१४ | neupaneramsaran6@gmail.com |
| ६ | राजु बास्कोटा | कर्पोरेटनेपाल डटकम | ९८५१०९४९६१ | news4raju@gmail.com |
| ७ | राजाराम न्यौपाने | नेपालप्रेस डटकम | ९८५११२०४९२ | merajaram700@gmail.com |
| ८ | राजन ढकाल | न्युज ट्वान्टीफोर | ९८६१५१५१९८ | dhakalrajan75@gmail.com |
| ९ | राधिका श्रेष्ठ | अर्थसरोकार डटकम | ९८६४५९०१८७ | radhika@arthasarokar.com |
| १० | रक्षा रेग्मी | क्लाउडपत्रिका डटकम | ९८५११५६६७० | ojesbi@gmail.com |
| ११ | रेस्मी मगर | कृषि टेलिभिजन | ९८०९६१६४५२ | reshmikingringmagar@gmail.com |
| १२ | रेखा श्रेष्ठ | हलोखबर | ९८४०२६०७०६ | rekhashrestha23@gmail.com |
| १३ | रेखा चन्द | अर्थसरोकार डटकम | ९८६७३१६३७७ | rekha@arthasarokar.com |
| १४ | रमेश भारती | शिलापत्र डटकम | ९८४११८७६०९ | jmcrsmedia21@gmail.com |
| १५ | रबिन पौडेल | मेरोलगानी डटकम | ९८६१६९५५१७ | poudelrabin24@gmail.com |
| १६ | रबिना खत्री | अर्थरोजगार डटकम | ९८४४०६५५२३ | rabinakhatry0@gmail.com |
| १७ | स्तुती चौधरी | न्युजपोलार डटकम | ९८६२१२९१०० | stuteechaudhary@gmail.com |
| १८ | सूसन भट्टराई | सम्पत्ति मासिक | ९८४४१८२६३३ | susan.bhattarai99@gmail.com |
| १९ | सरस्वती अधिकारी | लोकपथ डटकम | ९८४३४४९५१४ | khusiadhikari43@gmail.com |
| २० | सुरेन्द्र बजगाई | उकेरा डटकम | ९८६१२१९०२५ | surendrabajagain73@gmail.com |
| २१ | सुरेश राउत | आर्थिक दैनिक | ९८४१४८६८०७ | aabu2051@gmail.com |
| २२ | सुरेश बिडारी | अनलाइनखबर डटकम | ९८४५१२३९५८ | chitlangnews@gmail.com |
| २३ | सुरञ्जन घिमिरे | इकागज डटकम | ९८६१४९२५५१ | ghimiresuranjan123@gmail.com |
| २४ | सुराजन रिजाल | फ्रिलेन्स | ९८६४७३१६३५ | surajanrijal@gmail.com |
| २५ | सुरज राजथला | रेडियो कान्तिपुर | ९८५१२०६०४५ | surajrajthala@gmail.com |
| २६ | सुरज प्याकुरेल | अर्थसरोकार डटकम | ९८५१०१७९१४ | Arthasarokarnews@gmail.com |
| २७ | सरला सुवेदी | बिजमान्डु डटकम | ९८४३६५३६५६ | saralasubedi2052@gmail.com |
| २८ | संगिता कटवाल | प्राइम टेलिभिजन | ९८६२८६५२३८ | sangita1katuwal@gmail.com |
| २९ | सुब्रत मनु | बीवर्ल्डनेपाल डटकम | ९८५१०२९०२१ | bworldnepal@gmail.com |
| ३० | सुदर्शन अर्याल | अनलाइनखबर डटकम | ९८५१०९८९०४ | ashrukiran@gmail.com |
| ३१ | सम्झना बरुवाल | नेपालअर्थ डटकम | ९८४४२५७१५० | chhetrisamjhu143@gmail.com |
| ३२ | सम्झना घिमिरे | शिलापत्र डटकम | ९८६२३१७५३४ | samjhanaghimire44@gmail.com |
| ३३ | समुन्द्रा घिमिरे | राष्ट्रिय समाचार समिति (रासस) | ९८४६४९५४८० | samundraghimire5@gmail.com |
| ३४ | सुभाष नेपाल | एभिन्युज खबर | ९८६०६२०१९० | Shubhashnepal2013@gmail.com |
| ३५ | सोमनाथ बास्तोला | बिजशाला डटकम | ९८५१०१५३९४ | bizshala@gmail.com |
| ३६ | सोनी शाही | काठमाडौंप्रेस डटकम | ९८६०३३७७४० | shahisoni123@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ३७ | सोबिता रिसाल | सीआईएन | ९८४१०७४७५० | rishalsobi@gmail.com |
| ३८ | सौरभ देवकोटा | आर्थिक अभियान दैनिक | ९८६९६८५७२० | muskasturid@gmail.com |
| ३९ | साइराम उपरकोटी | देखापढी डटकम | ९७४१८५२२५५ | sairamuparkoti8@gmail.com |
| ४० | सागर न्यौपाने | नेपालखबर डटकम | ९८४१३९२०६१ | sagar.mankakura@gmail.com |
| ४१ | सुन्दर न्यौपाने | बिजशाला डटकम | ९८६३७२७६८८ | anantya.sundar@gmail.com |
| ४२ | सन्तोष रोकाया | विकासन्युज डटकम | ९८६८५७१४५८ | santoshrokaya9@gmail.com |
| ४३ | सन्तोष श्रेष्ठ | बबालछ डटकम | ९८५६०३४७६६ | santosh.shrestha848@gmail.com |
| ४४ | सन्तोष तिमल्सिना | काभ्रे सन्देश विक्ली | ९८५१२३२९५२ | Santosh32952@gmail.com |
| ४५ | सुष्मा तिमल्सिना | कर्पोरेटनेपाल डटकम | ९८४३५२९३०८ | timalsinasushma5@gmail.com |
| ४६ | सरिशा अछामी | काठमाडौंप्रेस डटकम | ९८४९८३२१६९ | sarishaachami@gmail.com |
| ४७ | सुस्मिता उपाध्याय | आर्थिक अभियान दैनिक | ९८६२००८६०९ | bastolasumee@gmail.com |
| ४८ | सुमित्रा कार्की | कर्पोरेटनेपाल डटकम | ९८५१२७८८९६ | sumitrakarki2019@gmail.com |
| ४९ | सन्जिता आचार्य | थाहाखबर डटकम | ९८६०९५८१५६ | sanjeetaacharya2017@gmail.com |
| ५० | सुनिल कुँवर | चाणक्यपोस्ट डटकम | ९८६४६७४३१० | sunilkunwar002@ gmail.com |
| ५१ | सुनिता पुडासैनी | | ९८४३६०१२४३ | pudasainisani2018@gmail.com |
| ५२ | सविना कार्की | खबरहब डटकम | ९८४४०११८९९ | karkisabina841@gmail.com |
| ५३ | सचिन श्रेष्ठ | बाह्रखरी डटकम | ९८६००४२५४७ | Sanjeevshrestha820@gmail.com |
| ५४ | सीता श्रेष्ठ | अर्थडबली डटकम | ९८४१४६२३५६ | shresthame2@gmail.com |
| ५५ | सीता शर्मा | गोरखापत्र दैनिक | ९८४१४४८९८२ | sitagko@gmail.com |
| ५६ | सीताराम चौधरी | न्युजनेपाल टीभी एचडी | ९८४५०९३६०६ | strm.chaudhary@gmail.com |
| ५७ | सुधा देवकोटा | मेरोलगानी डटकम | ९८५१०५३४३१ | mesudhadevkota@gmail.com |
| ५८ | सुधीर भण्डारी | शिलापत्र डटकम | ९८४९९१५९५० | sudhirbhandari77@gmail.com |
| ५९ | रुपा घिमिरे | जनता टीभी | ९८४१९५२६१२ | ghimirerupa222@gmail.com |
| ६० | छविलाल सापकोटा | हिमालय टेलिभिजन | ९८५१०८१९४३ | thisischhabi@gmail.com |
| ६१ | टंक कार्की | क्रसचेक मासिक | ९८५११७५६७५ | cross.check23@gmail.com |
| ६२ | टंकप्रसाद रेग्मी | आवरटुरिजमन्युज डटकम | ९८५१२०३७३० | tpregmi25@gmail.com |
| ६३ | डोमी शेर्पा | विकासन्युज डटकम | ९८४३४५५२३५ | Domisherpa96@gmail.com |
| ६४ | बलराम बुढाथोकी | अर्थको अर्थ | ९८६०५२००१३ | balarambudhathoki22@gmail.com |
| ६५ | दीपक भट्ट | नेपालखबर डटकम | ९८४११९९७५८ | deepakbhattaji7@gmail.com |
| ६६ | दुर्गा भट्ट | नेपाल टेलिभिजन | ९८६१५२३१०७ | cooldipti273@gmail.com |
| ६७ | दुर्गाप्रसाद हुमागाईं | सफलआवाज डटकम | ९८५६०२६५७२ | safalmedia@gmail.com |
| ६८ | अरुण पाख्रेन | मेरोलगानी डटकम | ९८४१५९५५४५ | pakhrena@gmail.com |
| ६९ | अञ्जना सुवेदी | नोटबजार डटकम | ९८४००३९९९७ | kristinasubedi40@gmail.com |
| ७० | अञ्जना लामिछाने | कान्तिपुर टेलिभिजन | ९८४९००८४१९ | anjanalamichhane6@gmail.com |
| ७१ | आनन्द अधिकारी | ग्यालेक्सी फोरके टीभी | ९८४१५१७०६८ | anandadh@gmail.com |
| ७२ | आशिष ढुंगाना | कर्पोरेटनेपाल डटकम | ९८६१९८०४१३ | dhuashish@gmail.com |
| ७३ | आशुतोष अर्याल | अर्थ न्युज | ९८६०९९४५८३ | ashuaryap@gmail.com |
| ७४ | अनुप आचार्य | टक्सारन्युज डटकम | ९८४३०६३२०७ | anup.taksarnews@gmail.com |
| ७५ | अर्जन भुसाल | अलनेपालखबर डटकम | ९८४३७०३०२१ | arjunbhusal180@gmail.com |
| ७६ | अर्जुन न्यौपाने | क्लाउडपत्रिका डटकम | ९८४१६५३४०७ | arjun.cloudp@gmail.com |
| ७७ | अर्जुन खनाल | कालीगण्डकीखबर डटकम | ९८५१०९५८६५ | pakariarjun@gmail.com |
| ७८ | अप्सरा गौतम | कर्पोरेटबजार डटकम | ९८५१२९७७९० | gautam.apsara674@gmail.com |
| ७९ | अरिष्मा मोक्तान | क्लिकमाण्डू डटकम | ९८४९५३७३८१ | arishma.moktan7777@gmail.com |
| ८० | अमिर भट्टराई | हाम्रोअर्थ डटकम | ९८४१०५६५१७ | amirbhattarai18@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ८१ | अमिर लामा | आर्थिकप्लस डटकम | ९८५१००७६१७ | arthikplus@gmail.com |
| ८२ | अम्बिका शर्मा | टक्सारन्युज डटकम | ९८४६५६४३०३ | ambika.taksarnews@gmail.com |
| ८३ | अनिल सापकोटा | लुम्बिनीसञ्चार डटकम | ९८५१२१८८६२ | anil.lumbinisanchar@gmail.com |
| ८४ | अनिल अधिकारी | साझासबाल डटकम | ९८५११२४२४१ | sajhasabal@gmail.com |
| ८५ | अनिल न्यौपाने | बिजखबर डटकम | ९८४१६६८४३३ | neupaneanilkumar@gmail.com |
| ८६ | अनिश मिजार | केन्द्रबिन्दु डटकम | ९८४३७७७२०८ | anishabiral2072123@gmail.com |
| ८७ | अच्यूत पौडेल | एपीवान एचडी टीभी | ९८५१०७४९७४ | achyootp@gmail.com |
| ८८ | अशोक घिमिरे | राष्ट्रिय समाचार समिति (रासस) | ९८५१०००२१७ | ghimireashok977@gmail.com |
| ८९ | मेघबहादुर राउत | ईआर्थिक डटकम | ९८५११६५०९५ | mbraut70@gmail.com |
| ९० | मेनुका कार्की | हाम्रोअर्थ डटकम | ९८४१४४७९८५ | menukarki81@gmail.com |
| ९१ | मञ्जरी पौडेल | विकासन्युज डटकम | ९८६०६३४४२८ | paudelmanjari@gmail.com |
| ९२ | मोदनाथ ढकाल | दि राइजिङ नेपाल | ९८५११५५७०० | dhakalutsav@gmail.com |
| ९३ | मोहम्मद अजमत अली | बिजपाटी डटकम | ९८५११६६२६९ | ajmatali.ali1@gmail.com |
| ९४ | मानमती कुमारी पन्त | आथिकन्युज डटकम | ९८४८४९७९८७ | Pmanmati@gmail.com |
| ९५ | मनोज रेग्मी | बैंकिङसमाचार डटकम | ९८६०४७२५८५ | manojregmi54@gmail.com |
| ९६ | मनोज पराजुली | साझासबाल डटकम | ९८५११९४९८५ | manoj.parajuli10@gmail.com |
| ९७ | मनोज थापा | अर्थनेपाल डटकम | ९८५११९४२३९ | manojthapa049@gmail.com |
| ९८ | मीना साउद | नेपालखोज डटकम | ९८६८४२०९०४ | minasaud84@gmail.com |
| ९९ | मनिषा पुडासैनी | | ९८४३२२९४०१ | manishapudasaini16@gmail.com |
| १०० | मल्लिका घिमिरे | नयाँ पत्रिका | ९८४३३७०८२५ | ghimirmallika@gmail.com |
| १०१ | भूपराज बस्याल | नेपाल समाचारपत्र | ९८४६१२२७८२ | bbraj99@gmail.com |
| १०२ | भूमिराज पिठातोली | न्युजकारोबार डटकम | ९८५११२५८७१ | jbhumiraj803@gmail.com |
| १०३ | भूमिका तिमल्सिना | न्युज कारखाना | ९८६०८०५४१३ | timalsinabhumika@gmail.com |
| १०४ | भुवन पौडेल | नोटबजार डटकम | ९८४१९५८२३६ | uniquepoudel@gmail.com |
| १०५ | भुवनप्रसाद आचार्य | रेडियो नेपाल | ९८४१९३६९४८ | bhuban2054@gmail.com |
| १०६ | झरना कँडेल | अर्थको अर्थ | ९८६७६०६९६३ | Jharanakandel2052@gmail.com |
| १०७ | भक्तराज रसाइली | बिजशाला डटकम | ९८४३५९८५४१ | bizshalamanoj@gmail.com |
| १०८ | नरहरि प्रसाद आचार्य | आर्थिक अभियान दैनिक | ९८४५०२०८०४ | naraharirajacharya@gmail.com |
| १०९ | नारायण प्रसाद अधिकारी | अनलाइनपाना डटकम | ९८५११५२४८६ | adhikarin830@gmail.com |
| ११० | नारायण प्रसाद पौडेल | सिंहदरबार डटकम | ९८४९२८६५४२ | npaudel3@gmail.com |
| १११ | नारायणी लामिछाने | ईमेज च्यानल | ९८६०९१०२६९ | narayanilamichhane88@gmail.com |
| ११२ | नवराज न्यौपाने | बीमापोस्ट डटकम | ९८५११९९३२२ | nabarajneupane@gmail.com |
| ११३ | नवीन ढुंगाना | अनलाइनखबर डटकम | ९८४१९७९०७५ | nabs.dhungana@gmail.com |
| ११४ | नवीन पोखरेल | कर्पोरेटनेपाल डटकम | ९८४५५७३१९० | nabinpokhrel73@gmail.com |
| ११५ | जानुका रेग्मी | सन्देशदैनिक डटकम | ९८५११२६५६५ | regmijanuka65@gmail.com |
| ११६ | ज्योति शाह | मेरोलगानी डटकम | ९८४९६३२७८३ | shahjyoti47@gmail.com |
| ११७ | वसन्त अर्याल | नेपालखबर डटकम | ९८४४७०९२२१ | basantaryal90@gmail.com |
| ११८ | पूर्ण कार्की | बिजनेस जर्नल | ९८५१०९०२०९ | purnakarki333@gmail.com |
| ११९ | परमेश्वर अधिकारी | नोटबजार डटकम | ९८५११२४२७१ | pmhrad@gmail.com |
| १२० | प्रस्तुत कोइराला | बिजनेस प्लस टेलिभिजन | ९८०११६०४८९ | theprastoot@gmail.com |
| १२१ | प्रसन्न ढुंगाना | अर्थ न्युज एचडी टीभी | ९८६१९७७७८१ | Add.developmentforum@gmail.com |
| १२२ | प्रज्वल नेपाली | ग्यालेक्सी फोरके टीभी | ९८०१०८२८११ | prajjwal.nepali1@gmail.com |
| १२३ | प्रमिला खतिवडा | बिजनेस प्लस टेलिभिजन | ९८६०८९८४५१ | pramila.khatiwada@gmail.com |





| | | | | |
|---|---|---|---|---|
| १२४ | प्रनिशा अधिकारी | नेपालखोज डटकम | ९८४६६७५१६० | adhikarip215@gmail.com |
| १२५ | प्रजिता पौडेल | कृषिपाना डटकम | ९८४३४९२०७४ | prajitapoudel74@gmail.com |
| १२६ | प्रजिता कुमारी बुढाथोकी | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८४४०४१६०८ | rjparu2043@gmail.com |
| १२७ | प्रयास श्रेष्ठ | रातोपाटी डटकम | ९८४९५०६०७४ | leojr.prayash@gmail.com |
| १२८ | प्रकाश वाग्ले | सिंहदरबार डटकम | ९८५४०३५९३७ | wagleprakash.977@gmail.com |
| १२९ | प्रकाश लम्साल | कारोबार दैनिक | ९८५५०२४६५७ | Prakashlamsalbara@gmail.com |
| १३० | प्रशान्त खड्का | आर्थिक अभियान दैनिक | ९८४८००५५६९ | prsnt1991@gmail.com |
| १३१ | पुजा बेल्बासे | नेपाल टाइम्स अनलाइन | ९८०११६०४७६ | Pujabelbase28@gmail.com |
| १३२ | पुजा चन्दरा | राजधानी दैनिक | ९८०६४९४०५८ | Pujachandara123@gmail.com |
| १३३ | पुष्कर पोखरेल | न्यजुकास्ट नेपाल | ९८४१९७७४२६ | puskar.p2015@gmail.com |
| १३४ | पर्वत विश्वकर्मा | रोजगार मिडिया | ९८१९०२०८६६ | Parbatb00@gmail.com |
| १३५ | परिवर्तन देवकोटा | लोकान्तर डटकम | ९८५१२३८८७० | pariwartan73@ gmail.com |
| १३६ | पुर्णिमा विश्वकर्मा | देशसञ्चार डटकम | ९८४८४४९५०३ | purnimab880@gmail.com |
| १३७ | पवित्रा मुडभरी | दैनिकी डटकम | ९८४१५८९३३८ | mudvaripabitra1@gmail.com |
| १३८ | फणिन्द्र दाहाल | रोजगार मिडिया | ९८५१००१३२५ | phadindraonline@gmail.com |
| १३९ | पहलमान घर्ती | कान्तिपुर टेलिभिजन | ९८५७८२४८२३ | Pahalmang@gmail.com |
| १४० | रिना खत्री | बीमापोस्ट डटकम | ९८६५५५२३३१ | khatririna13@gmail.com |
| १४१ | रिता राउत | आर्थिकन्युज डटकम | ९८६२८१३९५१ | rautrita19@gmail.com |
| १४२ | सिताराम भट्टराई | आर्थिकन्युज डटकम | ९८५१०९१२९२ | sitaram.bhattarai@gmail.com |
| १४३ | बिनु लुइटेल | नेपालटप डटकम | ९८६०६७४९८४ | luitelbinu66@gmail.com |
| १४४ | बिपिन घिमिरे | देखापढी डटकम | ९८६७०५२७९०८ | ghimire98675@gmail.com |
| १४५ | दिनेश कार्की | थाहा अपडेट डटकम | ९८५११४७८०९ | karkid063@gmail.com |
| १४६ | दिपेश घिमिरे | योहो टिभि एचडी | ९८५१११९९८८ | dipeshghimire222@gmail.com |
| १४७ | दिलु कार्की | सिंहदरबार डटकम | ९८६२०३४७२२ | dillkshya@gmail.com |
| १४८ | मिना आचार्य | कृषि टेलिभिजन | ९८४०५७९७४१ | bplusmina@gmail.com |
| १४९ | मिलन विश्वकर्मा | आर्थिक अभियान दैनिक | ९८५७६२४५८९ | milan.shree53@gmail.com |
| १५० | मिलन खड्का | अर्थसंसार डटकम | ९८४९१३३६६७ | contactwithmilan@gmail.com |
| १५१ | मित्रबहादुर क्षेत्री | बिजशाला डटकम | ९८६०८०३६८४ | bizshala@gmail.com |
| १५२ | भिमा पन्थी | कर्पोरेटबजार डटकम | ९८६३८३२३४६ | panthibhima1998@gmail.com |
| १५३ | निर्दोश घोरसाइने | हाम्रोअर्थ डटकम | ९८५११२९०१६ | cool.nirdosh@gmail.com |
| १५४ | निर्मला घिमिरे | सेतोपाटी डटकम | ९८५११०२६४५ | nirmalaghimire02@gmail.com |
| १५५ | निकेश बराल | राजधानी डट न्युज | ९८६२०४३९९१ | baralnikesh72@gmail.com |
| १५६ | निकेश खत्री | रातोपाटी डटकम | ९८५११५०४१६ | khatrinike@gmail.com |
| १५७ | निशा हुमागाईं | अर्थसंसार डटकम | ९८६९२५९४१० | nishuhumagain123@gmail.com |
| १५८ | विजय दमासे | अभियान आर्थिक दैनिक | ९८५१११५१३३ | bijayadamase@gmail.com |
| १५९ | विजय पराजुली | बाह्रखरी डटकम | ९८४३७५१८४५ | Parajuli015@gmail.com |
| १६० | विजय फुयाँल | आर्थिक न्युज डटकम | ९८५१२५९८८१ | bijaya.aarthiknews@gmail.com |
| १६१ | विजया बास्कोटा | क्लिकमाण्डु डटकम | ९८१७७७९६२३ | mebijayabaskota@gmail.com |
| १६२ | विष्णु बेल्बासे | मेरोलगानी डटकम | ९८५१००९७३१ | bb.belbase@gmail.com |
| १६३ | विष्णु पोखरेल | न्युजसेवा डटकम | ९८५११९४८७० | pokhrel24@gmail.com |
| १६४ | चित्रराज भण्डारी | अर्थपथ डटकम | ९८६५७२४०३५ | chitrarajbhandary@gmail.com |
| १६५ | किरण आचार्य | टक्सार म्यागजिन | ९८५१०८२१०२ | editor.taksar@gmail.com |
| १६६ | हिम विष्ट | टक्सार म्यागजिन | ९८५१२५४०२८ | news.lumbinisanchar@gmail.com |
| १६७ | हिमनाथ देवकोटा | उज्यालो रेडियो नेटवर्क | ९८५११५६३४१ | nep.himnathdevkota@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १६८ | शिव धिताल | बिजपाटी डटकम | ९८६०००७२६१ | shiva.dhital.ois@gmail.com |
| १६९ | लछ्मी बि.सी | मुनालखबर डटकम | ९८४४८६४७७७ | laxmibudha75@gmail.com |
| १७० | लभेष प्याकुरेल | फ्रिलेन्स | ९८४१९३५६३४ | lavesh11@gmail.com |
| १७१ | लाल कुमार मोक्तान | ग्लोबल टेलिभिजन | ९८५४०४५६३० | moktanlalu@gmail.com |
| १७२ | लक्ष्मी ज्ञवाली | लुम्बिनीसञ्चार डटकम | ९८४१७१३४७१ | laxmi.lumbinisanchar@gmail.com |
| १७३ | यज्ञ राज जोशी | नेपालखबर डटकम | ९८६९३०२९४९ | yagyarajsuman@gmail.com |
| १७४ | युबराज बस्नेत (भुबन) | मेरो लगानी डटकम | ९८५११६४७१८ | bhubanbasnet514@gmail.com |
| १७५ | यमप्रसाद पौड्याल | एबीसी टेलिभिजन | ९८५१०९४९७३ | yamanpaudyal@gmail.com |
| १७६ | इन्द्र बानिया | आर्थिकन्युज डटकम | ९८५१०५६७६३ | baniyaindra2@gmail.com |
| १७७ | इन्जु ढकाल | खबरहब डटकम | ९८६०८७७५८० | dhakalinjuji@gmail.com |
| १७८ | उर्बसी बस्न्यात | रेडियो सगरमाथा | ९८४९७५७४६६ | urbasi001@gmail.com |
| १७९ | एलिसा अर्याल | नेपालटप डटकम | ९८६०१७८२७२ | alishaaryal907@gmail.com |
| १८० | चुडामणी उप्रेती | न्युज कारखाना | ९८६१७०७०७७ | davilrajkumar11@gmail.com |
| १८१ | चन्द्र कुमारी कार्की | समाचारदैनिक डटकम | ९८४९१४२४४२ | chandakarki6@gmail.com |
| १८२ | कृष्ण भट्टराई | अर्थसंसार डटकम | ९८५८४२३१३० | bhattaraikrisu49@gmail.com |
| १८३ | केशव भट्ट | सौर्य दैनिक | ९८४००२२८५१ | keshavbhatta22@gmail.com |
| १८४ | केशव भट्टराई | नेपालखोज डटकम | ९८६२२१००१७ | keshavbhojpure@gmail.com |
| १८५ | केशव भुल | नेपालप्रेस डटकम | ९८५११७४२५२ | keshabbhul@gmail.com |
| १८६ | कमल धिताल | इकागज डटकम | ९८४११५२९१८ | kd152918@gmail.com |
| १८७ | कमलराज राई | प्रभाव दैनिक | ९८६१००१०३६ | kamalkhambu77@gmail.com |
| १८८ | कमलमणि पोखेल | प्राइम टेलिभिजन | ९८४५२०३३१४ | kpatrakar2075@gmail.com |
| १८९ | कमला भुसाल | एटुजेड समाचार | ९८४३९१७८७८ | bhusalkamala89@gmail.com |
| १९० | कामना घिमिरे | शिलापत्र डटकम | ९८१७९९७०१७ | kamanag969@gmail.com |
| १९१ | काशीराम बजगाई | नेपालभ्यूज डटकम | ९८५१३२२००३ | krmbjg@gmail.com |
| १९२ | कविता घिमिरे | बाह्रखरी डटकम | ९८६१५०९४६९ | kabita.ghimire69@gmail.com |
| १९३ | कपिल खड्का | कृषि टेलिभिजन | ९८४१८५३१३१ | samrockkhadka@gmail.com |
| १९४ | कुलप्रसाद घिमिरे (रविन्द्र) | अनलाइनखबर डटकम | ९८४५१६८७२२ | rabindra@onlinekhabar.com |
| १९५ | कल्पना सानु भट्टराई | एबीसी टेलिभिजन | ९८४८२५८७८० | kalpuko@gmail.com |
| १९६ | तमिश गिरी | न्यु बिजनेस एज | ९८४३८००३२८ | tamish.giri@gmail.com |
| १९७ | तीर्थराज पौड्याल | नोटबजार डटकम | ९८४९६८०८३९ | paudyaltr@gmail.com |
| १९८ | तीर्थमाया तामाङ | कृषि टेलिभिजन | ९८४७३८६००७ | tmg.tirthamaya123@gmail.com |
| १९९ | तुलसी दाहाल | लगानीशुत्र डटकम | ९८५१०६४२१९ | tdahal2012@gmail.com |
| २०० | गणेश सुवेदी | - | ९८५१२२२७८९ | subedisweet@gmail.com |
| २०१ | गोपालचन्द्र सुवेदी | गोरखापत्र दैनिक | ९८५११८७९६८ | gopalsubedi@gmail.com |
| २०२ | खेम बोलखे | कर्पोरेटनेपाल डटकम | ९८४५०२२६२४ | khem2news@gmail.com |
| २०३ | खेमराज श्रेष्ठ | बिजमान्डु डटकम | ९८४३७०११८३ | krstha2016@gmail.com |
| २०४ | धर्मेन्द्र कुमार कर्ण | लुम्बिनीसञ्चार डटकम | ९८५१३१२६४७ | editor.lumbinisanchar@gmail.com |
| २०५ | धुन बहादुर बुढाथोकी | फ्रिलेन्स | ९८५११९९५७७ | dhun.struggle@gmail.com |
| २०६ | शंकर अर्याल | नेपालअर्थ डटकम | ९८४१०९७९५१ | oneofnation2015@gmail.com |
| २०७ | शम्भुराज रेग्मी | नेपालखोज डटकम | ९८५१०६९३०० | shambhuraja08@gmail.com |
| २०८ | शोभा घिमिरे | नेपाल एफएम | ९८४९४३३६२९ | shovaghimire33@gmail.com |
| २०९ | शकुन्तला जोशी | जिन्दगानी डटकम | ९८४१९८१०८७ | sakun.joshi@gmail.com |
| २१० | सृष्टि पराजुली | एभिन्युज खबर टेलिभिजन | ९८४१२२४५६१ | shristyparajuli12345@gmail.com |
| २११ | विष्णुप्रसाद ढुंगाना | ग्यालेक्सी फोरके टीभी | ९८४३८९२८४० | dpbishnu3753@gmail.com |




**Corporate Office:** Thapathali, Kathmandu. House No.: 21, **Tel:** 01-4102188 / 4357670 | **Factory:** Siyari Rural Municipality-2, Rupandehi, Nepal. **Tel:** 071-425007